CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक सिद्धान्त

(केही वैदिक मन्त्रहरूको व्याख्या)

(दोस्रो भाग)

पं. छविलाल पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही वैदिक मन्त्रहरूको नेपाली व्याख्या

वैदिक सिद्धान्त

(दोस्रो भाग)



पं. छविलाल पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशिका
बालमाया पोखरेल
चतरालाइन, धरान १२

प्रथम संस्करण : वि. सं. २०४९
छापिएको प्रति : एक हजार

मूल्य : रु. २५।-

29820

मुद्रक
लुष प्रेस
ख १/३७३ बानेश्वर
काठमाडौं
फोन : ४७३५८६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पं. छविलाल पोखरेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय–सूची

क्र. सं.	विषय	पृष्ठ
१.	विषय प्रवेश	१
२.	वैदिक विषयमा लेख्ने प्रेरणा	२
३.	केही कठिनाइ	५
४.	वेदका उपलब्ध व्याख्याहरू	८
५.	बुद्धको वेदनिन्दा	१२
६.	धार्मिक सम्प्रदाय	१६
७.	दुःखलाग्दो कुरा	१९
८.	वेदको प्रारम्भ	२०
९.	वैदिक साहित्य	२२
१०.	उपनिषद्	२३
११.	कृतज्ञता	२५
१२.	सर्वात्मभावना	३०
१३.	उपासना	४०
१४.	प्रार्थना	४४
१५.	उपासना	५०
१६.	संज्ञान	५२
१७.	सत्कर्म	५५
१८.	असत्कर्म	५७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९.	परमेश्वर एक बताइन्छ	५८
२०.	परमेश्वर र जगत्का विषयमा शङ्का	६२
२१.	भक्ति	६३
२२.	दार्शनिक मन्त्रहरू	६३
२३.	प्रार्थना मन्त्र	६६
२४.	सत्य कसरी पाउनु ?	६९
२५.	उदरपूर्ति मात्र नगर्नू	७३
२६.	सभ्य सज्जन बन	७६
२७.	उत्तम सन्तति	७८
२८.	सोमरस	७९
२९.	मदको बारेमा	८१
३०.	वृत्रासुर	८२
३१.	जूवा	८४
३२.	खेतीको महत्ता	८५
३३.	गाईका बारेमा	८६
३४.	दानका बारेमा	८८
३५.	दानमा थप चर्चा	९७
३६.	दानबारेमा शङ्का	८८
३७.	दानबारेमा निष्कर्ष	९९
३८.	उद्योग प्रशंसा	१०१
३९.	नैष्ठिक र आंशिक दुई प्रकारको ब्रह्मचर्य	१०३
४०.	पाणिग्रहण मन्त्र	१०४
४१.	विवाहका प्रकार	१०६
४२.	स्वयंवर विवाह	१०६
४३.	गान्धर्व विवाह	१०६
४४.	शर्त राखेर गर्ने विहा	१०७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४५.	नेपालमा स्त्रीको संख्या	१०८
४६.	सम्बन्ध विच्छेद	१०८
४७.	आकर्षण	१०९
४८.	सन्तानका बारेमा	१०९
४९.	नाम मात्र फरक छन्, ईश्वर एकै हुन्	११३
५०.	सत् र असत् मार्ग	११४
५१.	गायत्री मन्त्रको चर्चा	१३६
५२.	साम्यवाद	१४६

□

सूचना

छापाखानाको असावधानीले गर्दा पृष्ठसंख्या ३३ पछि एकैचोटी ४० आएको छ, त्यसै गरी पृष्ठसंख्या ११५ पछि ११६ भन्दा अगाडि १२ पृष्ठ बढी परेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो पुस्तकमा परेका वैदिक मन्त्रहरूको सूची

मन्त्र	पृष्ठसंख्या
१. अग्ने व्रतपते	२७
२. ईशावास्यम्	२७
३. कुर्वन्नेवेह कर्माणि	२८
४. असूर्या नाम ते लोका	२९
५. अनेजदेकं मनसो	३०
६. तदेजति	३०
७. यस्तु सर्वाणि	३०
८. यस्मिन् सर्वाणि	३१
९. स पर्यगात् शुक्र	३२
१०. मित्रस्याहं चक्षुषा	३३
११. अन्धं तमः	४१, ४२
१२. अन्यदेवाहुः	४१, ४२
१३. संभूतिं च विनाशं	४१
१४. विद्यां चाविद्यां च	४२
१५. वायुरनिलम्	४४
१६. अग्ने नय सुपथा	४७
१७. हिरण्मयेन पात्रेण	५०
१८. संसमिद्युवसे	५२
१९. संगच्छध्वं संवदध्वम्	५२
२०. समानो मन्त्रः	५३
२१. समानी व आकूतिः	५३
२२. संज्ञानं नः स्वेभिः	५३
२३. ज्यायन्तश्चित्तिनो	५४
२४. समानी प्रपा सह	५४
२५. समीचीनान् वः	५४
२६. विश्वानि देव	५५
२७. दृते दृंहमा	५५
२८. यथेमां वाचम्	५६
२९. रुचं नो धेहि	५६
३०. न सः स्वोदक्षो वरुण	५७
३१. सप्त मर्यादाः	५७
३२. हिरण्यगर्भः	५८
३३. पुरुष एवेदं सर्वम्	५९
३४. वेनस्तत्	५९
३५. यः प्राणतो	६०
३६. तदेवाग्नि तदादित्य	६१
३७. एषो ह देवः	६१
३८. विश्वतश्चक्षुरुत	६१
३९. त्वं त्राता तरणे	६३
४०. त्वं हि नः पिता वसो	६३
४१. पतिर्वभूथा	६३
४२. नासदासीन्नो सदासीत्	६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४३. न मृत्युरासीदमृतं	६४	६९. सोमं मन्यन्ते पपिवान्	८०
४४. शतमिन्नु शरदः	६६	७०. यदद्य कच्च	८३
४५. आ नो भद्राः क्रतवो	६७	७१. प्रनू महित्वम्	८३
४६. सुपारथिरश्वानिव	६८	७२. संपूषन् विदुषा	८४
४७. परि माग्ने दुश्चरितात्	६८	७३. अक्षैर्मा दीव्य	८४
४८. यां मेधां देवगणाः	६८	७४. लाङ्गलं पवीरवत्	८५
४९. दृष्ट्वा रूपे व्याकरोत्	६९	७५. शुनं नः फाला	८६
५०. व्रतेन दीक्षामाप्नोति	६९	७६. यूयं गावोमेदयथः	८६
५१. यशो मा द्यावा पृथिवी	६९	७७. माता रुद्राणाम्	८६
५२. समाचमा समितिश्च	७०	७८. वचोविदं वाचमुदीरयन्तीं	८७
५३. सुविज्ञानं चिकितुषे	७०	७९. सूयवसाद्भगवती	८७
५४. सत्यमेव जयते नानृतम्	७०	८०. कोशं दुहन्तीम्	८८
५५. क्रतस्य शुरुधः	७१	८१. यदि नो गां हंसि	८८
५६. प्रत्नान्मानादध्याये	७१	८२. न वा उदेवाः	८९
५७. यो जागार तमृचः	७२	८३. य आघ्राय	९१
५८. तन्तु तन्वन् रजसो	७३	८४. स इद्भोजो	९१
५९. न तं विदाथ	७३	८५. न स सखायो	९२
६०. इन्द्रं वर्धन्तो	७४	८६. पृणीयादिन्नाधमानाय	९२
६१. आ संयतमिन्द्र	७६	८७. मोघमन्नं विन्दते	९३
६२. प्रसूत इन्द्र प्रवता	७६	८८. कृपन्नित्फाल	९३
६३. तपसा ये अनाधृष्या	७७	८९. समौ चिद्धस्तौ	९४
६४. ये युध्यन्ते	७८	९०. उद्यानं ते पुरुष	१०१
६५. ये चित्पूर्वमृतासाप	७८	९१. मा ते मनस्तत्र	१०२
६६. पवित्रं ते विततम्	७९	९२. ब्रह्मचर्येण	१०३
६७. यत्र ग्रावा पृथुबुध्नः	८०	९३. गृह्णामि ते	१०४
६८. यस्ते मदो वरेण्यः	८०	९४. इहैवस्तं मा	१०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public.Domain. Digitization by eGangotri.Funding: MIDF

९५. इमांल्लाजा १०५
९६. इमां त्वमिन्द्र १०९
९७. य ईं चकार ११०
९८. द्वा सुपर्णा ११३
९९. इन्द्रं मित्रं ११३
१००. मा प्रगामपथो ११४
१०१. वयं सोम व्रते ११५ क
१०२. त्वं त्राता तरणे ११५ ग
१०३. विजानी ह्यार्यान् ११५ घ
१०४. न यातव इन्द्र ११५ च
१०५. प्रान्यच्चक्रमवृह ११५ छ
१०६. त्वं पिप्रुं मृगयं ११५ ज
१०७. अकर्मा दस्युरभि नो ११५ ट
१०८. श्रीश्च ते लक्ष्मीश्च ११६
१०९. स्तोमं नो अद्य १२०
११०. त्र्यम्बकं यजामहे १२१, १४०
१११. पिता यस्त्वां दुहितरम् १२१
११२. द्यौर्मे पिता जनिता १२३
११३. असौ योऽवसर्पति १२४
११४. नमो वञ्चते १२५
११५. अत्यन्यामगां नान्यान् १२९
११६. द्यां मा लेखी १२९
११७. यस्ते मध्यं पृथिव्या १३०
११८. वषट् ते विष्णवास १३१
११९. मनीषिणः प्रभरध्वम् १३१
१२०. उपहूतो वाचस्पति १३२
१२१. अर्जुनं त्वा संलिखितम् १३२
१२२. स्वस्ति पन्थामनुचरेम १३२
१२३. इच्छन्ति देवाः १३३
१२४. चोदयित्री सूनृतानाम् १३३
१२५. का ते अस्त्यरङ्कृतिः १३४
१२६. उतो धा ते पुरुष्या १३४
१२७. मनसः कामाकूतिम् १३५
१२८. ॐ तत्सवितुर्वरेण्यम् १३७
१२९. अहं रुद्राय धनुः १४१
१३०. द्यौः शान्तिरन्तरिक्षम् १४२
१३१. सामासत्योक्तिः १४६
१३२. उत त्वं संख्ये १४७
१३३. इमेनावाङ्ङ नपरः १४७
१३४. सर्वे नन्दन्ति १४८
१३५. अक्षण्वन्तः कर्णवन्तः १५०
१३६. अदिति द्यौरदिति १५४
१३७. चत्वारि शृङ्गा १५५
१३८. विश्वो ह्यन्यो अरि १५७
१३९. यो मा पाकेन १६३
१४०. सक्तुमिव तितउना १६४
१४१. यदग्नाग्ने यदरण्ये १६४
१४२. नमः सखिभ्यः १६५
१४३. यमाय मधुमत्तमम् १६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३२
१३२
१३२
१३३
१३३
१३४
१३४
१३५
१३७
१४१
१४२
१४६
१४७
१४७
१४८
१५०
१५४
१५५
१५७
१६३
१६४
१६४
१६५
१६५

भूमिका

१. विषय प्रवेश

यथार्थ सत्य ज्ञान दिने वेदमन्त्रहरू अर्थसहित पढाउने पढ्ने काम धेरै पहिलेदेखि छुटेको देखिन्छ । वेदको व्याख्या गर्ने ब्राह्मणग्रन्थ भए पनि सबै मन्त्रहरूको अर्थ गरेको छैन र यज्ञका निमित्त वेदमन्त्रहरूको उपयोग गरेको देखिन्छ । अर्को कुरा मन्त्रहरूमा यथार्थ सत्य कुरा मात्र देखिन्छन्, तर ब्राह्मणभागमा चाहिं मनुष्य समाजलाई चाहिने पञ्च महायज्ञ आदि अनेक उत्तम विषय जहांतहां भए पनि कसैले न पत्याइने अनेक विषय पनि जहां तहां छन् भन्ने कुरा वैदिक सिद्धान्तको प्रथम भागमा नै लेखिए ।

त्यसपछिका वाल्मीकिरामायण र महाभारतबाट त्यस समयको इतिहास जान्न पाइन्छ । साथै मनुष्य समाज रहनुजेलसम्म चाहिने अनेक उत्तम सदुपदेश ती ग्रन्थबाट जान्न पाइन्छ । तर ती ग्रन्थका दशरथ राजा साठी हजार वर्षको भएपछि राम आदि चार छोरा जन्मे, रामले एघार हजार वर्ष राज्य गरे, शम्बूक शूद्रले तपस्या गरेकोले बाहुनको छोरो मरेछ, त्यस शूद्रलाई मार्नाका साथै त्यो केटो जीवित भयो, ६/७ हजार वर्षअघि जन्मेका रामले रामभन्दा ३/४ हजार वर्षपछि जन्मेका बुद्धको अति निन्दा (वाल्मीकिरामायणको अयोध्या काण्ड सर्ग १०८ र १०९) गरे आदि कुरा कसरी पत्याउनु ?

महाभारतमा पनि पृथ्वीभर काम लाग्ने मनुष्य समाजले बुझनुपर्ने अति उत्तम कुरा छन् । साथै अनेक कल्पित कथाहरू पनि छन् । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

९५. इमांल्लाजा १०५
९६. इमां त्वमिन्द्र १०९
९७. य ईं चकार ११०
९८. द्वा सुपर्णा ११३
९९. इन्द्रं मित्रं ११३
१००. मा प्रगामपथो ११४
१०१. वयं सोम व्रते ११५ क
१०२. त्वं ब्राता तरणे ११५ ग
१०३. विजानी ह्यार्यान् ११५ घ
१०४. न यातव इन्द्र ११५ च
१०५. प्रान्यच्चक्रमवृह ११५ छ
१०६. त्वं पिप्रुं मृगयं ११५ ज
१०७. अकर्मा दस्युरभि नो ११५ ट
१०८. श्रीश्च ते लक्ष्मीश्च ११६
१०९. स्तोमं नो अद्य १२०
११०. त्र्यम्बकं यजामहे १२१, १४०
१११. पिता यस्त्वां दुहितरम् १२१
११२. द्यौर्मे पिता जनिता १२३
११३. असौ योऽवसर्पति १२४
११४. नमो वञ्चते १२५
११५. अत्यन्यामगां नान्यान् १२९
११६. द्यां मा लेखी १२९
११७. यस्ते मध्यं पृथिव्या १३०
११८. वषट् ते विष्णवास १३१
११९. मनीषिणः प्रभरध्वम् १३१
१२०. उपहूतो वाचस्पति १३२
१२१. अजैषं त्वा संलिखितम् १३२
१२२. स्वस्ति पन्थामनुचरेम १३२
१२३. इच्छन्ति देवाः १३३
१२४. चोदयित्री सुनृतानाम् १३३
१२५. का ते अस्त्यरङ्कृतिः १३४
१२६. उतो धा ते पुरुष्या १३४
१२७. मनसः कामाकूतिम् १३५
१२८. ॐ तत्सवितुर्वरेण्यम् १३७
१२९. अहं रुद्राय धनुः १४१
१३०. द्यौः शान्तिरन्तरिक्षम् १४२
१३१. सामासत्योक्तिः १४६
१३२. उत त्वं संख्ये १४७
१३३. इमेनावाङ्ङ नपरः १४७
१३४. सर्वे नन्दन्ति १४८
१३५. अक्षण्वन्तः कर्णवन्तः १५०
१३६. अदिति द्यौरदिति १५४
१३७. चत्वारि शृङ्गा १५५
१३८. विश्वो ह्यन्यो अरि १५७
१३९. यो मा पाकेन १६३
१४०. सक्तुमिव तितउना १६४
१४१. यदग्नाग्ने यदरण्ये १६४
१४२. नमः सखिभ्यः १६५
१४३. यमाय मधुमत्तमम् १६५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३१
१३२
१३२
१३३
१३३
१३४
१३४
१३५
१३७
१४१
१४२
१४६
१४७
१४७
१४८
१५०
१५४
१५५
१५७
१६३
१६४
१६४
१६५
१६५

भूमिका

१. विषय प्रवेश

यथार्थ सत्य ज्ञान दिने वेदमन्त्रहरू अर्थसहित पढाउने पढ्ने काम धेरै पहिलेदेखि छुटेको देखिन्छ । वेदको व्याख्या गर्ने ब्राह्मणग्रन्थ भए पनि सबै मन्त्रहरूको अर्थ गरेको छैन र यज्ञका निमित्त वेदमन्त्रहरूको उपयोग गरेको देखिन्छ । अर्को कुरा मन्त्रहरूमा यथार्थ सत्य कुरा मात्र देखिन्छन्, तर ब्राह्मणभागमा चाहिं मनुष्य समाजलाई चाहिने पञ्च महायज्ञ आदि अनेक उत्तम विषय जहांतहां भए पनि कसैले न पत्याइने अनेक विषय पनि जहां तहां छन् भन्ने कुरा वैदिक सिद्धान्तको प्रथम भागमा नै लेखिए ।

त्यसपछिका वाल्मीकिरामायण र महाभारतबाट त्यस समयको इतिहास जान्न पाइन्छ । साथै मनुष्य समाज रहनजेलसम्म चाहिने अनेक उत्तम सदुपदेश ती ग्रन्थबाट जान्न पाइन्छ । तर ती ग्रन्थका दशरथ राजा साठी हजार वर्षको भएपछि राम आदि चार छोरा जन्मे, रामले एघार हजार वर्ष राज्य गरे, शम्बूक शूद्रले तपस्या गरेकोले बाहुनको छोरो मरेछ, त्यस शूद्रलाई मार्नाका साथै त्यो केटो जीवित भयो, ६/७ हजार वर्षअघि जन्मेका रामले रामभन्दा ३/४ हजार वर्षपछि जन्मेका बुद्धको अति निन्दा (वाल्मीकिरामायणको अयोध्या काण्ड सर्ग १०८ र १०९) गरे आदि कुरा कसरी पत्याउनु ?

महाभारतमा पनि पृथ्वीभर काम लाग्ने मनुष्य समाजले बुझनुपर्ने अति उत्तम कुरा छन् । साथै अनेक कल्पित कथाहरू पनि छन् । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराण स्मृति पुराना छन् तापनि ५।६ सय वर्षसम्म मुसलमान शासनमा हिन्दू ग्रन्थ पोल्ने, जबर्जस्ती र फकाएर पनि मुसलमान बनाउने गर्दा नै पुराणमा थपिदै रहेकोले कलियुगको वर्णन अति भयङ्कर छ। कलियुगबाट नै यो अति कष्ट बढेको हो, अन्त्यमा कल्कि अवतार भएर मात्र सबै म्लेच्छ समाप्त गरेर सुविस्ता मिल्दछ भन्ने कुरा सबै पुराणमा भेटिन्छन्। राग द्वेष बढेपछि फिक थप भएको पाठ हो त्यो, प्रामाणिक होइन। तर यतिले मात्रै भएन। प्राचीन ब्राह्मण ग्रन्थहरूमा 'म्लेच्छ' शब्द धेरै प्रयोग भएको देखिन्छ। त्यसैले 'न म्लेच्छितवै तस्माद् अध्येतव्यं व्याकरणम्' को अर्थ ठीक हो भन्न सकिन्छ। तर महाभारत (शान्तिपर्वको अध्याय ७० श्लोक ७९) देखि नै समयको केही दोष छैन, सरकारले राम्रो व्यवस्था गरे सत्ययुग हुन्छ नराम्रो गरे कलियुग हुन्छ भनेको छ। मनुस्मृति (अ. ९।३००) मा पनि युग बनाउने राजा वा सरकार हो, भनेको छ। वेदमन्त्रमा चार युगको गन्ध भेटिन्न। ज्यौतिषको युग वर्णन उत्तर छ। सरकारबाटै देशको उन्नति अवनति स्पष्टै छ। यस युगमा जान्नुपर्ने अनेक कुरा सत्यसत्य नै अनेक प्रकारबाट बताएर मनुष्य समाजमा गहिरिएर रहेको अज्ञानरूपी अन्धकार हटाई ज्ञान दिन सक्ने वेद हुँदा त्यस्ता थोरै वेद मन्त्रहरूको संग्रह अर्थसहित यहाँ देखाइन्छ। कुन सत्य कुन असत्य विद्वान्हरूले बुझन सक्तछन्।

२. वैदिक विषयमा लेख्ने प्रेरणा

वेद पढ्ने बारेमा व्रतबन्ध भैसकेपछि वेदमन्त्र सुन्नुपर्छ भन्ने कुरा पिताजीबाट सुनिन्थ्यो। शुक्लयजुर्वेदको चालीसौं अध्यायको विद्यां चाविद्यां च देखि चार मन्त्र नै वेदमन्त्रहरू हुन्, भन्ने कुरा पूज्य पिताजीबाट सुनेथें। अग्निस्थापना पद्धतिको ॐ वायुरनिलममृतम् भन्ने मन्त्र अरूले सुन्ने गरी पढ्नु हुँदैन, भन्ने कुरा पनि सुनिन्थ्यो। रुद्राष्टाध्यायी पढ्ने पढाउने चलन हुँदा त्यसको अभ्यास १०।११ वर्षमा नै भैसकेको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि २० अध्यायसम्म विभिन्न वेदपाठीका साथ घरमै पढियो, सुनियो । हामी यजुर्वेदाध्यायी हुनाले त्यही पढियो । वाराणसीमा व्याकरणशास्त्री भएपछि हिन्दू विश्वविद्यालयमा वेद विषयमा धर्मशास्त्री परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भएँ । यजुर्वेद, श्रौतसूत्र, गृह्यसूत्र र केही मीमांसा आदि पनि पढेथें । चारै वेदका मूल किनेर ल्याइयो । पिण्डेश्वरमा सभाष्य वेद ल्याइए । धेरै थरी भाषासहित ऋग्वेद हेरियो । श्री दयानन्द सरस्वती-ज्यूका चारै वेद सभाष्य सिलगुडीका समाजसेवी विद्वान् रतिराम शर्माज्यूले दिनुभएकोले हेर्न पाइयो । काशीमा मारवाडी संस्कृत महाविद्यालयमा शास्त्री पढ्दा मदनमोहन शास्त्रीज्यूले गीता सबै छात्रहरूलाई थोरै थोरै घोकाउने गरेको रहेछ, मैले पनि घोकें । पछि हिन्दू वि. वि. मा वेदविषयक धर्मशास्त्रीमा राखेकोले अभ्यास गरियो ।

हाम्रा पृथ्वीभरका प्रसिद्ध राज्य शासन र केही इतिहास पनि हेरियो । सतीप्रथा देखेबाट सुनियो, बाल-विवाह, दास प्रथा र कयौं मनुष्यजातैको अस्पृश्यता स्पष्टै देखिन्छ । बाहुनले हलो जोत्दा र दूध आदि बेच्दा पतित हुन्छ जात जान्छ इत्यादि सुनिन्थ्यो र कयौं स्मृतिमा देखियो । तर सबै स्मृति पुराणहरूले वेदअनुसारै सबै शास्त्र छन्, 'वेदो-ऽखिलो धर्ममूलम्' मनु. (२।६) सबै वेद धर्मका मूल हुन् भनेको छ । याज्ञ-वल्क्य स्मृतिको आरम्भमा मनु आदि २० स्मृतिका नाम छन् । तर मनसुख-राय मोर नामक उदार धनीले प्रकाशित गरी विद्वान्हरूलाई बाँडेका ४३ स्मृति भेटिए र हेरिए । सबै धर्मग्रन्थले अन्तिम प्रमाण वेद नै बताएकोले वेद मन्त्रभागमा मनुष्य जातैमा छुवाछूत अस्पृश्यताको गन्ध भेटिएन र त्यस्ता कुरा असामाजिक मानियो । खालि दास शब्द भेटिन्छ । महाभारतबाट र अरू इतिहासबाट समेत युद्धमा हारेकालाई दास बनाउँथे कि ? भन्ने कुरा बुझिन्छ । तर ऋग्मन्त्र ६।२२।१० ले "दासानि अर्याणि अकरः" भनेकोले र त्यसको अर्थ असत् काम गर्ने दुष्टलाई आर्य गराऊ भन्ने नै स्पष्ट हुँदा त्यस्ता समूहका साथमा युद्ध भएर जितेको एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र अर्का दस्यु (लुटाहा हत्यारा) डाका दलहरूका साथका युद्ध छन् । राजाहरूका साथका युद्ध हुन्थे, अर्को हुँदैछन् ।

मनुस्मृतिमा चाहिं शूद्रलाई दासै गराउन ब्रह्माले सृष्टि गरेकाले त्यस जातको दासता कहिल्यै छुटतैन भनेको छ (त्यो कुरा मेरो मनुस्मृतिको आलोचनामा स्पष्ट छ) । त्यस्ता अवैदिक व्यवस्था पनि धर्मकै नाममा चलाएका थिए, हटाइँदैछन् । मनुले नै (अ. ४।१७६) धार्मिक व्यवहार पनि हानि गर्नेछ भने त्यागनू भनेकै छ । तर आशौच बार्ने नगीचैका नातामा बिहा नगर्ने र परमेश्वरको उपासना पाठ–पूजा, न्यास–ध्यान, बिहा–व्रत-बन्ध इत्यादि संस्कारचाहिं शास्त्रअनुसारै गर्नुपर्छ भन्ने ठहरियो । विश्वमानवपरिवारवादी र सर्वात्मवादी वैदिक सिद्धान्त पृथ्वीभरका मनुष्य समाजले बुझेर व्यवहारमा ल्याउनुपर्ने भए पनि वेदमा अति श्रद्धा गर्ने परमेश्वरले सृष्टिको आरम्भमा उपदेश गरेका मन्त्रहरू वेद हुन् वा अपौरुषेय हुन्, भन्ने विद्वानहरूले चाहिं स्वर्गप्राप्ति निम्ति गरिने कर्म-काण्ड र संसारबाट मुक्ति निम्ति गरिने ज्ञानकाण्ड, उपासनाकाण्ड मात्र छन् भन्ने व्याख्या गरेकोले धेरैजसो विद्वान्हरूले पनि उपेक्षा गरे । वेद कयौं जातले र स्त्रीहरूले सुन्नै नहुने पनि गराएछन् । वरु पाश्चात्य विद्वान्हरू मैक्समूलर, कीथ, ग्रिफिथ आदिले संस्कृत व्याकरण आदि पढी संस्कृत भाषामा समेत योग्य बनेर अंग्रेजीमा भाष्य लेखेछन् । त्यसपछि भारतका अनेक अंग्रेजीका विद्वान्हरूले र राजा रजौटाहरूले समेत चाख मानेर तिनै अंग्रेजी भाष्य मगाई हेर्न थालेछन् । वास्तवमा ती मैक्समूलर आदि विद्वान्हरूले ता भारतका अनेक जातमा परस्पर फूट गराई अंग्रेजी साम्राज्य स्थिर गर्न र वेदलाई सर्वभन्दा ठूलो प्रमाण मान्ने हिन्दूधर्मीहरूको वेदश्रद्धा समाप्त गरी हिन्दू धर्मको बदलामा इसाई सम्प्रदायमा श्रद्धा बढाउने उद्देश्यले पो वेदभाष्य लेखेका रहेछन् भन्ने कुरा उनका गुप्त पत्रव्यवहारबाट र सबै वेदभाष्य हेर्दा पनि थाहा हुन्छ । भारत र नेपालमा ९।१० कक्षामा पढाइने इतिहासमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेदको आर्यसभ्यताप्रकरणका धार्मिक जीवन, सामाजिक जीवन आदि प्रकरण र भारत दिल्लीको पाठ्य-पुस्तक हिन्दीको ६ कक्षाको प्राचीन भारतका वैदिक युगका जीवन, भन्ने प्रकरणमा अहिलेसम्म पनि पढाइने पुस्तकमा वेदमा नभएका नराम्रा कुरा वेदकै नामबाट पढाउने गरेकोले समेत सो कुरा स्पष्ट भएको छ । अंग्रेजहरूको साम्राज्य शासन समाप्त भए पनि उनीहरूको वैचारिक शासन कायमै छ र सो बढ्दै गएर इसाई संप्रदायको साम्राज्य खडा गर्न इसाई मिशन छयाप्छाप्ती भै सेवाको निहुँबाट सियो भै पसेर फाली बन्न थालेका छन् ।

उनले र उनकै वेदानुवाद पढेर विद्वान् बनेका भारतीय र नेपाली-हरूले नै वेद आदि सच्छास्त्रलाई धूलो, मैलोले छोपेकोमा सो धूलो मैलोबाट निकालेर वेदको सच्चा स्वरूप संक्षेपमा देखाउने चेष्टा गरेको छु । तर नेपालमा र भारतमा समेत उनकै वैचारिक शासन अहिलेसम्म नै चालू रहेको शिक्षाबाट अनेकौं मानिस तयार भएर ढावतैछन् । हाम्रा पुस्तक एक हजार प्रतिसम्म अति मुश्किलले प्रकाशित हुन्छन् । ती पनि हेर्ने मानिस हुँदैनन् । संस्कृतको अरण्यरोदन अथवा हिन्दीको नक्कारखाने-की तूती जस्तै छ । तापनि

उत्पत्स्यते जगति कोऽपि समानधर्मा ।
कालो ह्ययं निरवधिर्विपुला च पृथ्वी ।।

भनेअनुसार यथाशक्ति यथाबुद्धि लेखिदैछु । असत्य भ्रामक कुराहरू बढेको देखता, सत्य देखाउने उद्देश्यले लेखन थालको हुँ त्रुटि हुन पनि संभवै छ. क्षमाप्रार्थी छु ।

३. केही कठिनाइ

यहाँ यजुर्वेदको उपसंहार चालीसौं अध्याय 'ईशावास्योपनिषद्' को व्याख्या पहिले गरिएको छ । यसको व्याख्या गर्दा अति कठिनाइ भयो । किनभने प्रथम वेदोद्धारक जगद्गुरु शङ्कराचार्यले मुख्य गरी प्रस्थानत्रयी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दै उपनिषद्, गीता र ब्रह्मसूत्रको विस्तृत व्याख्या गरेका छन् । गीता शांकरभाष्य सबै हेरियो । गीताभाष्यमा जगन्मिथ्या भन्ने अर्थ नै सर्वत्र देखिन्छ । तर गीताभर कहीं पनि जगत् अनित्य मात्र भनेको छ, एकै श्लोकले पनि सपना जस्तो मिथ्या भनेको छैन । अरु "योगयुक्तो मुनिर्ब्रह्म न चिरेणाधिगच्छति" गीता (५ । ६) पूर्ण योगी भान्छेले नै चाँडै ब्रह्म पाउँछ भन्ने अर्थ छ तापनि शंकरको सिद्धान्त संन्यास नलिई ब्रह्म (मुक्ति) भेट्तैन भन्ने हुनाले होला, पूर्णयोगीले मात्र संन्यास पाउँछ (संन्यासो वै ब्रह्म इति श्रुतेः) भनेको छ । अरु गीता ६ । २ ले नै "यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव" संन्यास र योग एकै हो, भनेको छ । भाषा र शैलीको दृष्टिले हेर्दा गीताको शाङ्करभाष्य आद्य शङ्कराचार्यको होइन, कुनैले शङ्कराचार्यको नाममा लेखेको हो अथवा पछिका शङ्कराचार्यले लेखेको हो जस्तो लाग्छ ।

त्यस्तै 'ईशावास्योपनिषद्'को अर्थ अति विद्वत्तापूर्ण छ र प्रत्येक पद-को अर्थ गरेको छ । तर ती सबै मन्त्रमा जगत् मिथ्यावाद भेटिदैन तापनि उनले त्यो समयअनुसार होला "मा गृधः कस्यस्विद्धनम्" को मिथ्या (झूटो) धनको लोभ नगर्नू, अर्थ गरे । हामीचाहिं कसैको धनमा लोभ नगर्नू भन्ने अर्थ गर्छौं ।

दोस्रो मन्त्रमा 'कर्माणि' को सत्कर्म अर्थ गर्दै सय वर्ष बाँच्न इच्छा गर्नू भन्ने अर्थ स्पष्ट छ र गर्छौं । तर शङ्करजीले कर्माणिको अग्निहोत्र आदि कर्म अर्थ गर्दै सय वर्ष बाँच्न इच्छा गर्नू भनेका छन् । अग्निहोत्र-विधि थोरै मन्त्रबाट एकै छिनमा सकिने विधि देखिन्छ । सलाई कोरेर आगो बाली आर्यसमाजी घेरैले र सबै जातले अग्निहोत्र गर्दैछन् । तर ती बाहेकले चाहिं आगो कहिल्यै निभ्न नहुने र निभेमा नबालेसम्म खानै न हुने, काठै घोटेर मात्र आगो बाल्नुपर्ने, इत्यादि कठिन नियम हुनाले अति थोरै मानिस मात्र अग्निहोत्र गर्ने भेटिन्छन् । महात्मा गान्धीज्यूका आश्रम-मा विहानको प्रार्थना सबै आश्रमवासीले गर्नुपर्दथ्यो । पहिलो मन्त्र ॐ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईशावास्यम् नै हो । आश्रम भजनावलिनामबाट अर्थसहित प्रकाशित छ । सब जीवन ईश्वरका वसाया हुआ हैं, भन्ने अर्थ गरेको छ । यहाँ 'वस' आच्छादने धातुबाट बनेको हुँदा पृथ्वीभरका सबै प्राणीहरूमा ईश्वर व्याप्त छन् भन्ने अर्थ हो । 'वस' निवासेबाट बने पनि भाव एउटै हुन्छ फरक छैन । तर जगद्गुरु शङ्कराचार्यज्यूको व्याख्यामा चाहिं "मिथ्या विषयां गृधिं मा कार्षीरित्यर्थः" अर्थात् मिथ्या धनको लोभ नगर, भनेको हुँदा उनको जगत् मिथ्यावादी दर्शन मात्र हुँदा मन्त्रार्थमा नमिल्ने व्याख्या भयो । "त्यक्तेन भुञ्जीथा" अरू निम्ति केही त्याग गरेर खानपान गर्नू, भनेकाले नकमाई खानपान नहुने हुँदा कमाएर केही अरूलाई पनि दिंदै खानपान गर्नू, तर "कस्यस्विद्धनम् मा गृधः" अरूको कसैको पनि धनमा लोभ न गर्नू, भनेको र दोस्रो मन्त्रले सत्कर्म गर्दै सय वर्ष बाँच्न इच्छा गर्नू समेत भनेको हुँदा पूज्य शङ्करजीको व्याख्या आफ्नो दर्शन र त्यस वेलाको समाज हेरी गरेको होला ।

महात्मा गान्धीको शावरमती आश्रममा जुनसुकै समुदायका मान्छे र अछूत जात पनि वस्थे । त्यहाँ जम्मा ११ वटा महाव्रत पालना गर्ने र नित्य भजन गर्नुपर्ने नियम थियो । तिनमा योगका पञ्च महाव्रतका साथ स्वदेशी व्रत र छुवाछूत नमान्ने व्रत मानेको हुँदा अछूत पनि बस्तथे । भजनावलिमा पहिलो भजनमन्त्र "ईशावास्यम्" बाट थालिन्थ्यो । भजनावलि पुस्तक अझै हेर्न पाइन्छ । त्यसैबाट पनि वेदमन्त्रहरू सबै मनुष्यका निम्ति हुन् भन्ने कुरा ठहराएको स्पष्ट छ । त्यस्ते अति ठूला विद्वान् कडा सुधारवादी युगप्रवर्तक मान्नुपर्ने दयानन्द सरस्वतीजीले वेदमन्त्रहरू अति उच्च ज्ञान दिन सक्ने हुँदा वेद पढ्ने बुझने अधिकार पृथ्वीभरका मनुष्यको हो, भन्दै प्रचार गर्नुभएथ्यो, तो कुरामा मेरो पनि पूर्णरूपले समर्थन हुनाले नेपालीमा प्रचार होस् भनेर व्याख्या गरिदै छ ।

माथि भनिएका तीन मन्त्रमा जगत्यां (पृथ्वीमा) जगत् (प्राणीहरू) ईशावस्यम् परमेश्वरले व्याप्त छन् इत्यादिबाट पृथ्वीभरका मनुष्यका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निम्ति सद्व्यवहार बताएको छ । त्यसो भए पनि प्रथम वेदोद्धारक शंकराचार्यको र अरू विद्वान्को पनि व्याख्याबाट वा मुक्तिका निम्ति ज्ञानकाण्ड र स्वर्गनिम्ति कर्मकाण्ड भन्ने भाव प्रकट हुन्छ ।

शङ्कराचार्यज्यूको ब्रह्मसूत्रभाष्यको अपशूद्राधिकरणमा गौतमस्मृति अ. १२ को आरम्भको उद्धरण छ— शूद्रले वेद सुनेमा 'त्रपु', 'जतु' ले कान भर्नू अरे ! जगद्गुरु शङ्करलाई त्यस्तो अर्थ फुरेकोमा त्यस समयको सामाजिक वातावरण र दार्शनिक पक्षसमेत कारण थियो होला । तर भारतका ठूला विद्वान् स्वामी हरिहरानन्द (करपात्री) जीले 'विचारपीयूष' (३२५ पृष्ठ) मा "ईशावास्यम्" मन्त्रको अर्थ अनौठो उटपटाङ गरेका छन् । त्यहाँ 'ब्रह्म साक्षात्कारद्वारा प्रपञ्चको बाधित कर और त्यागद्वारा ब्रह्मनिष्ठा सुदृढ कर आत्माको जन्ममरणके प्रवाहमें पडने से बचाकर मोक्ष प्राप्त करो' भन्ने अर्थ छ । तर त्यो अर्थ त्यसबाट आउने सक्तैन ।

यस उपनिषद्मा पहिला तीन मन्त्रले सदा सक्रिय सचेत भै उत्तम काम गर्दै कमाउने खानपान गर्ने, साथै सामाजिक उन्नतितर्फ पनि तन मन धनद्वारा लाग्ने तर परधन, परस्त्री, जूवा, मद्यपान आदि असत्काम नगर्ने भै सय वर्ष बाँच्ने इच्छा गर्नू इत्यादि उपदेश गरेका हुन् ।

त्यसपछिका पाँच मन्त्रले एक परब्रह्म परमेश्वरको वर्णनका साथै विश्वमानव परिवारवाद, सर्वात्मवाद समेत संक्षेपमा भन्दछन् । त्यसपछिका छ मन्त्रमा संभूति, असंभूति (विनाश) तथा विद्या र अविद्या समेत ४ शब्दको अर्थका बारेमा धेरै मतभेद देखिए ।

४. वेदका उपलब्ध व्याख्याहरू

शंकराचार्यका, त्यसपछि उव्वट, महीधर, सायणसमेतका पुराना भाष्य हेरिए । मेरै "वैदिक सिद्धान्त र मानव समाज", पथिक कवि लक्ष्मी आचार्यज्यूको 'वेदको उज्यालो कस्तो छ ?', खेमराज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केशवशरणजीको 'ईशावास्योपनिषद् जीवनदर्शनको रूपमा' आदि व्याख्या पनि छन् । ती व्याख्याहरू एकै प्रकारका छैनन् । मुख्य ती चार शब्दका व्याख्या तिनमा फरकै देखिन्छन् ।

त्यसो भए पनि पथिक कवि लक्ष्मीजीको र केशवशरणजीको व्याख्याको साथ मेरो विचार मिलेको छ र व्याख्या गरिनेछ । शतसूत्री पनि अम्बिकाप्रसाद अधिकारीजी र शिवगोपाल रिसालजीको हेरियो राम्रो छ । राजदेवारण्यस्वामीको अञ्जना व्याख्या, धरणीधर पन्तको ईशतत्त्व व्याख्या, माधवप्रसाद देवकोटाको व्याख्या, नेपाली विद्वान्हरूका नेपाली र संस्कृत व्याख्या आदि र रामानुज, माध्व, निम्बार्क, वल्लभ, श्रीधरभाष्य र शक्तिभाष्य आदिको अर्थ हेर्नु र उल्लेख गर्नु उचित होला । मेरो विचारमा शङ्कराचार्यको 'ईशावास्य' माथि पनि आनन्द गिरि, अप्पय्य दीक्षित, विष्णुदेवानन्द, चिद्घनानन्द, रामाश्रम, नृसिंहाश्रम, गोविन्दभाष्य आदि अद्वैत, विशिष्टाद्वैत, द्वैत, द्वैताद्वैत, अचिन्त्य भेदाभेदवाद, भाष्य, व्याख्या र टीकाहरू पनि हेर्नुपर्ने हो । यिनीहरूले विद्या र अविद्या, संभूति र असंभूति शब्दहरूको अर्थ बेजोड गरेका छन् । तर ती सबै पुस्तकहरू यहाँ पाउन कठिन हुँदा हेर्न सकिएन । उक्त नामहरू डा. स्वामी प्रपन्नाचार्यज्यूले भन्नुभएको हो । नामसम्म पाउँदा पनि खुशी लागेको छ ।

प्रकाण्ड विद्वान् डा. स्वामी प्रपन्नाचार्यज्यूका 'वेदमा के छ ?' इत्यादि अनेक उत्तम मननीय विद्वत्तापूर्ण धेरै ग्रन्थहरू हेरिए । उहाँ भारत वर्षभर घुम्ने, प्रवचन गर्ने काम गर्नुहुन्छ । उहाँ बौद्ध, वैदिक, जैन, सिख आदिका अनेक ग्रन्थ र दार्शनिक शास्त्रका पनि ठूला विद्वान् हुनुहुन्छ । प्रयागको विश्व हिन्दू सम्मेलनमा उहाँसँग भेट भएथ्यो । वीरगंजको सम्मेलनमा हामीले धरान आउनुपर्छ भन्यौं, उहाँ आउनुभएर मेरै घर चतरा लाइनमा केही दिन बस्नुभएथ्यो । राई कुलमा जन्मनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएका उहाँ नयाँ पुराना सबै रीतिस्थिति बुझने सदा अनेक जानकारी निम्ति प्रयत्न गर्ने हुनुहुन्छ । उहाँले नेपालका सबै जिल्ला घुम्नु पनि भयो । पत्रिकामा धार्मिक, सामाजिक आदि अनेक उहाँका लेख हेर्न पाइए । उहाँको 'वेदमा के छ ?' भन्ने अनुपम ग्रन्थ हेर्न पाइयो । त्यसपछि हिन्दू विज्ञान आदि अनेक साना ठूला प्रकाशित ग्रन्थहरू हेरिए । मेरा 'आधुनिक दृष्टिमा वाल्मीकिरामायण' र 'वेदको सोमरस तथा जाँडको इतिहास, नामका पुस्तकको पनि सम्पादन गर्नुभएथ्यो । उहाँका ग्रन्थहरू-बाट धेरै नेपालीहरूमा एकता भावना बढ्नुको साथै मद्यपान, जूवा आदि दुर्व्यसनबाट अलग भै सच्चरित्र बन्ने प्रेरणा पनि मिलिरहेको छ । 'इसाई सम्प्रदाय' लेख्ता उहाँको 'वेदमा के छ ?' भन्ने पुस्तकबाट निकै सहयोग मिलेकोले उहाँलाई धन्यवाद दिन्छु ।

आद्य जगद्गुरु शङ्करले असंभूतिको अर्थ जगत्कारण प्रकृति र संभूतिको प्रकृतिकार्य हिरण्यगर्भ अर्थ गरेर संभूत्याऽमृतमश्नुते को अर्थ गर्दा अ थपेर 'असंभूत्या' अव्याकृत प्रकृतिको उपासनाले प्रकृतिलयलक्षणम्, अमृतम् अश्नुते (प्राप्त गर्छ) भनेको छ । संभूति र विनाशको एकै अर्थ गरेर हिरण्यगर्भको उपासनाले अणिमा आदि ऐश्वर्य वा सिद्धि पाउँछ भनेको छ । असंभूति अव्याकृत प्रकृति उपासनाले प्रकृति लयरूप अमृत मुक्ति पाउँछ भनेको छ । शङ्कराचार्यको दार्शनिक पक्ष अति गहिरो छ बुझ्न कठिन छ । हामीलाई त्यो अर्थ फुरेन । किनभने

हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत् ।

(ऋक्. १०।१२१।१ र यजु. १३।३)

भन्ने मन्त्रले सृष्टिभन्दा पहिले हिरण्यगर्भ (परमेश्वर) एक थिए, भनेको छ ।

विद्या र अविद्याको अर्थ पनि शङ्कराचार्यको भिन्न छ । अविद्याको कर्मकाण्ड अर्थ गरेर 'कर्मणा पितृलोकः' (बृहदारण्यक १।५।१६) र विद्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दको देवताविषयक ज्ञान अर्थ गरेर विद्यया देवलोकः (बृहदारण्यक १।५।१) प्रमाण दिएको छ। हामीचाहिं अविद्याको भौतिक विद्या र विद्याको, अध्यात्मविद्या अर्थ गर्दै दुवै जान्नु आवश्यक छ भन्छौं। यो अर्थ गर्न मुण्डकोपनिषद्ले बाटो दियो। अङ्गिराले शौनक ऋषिलाई भनेका छन् कि

द्वे विद्ये वेदितव्ये इति ह स्म यद् ब्रह्मविदो वदन्ति परा चैवाऽपरा च ।।४।। तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो छन्दो ज्यौतिषमिति। अथ परा, यया तदक्षरं समधिगम्यते ।।५।।

यहाँ अपरा विद्या शब्दले चारै वेद र वेदाङ्ग सबै मानेको छ। दूध-बाट नौनी, घिउ झिके जस्तै गरी तीनै वेदवेदाङ्गबाटै परा विद्या तथा अध्यात्मविद्या पनि झिकेको छ। वेदहरूमा कर्मयोग, ज्ञानयोग र उपासना-योग (भक्तियोग) बताएका छन्।

उक्त तीनै योग वा विषयमा यजुर्वेदको उपसंहार चालीसौं अध्यायले नै संक्षेपमा बताउँछ। पहिला तीन मन्त्रले कर्मयोग त्यसपछिका ५ मन्त्रले परमेश्वर र सर्वात्मभावना, त्यसपछिका ९ मन्त्रले उपासना बताउँछन्। शुक्लयजुर्वेदको माध्यन्दिन वाजसनेय शाखाको यस चालीसौं अध्यायमा १७ मन्त्र छन् र संभूति, असंभूति पहिले र विद्या अविद्या बारेका तीन मन्त्र पछि छन्। कण्व शाखामा पनि उनै मन्त्र र एक मन्त्र पूपन्नेकर्षे, भन्ने बेसी मन्त्र हुँदा १८ छन्। विद्या, अविद्या पहिले छन् र संभूति, असंभूति पछि छन्। यो वाजसनेय शाखा हुँदा १७ मन्त्रको व्याख्या संक्षिप्त गरेको हो। तर सत्रौं मन्त्रमा कण्व शाखाको तत्त्वं पूषन् भन्ने आधा मन्त्र जोडेको छ।

सबै मन्त्रका आदिमा ॐ लाउनुपर्ने हो। तर संक्षिप्त गर्ने विचारले पहिला र दोस्रा मन्त्रमा मात्र ॐ लगाइयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. बुद्धको वेदनिन्दा

ईशावास्यम् आदि १७ मन्त्रहरू यजुर्वेदको चालीसौं अध्यायका हुन् । गीतामा भक्तियोग, ज्ञानयोग, कर्मयोग आदि अनेक विषय बताइन्छ, ती सब ता उनै चालीसौं अध्यायका व्याख्या रहेछन्, भन्ने कुरा प्रकट हुन्छ । पृथ्वीभरका मनुष्य समाजलाई व्यावहारिक र पारमार्थिक सत् शिक्षा त्यतिले नै दिने हुनाले ती मन्त्र अर्थसहित पृथ्वीभरकै पाठ्यपुस्तकमा राखेर प्रचार गर्नुपर्ने देखिन्छन् ।

त्यसो हुँदा महात्मा गान्धीका आश्रममा ११ व्रतमध्ये सर्वधर्म-समानता व्रत मानिएको थियो र त्यहाँ आएका बौद्ध, जैन, सिख, इसाई, जरथुस्त्र, यहूदी, वैदिक र इस्लामका पनि प्रार्थना गर्दा वेदका मन्त्रहरू-बाट गर्ने काम प्रतिदिन हुन्थ्यो । अहिले पनि त्यो भजनावलि हेर्न पाइन्छ । त्यसमा सर्वभन्दा पहिलो 'ईशावास्यम्' मन्त्र राखिएको छ र गान्धीजीले त्यसलाई अति महत्त्व दिएका थिए । तर साह्रै दुःखको कुरा छ कि त्यस्तो महाविद्या वेदको क्षत्रिय राजा शुद्धोदनका छोरा नेपालको लुम्बिनी-मा जन्मेका बुद्धले वास्ता गरेको देखिँदैन । 'ईशावास्यम्' आदि १७ मन्त्र र अरू सदा याद राख्नुपर्ने यस वैज्ञानिक युगमा पनि अत्यन्त अन्धकार हटाई उज्यालो दिने मन्त्रहरूको प्रचार अति आवश्यक छ । तर बुद्धले वेदको वास्ता गरेनन् । त्यसमा मुख्य कामचाहिं वैदिक यज्ञहरू समाज कल्याणका लागि थिए, तापनि त्यस वेलाका कर्मकाण्डी विद्वान्हरूले स्वर्गप्राप्ति र अर्को जन्ममा पनि सुखभोग गर्न पाउनेछौ भन्ने विश्वास गराई अनेक पशु यज्ञ चालू गराएका थिए । वेद सबैले पढ्नु हुँदैन, भन्ने प्रचार थियो । त्यसको विरोध गीतामा पनि श्रीकृष्णले गरेका छन् ।

वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ।
कामात्मनः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।।४२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ।
त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।।४३।।
(श्रीमद्भगवद्गीता, दोस्रो अध्याय)

अर्थात् वेदको अति महत्त्व बताएर वैदिक कर्मकाण्डबाट स्वर्ग र अर्को जन्ममा समेत भोग ऐश्वर्य पाइन्छ भन्ने कुराको मात्र प्रचार गर्ने स्वार्थी वैदिक विद्वान्हरूको प्रचारलाई निन्दा गरेको छ । महाभारतमा र अन्त पनि वेद नामबाट स्वार्थीहरूले स्वार्थ सिद्ध गरेकोमा निन्दा नै गरेको छ । तर वेदवादको मात्र आलोचना गरेको छ, वेदैको निन्दा देखिन्न । अरु 'न तं विदाथ (ऋक्. १०।८२।७, यजु. १७।३६) वेद मन्त्रले नै पनि ईश्वर स्तुतिका मन्त्र मात्र भन्दै पेट पाल्ने तिमीहरूले आत्मज्ञान पाउन सक्तैनौ भनेको छ । अर्थात् मानसिक शक्ति बढाउँदै; काम, क्रोध, लोभ आदि बढेर हुने असत् काम चटक्क छोडेर सत्काम मात्र गर्दै परमेश्वरको धारणा ध्यान आदि पनि हुनुपर्छ, भन्ने भाव उक्त मन्त्रमा प्रकट भएको छ । यसै पुस्तकमा स्पष्ट गरिनेछ । अरु मुण्डकोपनिषद्को द्वितीय खण्डको सातौं र आठौं मन्त्रले ता 'प्लवा ह्येते अदृढा यज्ञरूपाः' (यज्ञहरू साना नाउ हुन्) ठूला नदी तर्न सक्तैनन् र 'अन्धेनैव नीयमाना यथाऽन्धाः भनेको छ ।

भगवान् बुद्धको कडा निन्दाबाट वेदैका नामले हुने हिंसात्मक कर्मकाण्ड त छुटे, तर जातिभेद छुटेको बुझिएन । त्यस्तै त्यस बेला युद्ध चल्दै रहने हुँदा कडा अहिंसक मान्छेबाट युद्धको काम नचल्ने हुनाले होला, देवी देवताका मन्दिर रक्ताम्मे पार्ने काम अरु चालू नै छ । तर सबैकी माता देवीले आफ्ना सन्तान कसरी खान्थिन् ? बुद्धभन्दा अढाई सय वर्षपछिका सम्राट् अशोकले बौद्ध धर्मको कडाइका साथ प्रचार गरे । तर धर्मसहिष्णु हुनाले त्यस बेला चलेका वैदिक र जैन धर्मलाई सहयोग गर्नू, अरू धर्मको सम्मान गर्दा नै आफ्नो धर्मको पनि सम्मान हुन्छ, भन्ने आदेश दिएको कुरा उनको बाह्रौं र तेह्रौं र शिलापत्रमा छ भन्ने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवती पान्थरीकृत अशोक ग्रन्थबाट स्पष्ट छ । सम्राट् अशोकभन्दा २ सय वर्षपछिका अश्वघोषले अति सजिलो संस्कृत श्लोकमा विस्तारले बुद्धको जन्मेदेखि अन्त्यसम्मका घटना र मार्मिक उत्तम उपदेश प्रस्तुत गरेका छन् ।

घ्नन्तं वापि दृढं शत्रुं नोपहन्यात् कथंचन ।
न वदेद् दुर्वचश्चापि प्रतीकारोऽयमुत्तमः ।।५०।।

(बुद्धचरित २६ सर्ग)

अर्थात् शत्रुले आफूलाई मार्न आँटचो कुट्न थाल्यो, भने पनि आफूले नहिर्काउनु मात्र हैन गालीसम्म पनि नगर्नू भनेको छ। आफू शुद्ध विचारबाट प्रेरित भई राग द्वेष हटाई मनुष्य समाजमा एकताको भावना बढाउँदा सहने शक्ति बढ्दै द्वेष भाव, ऊच नीच भाव हट्दै जान्छ, इत्यादि उत्तम विचार बुद्धको थियो । भगवान् बुद्धका सदुपदेशको प्रचारका निम्ति भिक्षुसङ्घ खडा भयो, मठ बने, भक्त दाताहरूको दान र भिक्षा आदिबाट भिक्षुहरूको जीविका हुन्थ्यो । लङौटी, धोती, कमण्डलु आदि आठ पदार्थ व्यक्तिगत हुन्थे– अरू सब मठको सम्पत्ति सबै भिक्षुहरूको साझा ठहर्थ्यो । जाति भेद नमानेकोले सबै मानिस भिक्षु हुन पाउँथे । त्यस समयमा दासप्रथा कडा हुनाले ती बेचिन्थे, किनिन्थे, त्यस्ता दासहरूलाई समेत भिक्षु (बौद्ध संन्यासी) गराए । खान पाइने र भिक्षु संघले खटाएको काम गनुपर्ने हुँदा सिपाही पनि भिक्षु बनाइएथे । दासका स्वामीले सरकारले र धनीहरूले किनेर राखेको दास सिपाही र रिनाहालाई पनि भिक्षु बनाउँदा झाम्रो ठूलो हानि भयो भन्न थाले । बुद्धले हठ नगर्ने हुँदा अवदेखि दास सिपाही र रिनाहालाई भिक्षु (बौद्ध संन्यासी) नबनाउनू, पनि भनेथे । यसैबाट पनि अरूको पीरमर्का हेर्ने, जिद्दी नगर्ने सिद्धान्त बुद्धको देखिन्छ ।

जुनसुकै सम्प्रदायमा र कुनै राम्रो सङ्गठनमा पनि आरम्भमा साना दोष रहन संभवै हुन्छ । पछि ता स्वार्थी र दुराचारीहरूको नै नेतृत्व बढ्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाँदा आर्थिक हिंसा र यौन भ्रष्टाचार बढ्दा सबै सम्प्रदायको र सङ्गठनहरूको पनि महत्त्व तथा विश्वास घट्दै गएको देखिन्छ । अर्कातिर 'को वेदानुद्धरिष्यति' वेदको उद्धार कसले गर्ला ? भन्ने मान्छे पनि थिए ।

ईश्वरै नमाने–पनि अति पुराना वेदमा मानिसलाई चाहिने नचाहिने के के रहेछन् ? भन्ने कुरा बुझ्ने इच्छा धेरैको हुन सक्ने हुँदा र त्यो बुझाउने साँचो ता संस्कृत भाषा नै हुँदा बुद्धले उपेक्षा गर्नु ठीक थिएन, बुद्धको उपदेश धम्मपद आदिमा हेर्दा सबै शब्द संस्कृतैका बदलिएका छन् । धर्मको धम्म, बुद्धको बुद्धस्स आदि हुन् । वास्तवमा सबै कुराले पूर्ण व्याकरण कोष आदि भएको भाषा संस्कृत हुनाले नै पछि पछि बुद्धचरितम्, प्रज्ञापारमिता, जातकमाला आदि अनेक बौद्ध ग्रन्थ संस्कृतमा नै लेखिएका छन् । बुद्धका वेदनिन्दा आदि काम दुःख लाग्दा छन् । अरू उपदेश सर्वमानवसापेक्ष अति उत्तम छन् (बौद्ध संप्रदायमा लेखिनेछ) । बुद्धको त्यागले गरिएको जीवन सदुपदेशले सबै मान्छेको चरित्र सुधार्न सहयोग गर्छ । त्यसै हुँदा परमेश्वरको अवतार मानेर बुद्ध जयन्ती मनाउँदैछौं ।

महात्मा गान्धीले बुद्धको ज्यादै श्रद्धा गरेका छन् तापनि उनको भजनावलिमा 'ईशावास्यम्' मन्त्रलाई नै पहिलो स्थान दिइएको छ । महात्मा महापुरुषको अथवा कुनै संप्रदाय सङ्घ सङ्गठन र संस्थाको आर्थिक भ्रष्टाचार, यौन भ्रष्टाचार आदि बढ्दै गएमा त्यसको प्रतिस्पर्धा गर्ने संस्था वा तेजिला महापुरुष छन् भने ता रूपान्तर हुन्छ अथवा घट्दै जान्छ । वैदिक कर्मकाण्डीहरूमा त्यस्ता अति हिंसाका कुरा बढेका अवस्थामा बुद्धको उपदेशले धेरै कुरामा सचेत भै छोडे वा बदले ।

अर्कोतिर 'को वेदानुद्धरिष्यति' वेदको उद्धार कसले गर्ला ? भनेर चिन्ता गर्ने प्रतिभाशाली विद्वान् पनि थिए । कुमारिल भट्ट पढेर विद्वान् बने, वेदको महत्त्व बताउँदै वैदिक धर्म प्रचार गर्न थाले । तर बौद्धहरू नै सबैतिर फैलिएकाले बौद्ध धर्मको ज्ञान नगरी वैदिक धर्म बढ्न नसक्ने ठहराएर वेद आदि शास्त्रको विद्वान् भए पनि बौद्धशास्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नपढी नहुने बुझेर बौद्ध गुरुका साथमा बौद्ध छात्रहरूका साथै मिलेर बौद्धशास्त्रका पनि विद्वान् बने । एक दिन अट्टालीमा बसेका बखतमा बौद्ध छात्रहरूको वेदको निन्दा सुनेर कुमारिल भट्टले वैदिक धर्म पनि बौद्ध धर्मभन्दा कम छैन भने । बौद्ध छात्रहरूले उनलाई अट्टालीबाट खसालि-दिएछन् । उनी वेद साँचो हो भने मलाई केही हुँदैन भन्दै खसे । एउटा आँखो मात्र फुटेछ र भने कि मैले वेद साँचो हो केही हुँदैन, भन्नु-पर्नेमा वेद साँचो हो भने इत्यादि भनेकाले एउटा आँखो फुटचो, मेरै गल्ती हो, भन्दै त्यहाँबाट भागे । बौद्ध धर्मको कडाइका साथ खण्डन र वैदिक धर्मको प्रचार गर्न थाले । वैदिक धर्मको प्रचार बढ्दै गयो, कुमारिल भट्ट कडाइका साथ स्मृति प्रमाण मान्ने हुँदा स्मृतिमा जुन गुरुका साथ पढ्दछ, तिनैका मतको खण्डन गरेको पाप भुसको आगाबाट मर्दा मात्र छुट्दछ, भन्ने लेखेकोले बूढा भएपछि प्रयागमा भुसको आगामा पसेका थिए । त्यसै समयमा वैदिक धर्मको प्रचार गर्दै शङ्कराचार्य पनि त्यहीं आइपुगे । तपाई जस्ता त्यागी संन्यासी विद्वान्बाट यो धर्म प्रचार बढ्दै जानेछ । मेरो काम तपाईले पक्के काले खुशी लाग्यो, भन्दै स्वर्ग गए । शङ्कराचार्यलाई ठूलो दुःख लाग्यो । त्यो पाप ता त्यसरी धर्म प्रचारले छुट्दथ्यो भन्दै कडाइका साथ प्रचार गर्दै जाँदा भारतमा सर्वत्र फैलियो । नेपालमा वैदिक धर्म बढे पनि बौद्ध धर्म पनि छँदैछ, मिलेर बसेका छन् । यो नेपालको धार्मिक सहिष्णुता हो ।

६. धार्मिक सम्प्रदाय

महात्यागी, अति प्रतिभाशालीबाट सद्व्यवहार तथा सदाचारको प्रचार गर्नाले धर्म वा सम्प्रदायको विस्तार भएको देखिन्छ ।

भगवान् बुद्ध राज्य र गृहस्थाश्रम समेत त्यागेका अति प्रतिभा भएका थिए र उनले मुख्य सदाचार र सद्व्यवहारको प्रचार पञ्चशील आदि नामबाट गरे । वैदिक सिद्धान्त मान्ने पतञ्जलि नामक विद्वान्ले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धभन्दा धेरै पहिले योगसूत्र लेख्ने त्यसमा पञ्च महाव्रत बताइन्छन् । बुद्धले पनि राज्य छोडेर गएपछि अलारकलाम विद्वान्का साथमा सांख्यशास्त्र पढे । त्यसपछि उद्रक नामका विद्वान्का साथ योगशास्त्र पढेका थिए । इत्यादि 'बुद्धचरितम्' मा र अन्त पनि स्पष्ट छँदाछँदै राहुल सांकृत्यायनले बुद्धबाट योगचर्चा हुन थाल्यो, भन्नु (दर्शन दिग्दर्शन पृ. ६४८) अति असत्य हो । पञ्चशीलमा पाँचौं चाहिं 'सुरामैरेयप्रमादस्थानविरति' अर्थात् जाँड-रक्सी नखानु, जूवा आदि खेल छोड्नु, भनेको छ । महाव्रतमा अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह समेत पाँच छन् । पञ्चशीलमा पनि अपरिग्रहका बदलामा जाँड, रक्सी र जूवा त्याग्नू भनेको छ । तर अचेल नेपालमा जाँड-रक्सी छोड्ने बौद्ध कमै होलान् । त्यसो हुँदा बुद्ध जस्तै महात्यागी अति प्रतिभा भएका योगसिद्ध शंकराचार्यले वेदको उद्धार गर्दै वैदिक धर्मको प्रचार गरेकाले उनलाई जगद्गुरु भन्दैछौं । वास्तवमा पृथ्वीभरका मनुष्यलाई आरम्भैमा त्यस्तो सर्वोच्च उपदेश पृथ्वी रहेसम्म उच्च ज्ञान दिने वेद र वैदिक धर्मलाई फेरि चालू गर्न सक्नु सानु कुरा थिएन । सम्पूर्ण मनुष्यको भाग्यले नै वेद देख्न पाइयो ।

तर शङ्करले वैदिक विद्वान्हरूमा मध्यकालमा पलाएको घोर विकृति 'वेद द्विजहरूले मात्र पढ्नु, स्त्रीले पढ्न हुँदैन, शूद्रले ता सुन्न पनि हुँदैन' इत्यादि कुरा ब्रह्मसूत्रको अपसूत्राधिकरणको भाष्यमा र अन्त पनि लेखेको र उपनिषद्भाष्यमा, गीताभाष्यमा पनि लेखेको अर्थ र स्त्री, शूद्र बारेमा त्यस्तो भेदभावका अर्थहरू उस बेलाको समाजअनुसार होला त्यो मान्नु अति अनुचित हो । वास्तवमा ता उहाँका अति मननीय हृदयस्पर्शी स्तोत्रहरू छन् । तिनमा ता सर्वत्र एक ईश्वर मात्र सत्य अरू सब असत्य हुन् र जाति लिङ्ग भेद केही होइन, इत्यादि भाव "मनो बुद्धाऽहंकारचित्तानि नाहम् । चिदानन्दरूपः शिवोऽहं शिवोऽहम्" इत्यादिले भनेको छ । जगत् गुरु शङ्करको तथा भगवान् बुद्धको संमान गर्नु, जयन्ती मान्नु हाम्रो परम कर्तव्य हो । उहाँहरू नयाँ युग ल्याउने हुनुहुन्थ्यो । ठूलो काम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुभएथ्यो, र युगप्रवर्तक महापुरुष हुनुहुन्यो । त्यस्तै मेरा दृष्टिमा स्वामी दयानन्द सरस्वतीजी, उहाँका 'सत्यार्थ प्रकाश' वेद भाष्य र वेद र वैदिक धर्मका साथै सच्चरित्र बन्ने शिक्षा पृथ्वीभरका मनुष्यलाई दिनुपर्छ भन्दै 'कृण्वन्तो विश्वमार्यम् (ऋक्. ७।१।३०)' ऋग्वेदअनुसार पृथ्वीभरकै मनुष्यहरूको दुष्टता हटाउँदै आर्य (सभ्य सज्जन) बनाऊ, भन्नु अति महान् काम हो ।

गीताका सोह्रौं अध्यायमा बताएका अभय धैर्य क्षमा आदि छब्बीस सद्गुण भएको मानिस नै दैवी गुण भएको हुँदा देव हो । "ईहन्ते कामभोगार्थमन्यायेनार्थसंचयान्" (गीता १६।१२) अन्यायले धन थुपार्ने मान्छे नै असुर राक्षस हुन्, भनेकोले दैवी गुणसंपन्न हुँदा देवता नै थिए । उहाँमा हृदयैदेखि श्रद्धा गर्छु ।

तर बाल विवाह, सतीप्रथा, समुद्र यात्रा निषेध, मनुष्य जातैको अस्पृश्यता आदिलाई पनि धर्म मान्ने समयमा वेद मन्त्रहरूको अर्थ उहाँलाई जस्तो फुरेको थियो, त्यो अर्थ मलाई फुरेन र १।२ मन्त्रार्थको आलोचना गर्नुपरेकोमा चित्त दुखेको छ । तर आलोचनाको नगरी नहुने ठहराई गरियो । वर्षमा १।२ पल्ट पितामाता आदिलाई श्रद्धाका साथ संझनु श्राद्ध हो, र त्यो छोड्नु आवश्यक देखिन्न । गुरुकुल आदिमा सबैले खर्च गर्नुपर्नेमा त्यसको वास्ता नगरी मन्दिर भएकै ठाउँमा मन्दिर बनाउँदै ठूलो खर्च गरी रहनु ठीक होइन, तर प्रतीकोपासना मूर्तिमा गरिने हुँदा समर्थन गरिन्छ । पुराणहरूमा ऐतिहासिक, भौगोलिक, धार्मिक, दार्शनिक, नैतिक आदि अति उत्तम विषय पनि पाइन्छन् । तिनबाट सार लिन सकिन्छ । अस्वाभाविक कलिवर्णन आदि चाहिं इस्लाम शासनको समयको हुन संभव छ । वास्तवमा ता महाभारत शान्ति पर्व अ. ७० श्लोक ७९ मा र मनु. ९।३०१ मा नै सरकारी व्यवस्था ठीक हुँदा सत्ययुग र बेठीक हुँदा कलियुग भनेको नै उचित छ । ज्यौतिषको युग गणना राम्रो छ । तर 'एकं सद्विप्रा बहुधा वदन्ति (ऋक्. १।१६४।४६)' ले नाम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्र फरक हो, ईश्वर एक हुन्, भनेर ऋग्मन्त्रले नै स्पष्ट गरेको छ तापनि शिव, विष्णु पुराणहरूमा देवी, शिव, विष्णु आदिका बारेमा सानो ठूलो आदि कथाहरू दृढता देखाउनका निम्ति हुन संभव छ। चाहिने कुरा लिनुपर्छ, सबै भार बोक्न सकिदैन।

'सत्यार्थप्रकाश' मात्र हेरेरै सार्वजनिक कामतर्फ लाग्ने, मद्यपान त्याग्ने धेरै मानिस देखिए। सत्यार्थप्रकाश हेरेरै इस्लाम रू इसाई सम्प्रदायका ठूला विद्वान् पनि वैदिक बनेका थिए, छन् पनि। त्यसै हुँदा उक्त स्वामीजीकै उपदेशअनुसार सार्वजनिक रूपमा गुरुकुलहरू-को स्थापना गरी नयाँ पिढीमा वैदिक सनातन धर्मलाई सार्वजनिक रूप दिदै बढाउँदै लानु अति आवश्यक छ। आर्य समाज सङ्गठनको सहयोग गर्नु ठूलो धर्म हो। सुधारवादी विद्वान्मध्ये पनि कैयौं विद्वान्हरूले सहयोग गर्नुपर्नेमा आर्यसमाज नामैबाट कपाल दुखे जस्तो बुझेर दुःख लाग्छ।

७. दुःखलाग्दो कुरा

काठमाडौं वनकालीमा वेद विद्याश्रम छ। त्यहाँ राम्रो घर छ र अनेक चित्र पनि हेर्न पाइन्छ। तर ती चित्रहरूमध्ये यजुर्वेदको मुख बोकाको छ, सिङ आदि पनि छन्। शरीर मान्छेकै छ र दुई हात छन्। त्यहाँ एक श्लोक– अजास्यः पीतवर्णः स्याद् यजुर्वेदोऽक्षसूत्रधृक् इत्यादि छ।

ऋग्वेद बारेको श्लोक—

ऋग्वेदः श्वेतवर्णः स्याद् द्विभुजो रासभाननः।
अक्षमालाधरः सौम्यः प्रीतो व्याख्यापनोद्यतः॥

ऋग्वेदको मुख गधाको छ। अरू शरीर मान्छेकै जस्तो छ। हातमा माला छ।

नीलोत्पलदलाभासः सामवेदो हयाननः।
अक्षमालाऽन्वितो दक्षे वामे कुम्भधरः स्मृतः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामवेद नीलो वर्ण भएको शिरचाहिं घोडाको, शरीर मान्छेकै छ, दाहिने हातमा माला छ, वाम हातमा घडा छ ।

अथर्वणाभिधो वेदो धवलो मर्कटाननः ।
अक्षमालाऽन्वितो वामे दक्षे कुम्भधरः स्मृतः ।।

अथर्ववेदको शिर बाँदरको छ, गोरो छ । बायाँ हातमा माला र दाहिने हातमा कलश छ । इत्यादि श्लोक र चित्र पनि छन् । चारै वेदका कुनै मन्त्रले पनि चारै वेदका मूर्ति रती पनि गधा, बोको, वानर र घोडाको टाउको र शरीरचाहिं मान्छेको उल्लेख गरेको भेटिंदैन । ती वेदका त्यस्ता शरीर कसले जाने ? किन लेखिए ? संस्कृतका श्लोकले जे भन्दछ त्यही सत्य मानेर विश्वास गर्ने बानी थियो, अझै कहीं कहीं बाँकी छ । भास्कर रायले आफ्ना ग्रन्थहरूमा वेदशास्त्रका रूप यसरी लेखेका छन् । भास्कर राय ठूला विद्वान् थिए । वाराणसी रामघाट साङ्गवेदविद्यालयमा पुस्तक उपलब्ध छ ।

ख्याति प्राप्त ठूला विद्वान् नर्या र पुराना अनेक विद्यामा पूर्णरूपले राम्रो परिचय पाएका अनेक अपूर्व ग्रन्थका लेखक कविरत्न विद्यावारिधि कृष्णप्रसाद घिमिरेज्यूले धेरै महत्त्वपूर्ण ग्रन्थ लेखेका छन् । उनका विशेष विद्वत्ता ठूलो परिश्रम उनको पुस्तक प्रकाशनबाटै बुझियो । अहिले वैदिक वाङ्मय भन्ने पुस्तक उनबाटै पाएँ, कृतज्ञता प्रकट गर्दछु । तर त्यहाँ ३० पृष्ठदेखि ४० पृष्ठसम्म वेदसंहिता बारेको चर्चा गर्दै चारै वेदका चार मूर्ति बनकालीको वेदाश्रममा जस्तै वर्णन गरेको देखिए । त्यो चाहिं मेरा हृदयमा पस्न र पच्न सकेन र दुःख लाग्यो ।

८. वेदको प्रारम्भ

सर्वेषामेव दानानां ब्रह्मदानं विशिष्यते ।
वार्यन्नगोमहीवासस्तिलकाञ्चनसर्पिषाम् ।।

(मनु ४।२३३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थात् पानी, अन्न, गाई, भूमि, वस्त्र, तिल, सुन, घिउ आदि सबै दानभन्दा ब्रह्मदान (वैदिक विद्यादान) नै श्रेष्ठ हो भनेको छ ।

वेदको आरम्भका बारेमा अनेक मत छन्—

वेदमा अति श्रद्धा गर्नु हाम्रो अति आवश्यक काम हो । पृथ्वीभरकै विद्वान्हरूले सबैभन्दा पुरानु वेद हो, त्यसपछिको जेन्दावेस्ता (पारसीहरूको) हो, त्यसपछिको ग्रीक साहित्य इलियट हो भन्ने मानेका छन् ।

वेदपछिका ब्राह्मण ग्रन्थ र वाल्मीकिरामायण महाभारत पुराणहरू-माचाहिं अति उत्तम कुरा असंख्य छन् तापनि ६० हजार वर्षको उमेर भएपछि दशरथका चार छोरा भए इत्यादि अनौठा कुरा छन् । वेदमा मनुष्यको आयु सय वर्षसम्मको हो नभनेको भए उस युगमा साठी हजार वर्ष पनि बाँच्थे कि ? भन्ने तर्क बाँकी नै रहन्थ्यो । वेदमा सत्य कुरा मात्र, यस युगमा पनि सदा सम्झनुपर्ने कुरा समेत पाइन्छन् । त्यसै हुँदा वेदको अति महत्त्व छ र बताएको पनि छ । मीमांसा आदिले वेद अपौरुषेय हो, र परमात्माको श्वासरूप हो भनेको छ । न्याय दर्शन आदिले ईश्वरको उपदेश वेद हो भनेका छन् । २ हजार वर्ष यताको बाइबल र १५ सय वर्ष यताको कुरानलाई ईश्वरको उपदेश भन्दैछन् भने वेदको ता साल, संवत् थाहा नहुँदा र एक ईश्वर बताएर शिव, विष्णु आदि अनेक नाम भए पनि उनै एकै ईश्वरका अनेक नाम हुन्. सर्वत्र उनै व्याप्त छन्, इत्यादि सर्वात्म भावना विश्वबन्धुत्व समेत बताएर दुष्ट, दुर्जन, हत्यारा डाँकाहरूलाई अरूको रक्षाका लागि यथायोग्य दण्ड गर्न पनि समर्थ हुनुपर्छ भन्ने समेत वेद-मन्त्रले नै बताएको र समानताको उल्लेख गरेको हुँदा वेद सर्वाङ्गपूर्ण छ, र पृथ्वीभरका सबै मनुष्य निम्ति छ ।

वेदमा कुनै इतिहास छैन, त्यहाँका नाम पछि पछि थपिएका हुन्, इत्यादि कुरा भन्ने विद्वान् प्रशस्त छन् । तर त्यहाँ भएका नाम त्यहाँका मान्छेको बातचित, विवाह चर्चा र अश्विनिकुमार वैद्यले बूढा ब्राह्मणलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जवान गराएको, विष्पला नामकी स्त्रीको तिघ्रा भाँचिएकोमा फलामे तिघ्रा लगाएर तुरून्तै हिंड्न सक्ने गराएको आदि इतिहास हेर्दा र ऐतिहासिक दृष्टिबाट विचार गर्दा पनि वेद बराबर उत्तम ग्रन्थ पृथ्वी-भरमा छैनन् भन्न सकिन्छ । सदा सर्वदा वेद नयाँ जस्तै देखिन्छ र अज्ञा-नान्धकार हटाउने सूर्य समान छ । अविनाशचन्द्रजी र डा. सम्पूर्णानन्दजी-को वेद २५ हजार वर्षभन्दा पुरानु हो, आर्यहरू बाहिरबाट आएकोमा कुनै प्रमाण कसैले दिन सकेका छैनन्. ती यहींका बासिन्दा हुन् इत्यादि कुरा उत्तम छन् ।

९. वैदिक साहित्य

मन्त्र, ब्राह्मण, उपनिषद् आरण्यकलाई वैदिक साहित्य भन्दछन् । अरू वेदमा ठूलो श्रद्धा हुनाले "इतिहासः पुराणञ्च पञ्चमो वेद उच्यते" वाल्मीकिरामायण पुराणहरू पाचौं वेद हुन् पनि भनेको छ । तर मन्त्र भाग (चार वेदका १८ हजारभन्दा उपर मन्त्र) नै वेद हुन् । ब्राह्मण ग्रन्थ "ब्रह्मणो (वेदस्य) व्याख्यानं ब्राह्मणम्" मन्त्रहरूका व्याख्या नै ब्राह्मण ग्रन्थ हुन् । उपनिषद्लाई वेदान्त पनि भन्दछन् । त्यसको अर्थ वेदको अन्त्य भाग अथवा वैदिक सिद्धान्त हो । सबैभन्दा पहिलो ईशावास्यो-पनिषद् लेखिएको छ । त्योचाहिं शुक्लयजुर्वेदको चालीसौं अध्याय हो । त्यस्तै कृष्णयजुर्वेदका अन्त्यका भाग र यजुर्वेदको ब्राह्मण शतपथको अन्त्य भाग वृहदारण्यक, सामवेद ब्राह्मणको अन्त्य भाग छान्दोग्योपनिषद् र कठ, केन, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय, श्वेताश्वतर आदि उपनिषद् पुराना मानिन्छन् । उपनिषद्को ज्यादा सम्मान हुनाले होला, पछिसम्म पनि शैव, वैष्णव, शाक्तहरूको र उत्तम हेर्न लायक योगशास्त्र समेतको वर्णन भएका अनेक उपनिषद् बनाएछन् । ती २२० छन् । एउटा अष्टोत्तरशतोपनिषद् चल्तीमा आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्यसमाज सबका निम्ति व्यवहार र परमार्थ जान्नुपर्ने विषयं अति संक्षेपमा उक्त ईशावास्योपनिषद्ले बताउँछ। यजुर्वेदको अन्तिम तीन मन्त्रले ता कन् पृथ्वीभरका मनुष्यसमाजलाई संगठित भै सभामा छलफल गर्दै रहनू, समितिद्वारा निर्णय गर्नू, तिमीहरूकै सह अस्तित्वका निम्ति सबैका उपर समान व्यवहार गर्नू इत्यादि बताउँछन्, जुन कुरा द्वितीय विश्वयुद्धपछि राष्ट्रसङ्घ खडा छ, मानवधिकार भन्दै चर्चा गर्दैछ। राष्ट्रसंघ तो तीन मन्त्रको नै व्याख्या गर्दै रहेको देखिन्छ। माल पाएर के गर्नु? चाल पाए पो हुन्छ। मूर्ख छोराले, बाबुले राखेको हीरा नचिनी काँच ठहराई फाले जस्तो छ। नामी भाष्यकार सायण र अहिले नाम चलेका श्रीराम शर्मा आदिले तो तीन मन्त्रको आदिमा हे ऋत्विग्यजमानाः हे स्तोतारः भन्ने संबोधन राखेर वेदलाई कर्मकाण्डको घेराभित्र पो पारेछन्, र ती मन्त्रको महत्त्व नै समाप्त पारे जस्तो देखिन्छ। उनै श्रीराम शर्मा-लाई मदनमणिज्यूले त्यो युग भन्ने पुस्तकमा वेदमूर्ति लेखेको देखियो। आश्चर्य छ। श्रीराम शर्माले वेददेखिका धेरै ग्रन्थको हिन्दी व्याख्या गरेका छन्। धेरै काम गर्दा केही त्रुटि हुनु स्वाभाविकै हो। तो तीन मन्त्रका तो संबोधनचाहिं ठूलो त्रुटि हो। तर आर्यसमाज सङ्गठनका संस्थापक, द्वितीय वेदोद्धारक दयानन्द सरस्वतीले चाहिं 'हे मनुष्य' भन्ने संबोधन राखेर वेदको सार्वजनिक महत्त्वको स्वरूप प्रकट गरेको देखिन्छ।

हुन त प्रथम वेदोद्धारक जगद्गुरु शङ्कराचार्यको र द्वितीय वेदोद्धारक दयानन्द सरस्वतीजीका सबै व्याख्याको समर्थन गर्न सकिँदैन, उनीहरूका तो व्याख्या त्यो समाजअनुसार नै फुरेको हुन सक्छ। तापनि उनीहरू हाम्रा समाजका युगप्रवर्तक मानिएका हुँदा ठूलो सम्मान गरिन्छ।

१०. उपनिषद्

सबै उपनिषद् हेर्दा भक्तिमार्ग, योगप्रक्रिया आदिका साथै अति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जवान गराएको, विश्पला नामकी स्त्रीको तिघ्रा भाँचिएकोमा फलामे तिघ्रा लगाएर तुरुन्तै हिंड्न सक्ने गराएको आदि इतिहास हेर्दा र ऐतिहासिक दृष्टिबाट विचार गर्दा पनि वेद बराबर उत्तम ग्रन्थ पृथ्वी-भरमा छैनन् भन्न सकिन्छ । सदा सर्वदा वेद नयाँ जस्तै देखिन्छ र अज्ञानान्धकार हटाउने सूर्य समान छ । अविनाशचन्द्रजी र डा. सम्पूर्णानन्दजीको वेद २५ हजार वर्षभन्दा पुरानु हो, आर्यहरू बाहिरबाट आएकोमा कुनै प्रमाण कसैले दिन सकेका छैनन्. ती यहींका बासिन्दा हुन् इत्यादि कुरा उत्तम छन् ।

९. वैदिक साहित्य

मन्त्र, ब्राह्मण, उपनिषद् आरण्यकलाई वैदिक साहित्य भन्दछन् । अरु वेदमा ठूलो श्रद्धा हुनाले "इतिहासः पुराणञ्च पञ्चमो वेद उच्यते" वाल्मीकिरामायण पुराणहरू पाचौं वेद हुन् पनि भनेको छ । तर मन्त्र भाग (चार वेदका १८ हजारभन्दा उपर मन्त्र) नै वेद हुन् । ब्राह्मण ग्रन्थ "ब्रह्मणो (वेदस्य) व्याख्यानं ब्राह्मणम्" मन्त्रहरूका व्याख्या नै ब्राह्मण ग्रन्थ हुन् । उपनिषद्लाई वेदान्त पनि भन्दछन् । त्यसको अर्थ वेदको अन्त्य भाग अथवा वैदिक सिद्धान्त हो । सबैभन्दा पहिलो ईशावास्योपनिषद् लेखिएको छ । त्योचाहि शुक्लयजुर्वेदको चालीसौं अध्याय हो । त्यस्तै कृष्णयजुर्वेदका अन्त्यका भाग र यजुर्वेदको ब्राह्मण शतपथको अन्त्य भाग बृहदारण्यक, सामवेद ब्राह्मणको अन्त्य भाग छान्दोग्योपनिषद् र कठ, केन, प्रश्न, मुण्डक, माण्डूक्य, तैत्तिरीय, ऐतरेय, श्वेताश्वतर आदि उपनिषद् पुराना मानिन्छन् । उपनिषद्को ज्यादा सम्मान हुनाले होला, पछिसम्म पनि शैव, वैष्णव, शाक्तहरूको र उत्तम हेर्न लायक योगशास्त्र समेतको वर्णन भएका अनेक उपनिषद् बनाएछन् । ती २२० छन् । एउटा अष्टोत्तरशतोपनिषद् चल्तीमा आएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्यसमाज सबका निम्ति व्यवहार र परमार्थ जान्नुपर्ने विषयं अति संक्षेपमा उक्त ईशावास्योपनिषद्ले बताउँछ। यजुर्वेदको अन्तिम तीन मन्त्रले ता कुन् पृथ्वीभरका मनुष्यसमाजलाई संगठित भै सभामा छलफल गर्दै रहनू, समितिद्वारा निर्णय गर्नू, तिमीहरूकै सह अस्तित्वका निम्ति सबैका उपर समान व्यवहार गर्नू इत्यादि बताउँछन्, जुन कुरा द्वितीय विश्वयुद्धपछि राष्ट्रसङ्घ खडा छ, मानवधिकार भन्दै चर्चा गर्दैछ। राष्ट्रसंघ तो तीन मन्त्रको नै व्याख्या गर्दै रहेको देखिन्छ। माल पाएर के गर्नु? चाल पाए पो हुन्छ। मूर्ख छोराले, बाबुले राखेको हीरा नचिनी काँच ठहराई फाले जस्तो छ। नामी भाष्यकार सायण र अहिले नाम चलेका श्रीराम शर्मा आदिले ती तीन मन्त्रको आदिमा हे ऋत्विग्यजमानाः हे स्तोतारः भन्ने संबोधन राखेर वेदलाई कर्मकाण्डको घेराभित्र पो पारेछन्, र ती मन्त्रको महत्त्व नै समाप्त पारे जस्तो देखिन्छ। उनै श्रीराम शर्मा-लाई मदनमणिज्यूले त्यो युग भन्ने पुस्तकमा वेदमूर्ति लेखेको देखियो। आश्चर्य छ। श्रीराम शर्माले वेददेखिका धेरै ग्रन्थको हिन्दी व्याख्या गरेका छन्। धेरै काम गर्दा केही त्रुटि हुनु स्वाभाविकै हो। ती तीन मन्त्रका ती संबोधनचाहिं ठूलो त्रुटि हो। तर आर्यसमाज सङ्गठनका संस्थापक, द्वितीय वेदोद्धारक दयानन्द सरस्वतीले चाहिं 'हे मनुष्य' भन्ने संबोधन राखेर वेदको सार्वजनिक महत्त्वको स्वरूप प्रकट गरेको देखिन्छ।

हुन त प्रथम वेदोद्धारक जगद्गुरु शङ्कराचार्यको र द्वितीय वेदोद्धारक दयानन्द सरस्वतीजीका सबै व्याख्याको समर्थन गर्न सकिँदैन, उनीहरूका ती व्याख्या त्यो समाजअनुसार नै फुरेको हुन सक्छ। तापनि उनीहरू हाम्रा समाजका युगप्रवर्तक मानिएका हुँदा ठूलो सम्मान गरिन्छ।

१०. उपनिषद्

सबै उपनिषद् हेर्दा भक्तिमार्ग, योगप्रक्रिया आदिका साथै अति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साम्प्रदायिकता पनि देखियो । एक छोटो उदाहरण हेरौं— शरभोपनिषद् हेर्दा विष्णुले नृसिंहावतार लिएर उपद्रव मच्चाउन थालेछन् । शिवले शरभावतार लिएर नृसिंहको खुट्टा समातेर कडाइका साथ तान्न थाले । त्यो देखेर देवताहरूले पछि लागेर यी ता विष्णु भगवान् हुन्, मार्न हुँदैन, छोड्नुहोस् भन्दै हिंडे । शरभावतार शिवले पनि तीखा नङ्ग्राले कोरेर रक्ताम्मे पारी (विददार नखैं; खरैः) नृसिंहलाई छोडिदिए, इत्यादि लेखिएको छ । यो उपनिषद् शिवको महत्त्व र विष्णुको कमजोरी देखाउन लेखेको जस्तो लाग्यो । तर ऋग्वेद यजुर्वेदमा दुवैका स्तुति छन्, सानो ठूलो छैन ।

आर्य र अनार्य दुई भाग लगाएर नेपालमा र भारतमा अति असत्य भ्रम फैलाइएको छ । तर सभ्य सज्जन मान्छे पृथ्वीभरकै आर्य हुन् । सभामा बस्न योग्य (सभायां साधुः) भनेको छ । नेपालभरमा एउटा राउटे जातलाई नै असभ्य (अनार्य) भन्न सकिन्छ । त्यो जात सेती भेरी अञ्चलमा थोरै संख्यामा छ र कुनै काम निम्ति गाउँमा आए पनि बास बस्न आफ्नै गाउँमा पुग्छ । वानरढेडु र कन्दमूल फलफूल तथा गाउँबाट आरी ठेकीले चामल साटी लगी खान्छ । चोरी ठगी नगर्ने हुँदा जेलमा राख्न भएन । तिनका सन्तानलाई अरूका साथ पढाउने गरेमा अर्को पुस्तामा सभ्य बन्थे होलान् । पक्के र ल्याउन पनि भएन । तिनलाई उत्तम मिठाइ लगेर दिने गरेमा पल्किएर आउथे, बिस्तारै हाम्रा साथ मिलेर आर्य (सभ्य) बन्थे होलान् । अति परम्परावादी त छुवाछूत मान्ने हुँदा तिनका नगीच कसरी जान्थे ? तर सुधारवादीले प्रयत्न गर्दा ती पनि आर्य (सभ्य), बन्न सक्लान् । ती बाहेक नेपालभरका सबै मानिस सबैका साथ भेटघाट पठन पाठन गर्ने, गराउने हुँदा आर्य हुन् । दुष्ट, दुर्जन, चोर, डाँका, हत्यारा नै अनार्य हुन् । इत्यादि कुरा वेद, वाल्मीकिरामायण, महाभारत, बौद्ध ग्रन्थ, अमरकोश आदिबाट प्रकट भएका छन् । यी सब कुरा वैदिक सिद्धान्तको पूर्व भागमा र मन्त्र व्याख्यामा परिसकेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११. कृतज्ञता

यो पुस्तकको प्रकाशन सम्बन्धी चाँजो पाँजोका साथै सम्पादन सम्बन्धी महत्त्वपूर्ण कार्यमा नेपाली केन्द्रीय शिक्षण विभाग त्रि. वि. कीर्तिपुरका सहप्राध्यापक दैवज्ञराज न्यौपानेबाट मैले धेरै सहयोग प्राप्त गरेको छु । यो पुस्तक साफी गर्न महेन्द्र वि. वि. पिण्डेश्वर विद्यापीठका सहायक प्राध्यापक रमेश ढकालज्यूले सहयोग गर्नुभई साह्रै गुन लाउनुभएको छ । ८६ वर्षको बूढाको काम सघाएकोमा उत्तरोत्तर उन्नतिको कामना गर्दछु । साथै मन्त्रको र व्याख्याहरूको साफी गर्ने काम उक्त विद्यापीठमा उत्तर मध्यमा द्वितीय वर्षका छात्र खेमराज पौडेलले गरेकोमा साह्रै खुशी लागेको छ । पुस्तक प्रकाशनको महत्त्वपूर्ण कार्यभारमा लाग्ने बानेश्वर लुप प्रेसका व्यवस्थापक रुक्मनाथ पौडेल र अन्य सहयोगी सहकर्मीहरूबाट मैले धेरै धेरै सहयोग पाएको छु । उहाँहरू सबैमा म हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

विनीत

वि. सं. २०४९ बुद्धजयन्ती

छविलाल पोखरेल

□

29820

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैदिक सिद्धान्त

द्वितीय भाग

(मननीय वेदमन्त्रहरूको लघु संग्रह)

ॐ अग्ने व्रतपते व्रतं चरिष्यामि तच्छकेयं तन्मे राध्यताम् ।
इदमहमनृतात् सत्यमुपैमि ।।

(यजु. १।५)

हे ईश्वर ! व्रत लिनेछु सबै अब सिद्धहोस् ।
असत्यलाई छोडेर अब सत्य म पाउँछु ।।

ॐ र अग्नि नामवाट परमेश्वरको प्रार्थना गर्दै भन्छु ए व्रतका पालक स्वामी परमेश्वर ! अवदेखि व्रत (सद्व्यवहार) मात्र गर्नेछु । त्यो पूरा गर्न सकूं । अब म असत्य छोडेर सत्य पाउँछु सत्यतिर लाग्छु ।

ॐ ईशावास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।
तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्यस्विद्धनम् ।।

(यजु. ४०।१)

जति छन् भूमिमा जीव सबैमा ईश व्याप्त छन् ।
तस्मात् केही दिंदै भोग्नू अर्काकोमा नलोभिनू ।।

ए मनुष्य हो ! पृथ्वीभरमा जति जीव छन् ती सबैमा ईश्वर व्याप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । त्यसो हुँदा उनका निम्ति पनि केही त्याग गर्दै भोग (खानपान) गर्नू कसैको धनमा पनि लोभ नगर्नू ।

यस मन्त्रले व्यावहारिक पाँच कुरा बताएको छ—

१) पृथ्वीभरका सबै प्राणीमा ईश्वर व्याप्त छन् ।

२) त्यसो हुँदा अरूका निम्ति केही दिनू वा दिन पर सार्नू ।

३) आफूले पनि खानपान गर्नू ।

४) अरू कसैको धनमा पनि लोभ नगर्नू ।

५) नकमाई खानपान नहुने हुँदा अनेक इलम उद्योगबाट कमाउँदै रहनू ।

कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।
एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे ।।

(यजु. ४०।२)

सय वर्षे सुकर्मैले बाँच्ने आशा लिई रहू ।
त्यसो गर्दा त लाग्दैनन्, तिमीमा दोष कर्मका ।

पहिला मन्त्रले भनेका र अरू पनि सद्धर्म सद्व्यवहार गर्दागर्दै सय वर्ष बाँच्ने इच्छा गर्नू, त्यसो गर्दा कर्मका दोष लाग्दैनन् । अर्थात् असत् व्यवहार गर्दा मात्र दोष लाग्दछ । 'एवम् इतः अन्यथा त्वयि नास्ति' सत्कर्म मात्र गर्दै जीवन बिताउनुबाहेक तिम्रो अर्को उपाय छैन ।

विशेष कुरा– "सद्व्यवहार गर्दै सय वर्ष बाँच्ने इच्छा गर्नू" भनेको हुँदा सत्कर्मबाट कमाउँदै खानपान गर्ने र परिवारलाई गराउने गर्दा मात्र सय वर्ष बाँच्ने इच्छा गर्ने सम्भव हुन्छ । खान छोडेर पानी मात्र पिउँदा वीर सावरकर २३ दिनमा मरे, उमेर ८० थियो । २९।३०।३२ दिन सम्मको अनसन गर्ने नेपाली कांग्रेसका नेता बी. पी. ज्यू, महात्मा गान्धीजी आदि थिए । आयर्लेण्डको एक नेता ४ महिना बाँचेर मरेको इतिहास छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को अति आश्चर्य गराउने अचेलको इतिहास छ । जस्तै— राजस्थानमा एक सतीमा भनिने स्त्री छन्, उनले ३५ वर्ष भयो, पानी र अन्न फलफूल केही खाएकी छैनन्, तर नीरोग छन्, र हिंड्ने डुल्ने पनि गर्छिन् । हजारौं मान्छेले हेरे । शरीर विज्ञानका अनेक वैज्ञानिकहरूले यन्त्रद्वारा पनि हेरे । तर खानपान नगरी कसरी बाँचिछन् ? पत्ता पाएनन् ।* यस्ता १।२ उदाहरणम पृथ्वीमा भेटिन्छन् । यस्ता अलौकिक एक वा दुई उदाहरण भेटेर नखाइकन पनि बाँच्दछन् भन्ने सम्झनु गल्ती नै हो ।

असूर्या नाम ते लोका अन्धेन तमसावृताः ।
तांस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनो जनाः ।।२।।

(यजु. ४०।३)

सत्य छोडी असत् गर्ने मनुष्यै आत्मघाती हुन् ।
अँध्यारा नर्क लोकैमा मरेपछि तो पर्दछन् ।।

माथि भने जस्ता र अरू पनि सत्कर्म सद्व्यवहार छोडेर असद् व्यवहार– जूवा, व्यभिचार, मद्यपान, आर्थिक भ्रष्टाचार आदि गर्ने मानिस नै आफैं असत् काम गरी आफैं बिग्रने हुँदा आत्महत्या गर्ने ठहर्छन् र मरेपछि असुर (पापी मानिस) पर्ने अँध्यारा नरकलोकमा गई दुःख भोग्दछन् ।

विशेष– ऋग्वेदमा देश, धर्म, संस्कृति निम्ति ज्यान दिन सक्ने वीरलाई असुर भनेकाले इन्द्र आदि देवतालाई पनि असुर भनेको छ । यजुर्वेदमा अति स्वार्थी आफ्ना निम्ति अरूलाई हानि गराउने-

---

*शङ्करानन्द लिखित काशी वर्धमान प्रेसबाट प्रकाशित, सर्वदर्शन-समन्वय, पृष्ठ ११८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई असुर भनेको छ। गीता अ. १६ को बाह्रौं श्लोक 'ईहन्ते काम-भोगार्थमन्यायेनार्थसंचयान्' ले अन्यायले धन थुपार्ने मान्छेलाई नै असुर वा राक्षस भनेको छ। यहाँको मन्त्रको अर्थ "उद्धरेदात्मनात्मानम्" (गीता ६।५) ले झन् स्पष्ट गरेको छ।

सर्वात्मभावना

अब पाँच मन्त्रले एक परमेश्वरको वर्णनका साथै विश्वमानव परिवारवाद र सर्वात्मवाद समेत कहन्छन्—

अनेजदेकं मनसो जवीयो नैनद्देवा आप्नुवन् पूर्वमर्शत्।
तद्धावतोऽन्यानत्येति तिष्ठत्तस्मिन्नपो मातरिश्वा दधाति॥
तदेजति तन्नैजति तद्दूरे तद्वदन्तिके।
तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य बाह्यतः॥

(यजु. ४०।४-५)

त्यो परमेश्वर परब्रह्म जीव रूपमा चलायमान जस्तो गतिशील छ। परब्रह्म रूपमा नचल्ने स्थिर पनि छ। त्यो अति टाढा पनि, ज्ञानीका दृष्टिमा अति नगीचै पनि छ र सर्वभित्र पनि छ, सर्वभन्दा बाहिर पनि छ। अर्थात् त्यो नभएको ठाउँ कुनै छैन।

तलका दुइ मन्त्रले सर्वात्मभावना बताइन्छ।

यस्तु सर्वाणि भूतान्यात्मन्येवानुपश्यति।
सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते॥

(यजु. ४०।६)

वाजसनेय शाखामा "न विचिकित्सति" छ र एकात्म विचार भएमा शङ्का हराउँछ भन्ने अर्थ हुन्छ। काण्व शाखामा "विजुगुप्सते" छ र कसैको घृणा गर्दैन, भन्ने अर्थ हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबै प्राणीहरू जीवात्मरूपले आफैमा छन्, आफू पनि सबै प्राणीमा उही एउटै आत्मा हुँदा छु । (शरीर मात्र अलग हो) भन्ने संझने धर्मात्मा मान्छेले घृणा गर्दैन ।।६।।

यस्मिन् सर्वाणि भूतान्यात्मैवाभूद्विजानतः ।
तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः ।।

(यजु ४० । ७)

जुन उपासक मानिसले सबै प्राणीहरू नै आफैं हुँ भन्ने एकताको भावना लिन्छ, त्यस्ता मानिसमा भेदभावरूपी अज्ञान र शोक पनि हराउँछन् ।।७।।

यसको अर्थ गीताले झन् स्पष्ट गरेको छ, जस्तै—

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ।। अ. ५ । १८ ।

ज्ञानी मानिसले ब्राह्मण, गोरु, हात्ती, कुकुर, चाण्डाल समेतलाई पनि बराबर देख्दछन् । तर यसको अर्थ गोरु र सुँगुर, कुकुर आदिलाई पनि मेच, कुर्सी आदिमा राखेर सत्कार गर्नू भन्ने होइन । समानताको मुख्य अर्थ गीता (अ. ६।३२) ले स्पष्ट गर्छ । जस्तै—

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ।।

अर्थात् जाडो, गर्मी, भोक, तिर्खा, मान, अपमान आदिबाट आफूलाई जस्तै अरूलाई पनि सुखदुःख हुन्छ, भन्ने संझेर व्यवहार गर्ने मानिस नै ठूलो योगी हो । हुन त मुख्य योग त समाधि नै हो तापनि सबैका साथ सद्व्यवहार गर्ने पनि योगी नै हो भनेको छ । कयौं मनुष्यहरूलाई जातैका आधारमा छूत मान्नु उनको अपमान हुने हुँदा असत् व्यवहार ठहरियो । तर कयौं परम्पराबादीहरू त समदर्शी भनेकाले अछूतका साथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समव्यवहार गर्दा वर्णाश्रम धर्म नष्ट हुन्छ पनि भन्छन् । तर त्यो अनुचित हो, समदर्शीबाट भोक, तिर्खा, जाडो, गर्मी, मान, अपमान हट्तैन ।।७।।

स पर्यगाच्छुक्रमकायमव्रण-
मस्नाविरं शुद्धमपापविद्धम् ।
कविर्मनीषी परिभूः स्वयम्भूर्याथातथ्यतो
थान्व्यदधाच्छाश्वतीभ्यः समाभ्यः ।।

(यजु. ४० । ८)

ती परब्रह्म परमात्मा (पर्यगात्) सर्वतिर व्याप्त छन् । (शुद्ध) प्रकाश स्वरूप (अपापविद्ध शुद्ध) कुनै दोष पाप नभएका लिङ्ग शरीरसम्म पनि नभएका, चोटपटक, नसा आदि नभएका, पाप धर्मले नछोएका, सबै कुरा जान्ने सर्वज्ञ, आफैआफ (स्वयंभूः) सर्वभन्दा माथिल्लास्तरका परब्रह्म परमेश्वरबाटै जगत् बनेको र सञ्चालन भैरहेको छ ।

सबै ब्रह्माण्ड परमेश्वरको शक्तिबाटै सञ्चालित छ । जस्तै– बिजुली शक्तिबाट सर्वतिर उज्यालो बाँडिन्छ, कसैले ठूलो उज्यालो लिएर रात पनि दिन जस्तै गराउँछन् । ज्यादा जाडोमा कोठै आनन्द गराउने गरम गराउँछन् । कडा गर्मी भएका घरलाई आनन्द दिने ठण्डा गराउँछन् । धान कुट्ने, गहुँ पिध्ने आदि काम गर्दछन् । पंखा हुम्कने अनेक कामबाट मनुष्य समाजको सेवा गर्दछन् । तर नजान्ने मानिस र पशुपंछि आदि करेण्ट लागेर मर्छन् पनि । तर बिजुलीले सुख दुःख दिएको होइन । बिजुलीको सदुपयोगले अनेक लाभ हुन्छन् । दुरुपयोगबाट अनेक हानि र मृत्युसमेत हुन्छ । त्यस्तै सद्व्यवहारबाट राम्रो फल पाउँछ, दुर्व्यवहारबाट नराम्रो फल पाउँछ । परमेश्वरले सुख दुःख गराएको होइन । त्यसै हुँदा बालक अवस्थामा पितामाता आदि अभिभावकले पाल्छन् तापनि ठूलो भएपछि आफ्नो उद्धार आफैं गर्नुपर्छ, सामाजिक, राजनैतिक नियम हेर्दै राम्रो काम गर्दा उत्तम वन्न सक्छ । नराम्रो काम गर्दा आफैं दुखी वन्छ ।८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माथिका पाँच मन्त्रले सर्वात्ममावना बताएको देखाइयो। त्यस्तै यजुर्वेदको अर्को मन्त्र पढौं—

मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे।
मित्रस्य चक्षुषा समीक्षामहे ।।

(यजु. ३६।१८)

म सबै प्राणीलाई मैत्री दृष्टिले हेर्दछु। हामी सबैले सबै प्राणीलाई मैत्री दृष्टिले हेरौं। मनुष्य सामाजिक प्राणी हुनाले मित्रका साथमा जस्तै व्यवहार गर्नु अति उत्तम कुरा हो। तर कसरी अरू प्राणीका साथ मित्रता हुन्छ? अरू यजुर्वेदको (अ. ५ मन्त्र ४२।४३) मन्त्रले ता यज्ञ गर्न रूखको हाँगा काट्ता पनि यज्ञको निम्ति लाग्ने हतियारले एक हाँगो काट्छु, दुःख नमान है इत्यादि प्रकारले प्रार्थना गरेको छ। कसरी सबै प्राणीको मित्रता (अहिंसा)बाट काम चल्छ? हुन ता हामीलाई खाने, दुःख दिने बाघ, भालु, सर्प, आदि हिंस्रक जन्तुहरूबाट अलगै रहेर काम चल्छ, तर जति प्रकारका अन्न छन्, ती मास्ने कीरा र पशुहरू पनि त्यति नै देखिन्छन्। धान, मास, मकै आदि मास्ने साना कीरा र मृग आदि छन्। पाकेपछि वाली खाने सुगा, सलह, भंगेरा बढेर आए भने एकै दिनमा खाई सक्तछन्। ढेडु, बाँदर, स्याल आदि बढेमा खेतबारी नै सक्तछन्। राखेको अन्न, बिउ आदि मास्ने घुन, पुत्लो, मुसा आदि नहटाई अन्न रहँदैन। अरू मान्छेलाई नै टोक्ने उडुस, उपियाँ, जुम्रा लामखुट्टे, जुका, डाँस आदि असंख्य जीव छन्। गाई, भैंसी, बाख्रा आदि पशुलाई टोक्ने, कुकुर, झिंगा, किर्ना, जुम्रा आदिलाई नसिध्याई काम चल्दैन। सबै प्राणीका साथ मैत्री दृष्टि वा अहिंसाले कसरी काम चल्छ?

उत्तर— सर्वत्र शत्रु, मित्र र उदासीन हुन्छन्। मित्र र उदासीनका साथ मैत्री भावना (अहिंसा) हुने मात्र होइन, सहयोगी भै सहायता गर्नु-पर्छ। शत्रुपक्षमध्ये बाघ, भालु, ब्वाँसा आदिका साथ अलग्गै बसेर बाँच्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिन्छ । तर मनुष्यका साथ मित्रता गर्न सकिने हो तापनि मद्यपान र काम, क्रोध, लोभ आदिले मानिस नै बाघ, भालुभन्दा पनि कडा शत्रु बनेर चोरी, डकैती, हत्या गर्ने हुन्छ । सरकारले हातहतियारका साथ सेना राखेको बाघ, भालु हटाउन होइन, ब्रिग्रेका दुष्ट मनुष्यहरूबाट सर्वसाधारण मनुष्य समाजमा चोरी, डकैती हटाई रक्षा गर्न हो । बुद्ध र महावीरले शत्रुको पीर खप्न जे गरे पनि सहनू, समेत भनेका छन्—

घ्नन्तं वापि दृढं शत्रुं नोपहन्यात् कथंचन ।
न वदेद् दुर्वचश्चापि प्रतीकारोऽयमुत्तमः ॥

(बुद्धचरितम्, सर्ग २६।५०)

तापनि वेदमन्त्र

विजानीह्यार्यान् ये च दस्यवो बर्हिष्मते शासदव्रतान् । शाकी भवः
(ऋ. १।५७।८)

ले ता सज्जन सत्पुरुष (आर्य) को को हुन् ? (दस्यु) दुर्जन, हत्यारा, दुश्मन को को हुन् ? राम्रो चिन्नैपर्छ र (अव्रतान् शासत्) नियम नाघेर काम गर्नेलाई दण्ड गर्नैपर्छ (शाकी भवः) त्यस्ता दस्युलाई दण्ड गर्न सक्ने बन, भनेको छ र अहिले पृथ्वीभरका सरकारले त्यस्ता उद्दण्डलाई दण्ड सजाय गर्दै मनुष्य समाजको रक्षा गर्दैछन् ।

वास्तवमा पृथ्वीभरका सरकारले अनेक प्रकारका हतियारका साथ सैन्य राखेका छन्, ती सब बाघ, भालु, आदि मानिस खाने, चिथोर्ने पशुका निम्ति होइन, आफ्नै देशका चोर, डाँका, हत्यारा दलको दुष्टता रोक्न र शत्रुराज्यको आक्रमण रोक्न समेत राखेका हुन् ॥९॥

उपासना

अब नौ मन्त्रमध्ये ६ मन्त्रले एकोहोरो नभै मुख्य सार लिनुपर्छ भन्छन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन ता माथि "अनेजदेकम्" इत्यादि पाँच मन्त्रले एक परमेश्वर परब्रह्म बताएकै थियो, उनैको उपासना गर्नुपर्छ भन्ने कुरा स्पष्टै छ तापनि सदा बदली रहने वस्तुहरूबाटै यो अनित्य शरीर सञ्चालित भैरहेको हुनाले त्यसतर्फ पनि ध्यान दिँदै शमदमादिबाट मानसिक शक्ति बढाउँदै ब्रह्माको उपासना गर्नुपर्छ, इत्यादि बताइन्छ ।

अन्धं तमः प्रविशन्ति येऽसंभूतिमुपासते ।
ततो भूय इव ते तमो य उ संभूत्यां रताः ।।९।।
अन्यदेवाहुः संभवादन्यदाहुरसंभवात् ।
इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ।।१०।।
संभूतिं च विनाशं च यस्तद्वेदोभयं सह ।
विनाशेन मृत्युं तीर्त्वा संभूत्याऽमृतमश्नुते ।।११।।
(यजु. ४० अध्याय)

अर्थ– संभूति भू सत्तायाम्, बाट बनेको हुँदा सदा सत्ता भएको एकै-नास रहने परब्रह्म परमेश्वर हुन्, त्यो वाहेक सत्ता स्थिर नभएका भङ्गुर नाशवान् असंभूति हुन् । जुन मानिस बदलिरहने, नष्ट हुने पदार्थतर्फ मात्र लाग्दछन् अर्थात् यस लोकमा र स्वर्ग आदि लोकमा सुख भोगको इच्छाले जो मानिस "असंभूति" (अनित्य) शरीरलाई पोस्ने सामान र स्वर्ग सुख निम्ति देव पितृ आदिको मात्र उपासना गर्छन्, ती अन्धकारमा पर्दछन् । त्योभन्दा झन् अन्धकारमा ता ती मानिस पर्दछन्, जो मानिस संभूति (परब्रह्म परमेश्वर) को मात्र उपासनामा लाग्दछन् । अर्थात् माथि पुग्ने लक्ष्य राखेर सिढी चढ्दै गए जस्तै गरी भौतिक पदार्थको सदुपयोग गर्दै देवपितृको समेत सम्मान गर्दै परब्रह्मको उपासना गर्नु-पर्थ्यो ।।९।। किनभने (सम्भूति) परब्रह्मको उपासनाबाट र असंभूति (यस लोकको र परलोकको सुख सुविस्ताका इच्छाले गरिने अनेक काममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्र लागिरहनु) को उपासनाबाट भिन्नाभिन्नै फल छन् भन्ने कुरा विद्वान्हरूले बताएका छन् ।।१०।। जसले संभूति र असंभूतिलाई साथै जानेर सोअनुसार सद्व्यवहारका साथ उपासना गर्छन् । तो मानिस (असंभूति)[1] सद्व्यवहारबाट मृत्यु (अनेक कष्ट) पार गरेर संभूति पर-ब्रह्म परमेश्वरको उपासनाबाट मुक्ति पाउँछन् ।।११।।

अब विद्या र अविद्या दुवै जान्नु आवश्यक छन् भन्ने बताइन्छ–

अन्धं तमः प्रविशन्ति येऽविद्यामुपासते ।
ततो भूय इव ते तमो य उ विद्यायां रताः ।।१२।।
अन्यदेवाहुर्विद्याया अन्यदाहुरविद्यायाः ।
इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ।।१३।।
विद्यां चाविद्यां च यस्तद्वेदोभयं सह ।
अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते ।।१४।।

(यजु. ४० अध्याय)

जुन मानिस अविद्या (भौतिक विद्या) मा मात्र लाग्दछन् ती ता छन् वेसी अन्धकारमा पर्दछन् ।।१२।। विद्याको र अविद्याको फल भिन्ना-भिन्नै छन्, भन्ने कुरा हामीलाई विद्वान्हरूले बताएथे ।।१३।। जसले अध्यात्म विद्या (विद्या) र अविद्या (भौतिक विद्या) पनि साथै जान्दछ भने, अविद्यया (भौतिक विद्याले) शरीर स्वस्थ रही सत्कर्म गर्दै मृत्यु

---

१. असंभूति र विनाशको एकै अर्थ छ । असंभूतिको चिर सन्ताप हुने, विनाश=नष्ट शरीर र सामान आदि । उब्बट र महीधरले चाहिं असंभूतिको मृतस्य पुनः संभवो नास्ति अर्थात् अर्को जन्म नमान्ने र संभूतिको चाहिं आत्मैव अस्मि भन्नु आदि अर्थ गरेका छन् । यो अलि संक्षेप हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सरहको कष्ट पार गरेर, विद्यया (आध्यात्मिक विद्या) ले वैराग्य पैदा भएमा अष्टाङ्ग योगाभ्यास आदिबाट अमृत (मुक्ति) समेत पाउँछ । जन्म, मृत्यु, बुढचाइँ, रोग आदि कष्ट भोग्नुपर्दैन । ।।१४।।

गीता तेह्रौं अध्यायको सातौं श्लोकदेखिका अरू सात श्लोकले "अमानित्व" (म ठूलो हुँ, भन्ने घमण्ड नलिनु) "अदंभित्व" (बाहिर साधु, बिरालो जस्तो भै म ता मद्य मांस छोड्ने, अवैध धन नलिने, ठूलो पदमा रहेर पनि पटक्कै धनमा लोभ गरिनँ, भन्ने तर विदेशी बैंकमा करोडौं अवैध धन थुपार्ने मानिस दम्भी हो, त्यस्तो नहुनु अदम्भित्व हो) यस्तै प्रकारले १९ वटा सद्गुणलाई ज्ञान भनेको छ । अभिमान गर्नु, भित्र दुराचारी छ, बाहिर सदाचारी देखिएर सर्वसाधारण मानिसका अघि देखापरेर कुक्याउनु इत्यादि १९ असद् व्यवहारलाई अज्ञान भनेको छ । अमानित्व अदम्भित्व आदि उत्तम सद्गुणहरू ज्ञानबाट आउने हुँदा ज्ञान भनेको हो, अभिमान र देखावटी असत्य आदि दुर्गुण अज्ञानबाट आउने हुँदा गीतामा अज्ञान भनेको छ । जगत् गुरु शङ्करले र सायण महीधर आदिले पनि अविद्याको कर्मकाण्ड र विद्याको देवलोक प्राप्त गराउने विद्या अर्थ गर्दै "विद्यया देवलोकः" (बृहदारण्यकोपनिषद् १।५।१६) देवलोक पाउने विद्या अर्थ गरेको छ । अविद्याको अग्निहोत्रादि कर्म अर्थ गरेर "कर्मणा पितृलोकः" (बृहदारण्यकोपनिषद् १।५।१६) देखाएर अग्निहोत्रादि कर्म गर्दै देवलोक पाउने विद्यासमेत दुवैमा लाग्नुपर्छ भनेको छ । महीधर भाष्यले पनि यस्तै अर्थ गरेको छ । उब्बट भाष्यले चाहिं अविद्याको कर्मकाण्ड र विद्याको ब्रह्मज्ञान अर्थ गरेको छ । तर अविद्याको भौतिक अर्थ गर्दा ता कर्मकाण्डसमेत त्यसैमा पर्ने हुँदा यहाँ अविद्याको भौतिक विद्या अर्थ गरेको हो । यो अर्थ गर्न मुण्डकोपनिषद् प्रथम खण्डको चौथो र पाँचौंमा सूक्तमा यस्तो छ—

द्वे विद्ये वेदितव्ये इति ह स्म यद्ब्रह्मविदो वदन्ति परा चैवापरा च ।।४।। तत्रापरा ऋग्वेदो यजुर्वेदः सामवेदोऽथर्ववेदः शिक्षा कल्पो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याकरणं निरुक्तं छन्दो ज्यौतिषमिति । अथ परा यया तदक्षरमधिगम्यते ।।५।।

ऋग्वेद आदि सबै शास्त्र अपरा (भौतिक विद्या) र जुन विद्याबाट ब्रह्मज्ञान हुन्छ, त्यसैलाई पराविद्या भनेको छ । त्यसो हुँदा अविद्या र अपरा विद्या एउटै भौतिक विद्या हो । परा विद्याको अध्यात्म विद्या अर्थ उचित छ । अरूले अरू अर्थ सम्प्रदायानुसार पनि गरेको हुन सक्छ । वेदादि सबैलाई अपरा (अविद्या) भने पनि तिनै ऋग्वेद आदिमा नै पराविद्या पनि जहाँतहाँ छ । यस्तै उपनिषद्मा पनि पहिला तीन मन्त्रले र त्यसपछिका पाँच मन्त्रसमेत आठ मन्त्रले नै कमाउनु, दिनु, खानु, अरूका धनमा लोभ नगर्नू सत्कर्म गर्दै सय वर्ष बाँच्न इच्छा गर्नू, एक परमेश्वर नै सबैतिर छन् भन्ने सर्वात्मभावना भएमा शोक सुर्ता अज्ञान हराउँछ इत्यादि परा र अपरा दुवै विद्या संक्षेपमा बताएको छ ।

पितृलोकमा लाने अविद्या, देवलोक लाने विद्या अर्थ अरू अस्पष्ट हुँदा लेखिएन । शतसूत्रीमा अविद्याबाट हुने मृत्युलाई हटाएर विद्याले अमृत गराउँछ, भन्ने भाव प्रकट गरेको छ । यो भाव अति उत्तम छ । तर यो अर्थ गर्दा अज्ञान मात्र गरे जस्तो छ । अविद्या र विद्या दुवै साथै जान्नुपर्छ भनेको हुँदा अविद्याको भौतिक विद्या नै अर्थ उचित देखिन्छ । माथि १९ वटा ज्ञानमा 'अरतिर्जनसंसदि' मानिस जम्मा भएका ठाउँमा बस्न मन नगर्नु पनि ज्ञानैमा गनेको छ । तर त्यसको अर्थ मूर्ख समाजमा हो, विद्वान् समाजमा ता मौकामा जम्मा हुने उत्तम काम हो ।

प्रार्थना

वायुरनिलममृतमथेदं भस्मान्तं शरीरम् ।
ॐ क्रतो स्मर क्लिबे स्मर कृतं स्मर ।।

(यजु. ४०।१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायु=हाम्रो प्राणवायु, अर्थात् लिङ्ग शरीर, इन्द्रिय शक्तिसहित बाहिर निस्कन्छ। अनिलम् अमृतम्=वायु स्वरूप नष्ट नहुने हो र सूक्ष्म चेतन सहित त्यो जीवात्मा हो। मुक्त नभएसम्म स्थूल शरीर लिने छोड्ने गर्दै रहन्छ। यो शरीरचाहिं अन्त्यमा आगामा हाल्ने विधिअनुसार खरानी हुन्छ। (भस्मान्तं भने पनि अवश्यै नष्ट हुन्छ भन्ने भाव हो) संन्यासी र सन्नेसीहरूलाई माटामा पुर्ने अथवा ठूला नदीमा छोड्ने गरिन्छ। अचेल बिजुलीद्वारा खरानी पनि गराइन्छ। त्यसै पर्याकै पनि गिद्ध आदि जन्तुले खाने सड्ने हुन्छ। हिमालयमा छोड्दा सुकेर पनि रहन्छ। हे क्रतोः! ए मन! ॐ मन्त्र भन्दै वा सम्झदै परमेश्वरलाई सम्झनू, ध्यान गर्नू, क्लिबे स्मर अब जानुपर्ने कल्पित लोकलाई सम्झनू, कृतं स्मर आफूले शुभ अशुभ के के गरिए, ती सबै सम्झनू र शुभ (उत्तम काम) मात्र गर्ने निश्चय गर्नू।

विशेष— क्रतु शब्दको यज्ञ अर्थ पनि हुँदा कर्योले यज्ञ अर्थ गरेका छन्। तर क्रतुको मन पनि अर्थ हुँदा र स्मर शब्द हुँदा शङ्कराचार्यले पनि सङ्कल्पात्मक भन्दै मन अर्थ गरेका छन्।

यज्ञ शब्दको अर्थ अहिलेसम्म आगामा विधिपूर्वक घिउ, चामल आदि हाल्नु मात्र अर्थ गरेका छन्। तर ऋग्वेददेखि गीतासम्ममा यज्ञबाटै संसारको सञ्चालन बताइन्छ।

यज्ञेन यज्ञमयजन्त देवास्तानि धर्माणि प्रथमान्यासन्।

(ऋक्. १०।९०।१६)

देवताहरूले पहिले परमेश्वर यज्ञ हुन् भनी त्यस बेला भएका पदार्थ-बाट उनै यज्ञरूप परमेश्वरको यज्ञ गरे। पूजा (उपासना) सम्मान गरे। शतपथब्राह्मणका एघारौं काण्डमा पञ्चमहायज्ञ सबैले नित्य गर्नुपर्छ, भनेको छ र ती पांच यज्ञ भनेको देवयज्ञ (सातओटा नामबाट हवन), पितृयज्ञ (पितृनिम्ति केही पर सार्नु, मनुष्य निम्ति अन्न आदि दिनु वा पर सार्नु र मौकामा दिनु मुख्य यज्ञ हो), भूतयज्ञ, (गाई, कुकुर, काग आदि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई दिनु हो), ऋषि यज्ञ (सदबुद्धि बढाउने खालका वेद मन्त्र, गीता आदि पाठ गर्नु हो), ज्ञानयज्ञ (अर्थात् समाजको कल्याण निम्ति र सत् चरित्र निर्माणका निम्ति गरिने सबै कामलाई नै यज्ञ भनेको छ) । यज्ञको अर्थ गीता अध्याय ४ को २३ श्लोकदेखि ३३ श्लोकसम्ममा प्राणायाम, अल्पाहार, सद्ग्रन्थ पढ्नु इत्यादि सबै उत्तम कामलाई नै यज्ञ भनेको छ । अरु

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।
सर्वं कर्माखिलं पार्थ ! ज्ञाने परिसमाप्यते ।।

(गीता अ. ४।३३)

सबै सद्व्यवहार ज्ञानकै निम्ति हुँदा ज्ञानयज्ञ नै ठूलो हो । माथि वायुः अनिलम् अमृतम्को अर्थ स्पष्ट गर्न आवश्यक छ, संक्षेपमा केही लेखिन्छ । शङ्कराचार्यले अन्त्य समयमा वायुः प्राणः भन्दै लिङ्ग शरीर ज्ञान र सत्कर्मबाट शुद्ध भै बाहिर निस्कन्छ इत्यादि अर्थ गरेका छन् । उब्बट महीधर आदिको भाष्यमा अलिक स्पष्ट गर्दै वायुः को अर्थ प्राण अर्थात् लिङ्ग शरीर (दश इन्द्रिय मन, बुद्धि, पञ्चतन्मात्रा सहित सत्र पदार्थ भएको) दर्शन शास्त्रहरूले मानेको छ । सांख्य दर्शनले अहङ्कार समेत थपेर १८ पदार्थ भएको लिङ्ग शरीर मानेको छ । यी सत्र वा अठार पदार्थ प्राकृतिक हुन् । आत्मा समेत गन्दा ता १८ वा १९ पदार्थको लिङ्ग शरीर हुन्छ । तर यसमा भनेका दश इन्द्रिय हात गोडा आदि कर्मेन्द्रिय सर्प आदिमा छैनन् । ज्ञानेन्द्रियमा पनि आँखा आदि फुट्नु आदिबाट र वृद्ध भएपछि ता स्वभावैले देख्ने, सुन्ने आदि काम गर्दैनन् ।

मयैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनः षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ।।

(गीता १५।७)

अर्थात् कृष्ण परमात्मा परमेश्वर स्वरूप भै भन्नुहुन्छ कि जीवात्मा मेरै अंश हुन्, जुन प्रकारले वायु, गन्ध लिएर जहाँ तहाँ घुम्दै रहन्छ, त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवात्मा पनि छवटा इन्द्रियलाई साथ लिएर शरीर लिने छोड्ने गर्दै रहन्छ, भनेकाले मनसहित ६ इन्द्रिय र आत्मा (चेतन) समेत ७ को लिङ्ग शरीर हुन्छ भन्ने अर्थ छ। वास्तवमा ता ती पाँच आँखा, कान आदि ज्ञानेन्द्रिय पनि वृद्ध अवस्थामा नै घट्दै मर्दा खतमै हुन्छन्। कर्मीको जीवनमै सकिन्छन्। लिङ्ग शरीरमा ज्ञानेन्द्रिय कर्मेन्द्रियसमेत दशवटा शक्ति रहन्छन् भन्ने अर्थ हो। त्यसो हुँदा लिङ्ग शरीर सत्र अथवा अठार पदार्थका हुन्छन् भन्नु उत्तमै हो। अर्थात् लिङ्ग शरीर मनसहित इन्द्रिय शक्तिका साथ हुन्छ। यस मन्त्रको अर्थ गर्दा शङ्कराचार्यले उपासना गर्ने साधकले अन्त्य समयमा मार्ग याचना गर्दछ (अर्थात् शरीर ता यहीं अनेक रूपमा बदलिदै सकिन्छ) भनेको छ। कसैले क्रतु शब्दको यज्ञ स्वरूप परमेश्वर अर्थ गरेर म शरणमा छु, मलाई सम्हनुहोस् इत्यादि अर्थ पनि गरे। महीधर आदिले "अन्तकाले कृतोपासनो योगी प्रार्थयते" अर्थात् मर्ने वेलामा उपासना गरेर शुद्ध भएको योगी परमेश्वरका साथ प्रार्थना गर्छ भनेर उक्त मन्त्र थालेको छ। तर यी मन्त्रहरू उपासना गर्ने नगर्ने र छात्रावस्थादेखि नै उपासना गर्न जान्नुपर्ने व्रतवन्ध गरेपछि वेदमन्त्र भनेर यिनै मन्त्रबाट परमेश्वरको प्रार्थना गर्ने गराउने चलन पनि हुँदा मर्ने वेलामा मात्र प्रार्थना गर्ने मन्त्र भन्नु उचित होइन। अर्को कुरा मर्ने बेला कहिले हो ? कसरी जान्नु ? ईशोपनिषद्का सबै मन्त्रहरू सद्-व्यवहार गर्न प्रेरणा दिने र उपासना प्रार्थना बताउने छन्। त्यसो हुँदा सानैदेखि नै अर्थसहित पढाएर प्रतिदिन पाठ गर्ने लगाउनुपर्ने हो।

अग्ने नय सुपथा राये अस्मान्
विश्वानि देव वयुनानि विद्वान्।
युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां
ते नम उक्तिं विधेम ॥

(यजु. ४०।१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ए तेज (ज्ञान) स्वरूप परमेश्वर ! मलाई वा हामीलाई बाङ्गो बाटामा लगाएर नीच गराउने पापलाई मबाट वा हामीबाट अलग गरिदिनुहोस्, जानेर वा नजानेर पनि गरेका पाप छुटाइदिनुहोस् । तपाईकै शरणमा पर्छु वा शरणमा पर्दछौं । तपाईलाई धेरै नमस्कार गर्दछौं ।

विशेष– यस मन्त्रमा अस्मान् र विधेम, बहुवचनान्त शब्द हुँदा हामीहरू भन्ने अर्थसमेत गरियो । धेरै भक्तहरू जम्मा भै प्रार्थना गर्दा बहुवचन हाम्रो भनेर प्रार्थना हुन्छ । एकले प्रार्थना गर्दा मेरो अर्थ हुने हुँदा त्यसरी अर्थ गरेको हो । यहाँ र अन्त पनि अग्नि शब्दबाट परमेश्वरकै स्तुति गरिन्छ, भौतिक जड अग्निको होइन । जतिसुकै हात जोडेर प्रार्थना गरे पनि आगाले पोली नै दिन्छ, भद्रो हेर्दैन ।

८ कक्षाको "सामाजिक शिक्षा" पुस्तकमा र ९।१० कक्षाको "इतिहास" पुस्तकमा पृष्ठ १६८ देखि १७१ सम्म अति असत्य कुरा पढाइँदैछ । त्यसै हुँदा वेदहरूमा के कस्तालाई देव वा देवता भनेको छ ? एक परमेश्वर बारेमा के के वर्णन गरेका छन् ? वेदमन्त्र नजान्ने पटमूर्ख 'विद्वान्'हरूबाट मात्र पाठ्यपुस्तक तयार गराई लाखौं छात्रहरू पढाई सर्वत्र फिजाइँदैछ र हाम्रो अति पुरानु वेद अनि हाम्रो धर्म संस्कृतिको नै विरोधी मात्र होइन विद्रोही मानिसहरूको सेना तयार भै देशभरि फिजिदै छन् । त्यसैले देवताका बारेमा पनि थोरै लेख्नुपरेको हो ।

हाम्रो वेदका कठिन शब्दहरूको र पूरा मन्त्रका अर्थ भाव बताउने प्राचीनतम ग्रन्थ निरुक्त हो । त्यसैको दैवत काण्डको आरम्भमा नै वेदमन्त्रका देवताबारेमा तर्क गर्दै अर्थ र भाव प्रकट गरिएको छ ।

यत्काम ऋषिर्यस्यां देवतायामर्थपत्यमिच्छन् स्तुतिं प्रयुंक्ते सा देवता । स तद्दैवतो मन्त्रः ।

अर्थात् जुन काम जुन पदार्थबाट सिद्ध हुने ठहर्छ, त्यसैको स्तुति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्मान वा वर्णन गरेका छन् । जस्तै– संसारबाट वैराग्य भै मुक्ति मिलोस्, परब्रह्ममा मिल्न सकौं भन्ने इच्छा गर्छ, भने परमेश्वर परमात्मा परब्रह्मको अनेक नामबाट अनेक मन्त्रले स्तुति गरिन्छ । मुख्य नाम मन्त्र ॐ (ओम) हुनाले, वायुरनिलम् ॐ क्रतो स्मर; मा ओमको विनियोग महीधर भाष्यमा ओंकारस्य ब्रह्मा ऋषिः परमात्मा देवता गायत्री छन्दः सर्वकर्मारम्भे विनियोगः भनिएका छ, तापान परब्रह्मस्मरणे वा ध्याने विनियोगः, भन्न सकिन्छ र शिव, विष्णु आदि कुनै नामका साथमा वा ब्रह्मगायत्री मन्त्रका साथ आम लगाएर जप्न सकिन्छ ।

माथि "अनेजदेकम्" मन्त्रले र हिरण्यगर्भः (ऋक् मन्त्र १०।१२१।१) आदि अनेक मन्त्रले एक परमेश्वर बताएकै छ । तो बाहेक अग्नि, वायु, यम, सूर्य, वरुण, विष्णु, शिव, रुद्र आदि अनेक नामबाट स्तुति गरिन्छ । तो नामबाट परमेश्वरका पान स्तुत गारन हुदा नै "एक सद्विप्रा बहुधा वदन्ति (ऋक्. १।१६४।४६) उनै एक परमेश्वरका नै अनेक नामले स्तुति गरेको हो भनकै छ । तो बाहेक जुन जुन वस्तुबाट कुनै काम लिनुपर्छ, तो तो वस्तुलाई पनि मन्त्रहरूले देव वा देवी नै भन्दछन् । जस्तै– "लाङ्गलं पवीरवत्" (यजु. १२।७१) मन्त्रको देवता हलो छ । चूडा कर्ममा बालकको कपाल काट्ता छुरा नै मुख्य हुँदा छुरो देवता भनेको छ । यज्ञमा कीलो चाहिदा "अत्यन्यां अगां नान्यान्' (यजु. ५।४२।४३) ले देव वनस्पते ! रूखको नै देव ! भन्दै प्रार्थना गरेर हाँगो काट्नु भनेको छ । स्त्रीले पतिदेव भन्दैछन् । पुरुषका नाममा शर्मा वर्मा लागे जस्तै सबै स्त्रीका नाममा देवी नाम अहिलेसम्म लगाईदैछ । गाईलाई धेरै मन्त्रले देवी भनेको छ । तिहारमा गाई, गोरू, कुकुर, कागहरूको पूजा गरिन्छ ।

पूजा सम्मान परमेश्वरैको गरिन्छ । अर्को कुरा अग्नि, वायु, सूर्य, विष्णु, शिव आदि नामले परमेश्वरको स्तुति गरे जस्तै हलो, छुरा आदि नामबाट वेदमन्त्रहरू परमेश्वरको स्तुति गर्दैनन् । पिता, माता,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु, अतिथिलाई पनि मातृदेवो भव आदिले उपनिषद्मा देव भनेको छ । स्त्रीपुरुष दुवै परस्परबाट संसार चलेको हुँदा देव देवी भनिदैछ । तर कतै कतै मद्यपानले मातेर कतै काम, क्रोध, लोभको जोश उग्र भै बढेर पुरुषले स्त्रीलाई मारेका छन्, र पत्नीले पतिलाई राक्षस वा असुर पनि भन्छन् । अतिथि (पाहुना) लाई देव भनियो तर अतिथि बनेर चोरी, डकैती पनि गरेका छन् । त्यस्ता पति, पत्नी अतिथि आदि अति मद्यपान र अति काम, क्रोध, लोभ बढेको पत्तै नपाई भ्रष्टाचार गर्नेलाई गीताको १६ अध्यायमा राक्षस वा असुर भनेको छ । अभय र मनमा सत्त्वसंशुद्धि = काम, क्रोध, लोभलाई हटाई शुद्ध रहनु आदि २६ सद्गुण भएका मान्छे-लाई देव भनेको छ । काम, क्रोधको दुराचार चाँडै प्रकट भै जनताबाट र सरकारबाट समेत गिर्ने र दण्ड पाउने पनि हुन सक्तछ । अति लोभबाट हुने भ्रष्टाचारबाहिं गुप्तरूपबाट धेरैजसो हुने हुँदा गीता अ. १६।१२ ले "ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयान्" अन्यायले धन थुपार्ने मान्छे नै असुर वा राक्षस हुन्छ भनेको छ । त्यसै हुँदा त्यस १६ अध्यायको नामै 'दैवासुर संपद्विभागयोग' देवताका गुणहरू र असुर राक्षसका गुण के के हुन् ? छुट्याउने अध्याय भनेको छ ।

उपासना

ॐ हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् ।
तत्त्वं पुषन्नपावृणु सत्यधर्माय दृष्टये
योऽसावादित्ये पुरुषः सोऽसावहम् ।।
।। ॐ खं ब्रह्म ।।

(यजु. ४०।१७)

सत्य परमेश्वर परमात्मा वा परब्रह्मलाई भेट्ने बाटो ता सुनै सुनको ढोकाले बन्द गरेको छ । ए पोपण गर्ने परमेश्वर ! सत्य कुरा प्राप्त गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो ढोका खोलिदिनुहोस्, जो जगत्को अन्धकार हटाई उज्यालो गर्ने आदित्य छन्, उनमा सर्वव्यापी परमेश्वर छन् । अज्ञानरूपी अन्धकार उनैका कृपाले हट्ने हुँदा र अंश हुँदा अज्ञान हटेपछि ता त्यही ईश्वर परब्रह्म मै हूँ भन्ने भावना गर्नू। ॐ खं ब्रह्म = परमेश्वरको नाम मन्त्र ॐ हुँदा ॐ भन्दै जप्तै रहनू, परमेश्वर ख = आकाश जस्तै व्यापक छन् । वास्तवमा आकाश जड पदार्थ हो, परब्रह्म नित्य, चेतन, ज्ञानस्वरूप हुँदा आकाश जस्तो ब्रह्म भन्न नमिल्ने जस्तो छ । तर जस्तै आकाश सर्वत्र व्यापक छ, त्यस्तै परब्रह्म पनि व्यापक छ, भन्ने अर्थ हो ।

विशेष– यहाँ परब्रह्म मै हुँ भनेको छ । यो घमण्ड गरे जस्तो पनि देखिन्छ । तर त्यो परमेश्वर स्वामी, मालिक हुँदा भजन भक्ति गर्दै आफू परमेश्वरको शरण परेको दास मानेर उपासना गर्ने मार्ग भक्ति छ । भक्ति बढ्दै वा नबढीकन पनि उत्तम मानिसलाई शरीर आदि ता खोल मात्र रहेछन्, म ता परब्रह्म नै हुँ, भन्ने उपासनालाई अहंग्रहोपासना भनेको छ। अग्नि, वायु, सूर्य आदिमा परमेश्वर सम्झी उपासना गर्नु प्रतीकोपासना हो । ऋग्वेद (१०।१२५) मा पनि एक स्त्रीले मै ईश्वर हुँ भनेको छ ।

यस माध्यन्दिनीय वाजसनेय शाखामा १७ मन्त्र छन् । काण्व शाखामा १८ मन्त्र छन् भनियो । यस सत्रौं मन्त्रमा पनि साह्रै राम्रो र अर्थ मिल्ने हुँदा "तत्त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये" भन्ने आधा मन्त्र जोडेर अर्थ गरियो । यो मन्त्र उहाँ पन्ध्रौं छ, यहाँ सत्रौं छ ।

गीतामा कर्मयोग, भक्तियोग र ज्ञानयोग बताएको ता यी नै सत्र मन्त्रको लामो व्याख्या मात्र रहेछ, भन्ने कुरा गीता र यी मन्त्रहरूको अर्थ हेर्दा स्पष्ट हुन्छ । मुख्य गरी उपासनाको मेलोमेसो र संसारमा सद्-व्यवहार गर्ने समेत बल बढाउने पातञ्जल योगसूत्र छ । त्यसैमा थोरै सूत्रले उपासना बताउँदा आठओटा योग बताउँदै मुख्य योगचाहिं धारणा ध्यान समाधि तीन कुरा बताएर यी तीन धारणा ध्यान समाधि पूरा हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"तदा द्रष्टुः स्वरूपेऽवस्थानम्" (योगसूत्र १।३) ध्यान बढ्दै मन स्थिर हुँदा निर्विकल्प समाधिमा परमेश्वर रूपै बन्दछ भनेको छ (योगको विस्तृत व्याख्या मैले अष्टाङ्ग योग र आदर्श व्यवहारमा बताएको छु) ।

यजुर्वेदको उपसंहार अन्तिम अध्याय ईशावास्योपनिषद्को व्याख्या सकियो ।

संज्ञान

ऋग्वेदको उपसंहार अन्तिम सूक्तको नामै संज्ञान हो । संज्ञानको अर्थ एकमत हुनु (समाजमा एकता ल्याउनु) हो ।

संसमिद्युवसे वृषन्नग्ने विश्वान्यर्य आ ।
इडस्पदे समिध्यसे स नो वसून्याभर ।।

(ऋक्. १०।१९१।१)

हे अग्नि ! संसारकै सञ्चालक सबका स्वामी भोग्य पदार्थको वर्षा गर्ने परमेश्वर ! तपाई नै सबैलाई सबै चाहिने कुरासमेत मिलाई दिनुहुन्छ । हामी सबैका निम्ति आवश्यक पदार्थ पूरा गरिदिनुहोस् । तपाईकै प्रतीक उज्यालो तेज अग्नि नाउँबाट यहाँ हामी बाल्दैछौं ।

मनुष्य समाजमा एकता, सङ्गठन र समानता आदिको अति आवश्यकता छ भन्ने बताइन्छ—

संगच्छध्वं संवदध्वं संवो मनांसि जानताम् ।
देवाभागं यथा पूर्वे संजानाना उपासते ।।

(ऋक्. १०।१९१।२)

ए मनुष्य हो ! तिमीहरू सङ्गठित होओ, आफ्ना आफ्ना मनका भाव, बोलीद्वारा प्रकट गरेर बुझ्ने र बुझाउने गर (पूर्वे देवाः)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलेका तिम्रा पुरुखाहरूले जसरी आफ्ना आफ्ना भाग भोगेथे त्यसै गर ।

समानो मन्त्रः समितिः समानी
समानं मनः सह चित्तमेषाम् ।
समानं मन्त्रमभिमन्त्रये वः
समानेन वो हविषा जुहोमि ।।३।।

(ऋक्. १०।१९१।३)

तिमीहरूको सञ्चालनका निम्ति मुख्य समिति एक होस् र विचार एउटै होस् । तिमीहरूको चिन्तन सहित मन एक होस् । तिमीहरूका निम्ति समान मन्त्र (आवश्यक ज्ञान) बताउँछु र तिमीहरूलाई समान हवि (भोग्य पदार्थ) दिंदैछु ।

समानी व आकूतिः समाना हृदयानि वः ।
समानमस्तु वो मनो यथा वः सुसहासति ।।४।।

(ऋक्. १०।१९१।४)

(वः) तिमीहरूको (आकूतिः) कुनै ठूलो कामलाई पूरा गर्न सबै एकमत भै लागेर पूरा गर्नु, (समानी) समान होस् (वः) तिमीहरूको (हृदयानि) हृदय (समाना) समान होस् । (यथा वः सुसहासति) जसरी तिमीहरूको सह अस्तित्व रहन्छ, त्यसरी (वो मनः समानम् अस्तु) तिमीहरूको मन समान होस् । अर्थात् तिमीहरूकै सहअस्तित्वका निम्ति समान व्यवहार गर ।

उक्त तीन मन्त्र अथर्ववेद (८ का ६४ सू) मा पनि छन् ।

संज्ञानं नः स्वेभिः संज्ञानमरणेभिः ।
संज्ञानमश्विना युवमिहास्मासु नियच्छताम् ।।

(अथर्ववेद ७।५४।१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै काम पूरा गर्न हामीहरूको आफन्त नातेदारका साथमा र शत्रुहरूका साथमा पनि "संज्ञानम्" (एकमत) होस् । यो काम अश्विनि नामका तपाई देवताहरूले पूरा गरिदिनुहोस् ।

ज्यायन्तश्चिन्तिनो मा वियोष्ट
संराधयन्तः सधुराश्चरन्तः ।
अन्यो अन्यस्मै वल्गुवदन्त एत
समचीनान्वः संमनसस्कृणोमि ।।५।।
समानी प्रपा सह वो अन्नभागः
समाने योक्त्रे सह वो युनज्मि ।
सम्यञ्चोऽग्निं सपर्यतारानाभिमिवाभितः ।।६।।
समीचीनान् वः संमनसस्कृणोम्येक
श्नुष्टीन्संवननेन सर्वान् ।
देवा इवामृतं रक्षमाणाः सायं प्रातः
सौमनसो वो अस्तु ।।७।।

(अथर्ववेद ३ काण्ड ३० सूक्त)

ए मनुष्य हो ! तिमीहरू एकचित्त भै मिलेर ठूला ठूला काम गर्न सक्ने बन । वियोगी भै एक्लो नबन । ठूलो काम पूरा गर्न परस्पर मीठो राम्रो बोल्दै हिंड । तिमीहरूलाई एकमत हुन सहयोग गर्छु ।।५।।

ए मनुष्य हो ! तिमीहरूका प्रपा (पधेंरा, धारा, इनार आदि) समान हून् । तिमीहरूलाई अन्नको भाग पनि समान प्रकारले पुगोस् । तिमीहरूलाई एउटै प्रेमरूपी बन्धनले बाँध्छु । जसरी रथचक्रको नाभिका वरिपरि डाँडी उनिएका हुन्छन्, त्यसरी नै तिमीहरू अग्नि (उज्यालो ज्ञान) बढाउन लाग ।।६।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ए मनुष्य हो ! साथै व्यवहार गर्ने तिमीहरूलाई प्रेमबाट समान सुख मिल्ने गराउँछु । जसरी देवताहरूले एकमत भै मिलेर नै अमृतको रक्षा गर्न सकेथे, त्यस्तै तिमीहरू पनि सत्काम गर्न रात दिन राम्रो विचार राखेर काम गर ।।७।।

विशेष कुरा– माथि संगच्छध्वं आदि तीन मन्त्रको अर्थ गर्दा सायण आदिले र बरेलीका श्रीराम शर्माले पनि हे ऋत्विग्यजमाना; हे स्तोतारः, भन्ने सम्बोधन गरेर यज्ञ आदि काममा मात्र चाहिने भ्रम गराएका छन् । तर ईशावास्योपनिषद्मा र अन्त पनि "पृथिव्यां जगत् सर्वाणि भूतानि" इत्यादि अनेक मन्त्रहरूमा पृथ्वीभरका मनुष्य र सबै प्राणी भन्ने कुरा नै स्पष्ट भनेकोले र सायणले पनि "न तं विदाथ" (ऋक्. १०।८२।७; यजु. १७।३१) मन्त्रमा "हे नराः !" भनेको हुँदा, ऋत्विग्यजमानाः, हे स्तोतारः ! भन्ने संबोधन उचित छैन भनियो । स्वामी दयानन्दज्यूको हे मनुष्य ! भन्ने संबोधन नै उचित देखियो ।

सत्कर्म

विश्वानि देव सवितर्दुरितानि
परासुव यद्भद्र तन्न आसुव

(यजु. ३०।३; ऋक्. ५।८२।५)

ए सविता देव ! ईश्वर ! हाम्रा सबै अपराध, खराब विचार हटाइदिनुहोस् । जो उत्तम विचार व्यवहार छन्, ती मात्र हामीमा आऊन् । सविताको अर्थ सूर्य पनि हुन्छ । सूर्यलाई परमेश्वरको प्रतीक मानेर त्यसै नामबाट पनि परमेश्वरकै प्रार्थना गरिन्छ ।

दृते दृꣳहमा मित्रस्य मा चक्षुषा
सर्वाणि भूतानि समीक्षन्ताम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मित्रस्याहं चक्षुषा सर्वाणि भूतानि समीक्षे
मित्रस्य चक्षुषा समीक्षामहे ।।

(यजु. ३६।१८)

ए परमेश्वर ! मबाट कुनै त्रुटि भएमा पनि सत्कर्ममा नै दृढ गराउनुहोस् (मबाट त्रुटि नहून्) । मलाई सबै प्राणीले मैत्री दृष्टिले हेरून् । म पनि सबै प्राणीहरूलाई मैत्री दृष्टिले हेर्नं सकूं । हामी सबैले नै सबैलाई नै मैत्री दृष्टिले हेरौं (अर्थात् हे परमेश्वर विरोधी वा शत्रु दृष्टि हटाइदेऊ) ।

यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः ।
ब्रह्मराजन्याभ्यां शूद्राय चार्याय स्वाय चारणाय च ।
प्रियो देवानां दक्षिणायै दातुरिह भूयासम् ।
अयं मे कामः समृध्यतामुपमादो नमतु ।।

(यजु. २६।२)

ए परमेश्वर ! यो मेरो बोली सबै साधारण मान्छेका साथमा पनि कल्याण गर्ने (लाभ गराउने सुन्दर) नै बोलौं । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र आफन्त र शत्रुकै साथमा पनि हितकर र मीठो नै बोलौं । देवताहरूको र दानी त्यागी मानिसको पनि प्रिय बनौं, यो मेरो इच्छा पूर्ण गर्नुहोस् । इच्छा गरेको त्यो काम पूरा होस् ।

रुचं नो धेहि ब्राह्मणेषु रुचं राजसु नस्कृधि, ।
रुचं विश्येषु शूद्रेषु मयि धेहि रुचा रुचम् ।।

(यजु. १८।४८)

ए परमेश्वर ! ब्राह्मण, क्षत्रि, वैश्य र शुद्रमासमेत तेज (असत्काम चटक्क छोड्ने र सत्कर्ममा मात्र लागिरहने जोश) भरिदिनुहोस् । ममा पनि त्यो तेज आओस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असत्कर्म

मद्यपान, जूवा, व्यभिचार, चोरी, आर्थिक भ्रष्टाचार आदि असत् काम हुन् । तिनमा बानी लागेको मान्छेले मनमा कडा तेज (जोश) उत्पन्न भएछ भने मात्र ती असत् काम छोड्न सक्छन् ।

न सः स्वोदक्षो वरुण ध्रुतिः सा
सुरा मन्युर्विभीदको अचित्तिः ।
अस्ति ज्यायान् कनीयस उपारे
स्वप्नश्च चेदनृतस्य प्रयोता ।।

(ऋक्. ७।८६।६)

ए वरुण ! (ईश्वर !) त्यो दोष मेरो होइन । असत् काम लगाउने (ध्रुतिः) अति अल्छी भै रहनु, (सा सुरा) मद्यपान (मन्युः) रीस उठ्नु सो रोक्न नसक्नु, (विभीदकः) जूवा पाशा आदि खेल्नु, (अचित्तिः) अज्ञान हुन् । (अस्ति ज्यायान् कनीयस उपारे) माथिल्ला स्तरका ठूला मानिस दुर्व्यसनी, भ्रष्ट जडचाँहा छन् भने उनका सङ्गतबाट तल्लो स्तरका मानिस दुर्व्यसनी बन्नछन् । (स्वप्नश्च) सावधान भै काम गर्नुपर्नेमा सो गर्न नसक्नु इत्यादिले नै (अनृतस्य प्रयोता) असत् काम गराउँछन् ।

सप्त मर्यादाः कवयस्ततक्षु-
स्तासामेकामिदभ्यंहुरोगात् ।
आयोर्ह स्तम्भ उपमस्य नीडे
पथां विसर्गे धरुणेषु तस्थौ ।।

(ऋक्. १०।५।६)

पुराना ऋषिमुनिहरूले सातओटा मर्यादा (साँध) राखेका छन् । तीमध्ये कसैले एउटै मात्र मर्यादा नाघेछ, भने पनि अपराधी ठहर्छ । ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सात अपराध (पाप) मद्यपान, जूवा, पाशा आदि खेल पति पत्नी बाहेकमा व्यभिचार, सिकार खेल्न लग्नू हुनु, रीस नरोकी कुट्नु, गाली गर्नु वा मार्नु र आर्थिक भ्रष्टाचार समेत हुन् ।

उक्त सात पाप नगर्ने मानिसचाहिं (उपमस्य आयोः) नगीचमा रहने साधारण मान्छेका (नीडे) ठाउँमा (धरुणेषु स्तम्भः) दलिनहरू थाम्ने खम्बा जस्तै सबैलाई सद्व्यवहार गर्न प्रेरणा दिने आदर्श पुरुष बनेको हुन्छ । यहाँ सायणको अर्थ स्पष्ट छैन, निरुक्तमा चाहिं त्यस्ता सात अपराधमा नफस्ने मानिस पुण्यात्मा हुनाले देहान्त भएपछि (उपमस्य आयोर्नीडे तस्यौ) परमेश्वरको स्थानमा पुगेछ, भनेको छ । यी दुवै अर्थ राम्रा छन् । पहिलो अर्थ व्यवहारमा आउँछ, दोस्रो अर्थ धार्मिक दृष्टिको छ (यो अर्थ दयानन्द स्वामीको र निरुक्तको हो) । निरुक्तको र दयानन्द स्वामीको समेत दुवै अर्थ मिलाएमा यो लोक परलोक दुवै संकेत गरेको स्पष्ट छ ।

परमेश्वर एक बताइन्छ

हिरण्यगर्भः समवर्तताग्रे
भूतस्य जातः पतिरेक आसीत् ।
सदाधार पृथिवीं द्यामुतेमां
कस्मै देवाय हविषा विधेम ।।

(ऋक्. १०।१२१।१)

यस सूक्तमा जम्मा १० मन्त्र छन् । (अग्रे) सृष्टि हुनुभन्दा पहिले (हिरण्यगर्भः) भोग्य र भोक्ता आदि सबै गर्भ भैरहेका एकैओटा परमेश्वर थिए । उनै एक परमेश्वरले नै अत्यन्त ठूलो आकाश र यी देखिने पृथ्वी आदि लोक पनि थामेका छन् (उनकै सत्तावाट परिवर्तनशील संसार चालू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ) । त्यस्ता एक परमेश्वरलाई छोडेर कुन देवतालाई हवि चढाउँ ? (क शब्दको अर्थ परमेश्वर पनि हुँदा) उनै परमेश्वरको स्तुति गर्छौं वा हवि चढाउँछौं । अर्थात् ऋग्वेद मन्त्र "एकं सद्विप्रा बहुधा वदन्ति" ले ता अग्नि, वायु, सूर्य, चन्द्र, वरुण, शिव, रुद्र, विष्णु, देवी आदि नामबाट पनि उनै एक परमेश्वरको स्तुति गरेको हो भन्ने स्पष्ट भनेको हुँदा वैष्णव, शैव, शाक्त आदिको क्षुद्र साम्प्रदायिकता पनि हटाएको छ ।

अरू व्यापक अर्थ गर्दा ता गड, याहोवा, अल्लाह, खुदा आदि अनेक भाषाका अनेक नामबाट उनैलाई भनेको हो भन्ने अर्थ गर्दा ता अन्ध सांप्रदायिकतारूपी अन्धज्ञान नै उक्त मन्त्रले हटाउन सक्तछ । तर हामीले आफू शिव, विष्णु आदि नाम छोडेर अरू संप्रदायको गड, ईशु, अल्लाह आदि नाम लिंदा धर्म परिवर्तन ठहछ, त्यो अति अनुचित हो । हाम्रो धर्म वा शास्त्रमा कुनै कुराको कमी छैन ।

पुरुष एवेद ँ सर्वं यद्भूतं यच्च भाव्यम् ।
उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ।।

(ऋक्. १०।९०।१।२; यजु. ३१।२)

यी सबै भैरहेका, पहिलेका र पछि हुने पनि सबै उही एक पुरुष मात्र हो । तर त्यो पुरुष (परमेश्वर) चाहिं सदामृत (एकैनाश) छ र उसैका आधारमा यो विश्व सञ्चालित छ ।

वेनस्तत् पश्यन्निहितं गुहा
सद्यत्र विश्वं भवत्येकनीडम् ।
तस्मिन्निदं स च विचैति सर्वं
स ओतः प्रोतश्च विभूः प्रजासु ।।

(ऋक्. ४।६।२१; यजु. ३२।८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(वेनः) साधना र अध्ययनबाट समेत अध्यात्म ज्ञान पाएका मानिसले मात्र (गुहा निहितं तत् सत् पश्यन्) अति गुप्त रहेका ती सत् परमेश्वर परब्रह्मलाई जान्न सक्तछ । (यत्र विश्वं भवत्येकनीडम्) जुन परब्रह्म परमेश्वर नै सम्पूर्ण विश्वको नै एकैओटा घर हुन्छ (तस्मिन् इदं सर्वं समेति, विच एति) उनै परमेश्वरमा नै यो सबै संसारको परिवर्तन हुँदै रहन्छ अथवा संसारको नाश र उत्पत्ति हुँदै रहन्छ । (स विभूः प्रजासुः प्रोतश्च) उनै परब्रह्म परमेश्वर नै सबै मनुष्यहरूमा र अरू जीवजन्तुमा समेत कपडामा धागो जस्तै ओतप्रोत छन् ।

यः प्राणतो निमिषतो महित्वैक
इद्राजा जगतो बभूव ।
य ईशे अस्य द्विपदश्चतुष्पदः
कस्मै देवाय हविषा विधेम ।।

(ऋक्. १०।१२१।३)

जुन परमेश्वर सास फेर्ने नफेर्ने, दुई खुट्टे, चार खुट्टे (उपलक्षण हुँदा) सबै चर अचर जगत्का एकैओटा ईश्वर, राजा (शासक वा नियामक) छन्, त्यस्ता एक परमेश्वरलाई छोडेर कसलाई हवि चढाऊँ ? अथवा क (परमेश्वर) लाई स्तुति उपासना गर्छौं, वा हवि चढाउँछौं ।

यस्ता धेरै मन्त्र सबै वेदमा छन् । यजुर्वेदको सोह्रौं रुद्राध्यायमा ता शिव रुद्र पशुपति आदि नामबाट मात्र होइन, संसारलाई नै शिव सम्झेर स्तुति गरेको छ । डाँका, चोर, ठग, कुमाले, कामी, कुकुर आदि सबै जीव, रुख र जन्तुलाई नै शिवरूप मानी नमस्कार गरेको छ र यो सर्वात्मभावना हो । हुन ता चोर, ठग, डाँकालाई दण्ड गर्नुपर्छ, कुक्कुरलाई खान दिनुपर्छ, भन्ने अर्थ दयानन्द स्वामीजीले गर्नुभएको छ । तर सर्वत्र शिव स्वरूप मानेर शिवकै स्तुति गरेको हो । उनको जड शरीरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्बन्धबाट अपराध गरेमा दण्ड पनि गर्नैपर्छ, तर चोर हत्यारा, डाँकालाई उनको दुर्गुण हटाउन र अरूको रक्षा गर्न पनि पक्रने, थुन्ने आदि गर्नैपर्छ, खानपान आदि ता गराउँदै रहनू, भन्ने आशय हो । परमेश्वर एक भन्ने मन्त्र चारै वेदमा धेरै छन्, लेखी साध्यै छैन ।

तदेवाग्निस्तदादित्यस्तद्वायुस्तदु चन्द्रमाः ।
तदेव शुक्रं तद्ब्रह्म ता आपः स प्रजापतिः ।।

(यजु. ३२।१)

उही परब्रह्म नै अग्नि, वायु, सूर्य, चन्द्रमा, शुक्र (उज्यालो), ब्रह्म (ज्ञान वेद), पानी र प्रजापतिसमेत हुन् । यी सबै देखिने नदेखिने पनि सबै पदार्थ परब्रह्म नै हुन् (उ नभएको ठाउँ छैन) ।

एषो ह देवः प्रदिशोऽनु सर्वाः
पूर्वो ह जातः स उ गर्भे अन्तः ।
स एव जातः स जनिष्यमाणः
प्रत्यङ् जनास्तिष्ठति सर्वतोमुखः ।।

(यजु. ३२।४)

(हे जनाः) ए मनुष्य हो ! उही यो परमेश्वर नै दिशाविदिशा सबैतर्फ छ । सबैभन्दा पहिले उही थियो, गर्भभित्र उही छ, उही जन्मन्छ, पछि पनि उही नै हुनेछ (स सर्वतोमुखः प्रत्यक् तिष्ठति) सबैतिर मुख आदि अवयव वा शक्ति भएर त्यही रहेको छ । अर्थात् उसैको शक्ति सबैतिर छ ।

विश्वतश्चक्षुरुत विश्वतोमुखो
विश्वतो बाहुरुत विश्वतस्पात् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सं बाहुभ्यां धमति संपतत्रै-
र्द्यावा भूमी जनयन्देव एकः ।।
(यजु. १७। १९; ऋक्. १०।८१।३)

त्यो एक परमेश्वर सबै पृथ्वी आदि र आकाशसमेत उत्पन्न गर्ने एउटा नै सबैतिर आँखा, मुख, बाहु, पाउ आदि सबै अवयवहरूको शक्ति भएको छ र त्यसैको शक्तिबाट सबै सञ्चालित छन् ।

परमेश्वर र जगत्का विषयमा शङ्का

हिरण्यगर्भसूक्तका मन्त्रले र भक्तिमार्गका मन्त्रहरूले चाहिं परमेश्वरको शक्तिबाटै यो परिवर्तनशील जगत् सञ्चालित छ, र उनैको भक्ति गर्नुपर्छ इत्यादि भाव प्रकट हुन्छ, तर यजु. अ. ३२ का "तदेवाग्नि, एषो ह देव" इत्यादि मन्त्रवाट र 'पुरुष एवेदम्' इत्यादि ऋग्मन्त्रवाट पनि यी भूत, वर्तमान, भविष्यत् सब उही परमेश्वर मात्र हुन् भनेको छ । शाङ्कर वेदान्तमा जगत् स्वप्न जस्तै मिथ्या हो, एक ब्रह्मा नै सबै जगत् भ्रमबाटै देखिदैछ, भन्ने कुरा प्रकट हुन्छ । यसैले यहाँ कुन अर्थ ठीक हो ? भन्ने शङ्का हुन्छ ।

उत्तर— "पुरुष एवेदं सर्वम्" ले सबै उही ईश्वर हो, भने पनि त्यहींको तेस्रो मन्त्र "एतावानस्य महिमाऽतो ज्यायांश्च पुरुषः" अर्थात् उसैको सत्ताबाट देखिएको यो जगत् महिमा (अपार अचिन्त्य महत्त्व) प्रकट भएको मात्र हो र जड र चेतन समेत दुई रूपबाट चालू देख्दैछौं । तर ईश्वरचाहिं अति महान् छ, र जगत्भर अनि जगत्बाहिर पनि छ । त्यसको आदि अन्त्य केही भन्न सकिदैन । मुख्य कुरा "स ओतः प्रोतश्च विभूः प्रजासु" (३३।८) सबै प्राणीमा उही ईश्वर ओत र प्रोत छ भनेको छ । त्यसै हुँदा जगत् मिथ्या भन्ने कुरा प्रकट भएको देखिदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्ति

भक्ति मार्गका मन्त्र अति थोरै देखाइन्छन्—

त्वं त्राता तरणेः चैत्यो भूः ।
पितामाता सदमिन्मानुषाणाम् ।।

(ऋक्. ६।१।४)

ए कष्टबाट तार्ने परमेश्वर ? हामी मनुष्यहरूको रक्षा गर्ने चेतना दिने मातापिता नै सदाका लागि तपाई नै हुनुहुन्छ ।

त्वं हि नः पिता वसो ! माता शतक्रतो
बभूविथ अधाते सुम्नमीमहे ।

(ऋक्. ६।७।२)

ए वसो ! सर्वत्र रहने ए शतक्रतो ! अनन्त ज्ञानले पूर्ण परमेश्वर ! तपाईबाट हामी सबैको कल्याण होस् भन्ने प्रार्थना गर्दछौं ।

पतिर्बभूथा असमो जनानामेको
विश्वस्य भुवनस्य राजा ।

(ऋक्. ६।३६।४)

ए परमेश्वर ! पृथ्वीको मात्र होइन, सबै भुवनको एकैओटा राजा (शासक, सञ्चालक) तपाई हुनुहुन्छ, तपाईको बराबर कोही छैन (यी मन्त्र यजुर्वेदमा पनि छन्) ।

दार्शनिक मन्त्रहरू

हुन ता यजुर्वेदको चालिसौं अध्याय, पुरुषसूक्तका ईश्वरबारेका माथिका मन्त्र दार्शनिकै मानिन्छन् । मुख्य गरी ऋग्वेद नासदीय सूक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि पनि दर्शनमा मुख्य मानेकोले थोरै देखाइन्छ। संसारका मूल पदार्थ र ईश्वर अनीश्वर बारेको विचार नै दर्शनशास्त्र हो।

अचेल सांख्य, वेदान्त, न्याय, मीमांसा, योग र वैशेषिक छ दर्शनलाई आस्तिक दर्शन भन्दछन्। ईश्वर र वेद प्रमाण नमान्ने बौद्धतर्फ चार दर्शन र जैन चार्वाक आदिका समेत १२ अथवा अरू पनि वेसी दर्शनमा गनिन्छन्।

नासदीय सूक्तको पहिलो मन्त्र नासदासीत् हो, त्यसो हुँदा नासदीय सूक्त नाम छ। जम्मा सात मन्त्र छन्। ती मन्त्रको अर्थ अष्ठचारो छ, तापनि संस्कृत व्याकरणको र अनेक भाष्यहरूको सहयोगबाट लेखिन्छ।

नासदासीन्नो सदासीत् तदानीं
नासीद्रजो नोव्योमा पुरोयत्।
किमावरीयः कुहकस्य शर्म्मन्
तम्मः किमासीद्ग हनं गभीरम् ।।

(ऋक्. १०।१२९।१)

(तदानीम्) सृष्टिभन्दा पहिलेको समयमा (न असत् आसीत्) केही थिएन, भन्न सकिदैन (नो सत् आसीत्) सृष्टि नभएकोले कुनै पदार्थ थियो भन्न पनि सकिदैन। (न रजः न व्योम) सृष्टिभन्दा पहिले परमाणु र आकाश पनि थिएन (किम् आवरीयः कुहकस्य शर्मन्) आकाश ता थिएन भने कहाँ के थियो त? (गहनं गभीरं अम्भ आसीत् किम्?) पानी नै सबैको जीवन हुनाले नदेखिने सूक्ष्म रूपमा पानी ता थियो कि त? (यी तर्क र प्रश्न पनि हुन्)।

न मृत्युरासीदमृतं न तर्हि
न रात्र्या अन्द्व आसीत् प्रकेतः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसीदवातं स्वधया तदेकं
तस्माद्धान्यन्न परः किंचनास ॥२॥

(ऋक्. १०।१२९।२)

(तर्हि न मृत्युः आसीत् अमृतं न) त्यस समयमा जीव नै नहुनाले मृत्यु अथवा अमृत पनि थिएन। (रात्र्या अह्नः प्रकेतः न आसीत्) सूर्य नै नहुनाले रात र दिनको चिह्न पनि थिएन। (अवातं तत् एकं स्वधया आसीत्) वायु पनि थिएन, तर त्यो एक परब्रह्मचाहिं आफ्ना शक्तिका साथ थियो। (तस्मात् ह अन्यत् परः किंचन न आस) त्यो एक परब्रह्मबाहेक अर्को केही पनि थिएन।

विशेष कुरा– अद्वैत वेदान्तीहरू चाहिं त्यो परब्रह्मबाहेक अरू केही थिएन, भनेकाले ब्रह्मबाट जड र चेतनको आकाशादि क्रमबाट सृष्टि भयो भन्छन्। संसारलाई सपना जस्तो मिथ्या मान्ने वेदान्तीचाहिं मुक्ति नभएसम्म संसार छ, आत्मज्ञान भएपछि सबै संसारै छैन सपना जस्तै हराउँछ भन्छन्। अर्का थरी वेदान्ती र सांख्य योग दर्शनचाहिं, स्वधया भनेकोले सम्पूर्ण जड पदार्थको उपादान कारण रूप एक मूल प्रकृति अति सूक्ष्मका साथ परब्रह्म छ, महदादि क्रमले सृष्टि हुन्छ भन्दछन्। न्याय र वैशषिकले चाहिं आकाश आदि जड भए पनि नित्यै छन्; पृथ्वी, पानी, तेज, वायु अनित्य भए पनि यिनका परमाणु नित्यै छन्; परमेश्वरले तिनै परमाणुबाट नित्य आकाशमा सृष्टि गर्छन् भनेको छ।

तर्क– त्यो परब्रह्म बाहेक आकाश पनि थिएन भन्ने कुरा मनले मात्र नसक्ने हुँदा पञ्चदशी नामको वेदान्तको पुस्तकमा छ कि

"अत्यन्तं निर्जगद् व्योम यथा ते बुद्धिमाश्रितम्।
तथैव सन्निराकारं कुतो नाश्रयते मतिम्॥"

अर्थात् केही नभएको आकाश जसरी मानिन्छ, त्यस्तै आकाश नभए पनि सृष्टिभन्दा पहिले आकाश जस्तै व्यापक परब्रह्म मात्र थियो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने कुरा बुद्धिले मात्र सक्तछ। त्यसै हुँदा वेदको चालीसौं अध्यायको अन्त्यमा "ॐ खं ब्रह्म" आकाश जस्तै व्यापक ब्रह्म हो भनेको छ।

प्रार्थना मन्त्र

सबै संप्रदायहरूले पृथ्वीभरमा नै बालकहरूले आमा बाबुका साथमा मागे जस्तै आफ्ना भाषाबाट स्तुति गर्ने गरेकै छन्। माथि भक्तिमार्गका मन्त्रले पनि प्रार्थना नै गरे, तर रामायण, महाभारत र पुराणमा पहिले हजारौं वर्ष बाँचेका र तप गरेका कथा हुनाले तीभन्दा पुराना वेदका आयु बताउने प्रार्थना मन्त्र थोरै देखाइन्छ। हाम्रा पुराना पुरुखा हजारौं वर्ष बाँच्थे, आकाशमा उड्थे इत्यादि कुरा महत्त्व बढाई पूर्वजहरूमा श्रद्धा प्रकट गर्न पनि वेदपछिका धेरै ग्रन्थमा बताएको देखिन्छ। हाम्रै उन्नतिका निम्ति बताएकोले दोष दिनु अनुचित हो तापनि अति पुरानु सत्य कुरा पनि अति आवश्यक हुँदा थोरै प्रार्थनाका वेदमन्त्र देखाइन्छन्। जसमा मनुष्यको आयु सय वर्षसम्म मात्र बताएको छ।

आयुर्वेदले नियमले सोमलता आदिको सेवन गर्दा धेरै आयु बढ्न सक्तछ भनेको छ। योग सिद्ध हुँदा पनि आयु बढ्छ भनेको छ, र आकाशमा जान्छ पनि भनेको छ।

शतमिन्नु शरदो अन्ति देवा
यत्रा नश्चक्रा जरसं तनूनाम्।
पुत्रासो यत्र पितरो भवन्ति
मा नो मध्या रीरिषतायुर्गन्तोः॥

(ऋक्. १।८९।९; यजु. २५।२१)

देव शब्दको प्रकाश पनि अर्थ हुँदा यहाँ इन्द्रियशक्ति अर्थ लिन सकिन्छ। (देवाः) हाम्रा यी इन्द्रिय शक्तिहरू सय वर्षसम्म नै सार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहून् । जुन सय वर्षभित्रै शरीर बूढो हुन्छ, जुन वृद्धावस्थामा छोराहरू पनि पिता बन्नेछन् (यो उपलक्षण हुँदा सय वर्ष बाँच्दा कयौंका नाति पनाति हुने हुँदा पिता मात्र होइन, पितामहाः भवन्ति, भन्ने अर्थ गर्न सकिन्छ) । सय वर्ष पुरनुभन्दा पहिल्यै बीचैमा हाम्रो आयु नमासियोस् ।

आ नो भद्राः क्रतवो यन्तु विश्व-
तोऽदब्धासो अपरीतास उद्भिदः ।
देवानो यथा सदमिद्वृधे असन्नप्रा-
युवो रक्षितारो दिवेदिवे ।।

(ऋक्. १।८८।१)

हाम्रा (क्रतवः) विचारहरू (भद्राः) उत्तम काम गराउने मात्र आऊन् । ती कस्ता भने कुनै काम, क्रोध, लोभले नभेटेका र वरपर नयाँ नयाँ काम गराउने मात्र होऊन् । जुन सद्विचारले गर्दा देवताहरू हाम्रो सदा उन्नति वृद्धि गराउन सावधान भै दिनदिनै लागिरहून् ।

विशेष कुरा– ठूला शक्ति भएका अनेक देवता पनि मान्ने गरेको हुँदा त्यो अर्थ गरियो, तर देव शब्दको इन्द्रियशक्ति पनि अर्थ हुने हुनाले हाम्रा मनसहित एघार इन्द्रियहरूले नै अनावश्यक र अनर्थ गराउने काम, क्रोध, लोभ, प्रमाद, आलस्य आदि अति हानि गराउनेतर्फ लगाउँदै तल्ला दर्जाको मान्छे गराउँछन् । ती एघार इन्द्रियमध्ये पनि अन्तःकरण (मन, बुद्धि, अहंकार) ले अरू दश इन्द्रियहरूको सञ्चालन गर्दछन् र उन्नत पनि गराउँछन् । अन्तःकरणले नै नराम्रो विचार पैदा गरेर मानिसलाई पशुभन्दा पनि गएगुज्रेको जङ्घाँहा गराउँछन् । त्यो अन्तः करणलाई बुद्धि वा मन भन्ने गरेको छ । त्यसै हुँदा ऋग्वेदमा र यजुर्वेदमा शिवसंकल्पसूक्तका ६ मन्त्रहरूले नै अलग बताएको छ । तिनमा अन्तिम मन्त्र हेर्नोंः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुषारथिरश्वानिव यन्मनुष्या-
न्नेनीयतेऽभीशुभिर्वाजिन इव ।
हृत्प्रतिष्ठं यदजिरं जविष्ठं
तन्मे मनः शिवसंकल्पमस्तु ।।

(यजु. ३४।६)

जस्तै असल सारथि (रथ हाँक्ने) मानिसले घोडाहरूलाई लगामले तानेर जताततै लाँदै रहन्छ, त्यस्तै गरी हाम्रो वा मेरो मन सत्बाट असत् जुनसुकै काममा पनि लगाउँदै रहन्छ । त्यसो हुँदा त्यस्तो मेरो मन (शिवसंकल्पम् अस्तु) राम्रो कुरा मात्र चिताउने होस् ।

अग्नि नामबाट ईश्वरको प्रार्थना

परि माग्ने दुश्चरिताद्बाधस्वा मा सुचरिते भज ।
उदायुषा स्वायुषोदस्थाममृतां अनु ।।

(यजु. ४।२८)

ए परमेश्वर ! मलाई दुश्चरित्रबाट रोकेर सच्चरित्रतर्फ लगाइ-दिनुहोस्, जसबाट उन्नत र कल्याण गर्ने आयुद्वारा अमृत (परमेश्वर) को रूप पाउन सकौं ।

यां मेधां देवगणाः पितरश्चोपासते ।
तया मामद्य मेधयाग्ने मेधाविनं कुरु स्वाहा ।।

(यजु. ३२।१४)

मेधा शब्दको अर्थ सुनेका देखेका बुझेका कुरा धारण गर्न सक्नु हो । "धीः धीरणावती मेधा" अमरकोषले भन्छ । त्यस्तो स्मृतिशक्तिलाई देवताहरू र पितृहरू पनि पाउन चाहन्छन् । अथवा अति सम्मान पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गछंन्, त्यस्तो मेधावाट मलाई पनि हे तेजोमय परमेश्वर ! मेधावी (स्मरण शक्तिवाला) गराइदिनुहोस् । तपाईलाई चढाउँछु । स्वाहाको अर्थ आगामा घिउ आदि सुगन्धी पदार्थ चढाउनु अथवा देवतालाई चढाउनु पनि अर्थ गरेका छन् ।

दृष्ट्वा रूपे व्याकरोत् सत्यानृते प्रजापतिः ।
अश्रद्धामनृतेऽदधाच्छ्रद्धा सत्ये प्रजापतिः ।।

(यजु. १९।७७)

संसारमा सत् र असत् दुई बाटो परमेश्वरबाट अलग बनाएको छ । असत् बाटोतर्फ अश्रद्धा गर्नू, सत् (सत्य) तर्फ मात्र श्रद्धा गर्नू भनेको छ । अर्थात् सर्वत्र सत् असत् (सत्य र अनृत) छन् । सत्तर्फ मात्रमा लाग्नू असत् छोड्नू ।

सत्य कसरी पाउनु ?

व्रतेन दीक्षामाप्नोति दीक्षयाऽप्नोति दक्षिणाम् ।
दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते ।।

(यजु. १९।३०)

मद्यपान, जूवा, व्यभिचार, आर्थिक भ्रष्टाचार आदि असत् काम चटकै छोड्नु नै मुख्य व्रत हो । त्यसबाट सत् काम मात्र गर्ने विचार बढ्दै दक्षता (सीप पाउनु), दीक्षा मिल्दछ । दीक्षाबाट दक्षिणा अनेक काममा सफलता पाइन्छ । त्यसबाट श्रद्धा त्यस्तै काममा मात्र लाग्ने दृढ रहने इच्छा बढेमा त्यसैबाट सत्य पाउन सकिन्छ ।

यशो मा द्यावा पृथिवी यशोमेन्द्रा बृहस्पतिः
यशो भगस्य विन्दतु यशो मा प्रति मुच्यताम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यशस्व्यस्याः संसदोऽहं प्रवदिता स्याम् ।

(सामवेद ९।३।१०)

आकाश र पृथ्वीबाट मलाई यश (कीर्ति) मिलोस् । इन्द्र र बृहस्पतिले मलाई कीर्ति दिऊन् । भग देवताको कीर्ति मलाई आओस् । यस संसद् सभामा प्रवचन (भाषण) गर्नेमध्ये यशस्वी श्रेष्ठ मै बनौं ।

समाचमा समितिश्चावतां
प्रजापतेर्दुहितरौ संविदाने ।
येन संगच्छा उपमा स शिक्षा-
च्चारुवदानि पितरः संगतेषु ।।

(अथर्ववेद ७।१२।१)

सभा (मनुष्यहरू विचार प्रकट गर्न जम्मा भएको ठाउँ) समिति (सङ्गठन) यी दुवै प्रजापतिका छोरी हुन् (जसमा जाँदा शिक्षा मिल्दछ) । त्यस्ता संगत (मनुष्य समाज) भएका ठाउँमा राम्रो बोल्न सकौं, कुशिक्षा मिल्ने सभामा होइन ।

तुषे जनाय सच्चासच्च वचसी पस्पृधाते ।
तयोर्यत्सत्यं यतरद्रजीय ऋदित्सोमो हन्त्यसत् ।।

(ऋक्. ७।१०४।१२)

ए मनुष्य हो ! सत् र असत् दुई प्रकारका बोलीमध्ये कुन बोल्ने ? भन्ने स्पर्धा हुन्छ । तर दुईमध्ये सत्य नै बलियो हुँदा त्यसले असत्लाई जित्दछ, नष्ट गर्दछ ।

सत्यमेव जयते नानृतं
सत्येन पन्था विततो देवयानः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

येनाक्रमन्त्यृषयो ह्याप्तकामा-
स्तत्र यत्सत्यस्य परमं निधानम् ।।

(अथर्ववेदीय मुण्डकोपनिषद् ३।१।६)

सत्यले मात्र जित्दछ, झूटाले जित्दैन । सत्यले नै देवलोकको बाटो (उत्तम बाटो) तर्फ लान्छ अर्थात् उँभो लगाउँछ । सत्यतर्फ मात्र लागेका ऋषिमुनिहरू आफ्ना इच्छा लागेको कुरा पाएर सबै सत्यको खानि सत् चित् आनन्द स्वरूप परमेश्वरलाई भेट्दछन् ।

ऋतस्य शुरुधः सन्ति पूर्वी
ऋतस्य धातिर्वृजिनानि हन्ति ।
ऋतस्य श्लोको वधिरा ततर्द
कर्णाः बुधानः शुचमान आयोः ।।

(ऋक. ४।२३।१)

(ऋतस्य पूर्वीः शुरुधः सन्ति) पुरानु समयदेखि नै सत् व्यवहार-बाट (शुरुधः) पाप हटाउने शक्ति मिल्दै आएको छ । (ऋतस्य धातिर्वृजिनानि हन्ति) सत् व्यवहार गर्ने निश्चिय मनमा बसिरहेछ भने पापहरू नष्ट हुन्छन् । (ऋतस्य श्लोकः) सत्यको यथार्थ उपदेशले (आयोः वधिराः कर्णाः ततर्द) मनुष्यको सत् कुरा नसुनेर बहिरो जस्तो कानको पर्दा हटाउँछ र (बुधानः शुचमानः) जान्दै बुझ्दै शुद्ध पवित्र बन्दछ ।

प्रत्नान्मानादध्याये समस्वरन्
श्लोक यन्त्रासो रभसस्य मन्तवः ।
अपानक्षासो वधिरा अहासत
ऋतस्य पन्था न तरन्ति दुस्कृतः ।।

(ऋक्. ९।७३।६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अनक्षासः) आँखा नभएका अज्ञानी (वधिराः) हित गर्ने उत्तम कुरा नसुन्ने बहिरा (दुस्कृतः) मद्यपान, चोरी, हिंसा आदि गर्ने दुराचारी मानिसहरू (अपाहासत) राम्रो बाटो छोडे। तिनीहरू (ऋतस्य पन्था न तरन्ति) सत्यको बाटो पार गर्न सक्तैनन्। (ये प्रत्नात् मानात् अध्या) पुराना उत्तम विद्वान्बाट आएको सत् उपदेशलाई (समस्वरन्) लिन्छन् र (श्लोकयन्त्रासो रभसस्य मन्तवः) सत् उपदेशबाट नियन्त्रित भै मानेर सद् व्यवहार मात्र गर्छन्, ती मान्छे सत् बाटो हिंड्दै पार गर्न सक्तछन्।

यो जागार तमृचः कामयन्ते,
यो जागार तमु सामानि यन्ति।
यो जागार तमयं सोम आह
तवाहमस्मि सख्ये न्योकः॥

(ऋक्. ५।४४।१४)

जुन मानिस जागा रहन्छ (अल्छचाइ, ढिलासुस्ती नगरी सत् काममा लागि रहन्छ) त्यस्तै मानिसलाई ऋग्वेद, सामवेद आदि अनेक विद्या, इलम, उद्योग आदिबाट जीविका र कीर्ति आदि अनेक आवश्यक कुरा आउँदै रहन्छन्। जो जागा रहन्छ, त्यस्तै मानिसलाई (तव सख्ये अहं न्योकः अस्मि, इति सोम आह अर्थात् तिम्रो साथी भै म सदा तिमी सँगै साथै बस्तछु इत्यादि कुरा) आयु, आरोग्य, बल, बुद्धि बढाउने औषधिको राजा सोमलताले भन्दछ। अथवा उमाले सहित शिव परमेश्वरै सदा सहयोगी बनेर उन्नत बनाउँछन्। उमाको अर्थ पार्वती वा परमेश्वरको अचिन्त्य शक्ति पनि हुन्छ। अर्थात् त्यस्ता जाँगरिला मान्छेले परमेश्वरको शक्ति पाउन सक्तछ (वेदहरूमा शिव, रुद्र नामबाट ईश्वरको स्तुति छ। तर उनको विवाह अथवा उनकी पत्नी उमा पार्वती आदि देखिदैनन्)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्तु तन्वन् रजसो भानुमन्विहि
ज्योतिष्मतः पथो रक्ष धिया कृतान् ।
अनुल्बणं वयत जोगवामपो
मनुर्भव जनय दैव्यं जनम् ।।

(ऋक्. १०।५३।६)

ए मनुष्य ! (तन्तुं तन्वन् रजसो भानुम् अन्विहि) तिमी पुरानु इतिहास ज्ञानरूपी तन्तु (परम्परा) लाई चालू राख्दै, बढाउँदै धमिलो र अँध्यारोलाई चट्ट छोडेर उज्यालोतर्फ लाग । (धिया कृतान् ज्योतिष्मतः पथो रक्ष) बुद्धि पुऱ्याएर गरेका र बताएका उज्याला बाटालाई रक्षा गर (विघ्न नदेऊ), (जोगवाम अपः अनुल्बणं वयत) बुद्धिमान् विद्वान्हरूले चालू गरेको सद्व्यवहारलाई नघमिल्याई अगाडि बढाऊ । (मनुर्भव= जनं दैव्यं जनय) तिमी सच्चा मनुष्य होऊ र साधारण जनलाई पनि दैवी सद्गुणले युक्त बनाऊ ।

उदरपूर्ति मात्र नगर्नू

माथि एक परमेश्वर र उनको प्रार्थना गर्नू भन्ने मन्त्रका साथै असत् काम छोड्नू र सत्काममा मात्र लाग्नुपर्छ इत्यादि कुरा बताइयो । तर परमेश्वरको प्रार्थना, पाठपूजा ता खूब गर्ने तर असत् छोडी सत् काममा मात्र नलागेर पेट मात्र पाल्ने मानिसको निन्दा पनि बताइन्छ—

न तं विदाथ य इमा
जजानान्यद्युष्माकमन्तरं बभूव ।
नीहारेण प्रावृता जल्प्याचासुतृप
उक्थशासश्चरन्ति ।।

(ऋक्. १०।८२।७; यजु. १७।३१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस सूक्तमा अति चाखिला ७ मन्त्र छन् । जिज्ञासु, विद्वान्ले हेर्नु बुझ्नु आवश्यक छ ।

ए मनुष्य हो ! यस संसारलाई जसले सृष्टि गरेको छ, उनलाई स्तुति, प्रार्थना, पाठपूजा मात्र गरेर हुँदैन । उनलाई पाउने बाटोलाई काम, क्रोध, लोभ आदिले (अन्तरं बभूव) छेकेर रोकेको छ (नीहारेण प्रावृताः) अज्ञानरूपी कुहिराले तिमीहरूको ज्ञानलाई ढाकेको छ, र (उक्थशासः असुतृपः जल्पयां चरन्ति) तिमीहरू स्तुति पाठपूजा ता गर्ने, तर पेट मात्र पाल्ने हुँदा र दोषसमेत भई समय सक्तैछौ ।

अर्थात् स्तुति, प्रार्थना, पाठपूजा आदिका सार्थ काम, क्रोध, लोभको वेग रोक्ने सद्व्यवहार पनि चालू राख्नुपर्छ, भन्ने मुख्य अर्थ छ । साथि सबैजनालाई देव (श्रेष्ठ) बनाऊ भनियो, अब सबैलाई आर्य बनाऊ भनिन्छ ।

इन्द्रं वर्धन्तो अप्तुरः कृण्वन्तो विश्वमार्यम् ।
अपघ्नन्तो अराव्णः ।।

(ऋक्. ९।६३।५)

ए मनुष्य हो ! तिमीहरू (इन्द्रं वर्धन्तः) शूरवीर निर्भय भई सत्कर्म गर्ने महापुरुषलाई (वा इन्द्रलाई) बढाउँदै (अप्तुरः) सत् काम गर्ने भई (अराव्णः अपघ्नन्तः) शत्रुलाई हटाउँदै (विश्वम् आर्यं कृण्वन्तः) संसारलाई नै सर्वश्रेष्ठ बनाउँदै रहनू ।

स्वामी करपात्रीजीले सोमको प्रकरण हुनाले विश्वम् आर्यं कृण्वन्तः सोमरसलाई नै श्रेष्ठ बनाउनू भनेको हो, आर्य जात ता ब्राह्मण, क्षत्रिय र वैश्य मात्र हुन्, भन्ने लेखेको छ । तर अति परम्परावादी हुनाले तीन जात बाहेक सबै मनुष्य अनार्य हुन् भन्ने उनको मत हो । कर्यो स्मृतिवाट त्यो कुरा प्रकट नभएको अन्त लेखियो । वेद वाल्मीकि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामायण, महाभारत, बौद्धग्रन्थ र अमरकोषले पनि सभ्य सज्जनलाई नै आर्य भनेको छ र दुष्ट दुर्जन ब्राह्मण पनि अनार्य हुन् ।।६१।।

मदन दीक्षितज्यूले र अरूले पनि आर्य शब्दको जात अर्थ र उक्त संसारलाई आर्य गराऊ भन्ने अर्थ होइन पनि भनेकोमा लेखकले 'त्यो युग' को आलोचना गर्दा खण्डन गरेको छ । आर्य वा वैदिकहरू पश्चिम इरानतर्फबाट आएका हुन् भन्नेमा अहिलेसम्म कुनै विद्वान्ले पनि कुनै एउटै प्रमाण पनि दिन सकेका छैनन् । अंग्रेजी शासन थालेपछि यी कुरा उब्जेका हुन् र नेपालको पाठ्यपुस्तक इतिहास ९।१० को (२) को पृष्ठ १६८ देखि पृष्ठ १७१ सम्ममा पनि त्यही कुरा सुगाले जस्तै दोहोऱ्याउँदै छन् । त्यो कुरा अति असत्य हो । कुन् महापण्डित भनिने राहुल सांकृत्यायनले 'भोल्गा से गङ्गा तक' भन्ने पुस्तकमा मुख्य र अरूमा पनि घेरै असत्य कुरा लेखेका छन् । उनी नेपालमा पनि आएथे । जनकलाल शर्मा आदि विद्वान्हरू उनैबाट प्रभावित भई लेख्छन् । कवि लक्ष्मीप्रसाद देवकोटा आदि प्रभावित भएनन्, भन्ने बुझिएथ्यो ।

कुन् मोदनाथ प्रश्रितज्यू ता उग्ररूप लिएर हाम्रा वेद आदि सत् शास्त्रका बारेको श्रद्धा हाम्रा भावी पिढीका हृदयैदेखि उखेलेर फाल्ने मात्र होइन, अहिलेसम्म वल्लोघर, पल्लोघर भई बसेका किरात र तराइमा बस्ने अनेक काला मानिसका साथ शत्रुता बढाउने, आर्य ता विदेशी बाफबैरी पो रहेछन् इत्यादि दिमागी अणुबम चखिलो हुने गरी त्यही अणुबम समातेर नयाँ पीढीको दिमागमा घुसाउन 'देवासुर संग्राम' बाट कुन् कडा गरी थपथाप गर्दै तयार गरी हान्नुभएछ, र नयाँ पिढीमा घुस्तैछ । जस्तै–

म त यै राख्छु, प्रस्ताव यो गोरो आर्यवंशले ।
भुट्नै पर्दछ काला र नेप्टाको बिऊ, औ जरा ।।

दुष्ट, दुर्जन, नीचकर्म गर्ने मानिसलाई पनि आर्य सज्जन बनाउनुपर्छ भन्ने आशय तलका मन्त्रले प्रकट गर्दछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सभ्य सज्जन बन

ॐ आ संयतमिन्द्र णः
स्वस्ति शत्रुतुर्याय बृहतीममृधाम् ।
यया दासान्यार्याणि वृत्राऽकरो
वज्रिन् सुतुका नाहुषाणि ।।

(ऋक्. ६।२२।१०)

हे इन्द्र ! वज्रिन् (शत्रुतुर्याय) शत्रुहरूलाई तानें[1] (बृहतीम् अमृधाम्) ठूलो र हिंसा नहुने (संयतम्) मेलमिलाप हुने (नः) हामीहरू-लाई (स्वस्ति) कल्याण गराउने बुद्धि देऊ । (यया) जुन बुद्धिले (दासानि नाहुषाणि) सत्कर्म नगर्ने मनुष्य जातलाई पनि (वृत्रा) हानि गर्ने शत्रुलाई पनि (सुतुका आर्याणि अकरः) असल हित गर्ने आर्य श्रेष्ठ, सभ्य, सत् कर्म गर्ने बनाऊ ।।६२।।

प्रसूत इन्द्र प्रवता हरिभ्यां
प्रते वज्रः प्रमृणन्नेतु शत्रून् ।
जहि प्रतीचो अनूचः पराचो
विश्वं सत्यं कृणुहि विष्टमस्तु ।।

(ऋक्. ३।३०।६)

हे इन्द्र ! (हरिभ्यां युक्तो रथः) घोडाले युक्त भएको रथ (प्रवता=

---

१. हुन ता तुर्यको अर्थ बाजाहरू र युद्ध पनि हुन्छ । तर यहाँ 'बृह-तीम् अमृधां स्वस्ति' समेत हुँदा शत्रुलाई सुधारेर मित्र बनाउने प्रेरणा दिँदै सबैलाई सभ्य बनाऊ इत्यादि स्पष्टै देखिन्छ । सायणको पनि यही मत हुँदा यही अर्थ ठीक छ । करपात्रीजीको अर्थ अति परम्परावादी हो, यसलाई सत्य मान्न सकिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवणेन मार्गेण) बाटोबाट (एतु=गच्छतु) जाओस् । (ते वज्रः शत्रून् प्रमृणन् एतु) तपाईको वज्र हतियारचाहि शत्रुहरूलाई नाश गर्दै जाओस् (त्वं च) तपाईचाहि (प्रतीचः) सम्मुख भै अगाडि आउने, (अनूचः=पृष्ठत आगच्छतः) पछाडिबाट आउनेलाई (पराचः=आभिमुख्यं त्यक्त्वा छिद्रान्वेषिणश्च शत्रून्) अगाडि देखापरेर नआउने अवसर खोजेर आउने शत्रुहरूलाई (जहि=नाशय) नाश गर । यसरी दुष्ट शत्रुहरूको नाश गरेपछि (विश्वं सत्यं कृणुहि=सर्वं जगत् सत्यव्यवहारपरायणं कृणुहि) संसारकै मनुष्यहरूलाई सद्व्यवहारमा लाग्ने गराउनुहोस् । (विष्टम् अस्तु=दुर्जनराहित्यात् सर्वे मनुष्याः सद्व्यवहारप्रविष्टा भवन्तु) दुर्जन मान्छे समाप्त भएकाले सबै मान्छे सद्व्यवहारमा लाग्ने होऊन् ।।६३।।

तपसा ये अनाधृष्यास्तपसा ये स्वर्ययुः ।
तपो ये चक्रिरे महस्तांश्चिदेवापि गच्छतात् ।।

(ऋक्. १०।१५४।२)

जुन मानिस तप गरेर कतैबाट पनि (अनाधृष्याः) नदबाइने भई उन्नत बने, जो तपले स्वर्ग गए अथवा सुख पाए, जसले ठूलो तप गरे (तांश्चित् एव अपि गच्छतात्) तिनकै पछि हिंड । अर्थात् त्यस्ता तपस्वी मान्छेको पछि लागेर उत्तम काम गर्दा मात्र उत्तम बनिन्छ ।

विशेष– उपवास, कृच्छ, चान्द्रायण आदि शारीरिक कष्ट हुने काम-लाई नै पुराणहरूमा तप भन्दै ध्रुव इत्यादि अनेक महापुरुषको तप बताएको छ। तर गीता (अध्याय १७।१९) ले त्यो शरीरको स्वास्थ्य बिगार्ने तमोगुणी तप हो, भन्दै शरीर, मन, बोलीबाट सत् काम गर्दै रहनु नै तप हो भनेको छ । मद्य मांस त्यागेर ठीक खानपान, ब्रह्मचर्य आदि गर्दै काम, क्रोध, लोभ त्यागी सद्व्यवहार गर्दै रहनु नै तप हो ।।६३।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ये युध्यन्ते प्रधनेषु शूरासो ये तनुत्यजः ।
ये वा सहस्रदक्षिणास्तांश्चिदेवापि गच्छतात् ।।

(ऋक्. १०।१४।३)

अथवा जो मानिस देश र जनताको कल्याण गर्न युद्ध गर्दै शरीरै त्याग्ने, शूरवीर अथवा (ये सहस्रदक्षिणाः) जो सत् कामका निम्ति हजारौं धन खर्च गर्न सक्तछन्, तिनकै पछि हिंड ।।६४।।

ये चित्पूर्वमृतासाप ऋतावान ऋतावृधः ।
पितॄन् तपस्यतो यम तपोजा अपि गच्छतात् ।।

(ऋक्. १०।१४।४)

(ये ऋतासापः) जुनले (ऋत) सत्यलाई पाएथे, जुन मानिस (ऋतावानः) सत्यले युक्त छन्, (ऋतावृधः) सत्यलाई बढाउने वा सत्य-बाटै उन्नत बनेका छन् । (तादृशात् तपस्यतः पितॄन् हे यम ! तपोजा त्वमपि गच्छतात्) तपस्याबाटै जन्मेका तिमी पनि कुनै पुरुखाका पछि हिंड ।

यमीले जुम्ल्याहा दाजु यमलाई सदुपदेश गरेको हो, भन्ने कुरा सायण आदिले अर्थ गर्दै उक्त मन्त्रहरूको ऋषि यमी हुन्, भनेका छन् । हुन त अथर्ववेदमा "नानुगा पितॄन्" पितृहरूले जे जे गरेथे त्यतैतिर मात्र लाग्नु हुँदैन भन्ने बताइन्छ. तर यहाँचाहि "पितॄन अपि गच्छतात्" पितृहरूको बाटोमा लाग्नू भनेकोले कुन ठीक हो ? भन्ने शङ्का हुन्छ, तर तपस्यतः भनेकोले सद्व्यवहार, सत् कर्म गर्ने पितृहरूको सद्गुण लिनु भनेको हो । बुद्ध, शङ्कराचार्य आदिले पितृहरूको मात्र पछि लाग्नेको भए संसार धेरै कुराबाट ठगिन्थ्यो ।।६५।।

उत्तम सन्तति

जडयाँहा, बेकम्मा मानिसका पनि छोरा उत्तम भएका प्रत्यक्ष नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैतिर देखिदै छन् । तल अरु स्पष्ट गरिनेछ ।

पवित्रं ते विततं ब्रह्मणस्पते
प्रभुर्गात्राणि पर्येषि विश्वतः ।
अतप्ततनूर्न तदामो अश्नुते
श्रृतास इद्वहन्तस्तत्समासत ।।

(ऋक. ९।८३।११)

(ब्रह्मणस्पते) ए ज्ञानका स्वामी ईश्वर ! (ते पवित्रं विततम्) तपाईंको स्वरूप पवित्र र सबैतिर व्याप्त छ । (प्रभुर्गात्राणि विश्वतः पर्येषि) स्वामी तपाईं सबै चर अचर पदार्थमा समेत व्याप्त भैरहेका हुनुहुन्छ । (अतप्ततनूः आमः तत् न अश्नुते) जसले मन, वचन, कर्म तप, सद्व्यवहार र ध्यान आदि गरेको छैन, त्यो काँचो हुनाले तपाईंको सच्चिदानन्द स्वरूपलाई पाउँदैछन् (श्रृतास इद्वहन्त तत् समासत) जो सद्व्यवहार धारण ध्यान आदिबाट पाका छन्, तिनैले मात्र पाउँछन् ।

विशेष– यस मन्त्रले शङ्ख चक्रले डामेको मानिस पाको हुने हुंदा परमेश्वर पाउन सक्तछ, भन्ने अर्थ गरेर शङ्ख चक्रले डाम्नु वेदैले बताएको हो, भन्दछन् तर त्यो अर्थ यस मन्त्रले भन्दैन र त्यो अर्थ असत्य हो । राम, कृष्ण, युधिष्ठिर आदिका व्रतबन्ध आदि संस्कार बताइन्छन् तर शङ्ख चक्रले डामेको कुरा कहीं छैन र त्यो अर्थ असत्य हो । तर डामेकोमा अहिलेसम्म हानि पनि देखिएको छैन । उनको संप्रदाय हेर्दा निन्दा गर्ने पनि काम छैन ।।६६।।

सोमरस

सोमरसलाई आयुर्वेद सुश्रुत आदि ग्रन्थले नीरोग गराई आयु बढाउनेमा प्रथम श्रेणीको महौषधिमा गनेको छ । तर पढमूर्ख्हरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदिरा पनि भने । राहुल सांकृत्यायन र उनकै पछि लाग्ने मोदनाथजी आदिले भाङको घोट्टा भने । तर वेदमन्त्र, मुञ्जमान पर्वतमा रहने लहरा भन्छ । आयुर्वेदले चाहिं सोमलता बीस प्रकारको हुन्छ भनेको छ र त्यो पाइने धेरै ठाउँको नाउँसमेत बताएको छ । भाङ वा रक्सी भन्नु असत्य हो । गुजरात आदिका जङ्गलमा धेरै ठूला ओखल भेटिए भन्दै ऋग्वेदका दुई मन्त्र पत्रिकाले देखाएको हेर्नोस् ।

यत्र ग्रावा पृथुबुध्नः ऊर्ध्वो भवति सूतये ।
उलूखल सुतानामवेदिन्द्रो जल्गुलः ।।

(ऋक्. १।२८।१)

फेद ठूलो भएको ढुङ्गाको ओखललाई सोमलता कुटेर रस निकाल्न ठाडो गराइन्छ र कुटेर छानेको रस इन्द्र पिउनुहुन्छ र जान्नुहुन्छ ।।६७।।

यस्ते मदो वरेण्यस्ते
नापवस्वान्धसा देवावीरघशंसहा ।

(ऋक्. ९।६१।१९)

यो मन्त्र सोमको लहरा ढुङ्गाको ओखलमा कुटेर रस छान्दा भनेको छ र धेरै मन्त्रले सोमको प्रशंसा गरेको छ । अर्थ– ए सोम ! तिम्रो मद (मात लगाउने शक्ति) श्रेष्ठ छ र लाभै गराउने हुँदा (देवावी) देवता-हरूको वा श्रेष्ठको रक्षा गर्ने र (अघशंसहा) पापी, दुष्ट, दुर्जन, डाँका, हत्याराहरूलाई नाश गर्नेछ, र तिमी छानिएर पवित्र बन ।।६८।।

सोमका धेरै अर्थ भनिएका छन् । सोमको अर्थ परमेश्वर पनि हो ।

सोमं मन्यन्ते पपिवान्यत्सुषिषन्त्योषधिम् ।
सोमं यं ब्रह्माणो विदुर्न तस्याश्नाति कश्चन ।।

(ऋक्. १०।८५।३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिसहरू सोम भनेर एक औषधिलाई कुट्ने, पिध्ने, छान्ने गरेर पिउँदछन् । तर ब्रह्मज्ञानी महात्मा महापुरुषहरू जुन सोमलाई जानेर परमआनन्द पाउँछन्, त्यस सोमलाई कसैले पनि पिउँदैन ।।७०।।

मदको बारेमा

सोमरस पिएर मात लाग्छ भन्ने मन्त्र त्यो र अरू पनि धेरै हुँदा नै कसैले मदिरा भने, कसैले भाङ भने; तर ती दुवै कुरा अति असत्य हुन् । वेदमन्त्रमध्ये कयौंले बल बुद्धि बढाउने दही दूधलाई पनि सोम भनेको छ । तर मदिरा वा सुरालाई मात लगाई हानि गर्नेमा गनेको छ र सुरामा दूध हाल्नु हुँदैन, मिस्न हुन्न भनेको छ । तर सोमरसमा चाहिं दूध, दही, चिनी मिसाएर पिउनू भनेको छ ।

मानिसलाई धेरै प्रकारबाट मात लाग्छ । जस्तै–

ऐश्वर्यमदपापिष्ठमदाः पानमदादयः ।
ऐश्वर्यमदमत्तो हि नापतित्वा विबुध्यते ।।

ऐश्वर्य मद = ऐश्वर्य बढेर मात्तिनु, काम, क्रोध, लोभचाहिं पापिष्ठ मद हुन् । पानमदः = जाँड, रक्सी, गाँजा, भाङ, धतुरो, अफीम आदि अनेक मादक पदार्थ पिएर मातिनु हो । तर ऐश्वर्य मदले मातेका मान्छेको मात चाहिं पतित भएपछि कि मरेपछि मात्र छुटेको देखिदैछ । हिटलरको यहुदि समाप्त गर्ने र पृथ्वीभर कब्जा गरी शासन गर्ने मद हार्दै जाँदा पतित भै समाप्त भएपछि आत्महत्या गर्नुपऱ्यो र मात्र मात पनि सकियो । रुसका मुख्य प्रशासक तानासाह स्टालिनको ऐश्वर्य मदचाहिं सन् १९५३ मा उनी मरेपछि मात्र छुटचो । इदी अमीनको ऐश्वर्य मदचाहिं ताञ्जानियाको सेना अघि बढेर हार्दा भागेर छुटचो । यस्ता ऐश्वर्य मदका उदाहरण असंख्य छन् । पापिष्ठ मदचाहिं काम, क्रोध, लोभ बढेमा रोक्न नसक्ता अति व्यभिचार, काटमार, आर्थिक भ्रष्टाचार, चोरी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

डकैती बढ्नु आदि हुन् । पानमद– जाँड, रक्सी, भाङ, धतुरो आदि मादक द्रव्य पिएर मात लाग्दा कुटपिट, मारामार गरी स्वास्थ्य र धनसमेत सकेर टाट भएको थाहै छ । यसले आफूलाई र समाजलाई बिगारेको छ । तर अर्को सत्त्वगुणी मद पनि हुन्छ, यसैलाई 'सत्त्वगुणो वरेण्यः' (श्रेष्ठ) मद भनिन्छ । त्यस्तो मद ऋक् आदि वेदमा धेरै ठाउँमा बताइन्छ । पछिका महाभारत र पुराणहरूमा पनि भक्तिरस आदि बढ्दा बेहोश भएका कथा छन् । कृष्ण चैतन्यको भक्ति रस बढेर मात लागे जस्तै भै कीर्तन गर्दै शिक्षकको काम छोडेर हिँडे, तर उनी अति गरीब थिए भनेको छ । सिख संप्रदायका प्रथम गुरु नानकले भक्तिको मदले मातेको बेलामा उनी आफैले लेखेका पद्य अझै हेर्न पाइन्छन् । जस्तै–

सब ते ऊचा राम परकासा, निसदिन जप नानक दासा ।
भाङ, तमाखु, फोतरा उतर जाय परभात,
नाम खुमारी नानका चढी रहे दिन रात ।।

नानकको अर्को पद्य–

भांग मछली सुदा जे जे प्राणी खावें ।
करम धरम जितने किये सभी रसातल जावें ।।

त्यस्तै अति भक्तिमै मीरा बाईले भनिन् कि—

और पिया मद पीपी माती मै विन पिया मद माती ।

अर्थात् अरू मादक द्रव्य पिएमा विहान मात हराउँछ, तर भक्तिरस-को मात लाग्दा कहिल्यै छुट्दैन । भक्त मीराले पनि अरू मान्छे मद्यपान-गरेर मात्तछन् म चाहिं केही नपिई मातेकी छु भनेकी छन् ।

वृत्रासुर

व्यवहारमा आउने मन्त्र थोरै मात्र छन् । हुन ता सबै मन्त्र सत्य ज्ञान दिने हुँदा जान्नुपर्ने र व्यवहारमा आउने नै छन् तापनि कयौं मन्त्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थ सजिलो भए पनि भाव बुझिदैन, अचेल व्यवहारमा नमिल्ने जस्ता पनि हुनन् । युद्ध, देवासुर संग्रामचाहिं अहुर मज्द मान्ने जरथुस्त्र ऋषिको उपदेश मान्ने, इन्द्र नमान्नेका साथमा नै भएको स्पष्ट बुझियो । त्यसो हो तापनि वेदमन्त्रहरूले सूर्यलाई नै इन्द्र भनेको र वृत्रासुर पनि पानी पार्न रोक्ने अनेक बादललाई नै बताउने मन्त्र स्पष्ट हुनाले वैज्ञानिक दृष्टिले पनि हेर्नुपर्छ ।

वृत्रासुरका बारेमा अनेक कथा पुराणहरूमा छन् । तर वेदमा वृत्रको अर्थ अँध्यारो, पानी रोक्ने बादल र पर्वत पनि मानेको छ ।

यदद्य कच्च वृत्र हन्नुदगा
अभिसूर्यः सर्वं तदिन्द्रः ते वशे ।

(यजु. ३३।३५)

इन्द्र शब्दको अर्थ पनि परमेश्वर सूर्य र सर्वशक्तिमान् इन्द्र देवता आदि समेत छन् । इन्द्रका धेरै पत्नी थिए, तीमध्ये इन्द्राणी वा शची मुख्य थिइन् इत्यादि ऋक् मन्त्रले भनेको हुँदा मातृसत्तात्मक युग थियो भन्न मिल्दैन र इन्द्र कुनै प्रतापी राजा पनि थिए कि ? भन्ने बुझिन्छ । यहाँ सूर्यको स्तुति गर्दा "ए वृत्रहन् ! अँध्यारो नष्ट गर्ने इन्द्र ऐश्वर्य शक्ति भएका सूर्य जति संसारका पदार्थ छन्, ती सब तिम्रै वशमा छन् । तिमी नभै जगत् अँध्यारो हुन्छ, सबै काम बन्द हुन्छन् भनिएको छ ।।७१।।"

ऋग्मन्त्रले वृत्र, शम्बर, दस्यु शब्दले विभिन्न बादल भन्दै तिनलाई सूर्यले नष्ट गरेर पानी पार्छन् भनेको छ । जस्तै —

प्रनू महित्वं वृषभस्य वोचं
यं पूखो वृत्रहणं सचन्ते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वैश्वानरो दस्युमग्निर्जघन्वान-
धूनोत्काष्ठामव शंवरं मेत् ।।

(ऋक्. १।४।२६)

(वृषभस्य महित्वं प्रवोचम्) पानी वर्साउने देवताको महत्त्व वता।उँछु, (पूखः यं वृत्रहणं सचन्ते) वृत्रको नाश गर्ने जसलाई पहिलेका मानिसहरू सेवा गर्थे। (वैश्वानरो अग्निः शम्वरं दस्युं जघन्वान् काष्ठाम् अधूनोत् अवमेत्) सवैको हित गर्ने अग्निः सूर्यले वृत्र-मेघलाई फोरेर दस्युम्= वर्षा रोकेर हानि गर्ने मेघलाई नष्ट गरेर काष्ठाम् अधूनोत् =पानी पारे। इन्द्र शब्दले सूर्य, परमेश्वर, देवतामध्येका राजा (शासक), मनुष्यका राजालाई पनि भनेको छ ।।७२।।

जूवा

माथि मद्यपान, जूवा, व्यभिचार आदि मुख्य पाप दुई मन्त्रवाट लेखिए। मान्छेलाई त्यस्ता असत् काम छुटाई अथवा लाग्नै नदिई सद्-व्यवहारमा मात्र लाउन उत्तम गुरुका साथ लगिदेऊ इत्यादि प्रार्थना गरिन्छ।

संपूषन् विदुषा नय योऽञ्ज सानुशासति ।
य एवेदमिति ब्रवत् ।।

(ऋक्. ६।५४।१)

ए सवैको पालन गर्ने परमेश्वर! मलाई त्यस्ता विद्वान्का साथ लगिदेऊ, जो सजिलै सम्झाएर उपदेश गर्न सक्छ र यो कुरा यसै हो भनी टुङ्गो लगाई वताउन सक्छ ।।७३।।

अक्षैर्मा दीव्य कृषिमित्कृषस्व
वित्ते रमस्व बहु मन्यमानः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्र गावः कितवः तत्र जाया
तन्मे विचष्टे सविताऽयमर्य ।।

(ऋक्. १०।३४।१३)

ए कितव ! जूवाडी ! (अयम् अर्यः सविता) यी सबैका प्रेरक मालिक परमेश्वरले (तत् मे विचष्टे) त्यो कुरा मलाई बताए । त्यो के हो ? भने जूवा, पासा आदि खेलहरू धन र समय नष्ट गर्ने हुँदा चटक्क छोडेर खेती नै गर, अर्थात् जीविकाका निमित्त खेती आदि कुनै काम गर । त्यसो गरेमा गाई आदि अनेक प्रकारका धन र स्वास्नी पनि पाइन्छन् । यसको नामै अक्ष सूक्त हो । एउटा विवाहित युवाले जूवाबाट सबै धन सक्यो । ससुराली र बाबु आमाहरूले पनि वास्ता गरेनन्, आखिरमा उक्त मन्त्रद्वारा विद्वान् गुरुवाट जूवा छोड्ने उपदेश पाई जूवा छोडेर सद्व्यवहारमा लाग्यो । यो कथा त्यहीं १४ मन्त्रले बताउँछन् ।।७४।।

यहाँ खेती नै गर, भनेको छ तापनि जूवा आदि दुर्व्यसन छोडेर कुनै उद्योग गरेर जीविका गर भन्ने मुख्य भाव हो ।

खेतीको महत्ता

लाङ्गलं पवीस्वत्सुसेवं सोमपित्सरुः ।
तदुद्वपति गामविं प्रफर्व्यं च पीवरीं
प्रस्थावद्रथवाहणम् ।।

(यजु. १२।७१)

फालि लाएको हलो जोत्नाले सुख मिल्छ, सोमयाग गर्नले धन मिल्दछ । त्यसबाट गाई, भेडा र नीरोग पत्नी एवं खूब मुद्ने वाहन भएको रथसमेत पाउन सक्छ ।।७५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुनं नः फाला विकृषन्तु भूमिं
शुनं कीनाशा अभियन्तु वाहैः ।
शुनं पर्जन्यो मधुना पयोभिः
शुनासीरा शुनमस्मासु धत्तम् ।।

(ऋक्. ४।५८।७)

हाम्रा कृषकहरू (शुनम्) सुखैले (वाहैः) गोरू आदि जोत्नेद्वारा हलाले जोतून् । मेघले राम्ररी पानी पार्दै रहून् (शुनासीरा) वायु र सूर्यले हामीलाई कल्याण गरून् ।।७६।।

गाईका बारेमा

यूयं गावोमेदयथाः कृशंचिदश्नीरं
चित्कृणुथाः सुप्रतीकम् ।
भद्रं गृहं कृणुथ भद्रवाचो,
महद्ध्वो वय उच्यते सभासु ।।

(ऋक्. ६।२८।६)

यसमा ८ मन्त्र गाईका बारेमा छन् । ए गाई हो ! तिमीहरू दुब्लो मान्छेलाई बलियो बनाउँछौ (दूध, दही, घिउवाट) । गरीब र शोभा नभएकोलाई पनि तिम्रा दूध आदि पदार्थले शोभा भएको उत्तम बनाउँछौ, तिमीहरूको बोली राम्रो हुँदा घरलाई नै राम्रो गराउँछौ, सभा (मानिस जम्मा भएको ठाउँ) मा तिमीहरूको चर्चा गरिन्छ । अर्थात् धेरै दूध दिने गाईको चर्चा स्पष्ट छ ।।७७।।

माता रुद्राणां दुहिता वसूनां
स्वसादित्यानाममृतस्य नाभिः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रनु वोचं चिकितुषे जनाय
मागामनागामदितिं वधिष्ट ।।

(ऋक्. ८।१०१।१५)

ए मनुष्य हो ! गाई भनेकी रुद्रगणले माता, वसुगणले छोरी र आदित्यगणले बहिनी मानिएकी दूधरूप अमृतकी खानी हुन् । तिमी चेतनशील जान्ने मानिसलाई के भनौं ? निरपराध गाईलाई मार्न हुँदैन ।।७८।।

वचोविदं वाचमुदीरयन्तीं
विश्वाभिर्धीभिरुपतिष्ठमानाम् ।
देवीं देवेभ्यः पर्येयुषीं गां
मावृक्त मर्त्यो दभ्रचेताः ।।

(ऋक्. ८।१०।१६)

(दभ्रचेता मर्त्यः) ए छोटो बुद्धि भएका मानिस ! हाम्रो केही बोली बुझ्ने, केही कराएर आफ्नु भाव प्रकट गर्ने, देवता पितृहरू निम्ति घिउ आदि हविबाट सेवा गराउने गाई देवीलाई मार्न हुँदैन ।।७९।।

सूयवसाद् भगवती हि भूया
अथो वयं भगवन्तः स्याम ।
अद्धि तृणमघ्ये विश्वदानीं
पिब शुद्धमुदकमा चरन्ती ।।

(ऋक्. १।१६४।४०)

ए गाई ! शुद्ध खानु र दूध, घिउ आदिबाट समेत तिमी भगवती हौ (भाग्यमानी हौ) । हामी पनि दुधालु तिमीलाई पाएर भाग्यमानी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बनौं । हे अघ्य ! हिंसा गर्न नहुने, गाई सधैं नै तिमी घाँस र शुद्ध पानी खाऊ (अर्थात् हामीहरू दूध, दही, घिउ आदि खाऔं) ।।८०।।

कोशं दुहन्तीं कलशं चतुर्विलमीडां
धेनुं मधुमतीं स्वस्तये ।
ऊर्जमदन्तीमदितिं जनेषु
अग्ने मार्हिंसीः परमे व्योमन् ।।

(अथर्ववेद १८।४।३०)

(चतुर्विलं कलशं कोशं दुहन्तीम्) चार प्वाल भएको कलश जस्तै फाँचोबाट दूध दिने (इडाम् ऊर्जमदन्तीम् मधुमतीम् अदितिं जनेषु स्वस्तये) स्तुति गर्न योग्य, मीठो दूध दिने, तेज बढाउने, अदिति देवी गाईलाई जनताको हित निम्ति (परमे व्योमन् मार्हिंसीः) परमपिता ईश्वर सर्वैतिर छन्, मार्न हुँदैन ।।८१।।

यदि नो गां हंसि यद्यश्वं यदि पूरुषम् ।
तं त्वा सीसेन विध्यामो यथा नोऽसो अवीरहा ।।

(अथर्ववेद १।१६।४)

ए मनुष्य ! यदि तँ गाई, घोडा र मान्छेलाई मार्छस् भने, तलाई पनि सीसाका गोलीले हानेर मार्छौं, (यथा प्रवीरहा न असः) जसबाट हतियार नलिने मान्छे र कुनै प्रतीकार नगर्ने घोडा र गाईको समेत हत्या हुने छैन ।।८२।।

यस मन्त्रबाट पनि मनुष्य घोडा र गाईको वधलाई निषिद्ध मानेको स्पष्ट देखिन्छ ।

दानका बारेमा

मनुष्य समाजमा दानको अति ठूलो महत्त्व छ । पहिले मनुष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजमा

१) बुद्धिजीवी— पठनपाठन गर्ने गराउने

२) शस्त्रजीवी— दुष्ट, दुर्जन, डाँका, हत्यारावाट रक्षा गर्ने र

३) व्यापारी— यहाँका माल अन्त लाने, अन्तका यहाँ ल्याउने र खेती आदि गर्ने

४) श्रमजीवी— त्यस्ता अनेक काममा सहयोग गरेर जीविका गर्ने

चार वर्ण ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार थरी भाग लगाएथे तर तिनमा पनि माटाको काम गर्ने कुमाले, लुगा धुने धोवी, सुनको सुनार, फलामको कामी (कमरि) आदि भएथे। त्यसैले चार वर्ण छत्तीस जात-को फूलवारी नेपाल भनेथे। तर अचेल सिमेन्ट आदि अनेक नयाँ उत्पादन आए। धनुबाण र कवच बनाउने, हात्तीलाई हिंडाउने आदि अनेक पेशा छोड्न कर लाग्यो।

मनु (अ. १०।२ श्लोक) ले सवै मान्छेको जीविका गर्ने बाटाहरू ब्राह्मणले नै खोजेर बुझेर अरूलाई बताउनू र आफूले पनि जीविका हुने काममा लाग्नू भनेका थिए। तर पछि सवै शक्ति सरकारैमा हुने हुंदा सरकारैले ती काम गर्न थाले। पृथ्वीनारायण शाहले स्वदेशी व्यवहारमा जोड दिएको पृथ्वीको दिव्योपदेशमा स्पष्ट छ। महात्मा गान्धीजीले पनि त्यस्तै गरे। तर त्यसरी सवैको जीविकाको प्रबन्ध मिलाएर पनि बाढी, भूकम्प, आगलागी र डकैती आदिबाट समाजमा अनेक आपत्ति पर्दै रहने हुंदा र पुरानु सद्विद्याको इतिहासको पनि रक्षा गर्नुपर्ने हुंदा त्यस्ता विपत्तिबाट उकास्न र विद्याको रक्षा गर्न समेत प्रत्येक मनुष्यले प्रति दिन केही दिने वा पर सारेर मौकामा दिने कुरा ऋग्वेदको दानसूक्तमा र पछिका ब्राह्मण आदि ग्रन्थमा समेत बताएको छ र जम्मा ९ मन्त्रमध्ये ८ लेखिन्छन्। जस्तै—

नवा उदेवाः क्षुधमिद्वधं
ददुरुताशितमुपगच्छन्ति मृत्यवः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उतोरयिः पृणतो नोपदस्यत्युता
पृणन्मर्डितारं न विन्दते ।।

(ऋक्. १०।११७।१)

(देवाः क्षुधम् इत् न, वधं ददुः) देवताहरूले भोक (अति गरीव भै खानै नमिल्ने) मात्र होइन, मृत्यु नै दिएको हो। (आशितम् उत मृत्यवः उपगच्छन्ति) पेटभर खाँदै रहने धनीलाई पनि मृत्युले अवश्य नै लान्छ, छोड्दैन, (पृणतो रयिः उतो न उपदस्यति) त्यस्ता गरीब निम्ति दिदा धन सकिने पनि होइन (अपृणन् उत मर्डितारं न विदन्ते) त्यस्तो अवस्थामा पनि दिदैन भने आफूलाई रक्षा गर्ने भेट्तैन र आखिरमा दुःख पाउँछ ।।८३।।

विशेष– यहाँ अति गरीव भै खान नपाउनु ता मृत्यु नै देवताले दिएको भन्ने जस्तो अर्थ लाग्छ। तर अक्षसूक्त (ऋक्. १०।३४) मा नै जूवा खेलेर दरिद्र बनेको र तेहाँ मन्त्रले जूवा खेल्न छोडेर खेती गरेमा दरिद्रता हटेर सम्पन्न बन्नुपर्छ, भन्ने र अरू अनेक ऋक् मन्त्रले र कुर्वन्ने-वेह कर्माणि (यजु. ४०।२) ले समेत सत्कर्म गर्दै सय वर्ष बाँच्न इच्छा गर्नू भनेको र वाल्मीकिरामायण, महाभारत, मनु इत्यादिले पनि भाग्य र देवताबाट मनुष्यलाई सुख दुःख मिल्छ भन्ने सम्झनु हुँदैन, भन्ने कुरा नै सर्वत्र मुख्य गरी बताएकै छ। जस्तै– "तत्रयोऽन्यत्कर्मणः साधु मन्येन्मोघतस्यासपितं दुर्वलस्य" (महाभारत उद्योग पर्व) उद्योग नगरेर भाग्य वा देवताबाट सुख दुःख हुन्छ भन्ने सम्झन्छ भने त्यसको भनाइ व्यर्थ हो इत्यादिले देवता वा भाग्यले सुख दुःख दिए भन्नु ठीक होइन भनेको छ। वास्तवमा देवता वा भाग्य नजानिने हुँदा सदा सद्व्यवहार गर्दै रहनु पर्दछ। त्यसो भए पनि भूकम्प, आगलागी, चोरी, डकैती, बाढी आदि दैवी आपत्ति लिएको हुन सक्छ। त्यस्ता दैवी आपत्तिबाट, सामाजिक नराम्रो व्यवस्थाबाट, मद्यपान, जूवा आदिले आफ्नै बुद्धि नपुग्नु आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक कारणबाट खानै नपाउने गरीब बन्दछ ।

तर संसारभरका धर्म वा संप्रदायहरूले आकाशमा वा स्वर्गमा देवताहरू छन्, हामीले पाप, धर्म जुनसुकै काम गरे पनि उनले वा उनका गुप्तचरहरूले थाहा पाउँदछन् र सतर्क भै काम गर्नुपर्दछ, उनको दृष्टि सबैतर्फ पुग्ने हुँदा कुनै ठाउँ गुप्त हुनै सक्तैन इत्यादि भावना सबै मनुष्य समाजमा प्रचार गराएका छन् । गुप्त अपराधलाई समाजले वा सरकारले रोक्न नसक्ने हुँदा त्यस्तो प्रचार हुनु उचितै छ । ऋग्वेद (१०।१०।८) को यमयमी संवाद "न तिष्ठन्ति न निमिष्यन्त्येते देवानां स्पशइह ये चरन्ति" ले नै देवताका गुप्तचरहरू सबैको गुप्त काम पनि टुलूटुलू हेरी रहेका हुन्छन् भनेको छ ।।८३।।

य आध्राय चकमानाय पित्वो
अन्नवान्सन्रफितायोप जभ्मुषे ।
स्थिरं मनःकृणुते सेवते पुरोतो
चित्स मडितारं न विन्दते ।।

(ऋक्. १०।११७।२)

(यः अन्नवान् सन्) जुन मानिस अन्न आदि धनले पूर्ण भएर पनि (पित्वः) अन्न, वस्त्र आदि (चकमानाय आध्राय रफिताय उपजग्मुषे) इच्छा गर्ने दुब्लो, दारिद्रयले दुःख पाएको नगीचै आएको मान्छेलाई नदिएर (मनः स्थिरं कृणुते पुरः सेवते) आफ्नू मन कडा गरी आफूचाहिं भोग गर्छ भने (स चित् मडितारं न विन्दते) त्यस्ता मानिसले आफूलाई रक्षा गर्ने मानिस भेट्तैन ।।८४।।

स इद्भोजो यो गृहवे ददात्यन्न-
कामाय चरते कृशाय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरमस्मै भवति यामहूता
उतापरीषु कृणुते सखायम् ।।

(ऋक्. १०।११७।३)

(स भोज इत्) त्यस्ता दिनसक्ने मानिसचाहिं उत्तम हो (यः) जो (अन्नकामाय गृहवे कृशाय चरते ददाति) अन्न आदि इच्छा गर्ने, लिने, दुब्लो, माग्न हिंड्नेलाई दिन्छ भने (अस्मै अरंभवति) सबै कुरा पूर्ण भई आनन्द पाउँछ। (यामहूता अपरीषु सखायं कृणुते) देवताहरू अथवा अरू महापुरुषहरू मित्र मान्दछन्, सत्कार गर्छन् ।।८५।।

न स सखायो न ददाति सख्ये
सचाभुवे सचमानाय पित्वः ।
अपास्मात्प्रेयान्नतदोको अस्त्ति
पृणन्तमन्यं मरणं चिदिच्छेत् ।।

(ऋक्. १०।११७।४)

(स न सखायः सचाभुवे सचमानाय सख्ये पित्वः न ददाति) त्यो मानिस सखा मित्र मानिदैन, जो मानिस साथै रहने, सेवा गर्ने साथीलाई अन्न. वस्त्र आदि दिदैन (अस्मात् अप प्रेयात् तत् ओकः न) । त्यस्ता लोभीदेखि परै हट्नू, त्यो ठाउँ नगोचै बस्न योग्य होइन (पृणन्तम् अरणं चित् इच्छेत्) बरु विरोधी भए पनि उदार, दानी मान्छेकै सङ्गत गर्न इच्छा गर्नू ।।८६।।

पृणीयादिन्नाधमानाय तव्यान्
द्राघीयांसमनुपश्येत पन्थाम् ।
आ हि वर्तन्ते रथ्येव चक्रा
अन्यमन्यमुपतिष्ठन्ति रायः ।।

(ऋक्. १०।११७।५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तव्यान्) धन हुने मान्छेले (नाधमानाय) केही माग्ने मानिसलाई (पृणीयात् इत्) अवश्यै दिनैपर्छ । (द्राघीयांसं पन्थाम् अनुपश्येत) पछिसम्मको लामो बाटो हेरोस् (रायो रथ्या चक्रा इव हि आवर्तन्ते) । धनचाहि बाटामा हिंड्ने गाडीका चक्का घुमे जस्तै गरी घुमी रहन्छन् । (अन्यम् अन्यम् उपतिष्ठन्ति) अर्का अर्का मानिसमा सरिरहन्छन्, अर्थात् सदा एकै ठाउँमा बस्तैनन् ।।८७।।

मोघमन्नं विन्दते अप्रचेता
सत्यं ब्रवीमि बध इत्स तस्य ।
नायँमणं पुष्यति नो सखायं
केवलाघो भवति केवलादी ।।

(ऋक्. १०।११७।६)

(अप्रचेता मोघम् अन्नं विन्दते) दिने बुद्धि नभएको मान्छेले व्यर्थै अन्न आदि धन पाउँछ । (तस्य स बध इत् सत्यं ब्रवीमि) त्यस्ता धनीको धन हुनु ता मृत्यु नै हो, यो कुरा साँचै नै भन्छु । (अर्यमणं न सखायं नो पुष्यति) संसारको सञ्चालक ईश्वर निम्ति र आराधना निम्ति खर्च गर्दैन, भने ता (केवलादी केवलाघो भवति) त्यस्तो आफू मात्र भोग गर्ने मानिसचाहि खाली पापैको मूर्ति मात्र बन्दछ ।।८८।।

कृषन्नित्फाल आशितं कृणोति
यन्नध्वानमपवृङ्क्ते चरित्रैः ।
वदन्ब्रह्माऽवदतो वरीयान्
पृणन्नापिरपृणन्तमभिष्यात् ।।

(ऋक्. १०।११७।७)

(फालः कृषन् इत्) जस्तै फालिले खेत जोतेर अलिक दिनपछि ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्न उब्जिएर (आशितं कृणोति) खेती गर्ने मान्छेलाई खानपानबाट आनन्द गराउँछ। (यन् अध्वानं चरित्रैः अपवृङ्क्ते) जस्तै अहिले खेत जोत्ने र गोड्ने आदि काम गर्दै जोगाएमा पछि अन्न आदिबाट खानपान पाई आनन्द पाउँछ। त्यस्तै सत् चरित्र र दुश्चरित्रले नै मानिसहरूको पछिसम्मको बाटो छुट्टयाइदिन्छ। सत् चरित्रले मानिसलाई उँभो लाग्ने बाटो खुलाएर ठूलो नामी मानिस बनाउँछ। दुश्चरित्र (चोरी, मद्यपान, जूवा, व्यभिचार, ठगठाग आदि) बाट ता उस्तै मानिसलाई भड्खालाको बाटोतर्फ लगाएर गल्लीको कुकुर सरह गराउँछ। (अवदतः वदन् ब्रह्मा वरीयान्) ठूलो विद्वान् भएर नबोल्ने भन्दा बखतमा बोल्ने नै विद्वान् उत्तम ठहर्छ। (पृणन् आपिः अपृणन्तम् अभिष्यात्) दिने काम गर्दै रहने मानिस नै नदिने धनी मानिसभन्दा ठूलो उत्तम ठहरिएको हुन्छ ॥८९॥

समौ चिद्धस्तौ न समं विविष्टः
सं मातरा चिन्न समं दुहाते।
यमयोश्चिन्नसमा वीर्याणि ज्ञाती
चित्सन्तौ न समं पृणीतः ॥

(ऋक्. १०।११७।९)

दुवै हात ता उस्तै बराबर नै छन्, तर बराबर काम गर्न सक्तैनन्। दुई आमाको बराबर दूध आउँदैन। जुम्ल्याहा बालकको पनि व्यवहार, उन्नति, अवनति बराबर हुँदैन, एकै दाजुभाइ बराबर दिने हुँदैनन्।

विशेष– यस मन्त्रले सांख्य र योगको साम्यावस्था प्रकृति र वैषम्यावस्था संसार भन्ने परिणामवादी सिद्धान्तलाई संकायो। काग, परेवा, गाई आदि पशु र मनुष्यहरूमा समान उमेरकालाई छुट्टयाउन कठीनै पर्थ्यो। विषमता हुनाले नै सबै व्यवहार चलेको छ। मनुष्यहरूको विचार अति विषम हुनाले नै सभासमितिमा जम्मा भई छलफल गर्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्णय गर्नुपर्ने कुरा वेददेखि नै चलेको छ। अहिले ता ऋग् राष्ट्रसङ्घमा नै छलफल गर्दैछन, त्यसो भए तापनि मनुष्य समाजमा समानता भएन भने सहअस्तित्व नै रहन नसक्ने हुँदा अन्यत्र र ऋग्वेदको अन्तिम मन्त्र "समानमस्तु वो मनो यथा वः सुसहासति" मा पनि ए मनुष्य हो ! जसरी तिमीहरूको सह अस्तित्व रहन सक्तछ, त्यसरी समान व्यवहार गर भनेको छ ॥९०॥

अहिले पनि साम्यवादी र मार्क्सवादी दलले रुसमा साम्यवादी सरकार सन् १९१७ को अक्टुबरको क्रान्ति सफल भई ल्यायो भन्दै किसान मजदूरको स्वर्ग भन्ने प्रचार गर्थे। तर साम्यवादी पूर्व जर्मनको पर्खाल भत्काएर प्रजातन्त्रवादी पश्चिम जर्मनका साथ मिल्न पुग्यो। पश्चिम जर्मन पो स्वर्ग माने। मुखले साम्यवाद भनेर मान्छेको विचार बदल्नु अर्के कुरा हो।

समानताको अर्थ गीताले नै स्पष्ट गरेको छ। जस्तै–

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥

(गीता ६।३२)

अर्थात् आफूलाई जस्तै अरूलाई पनि जाडो, गर्मी, भोक, तिर्खा, मान, अपमान आदिबाट सुख र दुःख हुन्छ भन्ने संझेर सो अनुसार समान व्यवहार गर्ने मानिस नै ठूलो योगी हो भनेको छ। सबैलाई भौतिक सुविधा मिलोस्। अर्थात् योगको अर्थ धेरै छन्। योगः कर्मसु कौशलम् (२।५०) असत् कर्म चट्ट छोडेर सत्कर्म गर्न सिपालु हुनु पनि योग हो, पातञ्जल योगसूत्रले योगको अनेक अर्थ गर्दै "तप स्वाध्यायेश्वरप्रणिधानानि क्रियायोगः" (योग सूत्र २।१) ले तप (सद्व्यवहार) का साथ खानपान, वसउठ नियमित गर्नू इत्यादि, स्वाध्याय (सदा सचेत रही सद्व्यवहार गर्न प्रोत्साहन गर्ने शास्त्रहरूको अध्ययन गर्दै रहनु), ईश्वरप्रणिधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(जगत्पिता परमेश्वरको उपासना गर्नु) क्रियायोग हो भन्दछ। त्यसो हुँदा सबको साथ माथि भनेअनुसार समान व्यवहार गर्नु पनि योग हो भनियो।

त्यसै हुँदा साम्यवाद भनेको सबैलाई काम, माम, वास. शिक्षा, वस्त्र दिनुपर्छ, एकताको भावना बाटोघाटो सर्वत्र पुऱ्याउनुपर्छ। साथै दुष्ट, दुर्जनबाट रक्षासमेत हुनुपर्छ। यही नै वैदिक सनातन धर्म पनि हो। माथि दानसूक्तका ८ मन्त्रले दान गर्नु अति ठूलो आवश्यक काम सबैले गर्नुपर्छ, सो नगर्नु पाप हो भन्ने बताएर साम्यवादको अर्थ पनि भन्यो तर ब्राह्मणलाई दिनु भन्ने कुरा एकै मन्त्रले पनि भनेन। त्यसो भए पनि सबै मनुष्यका निम्ति शास्त्ररक्षा कर्मकाण्ड गर्ने काम ब्राह्मणलाई जिम्मा दिएथे।

१३ औं शताब्दीदेखि ५।६ सय वर्षसम्म इस्लामी शासनमा पुस्तक पोल्ने र विद्यालय बन्द गर्ने काम चालू थियो तापनि कुनै तरह ब्राह्मण वर्गले जोगाएर राखेछन्। दान पाउने हुँदा र अति श्रद्धा हुँदा समेत जोगाएछन् र हेर्न पायौं। अरु शतपथब्राह्मणले ता प्रथम काण्डमा नै—

ऋणं ह जायते योऽस्ति स जायमान एव ऋषिभ्यः पितृभ्यो देवेभ्यो मनुष्येभ्यः। अथ यदेवानुब्रुवीत ते नर्षिभ्य ऋणं जायते, ऋषीणां निधिगोप इति हानुचानमाहुः। अथ यदेव वासयते यदेभ्योऽशनं ददाति तेन मनुष्येभ्य ऋणं जायते (शतपथब्राह्मण १।७।२)।

अर्थात् मनुष्य चार प्रकारको ऋणका साथै जन्मन्छ। ती चार ऋण सानै उमेरदेखि तिर्दै गर्नुपर्छ। पहिलो ऋण ऋषिको हो, पढेर स्नातक बनेपछि ऋषिऋण तिरिन्छ। अर्थात् ऋषिले बताएको सद्व्यवहार र इतिहाससम्म जानेमा भावि सन्तानलाई समेत सानं सकिन्छ। ऋषिले बताएको सत्शास्त्ररूपी खानीको रक्षा गर्दै नयाँ पिढीमा सानं सक्नु नै ऋषिऋण तिर्नु हो। सन्तान हुँदा पितृऋण तिरिन्छ। देवऋण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताको निम्ति यज्ञको सत्संगत पनि अर्थ हुँदा सत्संगत गर्नु पनि हुन्छ । मनुष्य ऋणचाहिं मनुष्यलाई "वासयते यदेभ्योऽशनं ददाति" भनेकोले अशक्त वा गरीवलाई बस्ने र खाने प्रबन्ध मिलाएमा तिरिन्छ भनेको छ ।

शतपथके ११ औं काण्डमा पञ्चमहायज्ञ बताएको छ । गृहस्थ भए-पछि गर्नुपर्ने हुँदा ऋषियज्ञ थोरै भए पनि सत् शास्त्र वेद आदि प्रतिदिन बिहानै वा कुनै समयमा पढ्नु, जप गर्नु हो । पितृयज्ञ पितृको सेवा वा केही पर सार्नु हो । देवयज्ञ– सात देवताका निम्ति काठ वा घिउ आदिबाट आगोमा होमनु हो । मनुष्य यज्ञ– मनुष्यलाई दिनु, बाहुनका निम्ति प्रतिदिन अन्न वा धन पर सार्नु हो । यी चार यज्ञ केही फरक गरी ऋणमा पनि भनिए । अर्को भूतयज्ञ भनेको मनुष्य बाहेक अरू प्राणीहरूको संरक्षण संवर्धनका निम्ति दिनू वा पर सार्नु हो ।

दानैमा थप चर्चा

यसरी अवश्यै दिनुपर्ने भागलाई बलि नाम राखेको थियो । उक्त पञ्चयज्ञको नामै बलिवैश्वदेव छ । पाँच देवता– देव, ऋषि, पितृ, मनुष्य र अरू जीवजन्तु काग, कुकुरसम्मका निम्ति दिनु नै बलि भनिन्थ्यो । देश वा समाज निम्ति लड्ने र मर्नेलाई अचेल शहीद भन्छन्, उस वेला बलिदान भन्थे । नेपाल भारतमा अनेक राज्यका अनेक नीति हुँदा आवत-जावत गर्न कठिन पर्ने हुँदा सबैले मान्नुपर्ने चक्रवर्ती सम्राट् लडेर र त्यसै पनि मानिन्थे । त्यस्ता चक्रवर्ती सम्राट्ले राजसूय नामको यज्ञ गर्नुपर्थ्यो । सबै राजाले नमानेसम्म त्यो यज्ञ गर्नु हुँदैन भन्ने वैदिक सिद्धान्त थियो ।

खाण्डव वन पोलेपछि त्यहीं इन्द्रप्रस्थ राज्य खडा भई युधिष्ठिर राजा भई सम्राट् बन्न राजसूय यज्ञ गर्न सबै राजालाई बलि लिएर आउनु भन्ने खबर पठाए । उत्तरमा अर्जुन गएर किरात राज्यलाई बलि लिएर आउने गराए । जरासन्ध राजाले नमानेकाले त्यो यज्ञ गर्न कठिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
परेकोमा कृष्ण, भीम र अर्जुन गई उसलाई मारी तिनका छोरा सहदेवलाई राजा बनाई सन्धि गरेथे । उस बेला बाहिरका देशमा पनि जाने आउने हुँदा रुसका राजाबाट समेत बलि दश हजार गदहामा लादेर ल्याएको र ती राजाहरूलाई समेत इन्द्रप्रस्थ दिल्लीमा बोलाएर युधिष्ठिरको दरबारमा प्रवेश गराएको कुरा महाभारतबाट स्पष्ट बुझिन्छ ।

नाम फरक भएरै पनि इतिहास बुझ्न कठिन पर्दछ । अहिलेको दिल्लीको इन्द्रप्रस्थ नाम थियो, त्योभन्दा पहिलेको नाम खाण्डव वन हो । ५ हजार वर्षअघिको इतिहास हुनाले महाभारतमा रुस नाम भेटिन्न । तर रुसको एक नदीको अहिलेसम्म वङ्क्षु नदी नाम भन्दै रहेको र महाभारत सभापर्व अध्याय ५३ मा वङ्क्षु नदीका छेउछाउमा अचेल पनि ठूला खालका कालासमेत गदहा पाइने र त्यस्तै गदहासमेत लेखिएको हुँदा, उस बेला सांप्रदायिक जातीय भेदभाव, पानी चल्ने, नचल्ने नभएको बुझिन्छ । त्यसैले मान्छेको मासु खाने जात हिडम्बकी बहिनी हिडिम्बाका साथ आमा र दाजु युधिष्ठिरले छिपी गरेको हुँदा भीममेनले बिहा गरेथे र घटोत्कच छोरो पनि जन्मेथ्यो । ती श्लोक यहाँ पनि देखाइन्छन्—

राजानो बलिमादाय नानावर्णाननेकशः ।
कृष्णग्रीवान् महाकायान् रासभान् दूरपातिनः ।।१८।।
आजह्रुर्दशसाहस्रान् विनीतान्दिक्षु विश्रुतान् ।
प्रमाणरागसंपन्नान् वङ्क्षुतीरसमुद्भवान् ।।१९।।
वल्यर्थं ददतस्तस्मै हिरण्यं रजतं बहु ।
दत्त्वा प्रवेशं प्राप्तास्ते युधिष्ठिरनिवेशने ।।२०।।

(महाभारत सभापर्व अ. ५१)

दानबारेमा शङ्का

त्यसरी खुवाउने गर्ने हो भने ता भारतको काशी विश्वनाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिरमा अथवा कलकत्ताका काली आदि मन्दिरमा जस्तै अन्त पनि भीखमङ्गाको लाम लाग्न थाल्छ, अर्कोतर्फ काम गर्ने मान्छे कम हुँदै जान पनि संभव हुन्छ । त्यसैले पठनपाठन गर्ने छात्रहरूलाई, संन्यासीलाई विद्या प्रचारका निम्ति दिनू । मागी खाने नपढेको वाहुनलाई पनि दिनु हुँदैन भन्ने कुरा,

अव्रताश्चानधीयाना यत्र भैक्ष्यचरा द्विजाः ।
तद्ग्रामं दण्डयेद्राजा चौरभक्तप्रदो हि सः ।।

अर्थात् नपढेका र अव्रता (सद्व्यवहार नगर्ने) द्विज (ब्राह्मण) लाई दान दिन्छन् भने त्यस गाउँलाई नै राजाले दण्ड गरोस् पनि भनेको छ ।

दानबारेको निष्कर्ष

माथि अक्षसूक्तको तेह्रौं मन्त्रले नै जूवाबाट अति गरीब बनेको युवकलाई जूवा छोडेर खेती आदि काम गरी सम्पन्न बन भनेको छ । त्यसो हुँदा प्रत्येक मनुष्यले दान दिनैपर्छ, प्रतिशत हिसाव गरेर दान गरोस् । कुनै विश्वासलाग्दो संस्था, समिति, सरकारद्वारा मानिस अनुसारको काम दिने र जीविका गराउने प्रवन्ध मिलाउनुपर्छ । भूकम्प, आगलागी, वाढी आदिवाट आपत्ति पर्दा संस्थाद्वारा र आफै पनि दिनु, सहयोग गर्नु नै दान गर्नु हो ।

विद्यावान् सर्वकामानां भाजनं पुरुषो भवेत् ।
तस्माद् विद्यां हि ददता सर्वं दत्तं भवेदिह ।।२।।

(विष्णुधर्मोत्तरपुराण अ. ३०३)

सद्विद्या पाएमा धेरै कुराको जानकारी वढेर आवश्यक कुरा पाउन सक्ने हुनाले विद्यादान गर्दा वा सहयोग गर्दा सवै दान गरेको ठहर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वेषामेव दानानां ब्रह्मदानं विशिष्यते ।
वार्यन्नगोमहीवासस्तिलकाञ्चनसर्पिषाम् ।।

(मनु. ४।२३३)

सबै दानभन्दा ब्रह्मदान[1] (सद्विद्या दान) नै श्रेष्ठ हो । तर कर्यो मानिस पढन सक्ने पनि हुन्छन् तापनि एकतर्फ पढ्न अयोग्य भए पनि अरू कर्यो काममा योग्य बन्न सक्तछन् । त्यसैले "अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः" (महाभारत शा. प. अ. ८०) कुनै पनि मानिस-अनुसारको काम दिन सक्ने मानिस पाउनै कठिन छ । कुनै पनि मान्छे अयोग्य हुँदैन ।

कर्यो संप्रदायले दुई प्रतिशत र कर्योले दश प्रतिशतसम्म पनि पर सारेर अशक्त, लूला, लङ्गडानिम्ति वा दैवी आपत्तिका समयमा संस्था-द्वारा वा आफैं पनि भोका नाङ्गा घर र औषधि नभै दुःख पाएका कुनै पनि नहून् भन्ने विचारले काम गरेका छन् । त्यस्तै हामीले पनि आफ्नो आयबाट प्रतिशत केही पर सार्ने पर्छ र दिनै पर्छ । माथि पहिलो मन्त्रमा देवताले भोक दिएको होइन मृत्यु दिए, भनेको छ तापनि त्यसको अर्थ देवता सर्वतिर व्यापक हुनाले हामीले कुनै अपराध गरे पनि थाहा पाउने हुँदा पाप कर्म गर्नु हुँदैन भन्ने भाव हो ।

त्यसो हुँदा—

य आत्मनो दुश्चरितादशुभं प्राप्नुयान्नरः ।
न स कालं न वा देवानेनसा गन्तुमर्हति ।।

(महाभारत उद्योग पर्व अ. १५९ श्लो. १)

जुन मानिस आफ्नै दोषबाट दुःख पाउँछ, तर त्यो दुःख भाग्यले वा देवताले दुःख दिए भन्छ भने अनुचित हो । वास्तवमा देवता वा भाग्य

---

१. ब्रह्म शब्दको वेद अर्थ हुँदा सच्चरित्र बन्न प्रेरणा गर्ने मन्त्रसमेत भएको पढाइ अर्थ हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नदेखिने हुँदा सुख दुःख मुख्य गरी आफ्नै दोषबाट, समाजबाट र दैवी घटनाबाट समेत भएको स्पष्टै छ ।

दैवं पुरुषकारश्च स्थितावन्योन संश्रयात् ।
उदाराणां च सत्कर्म दैवं क्लीवा उपासते ।।

(महाभारत शान्ति पर्व अ. १३९)

भाग्य र पुरुषार्थ (उद्योग) मानिएकै छन् । जो उदार, बुद्धिमान् छन्, ती चाहिं सत्कर्म सत्उद्योगतर्फ लाग्दछन् । अल्छी, मूर्ख मान्छेचाहिं भाग्यको भर पर्दछन् ।

घरैजसो पुराणमा कलियुगले नै दुःख दारिद्रय बढेको हो, र अब झन् बढ्दै जान्छ, भगवान्ले कल्कि अवतार लिएर दुष्ट दमन गरेर सत्ययुग लागेपछि सबैले सुख पाउँछन् भन्ने र पराशरस्मृतिमा कलिमा पराशरस्मृति मान्नू पनि भनेको छ (स्मृति चर्चामा केही बताइने छ) । तर मनु (३०१ र ३०२) मा र महाभारत उद्योग पर्व (अ. १३१) मा सरकारी व्यवस्था राम्रो भएमा सत्ययुग र नराम्रो भएमा कलियुग हुन्छ भनेको कुरा उचित छ । पुराणमा बताएको कलियुगको वर्णन चाहिं भारतमा, इस्लामी शासनमा र गोवाको इसाई शासनको कुरा हुन सक्तछ (इसाई र इस्लाम चर्चामा भनिने छ) । दान बारेमा माथि "केवलाघो भवति केवलादी (ऋक्. १०।११७।६)" आफू मात्र भोग गर्नेले पाप मात्र भोग्दछ, भनेको र केही दिँदै मनुष्य ऋण तिर्नू भने अनुसारै केही प्रतिशत उबारेर पनि दिने गर्नुपर्छ । मुख्य गरी सत् शिक्षातर्फ र गरीबी हटाउनेतर्फ खर्च गर्नुपर्छ ।।९०।।

उद्योग प्रशंसा

उद्यानं ते पुरुष नावयानं
जीवातुं ते दक्षतातिं कृणोमि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आ हि रोहेममृतं सुखं
रथमथजिर्विदथमावदासि ।।

(अथर्व. ८।१।६)

हे (पुरुष) मनुष्य ! तिमी (इमम् अमृतं सुखं रथम् आरोह) यो कहिल्यै नविग्रने, सुख दिने सद्व्यवहाररूपी रथमा चढ अर्थात् सत् काम मात्र गर्ने भई (जिर्विः विदथम् आवदासि) प्रशंसा गर्ने योग्य बन्ने छौ र सभामा, समाजमा बोल्न सक्नेछौ । त्यस्तो भएमा नै (ते उद्यानं न अवयानम्) तिम्रो उन्नति मात्र हुनेछ । अवनति हुने छैन (जीवातुं ते दक्षतातिं कृणोमि) तिम्रो जीवन उत्तम बनाउँछु ।।९१।।

मा ते मनस्तत्र गान्मा तिरोभून्मा
जीवेभ्यः प्रमदो नानुगाः पितॄन् ।
विश्वे देवा अभिरक्षन्तु त्वेह ।।

(अथर्व ८।१।७)

ए मनुष्य ! (ते मनः तत्र मा गात्) तिम्रो मन त्यो अधर्म, अन्याय, असत् कामतर्फ नजाओस् । (मा तिरोभूत्) सत् कर्म गर्दै रहनुपर्नेमा अल्छी भई तिम्रो जीवन नहराओस् वा समय खाली नरहोस् (मा जीवेभ्यः प्रमदः) मनुष्यहरू र अरू जीवका साथमा पनि होश राखेरै राम्रो काम गर्नू प्रमाद नगर्नू (पितॄन् मा अनुगाः) पितृहरूको सेवा गर्नू तर राम्रा नराम्रा सबै कामको पछि लाग्नु पनि हुँदैन । अर्थात् पुराना व्यवहार पनि छानेर सुधारवादी भई राम्रा मात्र लिनू, नराम्रा असत् हानि गर्ने छन् भने छोडिदिनू । (विश्वे देवाः त्वा इह रक्षन्तु) त्यसो गरेमा सबै देवताले रक्षा गर्ने छन् ।

वास्तवमा ता "यान्यस्माकं सुचरितानि तानि त्वयोपास्यानि नो इतराणि" (तैत्तिरीयोपनिषद्, अनुवाक ११।२०) गुरुले (वा प्राचार्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले) स्नातक भएका छात्रलाई विदा गर्दा उपदेश गर्छन् कि "हाम्रा जति सत्चरित्र सद्व्यवहार छन्, ती लिनू, हाम्रा भूलचुक, आलस्य वा मानसिक कमजोरीबाट नराम्रा असत् काम पनि भएका रहेछन् भने ती नलिनू" भनेको छ ।।९२।।

राम, कृष्ण, शङ्कराचार्य, महात्मा गान्धी आदिले पितृको सम्मान खूब गरे । तर उनकै अनुसरण गरेका भए उनबाट जनताले लाभ पाउने थियो ।

ब्रह्मचर्येण तपसा देवा मृत्युमपाघ्नत ।
इन्द्रोह ब्रह्मचर्येण देवेभ्यः स्वराभरत् ।।

(अथर्व. ११।५।१९)

(देवा ब्रह्मचर्येण तपसा मृत्युम् अपाघ्नत) देवताले अमरनमानेका-ले यहाँ देवा=पुराना पुरुखाहरूले ब्रह्मचर्य र सद्व्यवहाररूप तपबाट मृत्युलाई पर सारे । पहिले इन्द्रले पनि ब्रह्मचर्यबाटै (देवेभ्यः स्वः आभरत्) देवताहरूलाई अमृतपन आदिबाट सुख गराए ।।९३।।

नैष्ठिक र आंशिक दुई प्रकारको ब्रह्मचर्य

स्त्री र पुरुष दुवैले विहा नगरी योग मार्गमा लाग्दै अथवा नलागेर पनि कामनाको वेग रोकेर जन्मभर रहनु नैष्ठिक हो । विहा गरेर पनि वीर्य धातु वेसी खर्च नगरी जोगायो भने आंशिक ब्रह्मचर्य हो । यो कुरा आयुर्वेद शास्त्रले र अनुभवले पनि सिद्ध गरेको छ । जस्तै—

आहारशयनब्रह्मचर्ययुक्तया निषेवितैः ।
शरीरं धार्यते नित्यमागार इव धारणैः ।।

जस्तै घरलाई खम्बा आदिले थामेको हुन्छ, त्यस्तै शरीरलाई पनि नीरोगी र आयु बढाउने खम्बा तीन छन्—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१) आहार ठीक मात्रामा घटीबढी नगरी लिदै रहनु ।
२) नीद पनि ठीकसँ हुनुपर्छ, घटीबढी हुनु हुँदैन ।
३) आंशिक ब्रह्मचर्य पनि शरीर थाम्ने अति आवश्यक खम्बा हो ।

सन्तानकै निम्ति स्त्री पुरुषको युवावस्थामा परस्पर आकर्षण हुँदा पशुहरूमा हानाहान टोकाटोक देखिदैछ । तर मनुष्यहरूमा चाहिं हतियार चलाउने हुँदा रुक्मिणी विवाहमा र अनेक स्वयंवरमा समेत काटाकाट मारामार भएका इतिहास महाभारत आदिमा स्पष्ट छ । त्यो रोक्न र विघर्मीबाट बचाउनसमेत बाल विवाह (११ वर्ष नपुग्दै विवाह गर्नु) ठूलो धर्म मानिएथ्यो । युवती विवाह थालेको थोरै वर्ष भयो । विवाह संस्कारमा भनिने मन्त्रमध्ये धेरै नै ऋग्वेद मण्डल दसौंका पचासी सूक्तका सत्चालीस मन्त्रहरूमध्येका र अन्तका पनि देखिन्छन् ।

पाणिग्रहण मन्त्र

गृह्णामि ते सौभगत्वाय हस्तं
मयापत्या जरदष्टिर्यथासः ।
भगो अर्यमा सविता पुरन्धिर्मह्यं
त्वादुर्गार्हपत्याय देवाः ।।

(ऋक्. १०।८५।३६)

ए वधू ! (सौभगत्वाय ते हस्तं गृह्णामि) सौभाग्यका निम्ति तिम्रो हात समाउँछु । (मया पत्या यथा जरदष्टि असः) जसबाट म लोग्नेका साथै बाचुञ्जेलसम्म नै रहनेछौ । (भग, अर्यमा, सविता, पुरन्धिः देवाः गार्हपत्याय महयं त्वा अदुः) भाग्य गराउने, नियम गर्ने, जगत् सृष्टि गर्ने, सच्चरित्र गराउने देवताहरूले तिमीलाई साथै रही गृहस्थी काम गर्न मलाई दिए ।।९४।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इहैवस्तं मा वियोष्टं विश्वमायुर्व्यश्नुतम् ।
क्रीडन्तौ पुत्रैर्नप्तृभिर्मोदमानौ स्वे गृहे ।।

(ऋक्. १०।८५।४२)

ए नयाँ वधूवर हो ! अब तिमी दुवै पति-पत्नी भई आफ्ना घरमा वाचुञ्जेलसम्मै अलग नभई आनन्दका साथ प्रेम गर्दै खुशी भई छोरा नातिसगेत मै रहनू (मा वियोष्टम्) वियोग कहिल्यै नहोस् । यो कुरा मुख्य आचार्य वा त्यहाँको अगुवाले भन्दछन् ।।९५।।

वधूले आगामा धान भुटेका लावाको हवन गर्दै भन्ने मन्त्र तीन छन् । तीमध्ये अन्तिम मन्त्र—

इमांल्लाजानावपाम्यग्नौ समृद्धिकरणं तव ।
मम तुभ्यं च संवननं
तदग्निरनुमन्यतामिवं स्वाहा ।।

ए वर ! अब म तपाईको ऐश्वर्य कीर्ति बढोस्, भन्दै यी उज्याला लावालाई परमेश्वरको प्रतीक आगामा चढाउँछु । (अग्निः मम तुभ्यं च तत् संवननम् अनुमन्यताम्) सर्वव्यापक परमेश्वरका प्रतीक अग्नि साक्षी छन्, तपाईको र मेरो प्रेमपूर्वक व्यवहार गर्न अनुमति दिऊन् ।।९६।।

विवाह गर्दा वधू वरलाई यस्ता मन्त्रको अर्थसमेत सुनाउनु आवश्यक छ । यो बाहेक कन्यादान गर्दा कन्याका पिताले भन्छन् कि– "धर्मे चार्थे च कामे च नातिचरितव्या त्वया इयम् ।" कुनै काम गर्दा दुवैको सल्लाहबाट गर्नू, अर्थात् यिनको चित्त दुख्ने काम नगर्नू । वरले पनि "नातिचरामि" यिनको चित्त दुख्ने र सल्लाह नगरी काम गर्ने छैन । इत्यादि भनाउने विधि छ, यो पनि खुलाएर भन्नुपर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहका प्रकार

स्मृतिहरूमा आठ प्रकारका विवाह बताएका छन् । तिनमा ऊक्याएर विहा गर्दागर्दै पनि खोसेर, मादक द्रव्य पिलाई मत्याएर फकाएर आदि अनेक उपायबाट पनि पति-पत्नी बनेछन् भने विहा नै मानेको थियो । त्यसरी जन्मेको सन्तान र त्यसरी ल्याएर पनि साथै बस्छन् भने मान्यता दिएकै थियो ।

स्वयंवर विवाह

यो विवाहपद्धति राजा रजौटाहरूमा चलेको थियो । योग्य वरहरू सिङ्गारिएर बस्तथे । युवतिले रोजेर जसलाई माला लाइदिन्थी, त्यसैको साथ विहा हुन्थ्यो । ती बोलाइएका युवाका अगाडि माला लिई युवति खडा भएका समयमा ती सबै युवाहरूको पुर्ख्यौली पठनपाठन, ऐश्वर्य, देश, गाउँ सबै बताउने यौटी विदुषी स्त्री साथै हिँडेर बताउँदै रहन्थी । विहा गर्ने युवति त्यसलाई छोडेर अर्को युवाको अगाडि पुग्थी, त्यसको पनि पुर्ख्यौली आदि बताउन थाल्थी । ती युवाहरू मलाई रोजोस् भनेर अनेक चेष्टा पनि देखाउँथे । माला लगाई सकेपछि सबै हिस्स पर्थे, बाहिर धन्यवाद दिन्थे, भोज खान्थे । आफू नरोजिएकोमा पीर मानेर बाटो ढुकेर युद्ध गरी खोसिदिने विचारले जान्थे । त्यस्ता स्वयंवर अनुचितै थिए । शक्ति परीक्षा गरी बलियाले कन्या पाउने हुन्थे । रामले धनु उठाएर सीता पाए । अर्जुनले पानीमा हेरेर माथिको माछो ढारी द्रौपदी पाए । शक्ति हुनेले धेरै स्वास्नी पाउने, नहुनेले नपाउने हुँदा अनुचितै हो । अचेल पठनपाठन र धन आदि हेरी विवाह गर्छन् ।

गान्धर्व विवाह

युवा युवतिको मात्र सल्लाहले गरिने विहाको नाम गान्धर्व हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युवतिले पेट बोक्छे, ऐय्या आत्थो गर्न पाउँदिन, तर युवाले ता यिनलाई चिन्दिनँ, भन्यो भने ता युवति घाटामा पर्छे। शकुन्तला नाटकमा राजा दुष्यन्त र शकुन्तला युवायुवतिको एकान्तमा सल्लाह भई गर्भ रहन्छ। दुष्यन्तले म तिमीलाई लिन सेना पठाउँछु र आउनू भनेर जान्छन् तर वास्तै गरेनन्। बाबुले नै राजदरबारमा पठाए, तर राजाले म तिमीलाई चिन्दिनँ, भनेर भित्र पस्नै दिएनन्। बाबुका घर पनि जान लाज भयो, अन्तै बसिन्। छोरो जन्मेर उत्तम भएछ (दुष्यन्तले पनि संझेर लगे भरे!)। यस्तो विवाह पनि त्यति राम्रो होइन।

शर्त राखेर गर्ने बिहा

ऋग्वेद मण्डल १०।९५ सूक्तमा पुरुरवा राजा र उर्वशीको गान्धर्व बिहामा उर्वशीले शर्त राखेकी थिइन्। सन्तान पनि भए। तर राजाबाट शर्त भङ्ग भएकाले छोडेर हिँडिन्। राक्षस हिडिम्बलाई भीमसेनले मारे। उसकी बहिनी हिडिम्बाले तिम्रा साथ बिहा गर्छु भनी। भीमले नमाने पनि युधिष्ठिर र आमा कुन्तीले बिहा गर्न कर लगाए। भीमले एक सन्तान भएपछि छोड्छु भन्ने शर्त राखेर मञ्जुर भई छोरो घटोत्कच जन्मेपछि छोडे। यस्ता पुराना अनेक विवाह लेखी साध्य छैन। पृथ्वीभरमा ता झन् अनौठा अनौठा बिहा भए र हुँदैछन्, सबै लेखी साध्य छैन।

भारतमा युवाको मोल राखेर बिहा गर्ने चलन (दहेज) हुनाले अनेक अनेक उपद्रव खप्तैछन्। त्यो चलन यहाँ पनि बढदैछ। यहाँ थारू जातमा कन्याका बाबु आदिलाई धन दिएर मोलतोल गरेर बिहा गर्छन्। कन्यौती कति? भन्छन्। कहीं सुधार पनि गर्दैछन् (राजवंशीमा त्यसैलाई चुम्ना भन्दथे)। नेपालका अनेक जातमा अनेक चलन (रीतभात) छन्। किरातको वेद (मुन्धुम) इमानसिङ चेमजोङ लिखित नेपाली भाषामा "कन्या वारेको कुरा गर्न जाँदा एक पोंग जाँड अघि राखेर कन्याका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बारेमा कुरा गर्नू" भनेको छ । तर सुधारवादी राई र लिम्बूहरूले जाँड रक्सीको चलन नै बन्द पनि गरेका छन् । तेह्रथुमका सुधारवादी लाख-ध्वज लिम्बूले जाँड रक्सी नखाने परिवार निधुरादिनमा हुनाले वहीं छोराको विवाह गरियो भन्नुहुन्थ्यो ।

वास्तवमा युवायुवतिको परस्पर परिचय र पितामाता आदिको सल्लाहबाट भएको फजुल खर्च नगरी मद्यपान आदि नगरी आफ्ना रीत संप्रदायअनुसार विवाह हुनुपर्छ, अरू छोड्नुपर्छ । अचेल अदालती विवाह चलेको छ । त्यसलाई दोष दिने काम छैन । बहुविवाह अनुचितै हो ।

नेपालमा स्त्रीको संख्या

पुरुषभन्दा स्त्रीहरू ३ लाख ६७ हजार कम छन् (संवत् २०४०। ७।१६ बुधवारको गोरखापत्र) । भारतमा र पाकिस्तानमा पनि स्त्री संख्या कमै छन् । रुसमा मात्र १ सय पुरुष, स्त्रीचाहिं १७० छन् (दिनमान सन् १९८२ नभेम्बर ४ पृष्ठ ४) ।

सम्बन्ध विच्छेद

गृहस्थाश्रममा सम्बन्ध विच्छेद दुर्घटना हो । यूरोप आदिमा प्रतिशत ५० भन्दा बेसी छ भन्ने पत्रिकाहरूले लेखेका छन् । नेपालमाचाहिं अति थोरै मात्रले त्यो काम गरेका छन् । यूरोपतर्फ हाम्रा छोरा भतिजाहरू धेरै वर्ष बसेथे । अदालती विहा र चर्चको बिहालाई मान्यता मिलेकोले स्त्रीहरू जम्मा भएका ठाउँमा उनले साह्रै दुःख मान्दै भन्छन् कि– मेरा ४ सन्तान भए तर बिहा भएको छैन यहाँको कुरा सुनाउँदा त्यस्तो भए ता हुन्थ्यो भन्छन् अरे ! यहाँ पनि कयौं जातहरू सन्तान भएर लोग्नेकै साथमा भएर रीतभात नभएकाले बिहा भएको छैन भन्ने पनि छन् । तर साथै बसेकाले हानि छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आकर्षण

खानपानको आकर्षण भई खाइन्छ र शरीर चालू छ । घटीबढी र अशुद्ध भोजनले रोगी बन्दछ र मर्छ पनि । स्त्री पुरुषको आकर्षणबाट सन्तान चालू छन् । धेरैजसो पशुहरूमा सन्तान निम्ति मात्र आकर्षण छ । तर मनुष्यमाचाहिं सदा आकर्षण छ । तर लाभ सन्तान बाहेक केही छैन । जति रोक्न सक्यो उति लाभ छ । रोक्न वा सीमित गर्न सकेन भने रोगी बन्छ अथवा मर्छ । यो कुरा अनुभव सिद्ध छ । एक पुरानो इतिहासमा हेरौं । विचित्रवीर्य राजाको दुई युवतिका[1] साथ बिहा भएछ र

ताभ्यां सह समाः सप्त विहरन् पृथिवीपतिः ।
विचित्रवीर्यस्तरूणो यक्ष्मणा समगृह्यत ।।

(महाभारत)

ती दुई युवतिका साथ विचित्रवीर्य राजाले ७ वर्ष आनन्द गर्दा क्षयरोगले भेटेर मरे । तर आकर्षण सीमित गर्न पति-पत्नी दुवैको सहमति (मञ्जुरी) चाहिन्छ । स्त्री पुरुषको आकर्षणचाहिं बलियो छ, तर लाभ-चाहिं सन्तान बाहेक केही छैन । रोक्न नसक्ता रोगी बन्दछ र चाँडै पनि मर्न सक्छ ।

सन्तानका बारेमा

इमां त्वमिन्द्र ! मीढ्वः सुपुत्रां सुभगां कुरु ।
दशास्यां पुत्रानाधेहि पतिमेकदशं कृधि ।।

(ऋक्. १०।८५।४५)

हे इन्द्र ! (मीढ्वः) हे परमेश्वर ! जल आदिबाट जीवन दिने तपाईले (इमां सुपुत्रां सुभगां कृधि) यी वधूलाई असल स्वभाव भएका

१. युवति शब्द ह्रस्व र दीर्घ दुवै थरी शुद्ध छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्र भएकी भाग्यमानी बनाउनुहोस् र (अस्यां दश पुत्रान् आधेहि) यी वधूमा दश सन्तान गराउनुहोस् ।।९७।।

यहाँ पुत्र भने पनि छोराछोरी दश सन्तान अर्थ भो । अचेल परिवार नियोजनको आवश्यकता हुँदा दश पुत्र माग्नु आवश्यक छैन । तर दशरथका चार भाइ पुत्रका ता १।१ पत्नी र २।२ मात्र छोरा थिए भने अचेल ता जनसंख्या कम गर्ने अवस्था छ र दश सन्तान माग्नु अनुचित छ भन्ने शङ्का हुन्छ । जनसंख्या कम हुँदा दशसम्म सन्तानको माग गरे तापनि दशरथका पुत्र चारै भाइले नै २।२ पुत्र मात्र पैदा गरेकाले बाटो देखाएछन् (वास्तवमा समय हेरेर काम गर्नुपर्छ) । यस्तो लेखेको छ, भन्दै लाग्नु ठीक होइन । नानुगाः पितॄन् (अथर्व. ८।१।७) पितृको सेवा गर्नू । तर उनका सबै चरित्रको पछि नलाग, माथि भनियो । वेदले पनि होश गर, भन्छ । जस्तै—

य ईं चकार नसो अस्य वेद,
य ईंददर्श हि रुगिन्नु तस्मात् ।
स तु मातुर्योनौ परिवीतो अन्तर्बहु
प्रजानि ऋतिमाविवेश ।।

(ऋक्. १।१६४।३२)

(य ईं चकारसः अस्य न वेद) जसले गर्भ राखिदिन्छ, स्त्रीमा, त्यसले गर्भ रहे नरहेको केही जान्दैन (यः तस्मात् ईं ददर्श हि रुक् इत नु) जो स्त्रीको पेट बढेको देखी गर्भ देख्छ अलग्गै कुरा हो, र स्पष्ट हुन्छ (स तु मातुः योनौ अन्तः परिवीतः) त्यो गर्भचाहिं आमाको गर्भ रहने ठाउँभित्र सालले बेरिएको हुन्छ । (बहुप्रजानि ऋतिम् आविवेश) यस्तै गरी अति धेरै सन्तान (प्रजा) हुने गृहस्थले अथवा पृथ्वी वा देशले खानपान नपुगेर दुःख पाउँछ ।।९८।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष कुरा– कुकुर, बाख्रा, गाई आदिलाई हेरेमा सन्तानबाट दुःख पाएको स्पष्ट बुझिन्छ । आफ्नै घरमा असल कुकुर्नी पालेको थियो । एकपल्ट ब्याएका समयमा हेर्दा सात बच्चा थिए । दूधका थुन हेर्दा आठ ओटा रहेछन् ७ बाँच्लान् भन्ने ठहराएँ । तर चारै बच्चा मरे, तीन मात्र बाँचे । सुँगुरका २०।२२ बच्चा पनि हुन्छन्, मानिसले खुवाउने समेत गर्दै बढाउँदै खाने र बेच्ने पनि गर्छन् । गाईले ता राम्ररी पालेमा मान्छेलाई समेत पालेका छन् ।

ईश्वरले पाल्छन् भन्नु उचित होइन, ईश्वरले पाल्दैनन् । ईश्वर ता "साक्षी चेता केवलो निर्गुणश्च" साक्षी जस्तो मात्र हो । सबै जीव, पृथ्वी, पानी, तेज, वायु र आकाशको सदुपयोगबाट बाँच्दैछन्, दुरुपयोग हुंदा दुःख पाउँछन् (भाव तरङ्ग, कुकुर ब्यायो किताबमा स्पष्ट छ) । ऋग्वेदमा एक सूक्तले एक विषय पूरा गर्छ । जस्तै अक्षसूक्तमा १४ मन्त्रले जूवाडे युवकले जूवा खेलेर अति दुःख पाएको र विद्वान्को उपदेशबाट जूवा छोड्ने प्रतिज्ञा गरेको कुरा बताउँछ । तर यस १।१६४ सूक्तमा चाहिं ५२ मन्त्र छन् । पृथ्वीभरका पुराना कुनै ग्रन्थमा परिवार नियोजन नभेटिने, एक कुरा ता अति धेरै प्रजाबाट दुःख पाउँछ, भन्ने मन्त्र लेखियो ।

यूरोपका माल्थस नामक सुधारवादी विद्वान्ले जनसंख्या अति वृद्धि भो भने ता खानपान नपुग्ने मात्र होइन घर बनाउने जग्गा पनि भेटिने छैन । त्यसो हुंदा जनसंख्या कम गर्न महायुद्ध, रोग, हैजा, महामारी आदि अनेक रोग छन् । चिकित्सक डाक्टरहरूले त्यस्ता रोग हटाएर जनसंख्या बढाउँदै छन् र हानि गर्दै छन्, पनि भनेथे ।

अमेरिकामा सन् १९११ मा डाक्टर जैंककी स्वास्नी सँडका तीन छोरा भएछन् । डाक्टरले अर्को सन्तान हुने हो भने यी स्त्री मर्न संभव छ, भनेछन् । चौथो सन्तान भएछ र मरेछन् पनि । त्यहाँ नर्सको काम गर्नेमा सँडलाई ठूलो पीर लागेर परिवार नियोजन हुनुपर्छ, जसबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीहरूको अकाल मृत्यु हुने छैन, भन्दै त्यस बारेमा एक लाख पुस्तक प्रकाशित गरेर बाँडिछन् । साथै परिवार नियोजन क्लिनिक सन् १९१६ अक्टूबर ४ मा खोलिछन् त्यहीं स्त्रीहरू ओइरिन थालेछन् । तर धेरैजसोले यो स्त्री भावी सन्तान मार्ने बोक्सी हो भन्ने हल्ला सर्वत्र गरेछन् । त्यस स्त्रीलाई सरकारले त्यो काम अनुचित ठहराई छुटाउन जेलमा थुनिदियो । जेलबाट छुटेपछि फेरु तेजीका साथ काम गर्थिन् । यसरी ८ पल्ट जेल परे तापनि काम छोडिनन् । अहिले धेरैजसो सरकारले परिवार नियोजन आवश्यक मानी प्रचार गर्दैछन् । तर सुधारवादी बाहेक इसाई मिशन र इस्लाम मिशन समेत भारत, नेपालमा संप्रदाय संख्या बढाउन भित्रभित्रै परिवार नियाजन नमान्ने पनि देखिन्छन् ।

माथि एक ऋग्वेद मन्त्र लेखियो ।

चतुर्थे ब्रह्मचारी स्याद् गृहे तिष्ठन्न विस्मृतः ।

(विष्णुस्मृति अ. १ श्लो. २९)

चार सन्तान भएपछि गृहस्थीले ब्रह्मचारी हुनुपर्छ । अर्थात् चार सन्तानभन्दा बेसी नहुनु, भन्ने भाव छ । माथि माल्थसले साँचै नै जनसंख्याको अति वृद्धिबाट हुने भविष्य अति भयङ्कर कहाली लाग्नेतर्फ विचार गरेर कडा शब्दले रोग महामारी रोक्ने चिकित्सकलाई संख्या बढाउने भन्ने दोष दिएथे । तच्चक्षुर्देवहितं शतं भूयश्च शरदः शतात् (यजु. ३६।२४) ले सय वर्षभन्दा अरू सय वर्ष (दुई सय) बाँचौं भन्ने मन्त्र-अनुसार वैज्ञानिकहरूको प्रयत्नबाट चिकित्सकहरूले अचेल मलेरिया, माइरोग, हैजा रोग आदिलाई धेरै अंशमा हटाएका छन् । त्यस्तै राष्ट्र सङ्घ खडा भई पृथ्वीभर नै सदाका लागि युद्ध रोकेर शान्ति ल्याउने प्रयत्नका साथै मानवाधिकारका लागि प्रयत्न गर्दैछ । रोग हटाउने र युद्ध रोक्ने काम चालू छन् । यस्ता काम वैदिक कालदेखि नै चालू छन् । माल्थसले जनसंख्या वृद्धिबाट हुने मनुष्य समाजको अति कष्टतर्फ मात्र ध्यान दिएर भने हुनन् । तर त्यो उचित थिएन । परिवार नियोजनकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचार पृथ्वीभरका सबै गृहस्थका घरमा पुग्नुपर्छ । आदर्श महापुरुष राम-समेत चारै भाइका १।१ पत्नी र २।२ सन्तान अनुकरणीय छन् ।

अर्को गोठाले ववंर आर्यहरूले सिन्धु सभ्यता ध्वस्त पारे, देवासुर संग्राम त्यही हो इत्यादि रूपरेखा अङ्क २०३ मा मदनमणि दीक्षितज्यूले लेखेको अति असत्य हो । त्यस्तै २८ सालदेखि पढाइने ८ कक्षाको सामाजिक शिक्षाको सिन्धु सभ्यता प्रकरणमा पनि द्रविडहरूको सिन्धु सभ्यता वैदिक आर्यहरूले नष्ट गरे इत्यादि अनेक असत्य कुरा पढाइन्थ्यो । तर त्यहाँ शिव, देवी, गोरू आदिको चित्र र एक रूख छ, त्यसमा फल खाने र नखाने दुई चरा छन् इत्यादि देखेता र ऋग्मन्त्रमा शिव, देवी आदिको स्तुतिका साथै त्यस्तो रूखको चित्र स्पष्ट हुँदा वैदिक आर्य सभ्यता हो, भन्ने नै सत्य हुँदा अरू भ्रम हटेका छन् । त्यो मन्त्र हेरौं —

द्वा सुपर्णा सयुजा सखाया
समानवृक्षे परिषस्वजाते ।
तयोरन्यः पिप्पलं स्वाद्वत्ति
अनश्नन्नन्यो अभिचाकसीति ।।

(ऋक्. १।१६४।२०)

एक रूखमा दुई चरा छन्, एक चरो चाहिं त्यसै रूखको मीठो फल खाँदैछ । तर अर्को चरो खाँदैन तापनि छन् चहकिलो उज्यालो छ । (पूर्व भाग वैदिक सिद्धान्तमा पनि छ) । ९८ ।।

नाम मात्र फरक छन्, ईश्वर एकै हुन्

इन्द्रं मित्रं वरुणमग्निमाहु-
रथोदिव्यः स सुपर्णो गरुत्मान् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकं सद्विप्रा बहुधा वदन्ति
अग्निंयमं मातरिश्वानमाहुः ।।

(ऋक्. १।१६४।४६)

इन्द्र, मित्र, वरुण, अग्नि र (स सुपर्णो गरुत्मान्) आकाशमा सबै तर्फबाट देखिने सूर्य र (अग्निं यमम् मातरिश्वानम्) अग्नि, यम, वायु आदि नामले स्तुति गर्छन् । तर (एकं सद्विप्रा बहुधा वदन्ति) एउटै सत् स्वरूप परमेश्वरलाई विद्वान्हरूले अनेक नामले भनेका हुन् । भनेबाट हाम्रा वैष्णव, शैव, शाक्त आदिले शिव, विष्णु देवी आदि नामबाट भजन गरे पनि उनै एक परमेश्वरको उपासना हो भन्ने उत्तम ज्ञान दिन्छ । साथै पृथ्वीभरका संप्रदायका पनि अनेक नाम उनै ईश्वरका हुन् भन्ने संकुदा त पृथ्वीभरका सबैलाई त्यस मन्त्रले सधर्मी नै भन्यो र क्षुद्र सांप्रदायिकता हटाउन सकिन्छ । तर ईसाइ मिशनले वैदिक सनातन धर्म मासेर ईसाइ राज्य गराउन खोजेकोले विरोध हुँदा, तिनलाई विधर्मी मान्नुपर्ने देखिन्छ । उनले धर्मको नामले राजनीति गर्दैछन् ।।९९।।

सत् र असत् मार्ग

सत् र असत् (हानी गराउने) दुई बाटा छन् । असत् बाटो चटक्क छोड्दा मात्र उत्तम मानिस बन्न सक्छ भन्ने बताइन्छ—

मा प्रगामपथो मा यज्ञादिन्द्रसोमिनः
मान्तस्थुर्मे अरातयः ।

(ऋक्. १०।५७।१)

ए इन्द्र ! परमेश्वर ! (वयम् अपथः मा प्रगाम्) हामीहरूको मन खराब बाटातर्फ नजाने होस् र नजाओ (सोमिनः यज्ञात् मा प्रगाम्) सोम परमेश्वरको कृपा पाइने यज्ञ, सत्कर्म, सद्व्यवहार छोडी अलग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नहोओं (अरातयः अन्तः मातस्थुः) । हांम्रा शत्रुहरूले मेरा सत्कामको बीचमा बाधा नपारून् ।।१००।।

वयं सोमव्रते तव मनस्तनूषु विभ्रतः प्रजावन्तः सचेमहि

(ऋक्. १०।५७।६)

हे सोम ! परमेश्वर ! (वयं तनूषु मनः तव व्रते विभ्रतः प्रजावन्तः सचेमहि) हामीहरू हाम्रो शरीरभित्रको मन तपाईंको व्रत नियममा मात्र लगाएर सन्तानसहित मै सेवा गरौं । (१०१)

भगवान् बुद्धका साथ वेदका मतभेद मुख्य दुई छन् ।

१) भगवान् बुद्धका उपदेशका साथ यहाँसम्मका मन्त्रहरू हेर्दा वेदमा ईश्वर मानेर स्तुति, भजन, ध्यान गर्ने मन्त्र देखिन्छन् । तर बुद्धको चरित्र अश्वघोषले "बुद्धचरित" अति राम्रो सरल संस्कृत श्लोकमा २ हजार वर्षअघि लेखेको काव्य हेर्न पाइन्छ । त्यसमा ईश्वर नमानेको स्पष्ट लेखेका छन् । जस्तैः–

न नित्यः कश्चिदात्माऽस्ति देहादन्यः सुनिश्चितम् ।
नात्मनः परिणामश्च जगदेतदनीश्वरम् ।।१९।।

(बुद्धचरित २६ सर्ग)

शरीरमा जो सामग्री छन्, तिनैबाट शरीर संचालित हुन्छ । अर्को कुनै ईश्वर, आत्मा छैन । (एतद् जगत् अनीश्वरम्) यो जगत् अनीश्वर छ । त्यसो भए कसरी सृष्टि मै चालू छ त ? भन्दा उत्तर-हरू–

अनेकेषां च भावानां पारस्परिककर्मणाम् ।
जनिर्भवति जन्तूनामिति बौद्धमतं मतम् ।।२०।।

(बुद्धचरित २६ सर्ग)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलग रूपले बदलिरहेर काम गर्ने अनेक पदार्थ मिल्दै बदलिदै जादा जीवजन्तुहरू उत्पन्न भएका हुन् । जस्तैः- घडी अनेक पूर्जा जोड्दा चल्न थाल्दछ त्यस्तै हो । तर घडीको पूर्जा ता मानिसले जोडेर चल्दछ। संसार जोडेर तयार गर्ने वा बदलिरहने संसार कसले तयार गरेछ ? भन्ने शंका बाँकी देखिन्छ । ईश्वर छ, भन्ने र छैन, भन्ने विवाद सदा चालू छ । तर बौद्धले पनि उपासना गर्छन् । महायानी बुद्धिष्ठहरूले ता बोधिसत्व र पुनर्जन्म समेत मान्दछन् ।

२) अर्को मतभेद- शत्रुले जसो गरे पनि सहनु हो । जस्तैः-

घ्नन्तं वापि दृढं शत्रु नोपहन्यात्कथंचन ।

नवदेद् दुर्वचश्चापि प्रतीकारोऽयमुत्तमः ॥५०॥

(बुद्धचरित, ३६ सर्ग)

अर्थात्- कडा शत्रुले हिर्काउने थाल्यो, मार्ने आँट्यो, भने पनि नहिर्काउनु मात्र होइन, गालीसम्म पनि नगरेर सहनू । यसरी सहनु शत्रु जित्ने उत्तम र प्रतीकारी जवाफ हो ।

तर यो कुरा १।२ महापुरुष महात्माले दुःखै नमानी सहलान् । कुनै कुनै शत्रु क्रूर भए पनि आफूले कुटेको मानिसले सहेर खुशी भै बसेको देख्ता अथवा उसले यौटा गालामा कुट्ता अर्को गालो थाप्ने भने जस्तो गर्दा कुट्ने मान्छेको मन बदलिएर मैले गल्ती गरेछु भन्ने सक्केला र प्रतीकार होला । तर अति क्रूर मन भै नबदलिएका उदाहरण असंख्य छन् । इस्लाम धर्मग्रन्थ कुरानमा काफिर (मुसलमान बाहेक) लाई जसरी जति पनि मार्नू भनेकैले होला निर्दयी भै औरङ्गजेब आदि मुसलमान शासकहरूले निर्दोष हिन्दूहरूलाई क्रूर कठोर हृदय भै मारेथे । तर मुसलमान भए पनि अकबर आदिको शासनचाहिं अन्धसंप्रदायवादी थिएन ।

अन्धसंप्रदायवादी औरङ्गजेब आदिले निर्दयी भै अति क्रूर हत्या गरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दैमा उनका सन्तानलाई दोष दिनु विरोधी ठहराउनु अति मूर्खता हो। संप्रदाय अलग भए पनि दाजुभाइसरह मिलेर बस्नुपर्छ। वेद मन्त्रले-

त्वं त्राता तरणे चेत्यो भूः पितामाता सदमिन्मानुषाणाम्

(ऋक्. ६।१।५)

नदी तार्ने परमेश्वर! तपाईं नै हामी सबै मनुष्यको रक्षा गर्ने, चेतना दिने सदाका लागि नै माता र पिता पनि हौ, भने अनुसारै व्यवहार गर्नुपर्छ। क्रूर निर्दय हुनु भने एकै आमाका दाजुभाइ काटाकाट गरेका देखिन्छन्। क्रूर दुर्योधनले भाउजू द्रौपदीलाई सभामै नाङ्गो पार्न लागेको महाभारतमा नै छ। १।२ मुसलमान शासकको अति क्रूरता हेर्नौं।

भारतको शासक औरङ्गजेबले गुरु गोविन्दसिंहका पिता गुरु तेंगबहादुरलाई मारेथ्यो। काश्मीरका पण्डितहरूलाई मुसलमान हुनुपर्छ भन्दा उनीहरू गुरु तेंगबहादुरलाई हाम्रो धर्म कसरी बचाउनु? भन्न पुगेछन्। गुरुले "गुरु तेंगबहादुरलाई मुसलमान गराएमा हामी पनि हुन्छौं" भन्नु भनेको हुँदा गुरुलाई दिल्ली लगे। गुरुले यसरी जबर्जस्ती गर्न हुँदैन इत्यादि अनेक उपदेश गरे। तर औरङ्गजेबले तिमीलाई पीर (गुरु) मानेर राख्छु, इत्यादि भन्यो। मुसलमान हुन नमानेकाले गुरुलाई तर्साउन दास नामको हिन्दूलाई आरालै चिरेर दुई फ्याक गराई मारेछ। अर्को देयालालाई उम्लेको पानीमा हाली मारेछ, त्यो देखेर पनि गुरु तर्सेनन्। फलामको पिंजरामा थुनेर फलानु दिनमा यिनलाई मारिन्छ भन्ने ऊयाली पिटाइयो चाँदनी चोकमा त्यसदिन भीड लाग्यो। संवत् १७३२ माघ ५ गते उमेर ५४ का गुरुले केही पाठ गरेपछि उनलाई तरवारले हानियो। शिर अलग भयो (सिख संप्रदाय मरेमा अरू) मुसलमान हुनुपर्छ, भनेकोमा मानेनन् र मारे। तर गुरुले दुर्वचन सम्म बोलेनन् सहेरै बसे। गुरु गोविन्दसिंह तथा जोहरावरसिंह समेत दुई छोरा १५ वर्ष पनि नपुगेकालाई फेला पारेर बादशाहका अगाडि लगे। मुसलमान हुँदैनौं, भनेकाले दुवै जनालाई उभ्याएर ईंटको गारो लगाउँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोह्रदै गरे, मुसलमान हुँदैनौं भनेकाले गारो पूरा गरे, त्यहीं निसास्सिएरै मरे। तर उनले कुनै दुर्वचन बोलेनन् तापनि औरङ्गजेबको अति क्रूर कठोर हृदय पग्लेन। यस्ता उदाहरण असंख्य छन्। बारौं शताब्दीको अन्त्यमा अलाउद्दीनले विजय पाएपछि नालन्दा विश्वविद्यालय ध्वस्त पार्दै पुस्तकालयमा आगो लगाएर हजारौं निरपराध छात्र र शिक्षकलाई मारे। त्यसै हुँदा बाह्रिरी आक्रमणबाट देश जोगाउन र देश भित्रका चोर, डाँका, हत्यारा, ठग मनुष्यबाट सर्वसाधारण मानिसको रक्षाका लागि शस्त्र-सहित सेना, न्यायालय, कारावास आदि र सत्शिक्षा समेत सबै सरकार-ले राखेका छन्। यसरी सर्वसाधारण जनताको रक्षाका निम्ति संगठन, प्रशासक, सशस्त्र सेना आदि राख्नु भनेको छ र पृथ्वीभरमा राखेकै छन्। सज्जन, दुर्जन राम्ररी चिनेर अरूको रक्षाका निम्ति दुर्जनको पनि दुष्टता हटाउन दण्ड गर्नैपर्छ भन्ने बताइन्छ।

विजानीह्यार्यान्ये च दस्यवो बर्हिष्मते रन्धयाशासदव्रतान्।
शाकीभव यजमानस्य चोदिता विश्वेतातेसधमादेषु चाकना

(ऋक्. १।१५।८)

हे प्रशासक! (आर्यान् ये च दस्यवः तांश्च विजानीहि) आर्य-सभ्य सज्जन विद्वान् उत्तम मानिस त्यस्ताको दल समेतलाई र जो दस्यु= लुटाहा, डाँकु, चोर ठग हत्यारा मूर्ख वा तिनका दललाई पनि राम्ररी चिन (अव्रतान् शासत् शाकीभव) वा तिनका दललाई सद्व्यवहार सत्कर्म आदि व्रत नगर्ने दुष्ट हत्यारा मान्छे वा तिनका दललाई दण्ड र शिक्षा आदिबाट सद्व्यवहार गर्ने बनाउन सबने बन। अथवा (बर्हिष्मते रन्धय) अरूलाई बचाउन तिनलाई समाप्त गर (यजमानस्य चोदिता) सद्व्यवहार गर्नेलाई त्यसैतर्फ प्रेरणा र प्रोत्साहन गर (विश्वेन्ताते सधमादेषु चकाना) सदासर्वदा यस्तो उत्तम काम गर्न इच्छा गर।

इन्द्र शब्दको अर्थ, इंद्रि परमैश्वर्ये धातुबाट बनेकाले परमेश्वर इन्द्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवता राजा प्रशासक र अध्यक्ष आदि अनेक छन् । सूर्यलाई नै वृत्र मार्ने इन्द्र पनि माथि लेखियो । उक्त मन्त्रमा आर्यसज्जन (सत्कर्म गर्ने उत्तम मान्छेलाई) र दस्यु (अव्रत लुटाहा, हत्यारा) सद्व्यवहार नगर्नेलाई चिनेर दण्ड गर इत्यादि अर्थ गरियो । तर त्यसको आर्य शब्दको जात अर्थ गरेर आर्य र अनार्य दुई जात छुट्याई आर्य इरानबाट आई यहाँका अनार्य किरात, द्रविड र अरू आदिवासिहरूलाई जितेर शासन गर्न लागे इत्यादि अर्थ गरेर दिमागी अणुबम तयार गरी परस्पर फूट गराई हामीले अति श्रद्धा गरी शिरमा राखेको वेदलाई रद्दीको टोकरीमा फ्याँकने लाखौं मान्छे तयार गरेथे र अझै तयार गर्दैछन् । त्यसै शिक्षालाई मैकाले शिक्षा भन्दछन् । त्यो अणुबम धेरै नेपाली विद्वान्हरूमा पनि घुसेर नयाँ पिढीमा पनि घुसाएर उनकै हतियार बन्ने धेरै छन् । तीमध्ये मोदनाथ प्रश्रितज्यू-ले छोडेको बम—

म त यै राखुछु प्रस्ताव यो गोरो आर्यवंशले ।
भुट्नै पर्दछ काला र नेप्टाको विउ औ जरा ।।

(देवासुरसंग्राम, पृष्ठ ५३)

इत्यादि हो । (१०२) ।

त्यस्तै मदनमणि दीक्षितज्यूले पनि त्यही अणुबम समाएर त्यो युग भन्ने पुस्तकद्वारा अझै प्रहार गर्दै हुनुहुन्छ र २०४० संवत् माघको 'रूपरेखा पृष्ठ ५४–५९ सम्ममा 'आर्यहरूले शिश्नदेवाः लिङ्ग पूजक भनेर यिनै किरातीहरूलाई समेत भने । महादेवको अर्को नाम किरातेश्वर पनि हो" इत्यादि पाश्चात्यकै फूट गराउने हतियार पक्रेर हाम्रा समाजमा प्रयोग गरेर मिशनलाई सहयोग पुऱ्याउँदै रहेको देखिन्छ । नभए त शिव, रुद्र, पशुपति नामबाट हामी मान्दैछौं । किरातहरूले पनि उनै शिव, रुद्र, महादेवलाई नै किरातेश्वर नामबाट मान्दै रहेकाले सभ्य किरात जात सधर्मी आर्य हुन् भन्नुपर्दथ्यो । शिश्नदेवाः शब्द भएको मन्त्रले मनुष्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजलाई अति उत्तम उपदेश गरेको छ । तर भान्सेले डाडु पन्यू लिई बाँड्नुपर्नेमा खान बसेकालाई डाडु पन्यूले कुट्न लाग्यो, भने दिमाग बिग्रिएछ, भन्नैपर्छ । त्यो मन्त्र हेर्नो—

न यातव इन्द्रजुजुवुर्नेति वन्दना शविष्ठवेद्याभिः ।
सशर्धदर्यो विषुणस्य जन्तोर्मा शिश्नदेवा अपिगुर्ऋतं नः ॥

(ऋक्. ७।२१।५)

(शविष्ठ ! इन्द्र !) ए प्रेरक ! इन्द्र (यातवः वन्दना) यातना दिने अथवा नम्र भै (वेद्याभिः) जानिने राम्रो आकृतिले युक्त भै (नः अस्माकम्) हाम्रो (ऋतम्) सभासमिति वा यज्ञ आदिमा (न जुजुवुः) विघ्न गर्न नआउन् (विषुणस्य जन्तोः) विषम विचार भएका मनुष्य-हरूको सभासम्मेलन कार्यालय आदिमा (सः अर्यः शर्धत्) त्यस्तो स्वामी अध्यक्ष वा अधिकृत अधि बढोस् वा अधि बढाइयोस् (शिश्नदेवा न ऋतं मा अपिगुः) अब्रह्मचर्या=यौन भ्रष्टाचारी उपलक्षण हुँदा आर्थिक भ्रष्टाचारी र हिंसात्मक भ्रष्टाचारी समेत माथिल्ला पदमा नपुगून् वा नराखियून् । त्यस मन्त्रबाट ता चुनाव आदिमा पनि त्यस्ता दुश्चरित्रलाई मतदान नदिनू वा माथि बढ्न नदिनू इत्यादि राम्रो भाव प्रकट हुन्छ भन्ने निरुक्त र सायण आदिमा अर्थ छ र उचित छ, सायण निरुक्त आदिले गरेको सत्य अर्थ छोडेर जुन अर्थ गर्दा फूट र अश्रद्धा हुन्थ्यो, त्यस्तो अर्थ, मैक्समूलर, कीथ, ग्रिफिथ आदिले गरेथे । (पृथ्वीभरमा नै जित्ने शासक-वर्गको महत्ता र कडा फूट बढाई शासित वर्गमा परस्पर फूटले सङ्गठित हुन नसकने गराउनु र प्राचीन साहित्यलाई जुन साहित्यभन्दा पुरानो साहित्य वा धर्मग्रन्थ पृथ्वीभरमा खोज्दा पाइदैन, तिनलाई ५।६ सय वर्षसम्मको मुसलमानी शासनमा र गोवाको इसाई शासनमा खोजी-खोजी पोल्दा पनि बचाएर राखेका थिए ।) तिनैलाई पढाई रद्दीका टोकरीमा पर्याक्ने ब्राह्मण सन्तान नै तयार गर्नु उनको ठूलो बुद्धिमानी हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हामीलाई व्रतबन्धमा एउटा प्रतिज्ञा मन्त्र भन्न लगाइन्छ । जस्तै:—

यथा त्वमग्ने देवानां यज्ञस्य निधिपा असि ।

एवमहं मनुष्याणां वेदस्य निधिपो भूयासम् ।।

अर्थात् "हे अग्ने ! अग्निरूप परमेश्वर ! जसरी तपाईं देवताका लागि यज्ञरूपी खानिको रक्षा गर्नुहुन्छ । त्यसरी नै मनुष्यहरूका निम्ति वेदरूपी खानिको रक्षा गर्न सक्ने बनौं" इत्यादि प्रतिज्ञा गराइन्छ । तर सम्पूर्ण मनुष्यको कल्याणका निम्ति मानेको वेदलाई रद्दीको टोकरीमा हाल्ने मानिस तयार गर्न वक्नु उनको ठूलो काममा उनलाई धन्यवाद दिनैपर्छ (१०३) ।

उनले र उनका पिछलग्गुहरूले असत्य अर्थ गरेको अर्को मन्त्र हेरौं—

प्रान्यच्चक्रमवृहः सूर्यस्य कुत्सायान्यद्वरिवोयातवेऽकः ।
अनासोदस्युरमृधोवधेन निर्दुर्योणआवृणङ्मृध्रवाचः ।।

(ऋक्. ५।२९।१०)

सूर्यस्य=द्विचक्रस्य अन्यत्=एकं चक्रम् अवृहः पृथक् चकर्थ अन्यत्=एकं चक्रम् कुत्साय धनं यातवे=प्राप्तुम्) अक=अकार्षीः अर्थात् सूर्यका दुई चक्र थिए ती मध्ये एक चक्र अलग गर्यौं, अर्को एक चक्रचाहिं कुत्सलाई धन पाउन गरायौं । अनासो=अशब्दान् मूर्खान् आस शब्देन शब्दोलक्ष्यते) (दस्यून्=हिंसादिनाऽपिपरद्रव्याधहारकान् मनुष्यान्) (वधेन=आयुधेन) (अमृध=अहिंसीः) (मृध्रवाचः आवृणक्) हिंसायुक्त वाचः छिन्नवानसि) अर्थात् सूर्यका दुई चक्र थिए । ती मध्ये एकचाहिं अलग गरेर एक चक्र कुत्सलाई धन प्राप्ति निम्ति गरायौं । यस आधा मन्त्रको अर्थ स्पष्ट छ । तर भाव स्पष्ट बुझिएन । आधा मन्त्रको भावचाहिं हे इन्द्र ! प्रशासक तपाईंले लुटाहा, हिंसा गर्ने, काटमार इत्यादि हिंसात्मक बोली बोल्दै आउने (अनासः) मूर्खदस्यू दललाई युद्धमा हतियारले छिन्नभिन्न पार्नुभयो, मास्नुभयो । अर्थात् (अनासः अश-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्दान्) अपठितमूर्ख (मृध्रवाचः) काटमार सिध्याओ, आदि हिंसात्मक बोली बोल्दै आउने (दस्यून्) लुटपाट, डकैती, काटमार गर्ने मनुष्यहरू-लाई (दुर्योणे) युद्धमा (वध्रेन) हतियारले सिध्याउनुभयो। (आवृणक्) छिन्नभिन्न पार्नुभयो। यस मन्त्रको अनासः शब्दको नाक नभएको अर्थ गरेर नेप्टो नाक भएको भन्ने अर्थ आउँदैन। चुच्चे नाक भएका मान्छेलाई उन्नस शब्दले भन्छ। नेप्टो नाक भएकालाई त अनुन्नसान् भनुपर्थ्यो त्यो छैन। नाकलाई संस्कृतमा नासिका नै जहाँतहाँ भनिन्छ। कहिंकहिं नासा पनि भेटिन्छ। नाक नभएको भन्दा "अनास" हुन्छ। द्वितीयाको शस्मा अनासान् दस्यून् भन्नुपर्नेमा दस्यूः भनेको हुँदा त्यसको विशेषण पनि अनासा दस्यूः हुनुपर्नेमा अनासो दस्युः स्पष्टै देखिनाले त्यो अर्थ अति असत्य हो। णासृरातृ शब्दे धातुको नभएर नास्शब्दे धातु बनेर क्विप् वा विच् प्रत्यय हुँदा नास् शब्दको बोल्ने अर्थ हुन्छ। अनासो दस्युको नबोल्ने अर्थात् मूर्ख र दस्युको अर्थमा माथि नै हत्यारा डाँकादस भनियो। यही अर्थ ठीक छ (१०४)

पाश्चात्त्य विद्वान्हरूले दिमागी अणुबम तयार गर्न अर्को ऋग् महत्त्व-पूर्ण मन्त्रको अर्थ कस्तो गरे ? त्यो मन्त्र हेर्नौं—

त्वं पिप्रुं मृगयंशुशुवांसमृजिश्वने वैदथिनायरन्धीः ।
पञ्चाशत्कृष्णा निवपः सहस्रात्कं न पुरो जरिमा विवर्दः ॥

(ऋक्. ४।१६।१३)

हे इन्द्र ! प्रशासक ! (त्वं पिप्रुम्) पिप्रुनामानम् (मृगयं शुशु-वासम्) प्रवृद्धं मृगयनामानम् च तथा (वैदथिनाय ऋजिश्वने) विदथिनः पुत्राय ऋजिश्वि नामकाय च (रन्धीः) वशम् आनय=स्ववशकृतवान्। अर्थात् तपाईंले पिप्रु मृगय र विदथिका छोरा ऋजिश्विलाई कर गर्नुभो। अब (पञ्चाशत् सहस्रात्कंकृष्णा निवपः) पचास हजार कृष्णवर्णका अथवा कालो वस्त्र लाएका सेना (निवपः) प्रशिक्षण गरेर तयार गर, (जरिमा) बुढ्याईले (अत्कं न) उमेरलाई जस्तै (पुरः) अगाडि युद्धमा आउने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुलाई (विदर्दः) नष्ट गर । दयानन्द स्वामीज्यूको भाष्यबाट यो अर्थ गरियो । सायण भाष्यमा चाहिं (पञ्चाशत् सहस्राः कृष्णाः निवपः) पचास हजार काला शत्रुलाई नष्ट गऱ्यौं । (पुरः) शहरलाई (विदर्दः) नष्ट गऱ्यौं भनेको छ । यसमा सायणको निवपः को नाश गर्ने अर्थ मिलेन । वप् धातुको बिउ छर्नु अर्थ हुनाले पचास हजार सैन्यलाई प्रशिक्षणबाट तयार गर्नु अर्थ नै ठीक देखिन्छ, अथवा पचास हजार कालालाई नाश गरेको अर्थ गरे पनि वैदिक समयदेखि अहिलेसम्म पृथ्वीभर युद्ध चालू नै छन् । कुनै जातलाई शत्रु मानेर मार्ने परशुरामको अभियान वेदपछिका साहित्यमा मात्र देखाएको छ । मनु र याज्ञवल्क्य स्मृतिहरूमा

यस्मिन् देशे य आचारो व्यवहारः कुलस्थितिः ।
तथैव परिपाल्योऽसौ यदा वशमुपागतः ॥

(याज्ञवल्क्य १।३४)

स्थापयेच्चैव तद्वंश्यान् कुर्याच्च समयक्रियाम् ।

(मनु. ७।२०२)

जितेका देशको जुन आचार विचार र कुलपरम्पराको रीतिस्थिति छ, त्यसरी नै रहन दिनू । जितेका राजाको वंशलाई नै शासन अधिकार दिएर सन्धि गर्नू भनेको छ । ऋ महाभारत सभापर्वको पाँचौं अध्यायमा त—

भयाद्रणादुपरतं क्षीणं वारिमुपागतम् ।
युद्धे वा विजितं पार्थ ! पुत्रवत् परिरक्षसि ॥

युद्ध गर्न आएको शत्रु डरले युद्ध नगर्ने भएछ भने अथवा हतियार सकिएर दुर्बल बनेको वा युद्धमा आफूले जितिएर आएको शत्रुलाई पनि छोरालाई जस्तै रक्षा गर्नुपर्छ भनेको छ । ऋ महाभारत शान्तिपर्व अ. ८० मा 'नास्ति जात्या रिपुर्नाम मित्रं वापि न विद्यते' मनुष्यहरू जातैले शत्रु मित्र हुँदैनन् इत्यादि समेत भनेको छ । अचेल पनि दुईपल्ट जर्मन र अंग्रेजको कडा युद्ध भयो । युद्ध सकिएपछि मिलेर बस्नुपरेकै छ । ऋ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारतमा त पृथ्वीभरका मनुष्यका साथ एकताको भावना बढाउन प्रोत्साहन दिने अनेक पद्य छन् । एक हेर्नौं—

अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः ।

(शान्ति पर्व अ. ६०)

पृथ्वीभरका कुनै मनुष्य पनि अयोग्य हुँदैनन् । तर तिनलाई योग्य गराउने मान्छे संस्था वा सरकारै भेट्न मुश्किल हुँदा नै अयोग्य असभ्य छन् । जस्तैः नेपालमा राउटे जात सेती अञ्चलमा अहिलेसम्म पनि अनार्य-असभ्य नै छन् । सभ्यको अर्थ सभा (मानिस जम्मा भएको ठाउँ)मा सम्मिलित हुने हो तिनीहरू अरूका गाउँमा कहिल्यै नबस्ने आफ्ना गाउँमा पनि अरूलाई बस्न नदिने छन् । त्यस्तैलाई अनार्य (असभ्य) भनेको हो । तर ती दस्यु (लुटाहा, हत्यारा) होइनन् । वरु दस्यु बनेका भए सेनाले पक्रेर जेलमा थुन्थे र सत्संगतबाट कालान्तरमा आर्य (सभ्य) बन्थे होलान् । तिनलाई सभ्य योग्य बनाउन उत्तम मीठा फल र मिठाई लगेर बाँड्ने गरेमा आवतजावत बढ्दै सभ्य बन्थे होलान् । अथवा तिनका छोराछोरीलाई पढाउन सकेमा आर्य बन्थे होलान्, तर तिनका छोरा-छोरी जबर्जस्ती त्याउन भएन । उनीहरू पढाउन पठाउँदैनन् । जातैका आधारमा शत्रु र मित्र हुँदैनन् । व्यवहारमा मानसिक शक्ति घटीबढी हुँदा शत्रु र मित्र बन्दछन् भन्ने कुरा—

'नास्ति जात्या रिपुर्नाम मित्रं चापि न विद्यते ।
सामर्थ्ययोगाज्जायन्ते मित्राणि रिपवस्तथा ।।

(म. भा. शा. अ. ८०)

असाधुः साधुतामेति साधुर्भवति दारुणः ।
अरिश्च मित्रं भवति मित्रं चापि प्रदुष्यति ।। (८०।८)

अर्थात् जातैले शत्रु र मित्र हुँदैनन् ।

व्यवहारेण मित्राणि जायन्ते रिपवस्तथा (पञ्चतन्त्र)

अर्थात् दुर्जन सज्जन हुन्छ । सज्जन पनि कुनै समयमा शत्रु बन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मित्र पनि शत्रु बन्छ अर्थात् मानसिक शक्ति र व्यवहार घटीबढी हुँदा शत्रुमित्र हुन्छन् । पाश्चात्य विद्वान् कयौंले बुद्धिपूर्वक दिमागी अणुबम छोडे । त्यसैलाई पक्रेर हान्दै हामीले परस्पर फुट बढाउन सत्शास्त्रमा र राम आदि महापुरुषमा असत्य दोष दिई अश्रद्धाको प्रचार गर्नु भयङ्कर गल्ती हो । (१०५)

अकर्मा दस्युरभि नो अयन्तु रन्यव्रतो अमानुषः ।
तं तस्यामित्रहन् वध वध दासस्य दम्भय ।।

(ऋक्. १०।२२।८)

(हे अमित्रहन् !) शत्रुलाई नाश गर्ने इन्द्र ! (अकर्मा) सत् काम नगर्ने (दस्युः) लुटाहा हत्यारा (अन्यव्रतः) (व्रत) सत् काममा नलागेर असत् काम गर्ने (अमानुषः) अनुहार त मान्छे नै छ, तर व्यवहारचाहि मनुष्यताले रहित भएका मानिसहरू (नः अभि) हाम्रा वरिपरि छन् । (तस्य दासस्य) त्यस्ता मनुष्यत्व नभएका अति दुष्ट मान्छेलाई सज्जन र सर्वसाधारण मानिसको रक्षाका निम्ति (त्वं वध दम्भय) तिमी दण्ड गर समाप्त गर ।।१०१।।

माथि संसारलाई नै आर्य (सज्जन) बनाउनु, इत्यादि र जनताको रक्षाका निम्ति अति दुष्ट दल वा व्यक्तिलाई समाप्त गर, इत्यादि थोरै मन्त्रबाट देखाइयो । माथिदेखि नै आर्य अनार्य शब्दको जात अर्थ गर्नु अति असत्य हो भनियो । वेद, वाल्मीकिरामायण, महाभारत, बौद्धग्रन्थ र अमरकोष आदिमा समेत आर्यको उत्तम, श्रेष्ठ जात र अनार्यको दुष्ट जात अर्थ गरेको छैन ।

सभ्य सज्जन जुनसुकै जात पनि आर्य हो, खराब काम गर्ने बाहुन छेत्री पनि अनार्य हुन् र आर्यहरू पश्चिमबाट आएका हुन् भन्नु पनि कसैले कुनै प्रमाण दिन नसकेकाले अति असत्य हो । २०४३ साल पौषमा धरानमा तेस्रो राष्ट्रिय बौद्ध सम्मेलन हुँदा ४ जनाले कार्यपत्र लेखेथे, तिनमा हिन्दू आर्य समाज इत्यादि लेखेको सत्य होइन । पृथ्वीभरकै सद्व्यवहार गर्ने आर्य हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धका धम्मपदमा धेरै ठाउँमा उत्तम मान्छेलाई नै आर्य र दुर्गुणी, हिंसकशील स्वभाव भएकालाई अनार्य भनेको छ (बौद्ध सम्प्रदायमा स्पष्ट गरेको छ) जस्तै—

"न तेन अरियो होति येन पाणानि हिंसति ।
अहिंसा सब्ब पाणानं अरियोति पवुच्चति ।"

(धम्मपद धम्मवग्गो १९१५)

बुद्धलाई कैयौंले किरात पनि भन्थे, सत्य हो भने राम्रो हो, तर किरात अनार्य हुन् भन्नु अति असत्य हो । बुद्धलाई २ हज्जार वर्ष पहिलेका अश्वघोषले लेखेको बुद्धचरितमा इक्ष्वाकुका सन्तान लेखेको र जहाँतहाँ आर्य लेखेको छ । जस्तै—

"आर्यस्यागमनं ज्ञात्वा चानन्दाश्रुप्लुताननः ।
दिदृक्षुस्त्वरितं राजा सपौरः सोत्सुको ययौ ।।"

(सर्ग २१।४)

आर्य बुद्ध आएको सुनेर सारै खुशी भै बाबु राजा अरू पनि चाँडै हिंडे ।

सर्ग २१ मा नै एउटा दुष्ट हात्तीले जनतालाई सारै दुःख दियो, तर बुद्धले त्यसलाई उपदेश गरेर उत्तम आर्य गराएको देखेर जनताले बुद्धको खूब प्रशंसा गरे । कसैले चाहिं त्यस्तो दुष्ट हात्ती पनि आर्य बनेकोमा प्रशंसा गरे भनेको छ । (२१ सर्ग ६५) ले "जगुर्मुनि यशःशुभ्रं केचिदूचुर्ग-जार्यताम् ।" दुष्ट हात्तीलाई पनि बुद्धले आर्य बनाए, भनेकोले कुनै पनि मान्छे जातैले अनार्य छैन । बुद्धको वैराग्य देखेर गृहस्थ सौख र राज्य सौख भोगेर बस्न प्रोत्साहन गरेकोमा बुद्धले उत्तर दिए कि— 'न मां कामेष्वनार्येषु प्रतारयितुमर्हसि । (सर्ग ४।९४) अर्थात् विषय सुख र राज्य सुखचाहिं अनार्य सुख (खराब सुख) हुन् र त्यसतर्फ लगाएर मलाई ठग्न हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यसपछि विषय सुखतर्फ नै प्रेम बढाउन अनेक सुन्दरी तरूनीहरूको नाचगानको व्यवस्था मिलाएर सिद्धार्थ बुद्धलाई राखे। ती सुन्दरीहरू नाचगान गर्दै बुद्धका नगीचै आए र हाँस्तै छुने पनि गर्दथे, तर तो कामबाट पनि बुद्धको मन नफिरेको र झन् वैराग्य बढेर त्यस्ता नाचगान गर्ने उत्तम सुन्दरीबाट हुने सुखलाई पनि अनार्य सुख माने। सिद्धार्थलाई ता आर्य सुख (उत्तम सुख) पाउन राज्य र स्त्री पुत्र समेत छाडेर हिंड्ने कडा इच्छा हुनाले त्यस्ता नाचगान सुन्दरीबाट समेत आनन्द मानेनन् भन्ने कुरा— "परमार्यसुखाय तस्य साधोरभिनिश्चिक्रमिषा यतो न रेमे।" (बुद्धचरित सर्ग ४ श्लोक ९६) भनेको छ।

२०४१ वैशाख जेठ असारको लहर पत्रिकामा त्यो युगको वारेको मोदनाथजीले लामो आलोचना गरेको छ, मैले पनि विवेचनात्मक अध्ययन प्रकाशित गरें। तर दीक्षितज्यूले आर्य शब्दको जात अर्थ होइन, भनेकोमा मोदनाथजीले अब आर्य शब्द रूढ भैसकेको छ, भनेकोमा आश्चर्य लाग्यो। पाश्चात्य विद्वान्हरूले आर्य, निग्रो, मंगोल भनेर भाग लगाए भन्दैमा हुँदैन। हाम्रो ऋग्वेददेखिका ग्रन्थहरूले के भनेथे? त्यो हेरेर अर्थ गर्दा आर्य शब्दको सभ्य श्रेष्ठ नै अर्थ मुख्य हो। आर्यहरू यहाँका होइनन्, पश्चिमबाट आएका हुन् भन्ने कुरा पढाएथे, अहँ पढाउदै छन् र प्रश्रितजीहरू पनि पुष्ट प्रमाण नभए पनि साबिती बयान दिंदै हुनुहुछ र हामी विदेशी आक्रामक हौं भन्ने भाव पनि प्रकट गर्दै हुनुहुन्छ। साँचो भए तापनि उचितै पनि थियो, तर प्रमाण नहुँदा सत्य देखिएन। तर पुराना स्मृतिमा थप्ने र पुराना ऋषिका नामबाट नयाँ स्मृति बनाउँदा ता बाहुन, छेत्री, वैश्य मात्र आर्य हुन्, अरू सब अनार्य हुन् भन्ने प्रचार पनि गरेछन्। विद्वान् स्वामी करपात्रीजीले पनि तीन जात मात्र आर्य हुन् भनेथे, ती सब मध्य-कालका विकृति हुन्। त्यहीं नेवार जातलाई किरात भन्नु पनि ठीक भएन। उनले आफूलाई किरात भनेका छैनन् (स्मृति चर्चा र सम्प्रदाय चर्चामा केही स्पष्ट गरिने छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोदनाथजीले वेदसमेतको नाम लिएर लेखेको देवासुर संग्रामको छोटो आलोचना "आलोचनाको कसीमा देवासुरसंग्राम" भन्नेमा गरेकै छु। प्रश्नितज्यूले आर्यावर्त नाम राखेकाले आर्य शब्दको जात अर्थ हो, भन्ने आशय प्रकट गर्नुभएको छ। त्यो पनि उचित भएन, आफ्नो देशको महत्त्व निम्ति राम्रो नाम राखिन्छ। जस्तै– "धर्मक्षेत्रे कुरुक्षेत्रे" भन्दै कुरुक्षेत्र आदिको राम्रो नाम राख्ने चलनअनुसार सभ्य सज्जन मान्छे बसेको वा बस्ने देश भन्ने अर्थ पनि लाग्ने हुँदा जात अर्थ सिद्ध गर्ने प्रयत्न मात्र हो। माधव पोखरेलजीले ०४८ चैत्रको मधुपर्कमा धरानको इतिहास लेखेको देखियो। मेरा दृष्टिमा राम्रै लाग्यो। वैदिक विषय प्रसंग हुनाले पनि यहाँ लेखिदैन। तर त्यहाँ "शिव अनार्यका देवता" लेखेकाले ऋक् आदि चारै वेदमा शिव, रुद्र आदि अनेक नामले परमेश्वरकै स्तुति गरेकाले वैदिक देवता हुन्, वेद पढ्ने र नपढ्ने सबैले मानेकाले पाश्चात्त्य विद्वान्को र तदनुसारी राहुल आदि विद्वान्को अनुसरण गरेको स्पष्टै छ, असत्य हो। हामी वैदिकले र अरूले पनि शिव मानेकाले हामी र किरात द्रविड आदि पनि सधर्मी रहेको स्पष्टै छ। अनार्यका देव शिव, रुद्र हुन् भन्नु वेद विरुद्ध हुँदा अति असत्य हो फूट बढाउने हो। रुन् २०४० साल वैशाख जेठ असारको त्रैमासिक प्रज्ञा पत्रिकामा त वेदैको नामबाट पृष्ठ ४१ देखि 'शिव' शीर्षकबाट पृष्ठ ५३ सम्म अति भ्रम बढाउने वेद विरुद्ध कुरा पनि देखिए। जस्तै– पृष्ठ ४३ को लहर तेइसौंमा ऋग्वेदमा रुद्रको मात्र उल्लेख छ, शिव देवता बारेमा वेद अनभिज्ञ छ, भन्ने लेखेर यजुर्वेदमा मात्र शिव नाम देखाएको छ। यो रुन् असत्य हो। ऋग्वेदमा शिव शब्द अनेक ठाउँमा अनेक अर्थमा छन्, साथै परमेश्वर परमात्मा अर्थमा पनि एकै मन्त्रमा नै रुद्र र शिव शब्दबाट स्तुति गर्ने मन्त्र (१०।९२।९) हो, तल लेखिने छ।

पर्वतीय शत्रु शिश्नदेव भन्नु पनि अति असत्य हो। माथि नपातवः मा नै शिश्नदेवको भ्रष्टाचारी अर्थ हो, लिङ्गपूजक अर्थ होइन, भनियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चारै वेदमा लिङ्ग पूजाको गन्ध छैन । गाँजा, विष, भाङ, धतुरो खाने शिव र विष्णु नामवाट उनका स्त्री सती, गौरी, पार्वती, लक्ष्मी पत्नी पनि वेदमा भेटिदैनन् । दर्शन शास्त्रमा प्रकृति र पुरुष लेखेको छ । तिनै-वाट पुराणदेखि स्वस्थानीसम्ममा पनि श्मशानवासी आदि र शिवपुराणमा शिवको अति महत्त्व भन्दै विष्णुलाई वृन्दाको सतीत्व हरण गर्ने भनेर सानु गराएको छ । विष्णुपुराणमा शिवलाई हारावारा खेलाएको छ । देवी भागवत आदिमा देवीका दयाले मात्र शिव र विष्णुमा शक्ति आएको छ, भनिन्छ । सबैतिरको सार लिनुपर्छ । ती सब सम्प्रदायको महत्त्व निम्ति हो । सबै पुराणमा समुद्र मन्थन गरेर अमृत र लक्ष्मी आदि निस्किए, भनेको ता शत्रुकासाथ मिलन सकेमा लक्ष्मी र अमृतसमेत निकालन सकिन्छ, इत्यादि आशय हो ।

परमेश्वरका पत्नी बारेमा एक मन्त्र हेर्नौं—

श्रीश्चते लक्ष्मीश्च पत्न्यावहोरात्रे पार्श्वे नक्षत्राणि रूपमश्विनौ व्यात्तम् । इष्णन्निषाणा मुं म इषाण सर्वलोकं म इषाण ।।

(यजु ३१।२२)

ए परमेश्वर ! (ते) तपाईंका (श्रीश्च लक्ष्मीश्च पत्न्यौ) सम्पूर्ण ज्ञान र शक्तिले पूरा भै सबैले आधार मान्नुपर्ने श्री हो । सबै चाहिने सामानले पूर्ण हुनु लक्ष्मी हो । श्री र लक्ष्मीसमेत दुईवटी पत्नी हुन् (अहोरात्रे पार्श्वे) दिन र रातचाहिं दाहिने र देब्रे पार्श्व हुन् (नक्षत्राणि रूपम्) नक्षत्र आदि जति देखिने पदार्थ छन्, तो सबै तपाईंकै रूप हुन् । (अश्विनौ व्यात्तम्) पृथ्वी र आकाशचाहिं तपाईंले मुख वाएको हो । अथवा आकाश मुख हो । (इष्णन् इषाण) मेरो कल्याणको इच्छा गर्नुहोस् र (मे अमुं लोकम् इषाण सर्वलोकम् इषाण) मेरो निम्ति परलोक वा सबै लोकको समेत इच्छा गरिदिनुहोस् अर्थात् मलाई मुक्त गराइदिनुहोस् ।।१०२।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋग्वेदमा नै आदिदेखि अन्त्यसम्मै शिव शब्द छन् । तर तीमध्ये धेरैको सुख, कल्याण, मङ्गल आदि अनेक अर्थ छन्, तर एउटै मन्त्रमा परमेश्वरलाई कहने रुद्र र शिव शब्द भएको मन्त्र हेर्नोंः—

स्तोमंनो अद्य रुद्राय शिक्वसे
क्षयद्वीराय मनसा दिदिष्टन ।
येभिः शिवः स्ववाँ एवयावभि-
र्दिवः सिषक्ति स्वयशानिकामभिः ।।

(ऋक् १०।९२।९)

(एव यावभिः यैः) घोडाबाट आउने जुन मरूद्गणका साथ (स्ववान्) आफन्तले युक्त (स्वयशाः) ठूलो कीर्ति भएका (शिवः) परमेश्वर (दिवः सिषक्ति) शिवलोकबाट भक्तहरूको कल्याण गर्नुहुन्छ ।

ऐ मनुष्य हो ! (अद्य) आज (निकामभिः) सत् इच्छाले (क्षयद्वीराय) दुष्ट दुर्गनलाई नाश गर्ने (शिक्वसे) सदाचारी भक्तहरूको रक्षा गर्ने, (रुद्राय) दुःख नाश गर्ने शिव परमेश्वरलाई (मनसा) नमस्कार गर्दै (स्तोमम्) स्तोत्रहरूबाट (दिदिष्टन) प्रार्थना गर, स्तुति गर ।।१०३।।

पुराणहरूमा ब्रह्मा सृष्टि गर्ने, विष्णु पालना गर्ने, हर रुद्र नामबाट शिवले प्रलय गर्छन् भन्ने लेखेको छ । तर वेद मन्त्रहरूले अत्यन्त ठूला विद्वान्लाई ब्रह्मा भनेको छ । ऋग्वेदमा रुद्रको अर्थ दुःख नाश गर्ने छ र "स्त्री हि ब्रह्मा बभूविथ" पठनपाठन भएको सदाचारी स्त्री ब्रह्मा हुन्छन्, भनेको छ । कर्मकाण्डमा सबै शास्त्र जान्ने मान्छेलाई पनि ब्रह्मा भनेको छ । पुराणहरूमा चाहिं उनै एक परमेश्वर नै ब्रह्मा, विष्णु, शिव वा रुद्र भै सृष्टि स्थिति प्रलय हुन्छ भनेको छ । दार्शनिक दृष्टिमा सांख्य योगले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमेश्वर बताए पनि संसारका सबै पदार्थको परिवर्तन भई नै रहन्छ। दुङ्गो आदि बदल्न धेरै दिन लाग्ने मात्र हो, तर अवश्य बदलिन्छ। इत्यादि नै हामी पनि देख्तैछौं। ('सांख्यदर्शन र योगदर्शन' मा केही विस्तारमा लेखिएको छ) त्यहीं त्र्यम्बकम्को अर्थ तीन आमा भनेको छ। तर सबै भाष्यहरूले र महीधरले समेत तीन आँखा भएका शिव वा रुद्र हुन् भन्छन्।

त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्।
उर्वारुकमिव बन्धनान् मृत्योर्मुक्षीय मामृतात्॥
(यजुः ३।६०)

तीन आँखा भएका रुद्र (शिव) (सुगन्धिम्) सत्कीर्ति भएका (पुष्टि-वर्धनम्) सदाचारी भक्तहरूको आवश्यक सामानबाट पुष्टि बढाइदिने त्यस्ता शिव रुद्रलाई (यजामहे) स्तुति पूजा गर्दछौं, (उर्वारुकम् बन्धनात् इव) काँक्रो आदि फल पाकेपछि भेट्नुबाट अलग भए झैं हामी पनि आचार सद्व्यवहार गर्ने भक्त हुनाले (मृत्योर्मुक्षीय) जन्ममृत्यु आदि दुःखबाट मुक्त हुन सकौं। (मा अमृतात्) तर मुक्तिबाट चाहिं अलग नहोऊँ॥१०८॥

प्रज्ञाकै पृ. ४३ मा प्रजापतिको छोरी उषामा वीर्यपात भयो र रुद्र बने, प्रश्रितजीले देवासुरसंग्राम पृ. २०७ मा ब्रह्माले छोरी सरस्वती विगारे, इत्यादि लेखेको देखियो। तीं दुवै कुरा वेद मन्त्रदेखि विरुद्ध देखिन्छन्, त्यसमा दुई मन्त्र हेरौं—

पिता यत्स्वां दुहितरमधिष्कन्
क्षमया रेतः संजग्मानो निषिञ्चत्।
साध्यो जनयन्ब्रह्म देवा वास्तो-
ष्पतिं व्रतपां निरतक्षन्॥
(ऋक्. १०।६१।७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद भाष्यमध्ये सायण भाष्य समुद्र तर्ने जहाज जस्तै अति उत्तम छ, तापनि कयौं मन्त्रको अर्थ अति विपरीत र भ्रम बढाउने खालको छ । यसै मन्त्रको अर्थ गर्दा (पिता) प्रजापति परमेश्वरले (स्वां दुहितरम् अधिष्कन्) आफ्नी छोरी दिव् आकाश वा उषालाई (अधिष्कन्) हातपात गरेर (रेतः निषिञ्चत् क्षमया संजग्मानः) वीर्य चुहेर पृथ्वीमा परेछ, र (साध्यो देवा ब्रह्म व्रतपां वास्तोष्पति निरतक्षन्) साधना गर्ने देवताहरूले त्यस वीर्यबाट व्रतका स्वामी रुद्र तयार गरे । त्यसैको पछि लागेर होला पाश्चात्य र अरूले पनि लेखे, माधवजीले पनि लेखेकोमा झन् आश्चर्य लाग्यो । त्यो अर्थ अति असत्य हो। सायणले नै "दुहितरम्" को अर्थ दिवं वा उषां लेखेकोले दिव्को अर्थ आकाश र उषाको अर्थ छिसमिसे समय हो। मनुष्य बाबु छोरी होइनन् । मन्त्रमा रुद्र भनेकै छैन, वास्तोष्पति भनेको छ; वास्तोष्पतिको अर्थ हो गृहदेवता । ऋग्वेदको मं. ७ सूक्त ५४ का तीन मन्त्रले गृहदेवता वास्तोष्पतिको प्रार्थना गरेको छ । अहिलेसम्म पनि नयां घरमा वास्तुपूजा गर्ने चलन छदैछ । ती मन्त्र भनिन्छन् ।

सायण भाष्यमा पिता प्रजापतिकी छोरी दिव् आकाश भनेकोले दिव् छोरीमा गर्भ रहेर सूर्य जन्मे । ऋक् मन्त्रमा नै—

दिवस्पुत्राय सूर्याय शंसत ।

(ऋक्. १०।३७।१)

दिव्को छोरा सूर्यको स्तुति गर, भनेकै छ । छोरी उषा अर्थ गर्दा पिता सूर्य हुन् उनको वीर्य = किरण, छिसमिसे समय उषामा परेर पुत्र = दिन उत्पन्न हुन्छ भन्ने अर्थ स्पष्टै छ ।

द्वितीय वेदोद्धारक दयानन्द स्वामीको भाष्यमा चाहिं (यत् पिता-क्षमया संजग्मानो रेतो निषिञ्चत् स्वां दुहितरम् अधिष्कन्) पिताले आफ्ना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्नीका साथ सहवास भै छोरी पाए (साध्यो देवा ब्रह्म अजनयन् व्रतपां वास्तोष्पति निरतक्षन्) बुद्धिमान् विद्वान्हरूले (ब्रह्म) सद्विद्या सिकाएर तिनलाई सद्व्यवहार गर्ने वास्तु= घरको स्वामी बनाए। इत्यादि राम्रो अर्थ गरेको छ (वास्तुको अर्थ घर पनि हो) ॥१०९॥

यसरी पिता पुत्रीको सहवासले गर्भ रह्यो भन्ने मन्त्र अर्को पनि छ। जस्तै– "अत्रा पिता दुहितुर्गर्भमाधात्" बाबु छोरीको सहवासबाट गर्भ रह्यो भन्ने अर्थ भएको यस मन्त्रले त्यो युगमा त्यस्तो चलन थियो, भन्ने कुरा प्रश्नितज्यूले वा दीक्षितज्यू र अरूले पनि लेख्नुभएको देख्दिएन। किन-भने त्यस मन्त्रमा स्पष्टै बाबुको र छोरीको नामै बताएको छ। जस्तै—

द्यौर्मे पिता जनिता नाभिरत्र
बन्धुर्मे माता पृथिवी महीयम्।
उत्तानयोश्चाम्बोर्यो निरन्तरत्रा
पिता दुहितुर्गर्भमाधात् ॥

(ऋक् १।१६४।३३)

(मे जनिता पिता द्यौः) मेरो जन्म दिने पिता चाहिं द्यौः सूर्य वा पानी पार्ने मेघ हुन् (अत्र मे माता इयम् मही पृथिवी नाभिः बन्धुः) मेरी आमा चाहिं इनै ठूली पृथिवी नै नाभि काखमा बन्धु बाँधिए जस्तो भै रहनुपर्ने र देहान्त हुँदा पनि शरीर मिल्ने पनि हुन्, हाम्री माता पृथिवीकै काखमा जन्म भएर पितालै वर्षाएको पानी पिउने र त्यसै पानीका बलबाट उब्जिएका खाद्य वस्तुबाट पालिने र घर बनाई ओतिने आदि गरिन्छ ॥११०॥

उक्त प्रज्ञा पत्रिकामा नै शिव रुद्र अनार्य देव सिद्ध गर्ने अनेक मन्त्रको उट्पट्याङ अर्थ गरेको छ। सबै लेखिदैन। एक दुइ मन्त्र र केही व्याख्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिन्छ । प्रश्नितज्यूले पनि देवासुर संग्रामको पृष्ठ ८४।८५ मा शिव रुद्र अनार्य देव हुन् भन्ने दुवैले र अरूले पनि सिन्धु सभ्यता र हडप्पा वैदिक होइनन् भन्ने सिद्ध गर्न धेरै प्रयत्न गरेका छन् । माथि नै एकै रूखमा दुइ चरा फल खाने र नखाने चित्र र वैदिक देवता शिव रुद्रसमेत हुँदा वैदिक सभ्यता स्पष्ट छ, इत्यादि लेखियो । ब्रह्म ब्रह्माको अर्थ परमेश्वर छ । ब्रह्माको वेद मन्त्रहरूमा विद्वान् पनि अर्थ छ, तिनकी छोरी सरस्वती विद्या हुन् । छात्रहरूलाई पढाउनु गर्भाधान हो, ती छात्र विद्वान् बन्दछन् र ती सब ब्रह्मा (विद्वान्) का सन्तान हुन्छन् । "संख्या वंश्येन (पा. सू. २।१।१९) वंशो द्विधा जन्मना च विद्यया च" भनेको हुँदा अहिलेसम्म पनि द्विज नाम व्रतबन्ध गरेपछि मानिन्छ । पहिले तीन जात मात्र द्विज हुन्थे ।

अचेल आर्य समाज आदि संगठनले इच्छा गर्ने पृथिवी भरका मान्छेलाई द्विज बनाउँदै छन् । हरेकृष्ण हरे राम, कीर्तन गर्ने अनेक गोराहरू पनि द्विज बनेका छन् । वेद मन्त्रमा सरस्वतीका राम्रा स्तुति मन्त्र छन्, तर ब्रह्माकी छोरी भनेको भेटिएन । तर ब्राह्मण ग्रन्थमा, पुराणमा र अरू ग्रन्थमा भेटिन्छ । किम्वदन्तीबाट चलेको हुन सम्भव छ ।

यजुर्वेदको सोह्रौं रुद्राध्यायमा ६६ मन्त्र छन्, पृथिवी मात्र होइन, सबै संसार नै शिव रुद्र रूप मानेर स्तुति गरेको छ । जस्तै–

असौ योऽवसर्पति नीलग्रीवो विलोहितः ।
उतैनं गोपा अदृश्रन्नदृश्रन्नुदहार्यं स दृष्टो मृडयाति नः ।।

(यजु. १६।७)

छैटौं मन्त्रले उदाउन लागेका सूर्यलाई रुद्र वा शिव मानेर स्तुति गर्छ । यस सातौं मन्त्रले अस्ताउन लागेका सूर्यको स्तुति गर्छ । यी रुद्र पर सर्दैछन्, यिनको घाँटी (नीलग्रीवः) नीलो छ, यी केही राता छन् । यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्रलाई ता गोठालाहरू र पानी बोक्ने स्त्रीहरूले समेत देख्दछन् । ती देखिएका सूर्यले (रुद्रले) रक्षा गरून् । अस्ताउन लागेका सूर्य टाउको जस्तो र आकाश घाँटी जस्तो नीलो देखिन्छ । यी रुद्रको ता अपठित गोठाला आदि र पानी बोक्ने स्त्रीहरूले पनि दर्शन पाउँछन् ।।१११।।

सेना र सेनापति, सभा र सभापति आदि र कुमाले र कामी, सिकारी आदिलाई मात्र होइन ।

नमो वञ्चते परिवञ्चते स्तायूनां पतये नमो नमो
निषङ्गिण इषुधिमते तस्कराणां पतये नमः ।
सृकायिभ्यो जिघांसद्भ्यो मुष्णतां पतये नमो नमो
ऽसिमद्भ्यो नक्तञ्चरद्भ्यो विकृन्तानां पतये नमः ।।

(यजु. १६।२१)

अर्थात् मौका पर्दा कुनै निहुँले धन ठग्ने वञ्चक हो । जहाँ तहाँ ठग्ने परिवञ्चक हो । घरका ऊयाल आदि फोरेर चोर्ने स्तेन हो । आफ्नै भएर सँधै चोर्ने स्तायु हो । जबर्जस्ती लुट्ने डाका तस्कर हो, ती हतियार लिएर आउँछन् । खेतबारीबाट अन्न चोर्ने मुष्णन् र पाकेटमारा विकृन्त हुन् । अर्काको खेतबारी घर जबर्जस्ती कब्जा गर्ने कुलुञ्च हुन् । यस्ता अनेक धनुर्बाण आदि हतियार लिने रुद्रलाई (नमः) नमस्कार छ । जसलाई पनि नमस्कार गर्नू रुद्रै सम्झनू, भन्यो । बुद्धको उपदेश बुद्धचरित (२६।५०) मा शत्रुले जे गरे पनि सहनू भनेको छ । भागवत स्कन्ध ३ अ. २९ मा र अन्त पनि

अथ मां सर्वभूतेषु भूतात्मानं कृतालयम् ।
अर्हयेद्दानमानाभ्यां मैत्राऽभिन्नेन चक्षुषा ।।

परमेश्वर म सबै प्राणीहरूमा बसेको हुँदा दिनु सम्मान गर्नु मैत्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भावना र मित्रतापूर्वक व्यवहार गर्नु नै मेरो पूजा हो। रुद्राध्यायमा पृथ्वीभर र पृथ्वी बाहिर आकाशमा नै रुद्र छन् र नमस्कार गर्छु भनेको छ। तर अन्तिम तीन मन्त्रले र अरू थोरै मन्त्रले चाहि शत्रु नाश, रोग नाश गरी धनसम्पत्तिवाट सुखी गराइदेऊ, इत्यादि प्रार्थना गरेको छ।

तर दयानन्द स्वामीज्यूले चाहि वेदको कोश निरुक्तमा नमः शब्दको नमस्कार अन्न (खाइने पदार्थ) र दण्डसमेत अर्थ गरेको हुनाले शिवाय रुद्राय आदि अनेक शब्दमा लागेका नमः शब्दको नमस्कार अर्थ हो। "श्वभ्यः श्वपतिभ्यश्च वो नमः" मा कुकुरलाई र कुकुरका स्वामीलाई खाने पदार्थ दिनू भन्ने अर्थ हो। चोर, डाका, हत्यारा, ठग, पाकेटमारा आदि अपराधी मान्छेलाई दण्ड सजाय गर्नू अर्थ हो, भनेको छ। वेदका नमः शब्दका तीन अर्थ मानेकोमा उचित छ। तर नमः शब्दको नमस्कार अर्थ गरै पनि शिव, रुद्र परमेश्वर सर्वतिर व्यापक छन्, उ नभएको ठाउँ कुनै पनि नभएकाले शिव रुद्र सम्झेर नमस्कार गर्नू तर उनको शारीरिक मानसिक दोष कुसंगतवाट चोरी, डकैती ठगी हत्या, व्यभिचार आदि भ्रष्टाचार गरेकोमा तिनीहरूकै सुधारका निम्ति र अरूलाई बचाउन पनि अपराधअनुसार दण्ड सजाय गर्ने पर्छ, हातै काट्ने, आँखै फोर्ने आदि दण्ड गर्नुहुँदैन, किनभने "असाधुः साधुतामेति साधुर्भवति दारुणः" (महाभारत शान्ति पर्वः) कुनै समयको दुर्जन पनि सज्जन हुन्छ, सज्जन मान्छे दुर्जन पनि हुन सक्छ, भनेकै छ ।।११२।।

वृक्ष लगाउनु र बढाउनु ठूलो धर्म मानेको थियो, यो कुरा वेदमा स्मृतिमा र काव्यहरूमा पनि स्पष्ट छ। रघुवंश महाकाव्य प्रथम सर्गमा मुनिको आश्रममा मुनिकन्याहरूले रूखमा पानी हालेको देखे। दोस्रो सर्गमा— "अमुं पुरः पश्यसि देवदारुं पुत्रीकृतोऽसौ वृषभध्वजेन।" अगाडिको देवदास रूखलाई शिवले छोरो मानेका थिए, पार्वतीले पानी हालेर बढाएको हो। पाचौं सर्गमा पनि मुनिका आश्रममा पढेर आएका कौत्सलाई राजाले (रघुले) सोधे कि —

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"संवर्धितानां सुतनिर्विशेषम् ।

कच्चिन्न वाय्वादिरुपप्लवो वः श्रमच्छिदामाश्रमपादपानाम् ।।"

छोरालाई जस्तै गरी बढाएका आश्रमका रूखहरूलाई आँधि आदिले दुःख दिएका त छैनन् ? इत्यादि । शाकुन्तल नाटकमा पनि शकुन्तलाले रूखहरूमा पानी नहाली केही पनि नखाने गरेको थियो । मनुमा पनि "इन्धनार्थमशुष्काणां द्रुमाणामवपातनम् ।" (मनु. ११।६४) दाउरा बाल्न काँचो रूख काट्ता पाप लाग्दछ । लिखित स्मृति अ. १ श्लोक ३—

"भूमिदानेन ये लोका गोदानेन च कीर्तिताः ।

तांल्लोकान्प्राप्नुयान्मर्त्यः पादपानां प्ररोपणात् ।।"

भूमि दानले र गोदानले जुन पुण्य भै स्वर्गादि लोक पाइन्छ, ती ता रूख रोपेर बढाएमा पाइन्छ । अरू स्मृतिहरूमा र पुराणहरूमा पनि वृक्ष रोप्दा ठूलो धर्म बताएको छ— "अपुत्रस्य च पुत्रत्वं पादपा इह कुर्वते ।" सन्तान नभए पनि वृक्ष लगाएमा सन्तान भएकै ठहर्छ, इत्यादि भनेको छ । वरपीपल लगाउने चलन अहिलेसम्म चालू नै छ । नेपालमा वृक्ष रोप्ने, जगेडा गर्ने र जोगाउने काम सार्वजनिक रूपमा चालू देखिदैन । ठाउँ ठाउँमा वर-पीपल रोप्ने र व्रतबन्ध अनि प्रतिष्ठा गर्ने चलन पनि छदैछ । पृथ्वीभरमा अनेक जातका अनेक लाभ गराउने वृक्ष छन् । तिनलाई ल्याउने लगाउने काम अहिलेसम्म अलिअलि मात्र भएको देखिन्छ । तर पृथ्वीभरमा कस्ता कस्ता रूख छन् ? र के के काम गर्छन् ? सबै कुरा जान्दै, ल्याउँदै, लाउँदै र बढाउँदै गर्नुपर्छ । कुन कुन रूख यहाँका नै हुन्, कुन कुन रूख भारत अथवा नेपाल बाहिरबाट ल्याएका हुन् ? कहिले आए ? भारतबाट पनि यहाँ सार्नुपर्ने कति छन् ? कहाँ कहाँ लाग्न सक्तछन् ? इत्यादि कामतर्फ पनि ध्यान दिनु आवश्यक छ । लिची चीनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएको भन्छन् । मकैको नाम अमरकोषमा छैन । सत्रौं शताब्दीमा आएर फैलियो । त्यसै बेला आलु पनि आयो, फैलियो । एक अनौठो रूख हेर्नोंः (धर्मयुग सन् १९७८ डिसेम्बर १०) कल्पवृक्ष — अफ्रिका देश भारतभन्दा धेरै ठूलो छ । हाम्रो मानसरोवर जस्तै उहाँ ठूलो झील छ, त्यसको नाम विक्टोरिया झील राखेको छ र त्यो झील ४२९२४ वर्ग किलोमीटर छ । त्यसैबाट नील नदी निस्केर बग्दछ ।

अफ्रिकामा अति ठूलो र कहिले नमर्ने रूखको एक जात छ । त्यसैलाई कल्पवृक्ष पनि भन्छन् । त्यसलाई खोक्रो बनाएर धेरै मानिसहरू परिवारसहित बसेका हुन्छन् त्यसका फल लाभ गर्ने र मीठा पनि हुन्छन् र अर्को पटक फल फलुन्जेल पनि अडेका हुन्छन्, त्यसरी खान पाइन्छ । त्यसको बोक्राबाट लुगा कपडा लाउँदछन् । भित्र खोक्रो अएपछि वर्षाको पानी भरिएको हुन्छ । ५ हजार लिटरसम्म पानी अड्दछ । त्यो पानी झिकेर खान्छन् । त्यसका बोक्राले धेरै रोग निको हुन्छ, बोक्रा झिके पनि फेरि पलाउँछ । फलको सर्वत बनाएर पनि खान्छन् ।

उत्तर प्रदेशको बाराबंकी जिल्लाको बलोरिया गाउँमा एउटा वृक्ष छ । त्यसलाई स्वर्गबाट ल्याएको कल्पवृक्ष पारिजात वृक्ष हो भन्छन्, त्यसको फेद ६ मीटर चौडा छ । ३२०० वर्षको हो भन्छन् । वृक्ष लगाउनु र जोगाउनु धर्मको अङ्ग मानेको छ र दाउरा बाल्न काँचो रूख काट्नु पाप हो, इत्यादि वेददेखि पछिसम्म पनि बताएको छ र उस बेला जनसंख्या कम हुँदा — "अपुत्रस्य गतिर्नास्ति स्वर्गो नैव च नैव च ।" सन्तान नहुने मानिसले स्वर्ग जान पाउँदैन भनेको थियो । तर "अपुत्रस्य च पुत्रत्वं पादपा इह कुर्वते" सन्तान नहुनेले रूख लगाएर जोगायो भने सन्तान भएकै ठहर्छ भनेको छ । वास्तवमा छोराले कुगडा गरेको र बाबुलाई दुःख दिएको पनि देखिन्छ, तर रूखले ता बाँचुन्जेल फल, घाँस, बोक्रा र दाउराबाट सेवा गरेकै हुन्छ ।

त्यसै हुँदा चारै वेदमा रूखलाई वनस्पति देवता भनेको छ । जस्तै-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्यन्यां अगां नान्यां उपागामवार्क्त्वा परेभ्योऽविदं परोऽवरेभ्यः । तं त्वा जुषामहे देव वनस्पते देवयज्यायै देवास्त्वा देवयज्यायै जुषन्तां विष्णवे त्वा । ओषधे त्रायस्व स्वधिते मैनं हिंसीः ।

(यजु. ५ । ४२)

यज्ञ गर्ने एक खम्बा चाहिनाले रूखको हाँगो वा रूखै काट्नुपर्दा (रूख) वृक्षको प्रार्थना गर्नुपर्छ वा गरिन्छ । हे देव ! वनस्पते ! हे देवता वृक्ष ! (अत्यन्यान् अगां नान्यान् परेभ्यः, अर्वाक् अवरेभ्यः परः त्वा अविदम्) अरू रूखलाई छोडेर आएँ, पाएका अरू रूखमा पनि पुगिनँ, परभन्दा वर, वरभन्दा पर तिमीलाई भेटें (देव यज्यायै तं त्वा जुषामहे) त्यस्ता तिमीलाई देवताको यज्ञका निम्ति तिमीबाट प्रेमपूर्वक सेवा गर्दछौं (देवास्त्वा देवयज्यायै जुषन्ताम्) देवताहरू पनि देवताको यज्ञ निम्ति प्रेमपूर्वक तिमीलाई स्वीकार गरून् (विष्णवे त्वा स्वधिते एनं मा हिंसीः) विष्णुको यज्ञनिम्ति हो, भन्दै काट्ने ठाउँमा कुश टुका राखेर काट्ने हतियारलाई भन्छ ए हतियार ! यसको हिंसा नगर्नू है ।।११३।।

त्यसैमा थप मन्त्र—

द्यां मा लेखीरन्तरिक्षं मा हिंसीः पृथिव्या संभव । अयं हि त्वा स्वधितिस्तेतिजानः प्रणिनाय महते सौभगाय । अतस्त्वं देव वनस्पते शतवल्शो विरोह सहस्त्रवल्शाविव यं रुहेम ।।

(यजु. ५।४३)

(द्यां मा लेखीः अन्तरिक्षं मा हिंसीः पृथ्वीव्याः संभव) दिव् र अन्तरिक्षलाई पनि चोट नलगाऊ पृथ्वीमा गिरेर रहू (अयं हि स्वधितिः तेतिजानः महते सौभगाय प्रणिनाय) अत्यन्त धारिलो यस हतियारले तिमीलाई ठूलो भाग्यमानी गरायो (अतः हे देव ! वनस्पते ! त्वं शतवल्शो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरोह वधवत्शावि रुहेम) ए वनस्पति देवता अब तिमी सयौं टुसा पलाएर वढौला, हामी पनि हज्जारौं सन्तान भै वढौला ।।११४।।

हुनता मान्छेले नै पनि संस्कृत भाषाको प्रार्थना राम्ररी बुझन सक्तैन, भने रूखले कसरी बुझला ? त्यसो हुँदा रूखका अगाडि वहुलाहाले झैं किन नम्रभै हात जोडेर फत्फताउनु ? भन्ने शङ्का हुन्छ । तर ईश्वर सर्वतिर व्यापक हुँदा वेदहरूमा आगो, नदी, पानी, पृथिवी, वतास, चन्द्र, सूर्य, रुद्राक्ष, वेल, गाई, तुलसी र घर आदिको पनि प्रार्थना गर्ने मन्त्र छन् । तिहारमा त गाई, काग, कुकुर, भाइ पूजा छन्, त्यसो हुँदा यी सवैको प्रार्थना देखिन्छन् । यो कुरा निरुक्तको दैवत काण्डको आरम्भमा र ईशावास्योपनिषद् पुराणहरूमा पनि छन् । यो सर्वात्मभावना हो । त्यस्तै यजु १२ अध्यायको मन्त्र ७५ देखि १८० मन्त्रसम्मका मन्त्र २६ ले औषधि वारेमा पनि स्तुति प्रार्थना गर्दछन् । ऋग्वेदमा र अथर्व वेदमा पनि अनेक सूक्त छन् । पाठ्यपुस्तकमा राखेका छन् । अथर्व वेदको पृथ्वी सूक्तमा ६३ मन्त्र छन्, एक मन्त्र हेरौं –

यस्ते मध्यं पृथिव्या यच्चनभ्यं याश्च ऊर्जस्तन्वः संबभूवुः ।
तासु नो धेह्यभिनः पवस्व माता पृथ्वी पुत्रो अहं पृथिव्याः ।।
पर्जन्य पिता स उ नः पिपर्तु ।

(अथर्व कां. १२ सू. १. म. १२)

ए पृथ्वी जो तिम्रो मध्यभाग छ, अथवा भित्री भाग छ अथवा (या, ऊर्जस्तन्व सं वभुवुः) तिम्रो जो तेजिलो शरीर हीरा सुन उब्जाउने खालको छ (तासु नो धेहि नः अभिपवस्व) ती ठाउँमा हामीलाई राख वा पुऱ्याऊ, अथवा ती सामान हामी मनुष्यले भेटौं (माता भूमिः पृथिव्या अहं पुत्रः) मेरी माता मलाई बनाउने पाल्ने पृथिवीको म छोरो हुँ (पर्जन्य पिता स उनः पिपर्तु) मेघचाहिं हाम्रा पिता वावु हुन् र उनैले ठीक समयमा पानी पारून् र हाम्रो पालन पोषण गरून् ।।११५।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णु (परमेश्वर) का साथ प्रार्थना—

वषट् ते विष्णवास आकृणोमि तन्मे जुषस्व शिपिविष्ट हव्यम् ।
वर्धन्तु त्वा सुष्टुतयो गिरो मे यूयं पात स्वस्तिभिः सदा नः ।।

(ऋक् ७ । १०० । ७)

(शिपिविष्ट ! विष्णो !) ए ज्योतिरूप व्यापक परमेश्वर (वषट् आ तन्मे कृणोमि) तपाईंको श्रद्धाका साथ स्तुति गर्दछु । (तत् हव्यम् जुषस्व) मैले चढाएका फलफूल वा स्तुति रूप हव्यलाई स्वीकार गर्नुहोस् । (ये त्वासुष्टुतयो गिरः वर्धन्तु) तपाईंलाई मेरा स्तुतिरूप बोली सदा बढून् । (यूयं पात स्वस्तिभिः सदा नः) तपाईं हामीलाई कल्याण गर्ने सत्सामग्री र सद्बुद्धि दिएर रक्षा गर्नुहोस् ।।११६।।

मनीषिणः प्रभरध्वं मनीषां
यथायथा मतयः सन्ति नृणाम् ।
इन्द्रं सत्यैरेरयामा कृतेभिः
स हि वीरो गिर्वणस्युर्विदानः ।।

(ऋक्. १०।१११।१)

(हे मनीषिणः !) विद्वान् भै सद्बुद्धि समेत भएका मानिस हो । (नृणां यथायथा मतयः सन्ति, तथा तथा स्वस्य अन्येषां च मनीषां प्रभरध्वम्) मनुष्यहरूको जस्तो जस्तो बुद्धि वा विचारहरू छन्, त्यसतर्फ विचार गरेर उनका र आफ्ना पनि बुद्धिरूपी भण्डारमा सद्विद्या, सद्विचार भरिदेओ (इन्द्रं सत्यै कृतेभिः एरयामः) इन्द्र परमेश्वरलाई आफूले गरेका सत्व्यवहारले नै आफूतिर दृष्टि दिई रक्षा गर्ने, सहयोग गर्ने गराउछौं । (स वीरः विदानः गिर्वणस्युः भव) ती सबै तर्फबाट रक्षा गर्न सक्ने परमेश्वरले राम्रो प्रार्थना बुझेर इच्छा पूर्ण गर्नुहुनेछ ।।११७।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपहूतो वाचस्पतिरुपास्मान्वाचस्पतिर्ह्वयताम् ।
संश्रुतेन गमेमहि मा श्रुतेन विरोधिषि ।।

(अथर्व कां. १ सू. १।४

(वाचस्पतिः) पढाउने विद्वान्का नगिच भै (उपहूतः) विद्या पढ्न प्रार्थना गर्नु (वाचस्पतिः उपह्वयताम्) विद्वान्ले पनि पढाउन स्वीकार गर्नु (श्रुतेन संगमेमहि) ए मनुष्य हो ! तिमीहरूले शास्त्राध्ययनमा लागिरहने छु भन्ने प्रतिज्ञा गर्नु (मा श्रुतेन विरोधिषि) शास्त्राध्ययनको विरोध नगर्ने प्रतिज्ञा गर्नू ।।११८।।

पृथ्वीभरका अन्वेषक विद्वान्हरूले सर्वभन्दा पुराना मानेका वेद मन्त्रभाग हुन् । त्यसपछिको जेन्दावेस्ता पारसीको हो । त्यसपछिको ग्रीक साहित्य इलिएट हो भनेका छन् । लेखनकला लिपि ई. सन् भन्दा १३ सय वर्षअघि मिश्रका अखनातूनवाट थालियो इत्यादि घेरैले लेखेको बुझियो । तर वेद मन्त्रले नै लेखन कला भएको स्पष्ट गरेको छ । जस्तै—

अजैषं त्वा संलिखितमजैषमनुसंरुधम् ।
अवि वृको यथा मथदेवा मथ्नामि ते कृतम् ।।

(अथर्व का. ७. सू. ५० मं ५)

यस मन्त्रले शत्रुलाई हप्काउँछ— ए शत्रु ! तिमीले लेखेको कुरालाई मैले जितें, अर्थात् मेरो काम रोकिएन (यथा वृकः अविमथत्) ब्वांसाले भेडालाई जसरी जित्दछ त्यसै गरी (ते कृतम् एवा मथ्नामि) तिमीले मेरो विरोधमा गरेको काम समाप्त गर्छु ।।११९।।

स्वस्ति पन्थामनुचरेम सूर्याचन्द्रमसाविव ।
पुनर्ददताऽघ्नता जानता सङ्गमेमहि ।।

(ऋक्. ५।५१।१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै चन्द्र र सूर्य एकैछिन पनि खालि नबसी घुमी सबैको कल्याण गरिरहेका छन् । त्यस्तै हामी पनि (स्वस्ति पन्थाम् अनुचरेम) राम्रा बाटामा अल्झी नभै हिंड्दै रहौं र (पुनर्ददता अघ्नता जानता संगमेमहि) फेरि पनि हामी आवश्यक काममा दिने, हिंसा नगर्ने र ज्ञानी अनुभवी मानिसका साथ भेट्ने गरौं । १२०॥

इच्छन्ति देवाः सुन्वन्तं न स्वप्नाय
स्पृहयन्ति यान्ति प्रमादमतन्द्राः ।

(ऋक्. ८।२।१८)

(देवाः सुन्वन्तम् इच्छन्ति) देवता वा विद्वान्हरू (सुन्वन्तं स्पृहयन्ति) सोमलताको व्यवहार गर्दै रहने अथवा अल्झी नभै काम गरिरहने मानिसको नै इच्छा गर्दै प्रशंसा गर्दै गर्दछन् (स्वप्नाय न स्पृहयन्ति) अल्झी सुतुवालाई इच्छा गर्दैनन् (अतन्द्राः प्रमादं यन्ति) अल्झी नभै काम गरिरहने मानिसले सुख पाउँछ । पछिका संस्कृत साहित्यमा "प्रमाद" को ठूलो गल्ती गर्नु अर्थ छ तर यहाँ उत्तम आनन्द अर्थ छ ॥१२१॥

विद्याधिष्ठात्री सरस्वती देवीको प्रार्थना—

चोदयित्री सूनृतानां चेतन्ती सुमतीनाम् ।
यज्ञं दधे सरस्वती ।

(यजु. २०। ८५)

(सूनृतानां चोदयित्री) मीठो र साँचो बोल्न शिक्षा दिने (सुमतीनां चेतन्ती) बुद्धिको खराब असत्य विचार हटाई उत्तम विचार राखेर सद्बुद्धि गराउने (सरस्वती यज्ञं दधे) त्यस्ति सरस्वतीले यज्ञलाई थामेकी छन् । अर्थात् यसको अर्थ— "यज्ञ देवपूजासंगतिकरणदानेषु" देवपूजा देवता वा सज्जन सेवा, संगतिकरण=सभा संगठन र दानै अर्थ मुख्य हो । प्रतिदिन गर्न बताएको पञ्चयज्ञको पनि यस्तै अर्थ छ । गीताले पनि—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तपः" (४।३३) पढ्नु पढाउनु सदुपदेश गर्नु ज्ञानयज्ञ हो । द्रव्य (खाने र व्यवहार गर्ने पदार्थबाट गरिने यज्ञभन्दा ता ज्ञानयज्ञ नै श्रेष्ठ हो) भनेको छ ।।१२२।।

का ते अस्त्यरङ्कृतिः सूक्तैः कदा नूनं ते दाशेम ।
विश्वा मतीराततने त्वायाधा स इन्द्र ! शृणवो हवेमा ।।

(ऋक्. ७।२९।३)

हे इन्द्र ! परमेश्वर ! अस्माभि कृतैः सूक्तैः ते अरङ्कृतिः स्वीकृतिः का अस्ति ? वा नास्ति ? कथं जानीयाम इत्यर्थः । कदा नूनं ते दाशेम = अस्मदुपरि तव कृपां कदा उत्पादयाम । त्वाया = त्वत्कामनयैव तव भक्त्या एव (विश्वा मतीः) = सर्वाः स्तुति आतनने = कुर्वन्नस्मि । अधा = अतः, इमाः = इमानि हवा स्तोत्राणि शृणवो = शृणु । (इन्द्र शब्दको राजा, देवता र परमेश्वर अर्थ पनि छ) यहाँ परमेश्वर अर्थले स्तुति गरिन्छ, हामीले गरेका स्तुति प्रार्थना स्वीकृत गरे नगरेको थाहा छैन । तौ स्तुति प्रार्थनाबाट हाम्रा उपर कृपा कहिले गर्नुहोला ? थाहा छैन, तापनि, तपाईको स्तुति गर्दछु र सुन्नुहोस् ।।१२३।।

यसैमा थप मन्त्र-

उतो धा ते पुरुष्या इदासन्येषां पूर्वेषामृषीणाम् ।
अधा हं त्वा मघवञ्जोहवीमि त्वं न इन्द्रासि प्रमतिः पितेव ।।

(ऋक् ७/२९/४)

उत अपि च हे मघवन् ! येषां पूर्वेषाम् ऋषीणां स्तुतिः अशृणोः श्रुतवान् असि सर्वाः पुरुष्या = पुरुषेभ्यो हितकारिण्य एव आसन् अधा = अतएव अहं त्वा जोहवीमि = पुनःपुनः अतिपयेन च तव स्तुतिं करोमि । हे इन्द्र परमेश्वर ! त्वं नः = अस्माकं पिता इव प्रमतिः = सन्मार्गे प्रेरकः हितैषी बन्धुः असि । अर्थात्- ए परमेश्वर तपाईंले जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराना ऋषिहरूका स्तुति प्रार्थना सुन्नुहुन्थ्यो, ती ऋषिहरू वा ती स्तुति प्रार्थनाहरू जनताको हित गर्ने नै थिए । त्यसै कारणले म पनि तपाईको स्तुति प्रार्थना ज्यादै गर्दैरहन्छु । किनभने तपाई हाम्रा पिता जस्तै सद्-मार्गमा जान सद्बुद्धि दिने हुनुहुन्छ ।

वास्तवमा त हाम्रो मन चकचके बालकभन्दा चञ्चल हुँदा राम्रा नराम्रा अति भयङ्कर कामतर्फ लाउन लगाउन सक्ने हुनाले नै चोरी डकैती हिंसा व्यभिचार आदि अनेक भ्रष्टाचार र अरू त्यसै मनलाई मत्याउने मद्यपान आदि पनि चालू छन् । बालकहरूलाई राम्रा बाटोमा लाउन खेलाउने कुरा दिए कै स्तुति प्रार्थना कीर्तन जप गर्ने गराउने आदि काम चालू छन् । स्तुति कीर्तनकै प्रभाव पर्दा पनि मानिसको मन बदलिएर ठूला-ठूला सर्वत्यागी भक्त कृष्ण चैतन्य ,मीराबाई, नेपाल दिङ्ला-का पडानन ब्रह्मचारी, भारतका व्यापारीका छोरा नानक, ज्ञानेश्वर आदि असंख्य त्यागी महात्मा भए । सबै लेख्न साध्यै छैन । मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः (दुःख पाउन र सुख पाउनमा कारण मन नै हो भनेको छ) ।।१२४।।

मनलाई सत्यमार्गमा मात्र लाउन माथि अनेक मन्त्र लेखिए । सन् १९०५ मा कलकत्ता विश्वविद्यालयमा लार्ड कर्जन त्यस बेलाका वायस-रायले भाषण गर्दा साँचो बोल्ने, सद्व्यवहार गर्ने इत्यादि कुरा भारतीय-लाई पाश्चात्त्य विद्वान्ले सिकाए, यहाँ ता छलकपट झुट्टा व्यवहारबाट स्वार्थ सिद्ध गर्ने कुरा थिए इत्यादि बोलेथे । त्यसपछि वेद महाभारत आदिको प्रमाण दिएर भारतबाटै सद्व्यवहार सत्य बोलीको प्रचार भएको हो भन्ने कुरा अनेक पत्रपत्रिकामा महात्मा गान्धी आदिले दिएथे (रविवार पत्रिका जुन सन् १९५८ पृष्ठ २८) । त्यस बारेमा मन्त्र–

मनसः काममाकूतिं वाचः सत्यमशीय ।
पशूनां रूपमन्नस्य रसो यशः श्रीः श्रयतां मयि ।।

(यजु ३१।४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनसः कामम् आकूतिम् अशीय मनको इच्छा र सतकाम गर्न दृढ प्रेरणा पाउँ । तर महीधर भाष्यमा चाहिं आकूतिको आकुञ्चन अर्थ गरेको छ र मनमा अनेक काम (इच्छा) हुन सक्तछन्, तीमध्ये छानेर उत्तम कुरा मात्र चिन्तन गर्ने शक्ति आओस् (वाचः सत्यम् अशीय) बोली कुट्टा र सत्य दुवै थरी हुन्छन् तीमध्ये सत्य मात्र बोल्ने बनौं भनेको छ । हुन त डाकाले कसैको धन कहाँ कति छ ? भनेर सोधेमा सत्य बोल्नु उचित छैन, त्यसैले सत्यं प्रियहितं च यत् (गीता अ. १७।१५) सत्य राम्रो र हानि नगर्ने बोली बोल्नु नै बोलीको तप भनेको हुँदा चोर डाका ठग आदि चिनेर र नचिनेरै पनि सहयोगी बन्न हुँदैन । (पशूनां रूपम् अन्नस्य रसो यशः श्रीः श्रयताम् मयि) पशुहरूबाट हुने लाभ अथवा शोभा, अन्नबाट पाइने शारीरिक र मानसिक शक्ति मनुष्य समाजमा यश कीर्ति र श्रीः (सबै कुराबाट सम्पन्नता) ममा आऊन् । प्रत्येक मनुष्यले इच्छा गरिने र ती सब पाउन मन वचन र कर्मबाट सदा प्रयत्न गर्नुपर्ने कुरा संक्षेपमा उक्त मन्त्रले बतायो ।।१२५।।

गायत्री मन्त्रको चर्चा

गायत्री शब्दले २४ अक्षरको छन्दलाई कहन्छ । व्रतबन्धमा सुनाइने सदा जपिने गायत्री मन्त्र २३ अक्षरको हुनाले यसको नाम निचृत गायत्री छन्द हो भन्ने कुरा वैदिक छन्दशास्त्रले बताउँछ । अचेल विद्वान्हरू कतै योगको चर्चाका साथै योगासनबाट कैयौं रोग निको हुन्छ पनि भन्छन् । योगका जम्मा आठ अङ्ग छन् । तीमध्ये पहिले यमका पाँचवटा अहिंसा, सत्य अस्तेय, ब्रह्मचर्य, अपरिग्रह छन् । तीमध्येको पाँचौं अपरिग्रहको बुद्धले सुरामैरेय प्रमादस्थान विरति (जाँड, रक्सी आदि मादक पदार्थ र जुवा अदि त्याग्नु) आदि अर्थ गरी पञ्चशील नाम राखे । तिनै पाँचलाई जैनीहरूले अणुव्रत भन्छन् । उक्त पाँच महाव्रतको सबै जनताका साथ सम्बन्ध छ । चालू राख्नुपर्ने मुख्य धर्म पनि तिनै पाँच हुन् । त्यसै हुँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुद्धले ती पाँच शीललाई अति महत्त्व दिएका थिए । महात्मा गान्धीले तिनै पाँचमा स्वदेशी व्यवहार, जातीय छुवाछूत नमान्नु, अस्वाद (स्वास्थ्य) हेरेर मात्र खानु, सर्वधर्म समानता (कुनै धर्ममा पनि द्वेष भाव नराख्नु) निर्भय (सत्काम सिद्ध गर्न डर नमान्नु) यी ६ व्रत शाबरमति आश्रममा चालू गरेका थिए । पातञ्जलयोगसूत्रमा जम्मा १९४ वटा सूत्र छन्, त्यतिले नै मनुष्यसमाजलाई अति उत्तम उपदेश गरेको छ । समाधि सिद्ध गर्न ध्यानै आवश्यक छ । योग सिद्ध गर्न र अरू सबै काम पार लगाउन ध्यानै अति आवश्यक छ । ध्यान दिएरै पढ्नु वा डाक्टरले अप्रेसनको काम गर्नुपर्छ । त्यति मात्र होइन हलो जोत्नु, पकाउनु आदि सबै काम ध्यान दिएरै मन लगाएरै गर्नुपर्छ । अष्टाङ्ग योगको सातौं मुख्य अङ्ग नै ध्यान हो । गायत्री मन्त्रले पनि ध्यानै बताउँछ । जस्तै —

ॐ भूर्भुवः स्वः तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि धियो यो नः प्रचोदयात् ।

(ऋक्. ३।६२।१०, यजु. ३।३५, २२।९, ३०।२, समेत चार ठाउँमा छ ।)

ॐ परमेश्वरको नाम मन्त्र हुनाले नै सबै वेद मन्त्रमा र अरू मन्त्रमा पनि ॐ लगाएमा वैदिक मन्त्र मानिन्छ । जैन, सिख, बौद्ध र किरातीका मन्त्रहरूमा पनि ॐ लागेको छ । भूः पृथ्वीलोक, भुवः आकाश र स्वः स्वर्गलोक, कहाँ छ ? बुझ्न कठिन छ । कसैले हिमालय उत्तर छ भने, तर त्यहाँ त तिब्बत पो छ । स्वर्ग भनेको सुख पाइने अलिकति पनि दुःख नहुने लोक हो भन्ने कुरा सबै सम्प्रदायले मानेका छन् । ॐ भूर्भुवः स्वः यी पाँच अक्षर बाहेक नै तत्सवितु भन्ने २३ अक्षरको मन्त्र नै गायत्री मन्त्र हो । सर्वव्यापी परमेश्वरको नाम लिनु उत्तम कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो। पृथ्वी आकाश र स्वर्गका साथ सम्बन्ध हुँदा व्यापक दृष्टि राखी अर्थसहित मन्त्र जपौं, इत्यादि भाव हो।

तत्सवितुः= तस्य सवितुः= संसारकारणभूतस्य परमेश्वरस्य, वरेण्यं भर्गः धीमहि= सर्वैः प्रार्थनीयम् अज्ञानान्धकारनाशकम् ज्ञानरूपं तेज ध्यायामः। यः नः धियः प्रचोदयात्= यः परमेश्वरः अस्माकं बुद्धिः उत्तम-कार्येषु एव प्रेरयतु।

ती संसारका कारण परमेश्वरका हामीहरूको अज्ञानान्धकार नष्ट गर्ने ज्ञानरूपी तेजको ध्यान गर्छौं। जुन परमेश्वरले हाम्रो बुद्धिलाई सद्-व्यवहारमा मात्र प्रेरणा गरोस्। यस मन्त्रको अर्थ धेरैले अनेक गरेका छन्, यही अर्थ उचित मानी लेखियो। अरू अर्थ पनि राम्रै छन्।

सबै वेद पढ्न र उक्त गायत्री मन्त्र सुन्न जप्न ककसको अधिकार छ? स्पष्ट नभने पनि चारै वेदका मन्त्रहरू हेर्दा बुझ्न जान्न सक्ने पृथ्वी-भरका मनुष्यको अधिकार छ भन्ने कुरा नै प्रकट हुन्छ। तर वैदिक कर्म-काण्ड बताउने कात्यायन श्रौतसूत्रको आरम्भमा पहिलो सूत्रले नै "अथातो अधिकारः" बाट थालेर 'ब्राह्मणराजन्यवैश्यानां श्रुते! (६) स्त्री च अविशेषात् (७) बाहुन क्षत्रिय वैश्यको र स्त्रीको समेत अधिकार बताएर आठौं सूत्रले शूद्रको अधिकार छैन भन्छ। तर एकै वटा पनि वेद मन्त्र देखाउन सकेको चाहिं छैन।

ब्राह्मणोऽस्य मुखमासीत् पद्भ्यां शूद्रो अजायत।

(ऋक् १०।९०।११, यजु. ३१।११)

मन्त्र देखाएर शूद्र ता परमेश्वरको पाउबाट जन्मेको हो र सानु जात हो भन्ने धेरैजसो स्मृति तयार गरी लेखेर रोके, तर परमेश्वरका पाउबाट जन्मेका हुन् भने ता सबैले ढोगेर सम्मान पो गर्नुपर्दथ्यो। जातः अजायत शब्द हुनाले भ्रम भएको हो। वास्तवमा दोस्रो मन्त्र "पुरुष एवेदं सर्वम्"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ले ईश्वर सर्वतर्फ व्याप्त छ, भनेको छ । दर्शौं "यत्पुरुषव्यदधुः" मन्त्रले "कतिधाय व्यकल्पयन्" ले पनि ती परमेश्वरलाई के के कल्पना गरे ? भन्ने प्रश्न गरेर त्यस एघारौं मन्त्रले ब्राह्मण (पठित विद्वान्लाई) मुखले जीविकाको काम गर्ने हुँदा मुख र श्रमजीवी शूद्र पाउ कल्पना गरिए, मानिए भन्ने अर्थ छ । त्यसैले महाभारत शान्तिपर्व अध्याय १८८ श्लोक १० देखि अध्याय १८९ भर जात वा वर्ण बारेमा भनेको छ कि "सर्वं ब्राह्ममिदं जगत् ।" अर्थात् ब्रह्माले सृष्टि गरेको हुँदा जगत् सबै ब्रह्माको सन्तान हो र कर्मभिर्वर्णतां गतम् फरक फरक कामबाट अनेक वर्ण वा जात बनेका हुन् । भनेको छ । त्यसै हुँदा

सर्वभक्ष्यरतिर्यस्तु सर्वकर्मकरोऽशुचिः ।
व्यक्तवेदस्त्वनाचारः सर्वे शूद्र इति स्मृतः ।।

(म. भा. शा. प. १८९।४)

जे पनि खाने, हिंसा आदि काम गर्ने, अशुद्ध रहने, वेद नपढ्ने शूद्र हुन, भनेको छ । अर्थात् सद्व्यवहार गर्ने बाहुन र असद् व्यवहार गर्ने शूद्र हुन् । यस्तै वनपर्व (१७३।४२) मा पनि "जातिरत्र महासर्पः मनुष्यत्वे प्रतिष्ठिता" यस संसारमा मनुष्य जात एउटै हो भनेको छ । वास्तवमा वसाइ, देश, भाषा र अनेक परम्परा खानपान आदि व्यवहारबाट मात्र अलग छन् । त्यसो हुँदा सद्व्यवहार गर्न र असद् व्यवहार त्याग्न प्रेरणा दिने मन्त्र अर्थसहितै सबै मनुष्यमा प्रचार गर्नुपर्नेमा ता क्षत्रियलाई राजखलकमा सूर्य गायत्री र अरूलाई चाहिं बनावटी "धनुर्धराय विद्महे खड्गहस्ताय धीमहि तन्नः क्षत्रियः प्रचोदयात्" भन्ने मन्त्र सुनाउन थालेछन् । वरु बंगालका भक्ति वेदान्त स्वामी अमेरिकामा गएर कृष्णभावनामृत संघको स्थापना गरी अमेरिकन गोरा पो मद्यमांस त्याग्ने, हरिकीर्तन गर्ने र उक्त वैदिक मन्त्र जप्ने बनेछन् । हाल नेपाल बूढानीलकण्ठमा र भारत वृन्दावद आदिमा शाखा खोली प्रचार गर्दैछन् । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस कामको समर्थन गर्नुपर्नेमा हाम्रा अति परम्परावादी विद्वान्हरूलाई कपाल दुखेको छ । कृष्णभावनामृतसङ्घको कडा विरोध गरेको कुरा समीक्षा ०३८।३।१ मा अहिन्दू यसै जन्ममा हिन्दू हुन सक्तैन, तिनलाई टुपी राख्ने जनै लगाउने गायत्री मन्त्र लिने अधिकार कसले दियो ? भन्दै काठमाडौंका ४४ जना विद्वान्ले र दाङ्गका २२ जना विद्वान्ले कडा विरोध गरे इत्यादि प्रकाशित थियो । तर विदुषी, इन्द्राणी, यमी, गार्गी, मैत्रेयी आदि अनेक स्त्रीलाई ऋषिमा गनेको छ, तिनीहरू वेदमन्त्र सुन्थे पढ्दथे ।

विहा नगरेका युवतीले भन्ने मन्त्र—

त्र्यम्बकं यजामहे सुगन्धिं पतिवेदनम् ।
उर्वारूकमिव बन्धनादितोमुक्षीयमामुतः ।।

(यजु ३।६०)

(यसैको आधा मन्त्र पुरुष वर्गले प्रार्थना गर्ने माथि नै लेखियो) तीन आँखा भएका ठूलो कीर्ति भएका हामी अविवाहित स्त्रीहरूलाई योग्य पति गराइदिने शिव परमेश्वरलाई स्तुति पूजा आदि गर्दछौं, भेट्नुबाट काँको आदि अलग भए झैं हामी पनि (इतोमुक्षीय) पितृको घरगोत्रबाट अलग होऔं । तर (माऽमुतः) अब सदा नै पतिको घरगोत्रबाट अलग नहोऔं । भारतको मेघालयमा चाहिं खसिया जातमा वरले विवाह भएपछि वधूकै घरमा बस्नुपर्छ । युवतीहरूले विवाह गरी आफ्नै घरमा लाने चलन अहिलेसम्म छदैछ । (१२६)

ऋग्वेदको देवीसूक्त ८ मन्त्रको छ ।

यो सूक्त अम्भृण ऋषिकी छोरी वाग्देवीले भनेकी थिइन् । उनले भनेको एक मन्त्र हेरौं—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ अहंरुद्राय धनुरातनोमि ब्रह्मद्विषेशखेहन्तवाउ ।
अहं जनाय समदं कृणोमि अहं द्यावापृथिवी आविवेश ।

(ऋक्. १०।१२५।६)

(अहं) मैले नै (ब्रह्मद्विषेशखे हन्तवे) विद्याज्ञान विज्ञानको वा विद्वान्को द्वेष गर्ने शत्रुको नाश गर्न (रुद्राय धनुरातनोमि) रुद्रलाई धनु आदि शस्त्र तयार गरिदिन्छु । (अहं जनाय समदं कृणोमि) म साधारण जनलाई आनन्द गराउँछु । (अहं द्यावापृथिवी आविवेश) आकाश र पृथ्वी आदि सबैतिर ढाकेर रहेकी छु ।

विशेष कुरा — योगको तेस्रो सूत्रले "तदा द्रष्टुः स्वरूपेऽवस्थानम्" (१।३) अर्थात् जीवात्मालाई मनले ढाकेको हुँदा सबै इन्द्रियहरूको सञ्चालन मनले नै गर्दछ । जब मनलाई बाहिर जान रोक्ने प्रयत्न गर्दै मन रोक्न सकिन्छ, भने ता आत्मा मात्र बाँकी रहन्छ र मनका काम सबै सकिन्छन् । संसारको सञ्चालन मैले नै गरेको रहेछु भन्ने ईश्वरीय भाव बढ्दछ । नेपालमा र भारतमा यसका उदाहरण धेरै छन् । मुख्य योग मनका वृत्ति रोक्नु नै हो । श्रीकृष्ण चैतन्य विद्यालयमा पढाउँदथे । हरे-राम, हरे कृष्ण भन्दै कीर्तन गर्दै पढाउन छोडे । उनलाई म कृष्ण हुँ भन्ने भाव कैले, कैले राम हुँ भन्ने इत्यादि भाव उत्पन्न भै फलाक्न थाल्थे, भक्त-हरू वरिपरि बस्तथे, भाव तीन प्रहर देखी सात प्रहरसम्म रहेको इति-हासले भन्छ । त्यसपछि निदाएजस्ता हुन्थे । उठेपछि तपाईंले कृष्ण, राम आदिको भाववाट यस्तो कुरा भन्नुभो, वरदान पनि दिनुभो भन्दा तपाईं भक्तहरूले के के देख्नुभयो ? भलाई थाहा छैन, भन्दथे । त्यस्तै कलकत्ता-मा रामकृष्ण परमहंस तीर्थयात्रा गर्दा मन्दिरमा पुग्दा बेहोश हुन्थे, बोक्नुपर्थ्यो । नानक व्यापार खेती समेत गर्नेका छोरा थिए । तेह्र वर्षको उमेरमा पाकेको बाली खाने चरा आदि धपाउन पठाएको ता "रामकि चिडिया, रामकि खेत, खाओरि चिडिया भरिभरि पेट" भन्ने पद्य गाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थाले धपाएनन् । त्यसरी कीर्तनबाटै मनोभाव बदलिएका मानिस धेरै थिए । ध्यान समेत पूरा गर्ने महावीर बुद्ध पनि हुन् ।

यस्तै मनको काम छुटाएर ध्यानाभ्यासबाट आत्मभाव पाउने मानिस भएको इतिहासबाट बुझिन्छ । त्यसैले तदा द्रष्टुः स्वरूपेऽवस्थानम् (पातञ्जलयोग सूत्र पाउ १ सूत्र ३) मनका कामहरू रोकिएका द्रष्टा (आत्मा) आफ्नु स्वरूपमा रहन्छ र मनले तान्न सक्तैन भनेको छ । वाग्देवीले भनेको अहं रुद्राय, वो ऋ. १०।१२५ का ८ मन्त्रको अर्थ गर्दा दयानन्द सरस्वतीले चाहिं अमृता परमेश्वरको वाक् (बोली) नै ८ मन्त्र हुन् भनेको छ ।।१२७।।

शान्ति नहुँदा घर, गाउँ, जिल्ला र देशभरि अशान्ति काटाकाट हुन सक्तछ । जस्तो— भारतको पंजाबमा र अन्त पनि हुँदैछ । सो हटाई शान्ति ल्याउन मद्यपान, जुवा, व्यभिचार, आर्थिक भ्रष्टाचार आदि हटाउँदै चोर, डाँका र हत्यारा दललाई उचित डण्ड दिँदै सर्वत्र सत्शिक्षा चालु गर्नुपर्दछ । अशान्तिको बीउ नै मास्ने जुक्ति हामी मनुष्य समाजमा आओस् भन्ने भाव तलका मन्त्रले भन्दछन् ।

द्यौः शान्तिरन्तरिक्षं शान्तिः पृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः, वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिः सर्वꣳ शान्तिः शान्तिरेव शान्तिः सामा शान्तिरेधि ।

(यजु. ३६।१७)

आकाशको माथिल्लो भागलाई दिवाद्यौः भनेको बुझिन्छ । त्यस-देखि तल अन्तरिक्ष र अनि पृथ्वी छन् । तल, माथि, वर, पर हाम्रा व्यवहारका शब्द हुन् । वास्तवमा तल र माथि केही छैन । जस्तो अतल,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वितल, सुतल, पाताल आदि । सातवटा लोक पृथ्वी मुनि छन् इत्यादि सुन्ने सुनाउने गर्दथे । तर वेदको एकै मन्त्रले पनि तलका लोक भन्दैन । अचेल कसैले अमेरिकालाई पाताल भन्ने गरेका छन् । पृथ्वीलाई शेष नागले थामेको भनेकोमा शेषको अर्थ परमेश्वर नै हो । सबै बदलिन्छन् । परमेश्वर मात्र बाँकी रहने हुँदा शेष भनेको हो । शून्य आकाशमा नै चन्द्र, सूर्य, पृथ्वी र तारा ग्रह आदि घुम्दैछन् । यी सब भूगोल, खगोल शास्त्रमा स्पष्ट छन् ।

द्यौः– दिव, अन्तरिक्ष, पृथ्वी, पानी, औषधि (धान, गहुँ, दाल अनेक खाद्य पदार्थ) मा वृक्षहरूमा र सबै देवताहरूमा सबैतिर नै जो शान्ति नै शान्ति छ, त्यो शान्तिमय रहोस् । अर्थात् मनको दुर्बलता कमजोरी भै रोक्न नसक्ता काम, क्रोध, लोभ, मद्यपान आदि अति बढी भै अनेक अशान्ति हुन सक्तछ, त्यो अशान्ति ममा नहोस् । विशेष– दिक् अन्तरिक्ष र पृथ्वीमा शान्ति हुनाले नै हामी बाँचेका छौं । समय पुगेपछि सकिन्छौं । मुख्य भाव हामी मनुष्यहरूमा शान्तिको अति आवश्यकता छ । शान्ति नभए कुटाकुट र लुटालुट चल्न संभव हुन्छ । मनुष्यमा अशान्ति भै काम, क्रोध लोभ आदि बढेर जति ठूलो आपत्ति भोग्नुपर्छ, त्यति आपत्ति बाघ, भालुबाट हुँदैन ।

हुन ता दिव र अन्तरिक्षबाट बिजुली घरैमा र मान्छेमा वा वस्तुमा पर्दा कडा अशान्ति हुन्छ । उल्कापातमा झन् भयंकर हुन्छ । त्यो परेको ठाउँ फाट्तछ । वरिपरिका रूख पोलिन्छन् । तर हामीले र हाम्रा पुर्खाले भोगेको बुझिएन । पृथ्वीमा कडा भूकम्प हुँदा निकै अशान्ति भोग्नुपर्छ । पानीबाटै पिउने र अन्न आदि उब्जिएर खाँदा सबै जीवजन्तु र हामी बाँचेका छौं र शान्ति पाउँदै छौं । तर अति घेरै वर्षा भएमा अति अशान्ति हुन्छ । पहाडका डाँडा घरबारी समेत बगेर खोलामा पुग्छन् । जस्तै— दार्जिलिङका पं. दिलुसिंह राई आर्यले सं. १८५६ को हो क्यार अति-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृष्टिको इतिहास सबाइमा लेखेको हेरिएथ्यो । अढाई दिनसम्म नविसाएर अति ठूलो पानी परेछ र डाँडा बग्दा घर, गोठ, वस्तुभाउ, मान्छे कराउँदै-छन् डाँडो बग्दैछ, इत्यादि लेखेको देखिएथ्यो । ती बखत बखतका आकस्मिक कुरा हुन् । ती दैवी अशान्ति हुन् । मुख्यता मनुष्य समाजमा नै शान्तिको आवश्यकता हुँदा सबैमा "सामा शान्तिः एधि" त्यो शान्ति ममा हवोस् भनेको हो । शान्ति नहुँदा नै प्रथम विश्वयुद्धमा ९० लाख मरे । द्वितीय विश्वयुद्धमा पाँच करोड सकिए । अङ्ग-भङ्ग असंख्यको भयो । राष्ट्रसंघ खडा भै शान्तिमा प्रयत्न गर्न थाल्यो । तर इराकको शासकले सामा शान्तिः किन मान्थ्यो ? कुवेत कब्जा गरेछ, राष्ट्रसंघको नियम तोडेकोमा थप्पड दिएछ । चीनमा माओले दश वर्षसम्म सांस्कृतिक क्रान्ति गरेर आफ्नो नामै विगार्‍यो, उ मरेपछिता गर्ने भन्ने रामे, चोट पाउने चामे पो भएछ, उनकी पत्नी पो जन्मकैदमा परेर त्यहीं मरिछन् ।

हाम्रो नेपालमा सत्कामको होडबाजी हुनुपर्नेमा शासनप्रतिको होड-बाजी देखिन्छ । भोजपुरको याकुमा २०४९ जेठ १४ गते शङ्कर ढकालका घरमा ने. कां. छलफल गर्न बसेछन् । ए. मा. ले. कृष्ण ढकालकहाँबाट सल्लाह गरी शङ्कर ढकालका घरमा लाठी मुङ्ग्री गरी शङ्कर ढकाल सिकिस्त घायल भै वीर अस्पतालमा लगिए । कृष्ण ढकालले चार्हि छोरा-लाई पत्रमा अवदेखि कामरेडहरूले हिंसात्मक आक्रमण नगरुन् भन्नू भन्ने लेखेर आत्महत्या गरेछन् । मा. ले. किन मान्दथे ? विराटनगरमा जेठ १८ गतेमा अशोक कोइराले जीप मोटरमा चढेर जुलुसका साथ जाँदा १० ठाउँको चुनाव रद्द गर्ने माग राखे । ए. मा. ले. को जुलुसले महावीर चोकमा भेटेर लाठी मुंग्री गर्न थालेछ । सबै कांग्रेसी भागे । जीप मोटर पल्टाएर आगो लगाए । त्यस्तै २०४८।११।२९ गते वेलवारीमा बस चालक पक्रिएथ्यो, कारवाहि चल्दै थियो । बसलाई भष्म गरी देशको नोक्सान र चालकका परिवारको जीविका नष्ट गर्नु ठूलो उपद्रो हो । अशान्ति बढाएको छ । शान्ति कायम गर्न सर्वत्र उद्योगीककरण आदिबाट खानपान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्त्र, शिक्षा, काम, स्वास्थ्य, बाटो दुष्ट दुर्जनबाट रक्षासमेत आवश्यक हुन्छ । त्यो काम फूड गर्नेवित्तिकै हुने होइन, समय लाग्छ । सरकारले पनि सबैतिरको आर्थिक भ्रष्टाचार आदि हटाउँदै काम लगाउनुपर्छ ।।१२८।।

हाम्रो परम्परामा माध्यन्दिनीय यजुर्वेद वाजसनेय शाखाध्यायी भनेको छ । कण्व शाखामा थोरै मन्त्र मात्र फरक भएकोले वाजसनेय शाखाबाटै मन्त्र राखिए । मन्त्र १९७५ यजुमा छन् । सामवेद, ऋग्वेद मन्त्रमा नै गाइने हुँदा नयाँ मन्त्र ७५ मात्र छन् अरे । एक मन्त्र राखियो । अथर्ववेद मन्त्र ५९८७ छन् । थोरै राखिए । ऋग्वेदमा मन्त्र १०५८० छन् । धेरै-जसो सूक्तमा एउटै कुरा अति राम्रो गरी बताएको छ । जस्तै — दान-सूक्तमा नौ मन्त्रले दानै मात्र र हिरण्यगर्भका १० मन्त्रले र नासदीय सूक्तका सात मन्त्रले परमेश्वरका सृष्टि विषय भन्छन् ।

कैयौं सूक्तमा चार्हि धेरै विषय हुन्छन् । जस्तै मण्डल १ को सूक्त १६४ ले अनेक विषय अति महत्त्वपूर्ण बताउँछन् । जो माथि नै 'एकं सद्विप्रा बहुधा वदन्ति" ले अन्धसांप्रदायिकता हटाउने र "द्वा सुपर्णा सयुजा" ले सिन्धुसभ्यता (मोहनजोदडो) वैदिक हो भन्ने सत्य इतिहास प्रकट गर्छ । अरू पनि अनेक सत्य कुरा बताउने मन्त्रहरू त्यस सूक्तमा छन् ।

गोवामा सन् १५ सयदेखिका ईसाइ शासनले तेह्रौं शताब्दीदेखि मुस्लिम शासनमा लाग्दा विश्वविद्यालयको पुस्तकालय पोलेको र १० हजार छात्र ३ हजार शिक्षक मारेको त्यसपछि पनि मन्दिर भत्काउने, विद्यालय बन्द गर्ने, पुस्तक पोल्ने काम चालु थियो । गाउँमा पढाउने पुस्तक जोगा-उने काम गरेछन् र यस पुस्ताले भेट्यौं, हाम्रो सौभाग्य हो । उनलाई धन्यवाद छ । तर स्वर्ग र सुखभोगका निम्ति कर्मकाण्ड र मोक्ष निम्ति ज्ञानकाण्ड छन् भन्ने प्रचारका साथै वेद घोक्ने, तर अर्थतर्फ ध्यान नदिने थिए । १–२ ले अर्थतिर ध्यान दिए पनि आफैले निरुक्त, व्याकरण समेत-बाट अर्थ बुझ्नेतर्फ नलागी अरूकै भाष्य र कर्मकाण्डी श्रौतसूत्र, गृह्यसूत्रका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधारमा मात्र अर्थ गरेछन् । वरु भारतको अंग्रेजी शासनमा पो पाश्चात्त्य विद्वान् मैक्समूलर, कीथ, ग्रिफिथ आदिले वेदभाष्य तयार गरी सोअनुसार पाठ्यग्रन्थ भारतमा पढाउन थालेछन् । तर अंग्रेजी शासन गए पनि दिल्लीमा छ कक्षाको हिन्दी पाठ्यपुस्तक "वैदिक जनजीवन" शीर्षकबाट र नेपाल नौ दश कक्षाको दोस्रो भाग ऋग्वेदकालीन आर्य सभ्यता शीर्षकबाट आर्यहरू काबुल हुँदै फारसबाट आए, मद्यपान गर्थे, बहुदेवता पूजा गर्थे, उत्तरवैदिक कालमा मात्र आत्मा परमात्माको विचार हुन थाल्यो इत्यादि अति असत्य निषिद्ध र संदिग्ध कुरा पनि अहिलेसम्म पढाउने गरेकाले अंग्रेजी शासन गए पनि उनको दिमागी शासन नयाँ पुस्तामा समेत सारिँदै छ । त्यो मात्र होइन, स्नातक तहसम्म नै नेपाल परिचय आदि ग्रन्थबाट र अरू ग्रन्थबाट छेत्री बाहुनका सन्तानैले हामी आर्यहरूले पश्चिमबाट आई अनार्यको सिन्धुसभ्यता ध्वस्त पारेको हो, इत्यादि असत्य कुराबाट हामी तिमीहरूका बाफ वैरीहौं भन्ने साविती बयान गरेका छन् । सत्य अर्थ भए ता ठिकै थियो तर वेददेखिका सत्साहित्यबाट र व्यवहारबाट पृथ्वीभरको मनुष्यजात एउटै रहेछ, खालि सत्सङ्ग र व्यवहारबाटै शत्रु मित्र बन्दो रहेछ इत्यादि कुरा नै सत्य छन् । जस्तै—

सामासत्योक्तिः परिपातु विश्वतोद्यावाच यत्र ततनन्नहानि च विश्वमन्यं निविशते यदेजति विश्वा हायो विश्वाहोदेति सूर्यः ।।

(ऋक्. १०।३७।२)

जहाँ रात दिन नियमैले चालु छन् । त्यो विश्व नै वदलिँदै चलिरहेछ । अति आवश्यक पानी पनि सधैं आउँदैछन् । दिनदिनै सूर्य उदाउँदैछन् । त्यस्तो नियमित सत्य व्यवहार छ । सोअनुसार म पनि सत्य मात्र बोलौं र सत्यबाट मेरो रक्षा होस्, असत्यबाट होइन ।।१२९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदमन्त्र वा अरू शास्त्रहरूको पनि अर्थ र आशय बुझनै पर्दछ। नभएता माटा ढुङ्गाको वा तस्वीरको दुहुनु गाईबाट दूध, दहि, घिउ नभेटे जस्तो हो इत्यादि कुरा ऋग्वेदकै १० सूक्त ७१ को ११ मन्त्रले भन्दछन् र अर्थसमेत जान्ने विद्वान्को ज्यादै प्रशंसा गरेको छ। घोकेर मन्त्र भन्नेको र असत्य अर्थ गर्नेको निन्दा गरेको छ। जस्तै—

उत त्वं सख्ये स्थिरपीतमाहुर्नैनं हिन्वन्त्यपि वाजिनेषु।
अधेन्वाचरति माययैष वाचं शुश्रुवान् अफलामपुष्पाम् ।।

(ऋक्. १०।७१।५)

अर्थसमेत जान्ने र नजान्ने दुई प्रकारका मानिसमध्ये (उतत्वं सख्ये स्थिरपीतम् आहुः) विद्वान् साथीहरू बसेका सभामा अर्थसमेत जान्ने बुझने विद्वान्लाई चाहि स्थिर निश्चित, ज्ञान भएको मान्दछन् र भन्छन् (वाजिनेषु अपि एनं न हिन्वन्ति) विद्वान् सत्कर्म गर्ने मानिसहरू बसेका ठाउँमा पनि यिनलाई हीन मान्दैनन् सम्मान गर्छन्। (अफलाम् अपुष्पाम् वाचं शुश्रुवान् एष तु मायया धेन्वाचरति) बोली ता सुनेको छ, पढेको घोकेको छ, तर अर्थ र भाव बुझदैन भने ता त्यस्ता मानिसले माटाको दुहुनु गाईबाट फाँचो ठूलो भए पनि दूध, दही, घिउ नपाएजस्तै फलफूल केही भेट्तैन ।।१३०।।

इमे नार्वाङ् नपरश्चरन्ति, नब्राह्मणासो नसुते करासः।
त एते वाचमभिपद्य पापया सिरीस्तन्त्रं तन्वते अप्रजज्ञयः ।।

(ऋक्. १०।७१।९)

(इमे ब्राह्मणासः न सुतेकरासः न) यी मानिसहरू जो पठित विद्वान् पनि छैनन्, र सद्व्यवहार परिश्रम गरेर कमाउने दिने खाने पनि गर्दैनन्, भने ता (न अर्वाङ् न परश्चरन्ति) न वर न पर छन्, न घरका न घाटका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् (ते एते अप्रजज्ञयः वाचम् अभिपद्य) ती पटमूर्ख सत्कर्मबाट कमाउने दिने खाने नगर्ने मानिसले बोली पाएर (पापया सिरीः) पापी बोलीरूपी धागाका जाल (तन्वते) फैलाउँदै मनुष्यहरूलाई असत्काममा पनि लगाउन सक्तछन् । अर्थात् बोली ता पाएकै हुन्छन् र अनेक चोरी डकैती लाठी मुग्री छलकपट गराउने बोली मीठो पारेर बोल्दै सर्वसाधारण मानिसहरूको विचारै बदलेर दल खडा गरी आफू बाग्जाल फैलाएर फूट बढाई अनेक अनर्थ गर्दछन् र गराउँछन् । ।।१३१।।

उक्त मन्त्रको अर्थ सायणले कर्मकाण्डतर्फ मात्र ढल्काएर गरेकोले "न सुतेकर" को र "सिरीस्तन्त्रं तन्वते" को समेत अर्थ गर्दा यो (१०।७१) सूक्तको उक्त मन्त्रको अर्थ ठीक नगरेकोले श्रीस्वामीदयानन्दज्यूको भाष्य अनुसार अर्थ गरियो । जस्तै- "न ब्राह्मणासः" विद्वान् छैनन्, अर्थ ठीक छ, नसुतेकर को सोमयाग नगर्ने अर्थ गरेको छ । यो अर्थचाहिं "वाचम् अभिपद्य पापया वाचा सिरीस्तन्त्रं तन्वते" वाक्यको अर्थको साथ अति नमिल्ने गरेकोले सुतेकरको समेत अर्थ बाङ्गिएको छ । अर्थात् "सिरीस्तन्त्रम हलकर्षणादिकम्' अर्थ गरेकोले सत्य अर्थ भएन । हलो जोत्ने मानिसलाई सीरी भन्छन्, सीरको अर्थ हलो हो त्यो जोत्ने सीरी हली कृषक हुन्छ, तर यहाँ ता सि ह्रस्व र रीको पर स् पनि हुनाले हलो अर्थ हुनै सक्तैन । त्यसै हुँदा "सिरीस्तन्त्र तन्वते" को बोली रूपी धागाको जाल फैलाउँछन्" भन्ने अर्थ नै उचित छ । तर सच्चरित्र उत्तम विद्वान्ले चाहिं साँचो र हित गर्ने बोलीले सबैमा आनन्द सुख बढाउछन् भन्ने बताइन्छ—

सर्वे नन्दन्ति यशसा गतेन सभासाहेन सख्या सखायः ।
कल्विषस्पृत् पितुषणि ह्येषामरंहितो भवति वाजिनाय ।।

(ऋक् १० । ७१ । १०)

जुन मानिस सहनशील र विद्वान् पनि छ त्यस्ता (सभासाहेन यशसा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आगतेन सख्या) सभामा उत्तम ज्ञान दिन सक्ने, कीर्ति भएको समझदार विद्वान् मानिस सभामा आउँदा ता (सर्वे सखायः नन्दन्ति) सबै विद्वान् साथीहरू खुशी हुन्छन् । त्यस्तो विद्वान् मानिसचाहिं (एषां पितुपणिः) सभासद्लाई चाहिने कुरा दिएर वा उपदेश गरेर लाभ गराउने र (किल्विषस्पृत्) काम, क्रोध र लोभ आदि मानसिक दोषबाट आउने मद्य-पान, व्यभिचार, जूवा र आर्थिक भ्रष्टाचार आदि हटाउन सक्ने हुँदा त्यस्ता मानिस (वाजिनाय अरंहितो भवति) बुझन जान्न चाहने उत्तम मानिसका निम्ति पुरोहित कल्याण गर्ने हुन्छ । तर के गर्नु ? त्यस्ता मानिस पृथ्वीमा सारै कम देखिन्छन् । धेरै जस्तो मानिसमा मीठा भाषण-बाट लोभ्याएर नेता बनी कुटपीट लाठी मुडग्री गर्ने मानिस तयार गर्ने देखिन्छन् । अनेक प्रकारबाट आर्थिक भ्रष्टाचार गर्दै अति धनी बन्ने नै देखिन्छन् ।

साम्यवाद

अति गरीब मनुष्य समाजलाई साम्यवाद शब्दले नै सुन्दैमा तान्न थाल्दछ । तर सांख्यदर्शनले समानतामा प्रलय र विषमतामा संसार भन्दछ । विषमलिङ्गीबाट जीवसृष्टि चालू छ । अनुहार फरक नभए चिन्नै सकिन्न । वास्तवमा ता साम्यवादको अर्थ आर्थिक साम्यवाद हो । रूसमा साम्यवादी सरकार बन्यो । किसान मजदूरको स्वर्ग भन्दथे । द्वितीय विश्व-युद्धमा ५ करोड मानिस मारिए । साम्यवादी शासक स्टालिन सन् १९५३ मा सकिए । (६ करोड रूसी नागरिककी हत्या रूसमें, विश्वप्रसिद्ध नर-संहार, लेखक– नेमिशरण मित्तल, पृष्ठ १२०) स्टालिनकी छोरी स्वेत-लानाले ग्रेगरीका साथ विहा गरी गाउँमा वस्न गइन्, तर त्यहाँ काम पनि छैन, माम पनि छैन । पिस्तोलका डरले काम ता गर्थे तर अन्न खाद्य गोदाममा पुग्थ्यो । अन्न लिन रासन कार्ड लिई खाद्य गोदाममा लाम लाग्नुपर्थ्यो । थोरै रासन मिल्दथ्यो अरे (स्वेतलाना-पुस्तक) । साम्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वादी पूर्व जर्मनीका जनता पर्खाल भत्काएर पश्चिम जर्मनको प्रजातन्त्र-वादी शासन नै रुचाएर मिल्न पुगेका छन् (संप्रदाय चर्चामा थप गरिनेछ) । फेरु जर्मनको एकतन्त्री हुकुमी शासनमा ता फासिष्ट यातना शिविरमा २ करोड २० लाख मानिस मरिए (सन् १९९० जनवरी मासिक कादम्बिनी पृष्ठ ९०) । ऋग्वेदको अन्तिम सूक्तमा ८ पल्ट समान शब्दले र अन्त्यमा मनुष्य समाजमा सहअस्तित्व निम्ति समानता चाहिन्छ, भनेको छ । बहुदलीय प्रजातन्त्रमा सबैले समान रूपले बोल्न पाउने समानता त छ तर "सामासत्योक्तिः परिपातु विश्वतः" सत्य बोलीले नै रक्षा गर्ने हो, तर पनि वाग्जाल बुन्न सक्ने नेताको जोसीलो बोली नै भोलि गोली बनेर भारतको पंजाबमा जस्तै काटाकाट थालिन्छ । नेतृत्व प्राप्तिको भोकबाट वाग्जाल बुन्दै शासन भोक जागेर ती काम हुन्छन् । सत्य बोली र सत्य व्यवहार छैन । आर्थिक समानताबाट सबैमा खानपान, वस्त्र, घर आदि व्यवस्था पुगे पनि मद्यपान जूवा व्यभिचार आदि र सामाजिक कुरीति विकृति छउन्जेल वर्षदिन पुग्ने सामग्री २/३ महीनामै सकिएको प्रत्यक्ष नै देखिदैछ । त्यसैले सुधार पनि चालु रहनुपर्छ । त्यसै हुँदा मनुष्य जात एउटै भए पनि मानसिक शक्ति अति भिन्न हुने हुँदा सचेत भई काम गर्नु भन्ने आशय तलका मन्त्रले भन्छ–

अक्षण्वन्त; कर्णवन्तः सखायो मनोजवेष्वसमा बभूवुः ।
आदध्नास उपकक्षास उत्वे ह्रदा इव स्नात्व्या उ त्वे ददृश्रे ।।

(ऋक्. १०।७१।७)

मनुष्य जातमा (अक्षण्वन्तः कर्णवन्तः सखायः) आँखा कान आदि इन्द्रिय शक्ति त सबैमा बराबरी उत्तिकै छन्, र सबै साथै छन् । तापनि (मनोजवेषु असमा बभूवुः) मानसिक शक्तिचाहिं अत्यन्त फरक भएको स्पष्टै देखिन्छ (त्वे उ उपकक्षासः आदध्नासः उ त्वे स्नात्व्या ह्रदा इव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ददृश्रे) जस्तै तलाउ—पोखरी कुनै काखीसम्म पानी भएका, कुनै मुख-सम्मका र कुनै त अति गहिरा नुहाउन योग्य, शुद्ध उत्तम देखिन्छन् । त्यस्तै आँखा, कान, हातगोडा सबै इन्द्रिय त उस्तै छन्, विग्रिएका छैनन् तापनि मानसिक शक्ति अति घटिवढी देखिन्छ । साथै पढ्ने साथीमध्ये पठनपाठन उत्तम भए पनि प्रथम, द्वितीय, तृतीय र अनुत्तीर्ण पनि हुन्छन् । तर कैयौं वर्ष अनुत्तीर्ण भए पनि अयोग्य हुने सक्तैनन् । ती पठनपाठनमा अनुत्तीर्ण भए पनि अरू कैयौं विषयमा प्रथम श्रेणीका विद्वान् वा अनेक काम गर्न सक्ने वा नयाँ कुराको आविष्कार गर्ने हुन्छन् भन्ने कुरा प्रत्यक्ष देखिदैछ । मध्यमासम्म पास नगरेका लेखनाथ, कविशिरोमणि जस्ता ठूला विद्वान् बने । यस्ता उदाहरण अनेक छन् ।

त्यसै हुँदा "अयोग्यः पुरुषो नास्ति योजकस्तत्र दुर्लभः" (महाभारत) यूरोपका कैयौं देशमा त्यस्ता अनुत्तीर्ण छात्रहरूलाई बिजुली आदिका अनेक काम सिकाएर उत्तम कार्यकर्ता तयार गरिन्छन् । धरानकै इन्जिनियरीङ्ग क्याम्पसमा कैयौं वर्ष अनुत्तीर्ण भएका छात्र योग्य बनेर उत्तम काम गर्ने थालेका छन् । कुनै मनुष्य पनि अयोग्य हुँदैन तर अयोग्यलाई पनि योग्य गराउने मानिस वा संस्था चाहिन्छ ।

माथि वेद आदि कुनै शास्त्र पनि "अर्थं न वर्थं गोविन्द गाई" जस्तो गर्नु हुँदैन । अर्थ र भाव समेत जानेर मात्र विद्वान् मानिन्छ र सम्मानित हुन्छ । नभए वनावटी गाईवाट केही नमिले जस्तै हो इत्यादि कुरा मं. १० को सूक्त ७१ ले भन्यो । तर अति ठूला विद्वान्ले गरेका मन्त्र व्याख्या र भावमा आकाश पाताल फरक परेको देखिन्छ । त्यसो भए पनि उनीहरूकै व्याख्यावाटै यस व्याख्यामा ठूलो सहयोग पाइयो ।

पौरुषेय (१), ईश्वरवाट प्रकट भएर आएको (२), डा. संपूर्णानन्द आदि विद्वान्हरूले २५ हजार वर्षभन्दा पनि पुरानो समयदेखिको इतिहास, धर्म, रीति, स्थिति आदि अनेक सत्य कुरा वेदमन्त्रहरूवाट प्रकट हुन्छ (३) भन्ने मत छन् । मीमांसा दर्शन र तदनुयायी वेद प्रमाण मान्नेले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपौरुषेय मान्छन् । वेद अनादि हो, स्वतः प्रमाण हो भन्दछन् । न्याय आदि दर्शनदेखि दयानन्द सरस्वती र उहाँबाट स्थापित आर्य समाज संगठनले र अरू विद्वान्ले सृष्टिको आरम्भमा मनुष्यलाई परमेश्वरले दिएको ज्ञानराशि वेद हो, वेदका पुरूरवा उर्वशी आदि अनेक नाम भए पनि ती नाम पछिका मान्छेलाई राखेकोले भ्रम भएको मात्र हो । इत्यादि सिद्धान्त छ । २ हजार वर्ष यताको बाइबलचाहिं ईश्वरको एक मात्र छोरो ईशुको उपदेश नै हो, सत्य विद्या हो । अथवा १६ सय वर्ष यताको मुहम्मदलाई परमेश्वरले बताएको कुरान सबै हो, इस्लाम संप्रदायले भन्छन्, भने साल संवत् नै याहा नभएको पृथ्वीभरका मनुष्यलाई सदुपदेश गर्ने वेद परमेश्वरबाट पाएको भन्दै श्रद्धा विश्वास गर्नु अति उत्तम काम हो । वेद मन्त्र भागलाई २५ हजार वर्ष पुरानो मान्दा पनि पृथ्वीभरका मनुष्यले मनन गर्नुपर्ने सद्व्यवहार गर्न, सच्चरित्र बन्न, प्रेरणा दिने कुरा माथिका थोरै मन्त्रले नै प्रकट गरेको छ ।

अपौरुषेय, ईश्वरको उपदेश र अति प्राचीन ऋषिमुनिबाट प्रकट सत्य विद्या माने पनि पृथ्वीभरमा नपाइने वेद हाम्रो ज्ञानराशि हो, पृथ्वीभरका मान्छे निम्ति दिन सकिन्छ, दिन हुन्छ । तर ठूला विद्वान्ले पनि आफ्नो विचार अनुसारै तानतुन गरेर आफ्नो संप्रदाय वा लिढेढिपी पुष्ट गर्न वेदमन्त्रको अति असत्य अर्थ गर्ने विदेशी र उनकै पछि लागेका विद्वान्हरूको अति असत्य अर्थका कुरामाथि प्रकरणअनुसार अति थोरै लेखियो । तर हाम्रै सनातनधर्मी संप्रदायवादी वैष्णवहरूले पनि—

पवित्रं ते विततम्

(ऋक्. ९ । ८३ । ११)

मन्त्रको स्वकल्पित अर्थ— शङ्खचक्रले शरीर डामेर विष्णुदीक्षा लिने मानिस पाको हुन्छ र ईश्वरबाट कृपा पाएर मुक्त हुन्छ । तर नडामेको मानिस काँचो हुनाले कृपा पाउँदैन भन्ने अर्थ असत्य हो । उस वेला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्ना चेलाहरूलाई अन्त नजाऊन् भनी स्थायी चिनु लगाएको हुन सक्छ। माथि नै लेखियो। घाउ निको भएमा हानि ता छैन। ३ सय वर्षअघिका ठूला विद्वान् नीलकण्ठाचार्यले (ऋक्. ५।३।३) मन्त्रमा रुद्रस्तुति छ, तापनि हनुमान्को स्तुति अर्थ गरेका छन् र वैदिक् देवता गराउन खोजेका छन्। प्रथमवेदोद्धारक जगद्गुरु शङ्कराचार्यज्यूको थोरै वेदमन्त्रार्थ लेखियो। अर्को एक रोचक र समाज सुधार गर्ने बाटो देखाउने छान्दोग्योपनिषद्को कथामा शङ्करज्यूको मतअनुसारको अर्थ हेर्दै पढ्ने उमेरको सत्यकाम नामको केटाले गुरुकहाँ पढ्न जान थर गोत्र आमाका साथ सोध्यो। आमाले भनिन् कि "बह्वहं परिचारिणी यौवने त्वामलभे, न जाने कि गोत्रोऽसि त्वम्। जवाला तु नाम अहमस्मि स त्वं। सत्यकामो जाबालो ब्रुवीथा;" अर्थात् म जवान छँदा कुल्ली काम गर्दै रहँदा तँलाई पाएँ, तर कसको गर्भ रहेथ्यो, मलाई हेक्का रहेन, मेरो नाम जवाला हुनाले "म सत्यकाम जाबाल हुँ भन्नू" भनिन्। त्यो सत्यकाम केटाले पनि हारिद्रुमत गुरुका साथ गएर सबै सुनायो। गुरुले पनि नैतद्ब्राह्मणो विवक्तुमर्हति समिधं सोम्याहरोपत्वानेत्थे" भने (छान्दोग्योपनिषद् खण्ड ४।४।५) बाबु कै टुङ्गो नभएको केटालाई सत्य कुरा बोल्दैमा बाहुन हो भन्ने नहुनुपर्ने हो। आमाले पनि कुनै गोत्र भनेको भए हुन्थ्यो, आमाको ता विवाह नै नभै छोरो जन्मेको बुझियो। सत्य बोलेकाले नै ब्राह्मण मानेर उपनयन (व्रतबन्ध) गर्ने भएछन्। जगद्गुरु शङ्करका समयमा ता त्यस्ता बेपत्रे-लाई बाहुन भन्नु र व्रतबन्ध गर्नु ठूलो अपराध मानिने हुँदा शङ्कराचार्यले अर्थ गर्दा 'पत्युः' शब्द थपेर 'पत्युः परिचारिणी' लोग्ने सिकिस्त बिरामी हुँदा खूब सेवा गर्नुपरेकाले गोत्र सोध्न बिर्सिएछु भन्ने भाव प्रकट गरेर ब्राह्मण लोग्ने थिए तर मरे भन्ने भयो, त्यो उचित भएन। त्यहाँ यौवने भनेकोले बालविवाह थिएन, बालविवाह भए पनि पहिले नै थर गोत्र केटा र केटीले जानिसकेका हुन्छन्, लोग्नेलाई सोध्नै पर्दैन। वाचस्पति मिश्रले पनि त्यस्तै अर्थ गरे। त्यसको अर्थ स्पष्ट भए पनि पत्यु एक शब्द थपेर आफ्नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचारअनुसार अर्थ गरेछन् । उचित भएन । अर्को कुरा दक्ष नामका ऋषि प्रजापति मानिएका थिए । उनका छोरी दिति अदिति आदिकासाथ कश्यपको विहा भयो; अदितिबाट देवताहरू, दिति र दनुबाट दैत्य र दानव, मनुबाट मानव, सरमाबाट कुकुर र स्याल आदि, इलाबाट सबै रूख जङ्गल भए इत्यादि भनेको छ । कश्यपकै सन्तान सबै मनुष्य हुनाले गोत्र थाहा नभए कश्यप गोत्र भन्नु पनि भनेको छ र पृथ्वीभरकै मान्छे एउटै बाबु आमाका सन्तान मान्नु, अरू जीवजन्तु र रूखसमेत एकै बाबुका सन्तान गराउनु नराम्रो होइन । तर कश्यपले के पाप गरेकाले उनका सन्तान कुकुर, स्याल, चरा, सर्प, रूख, वृक्ष समेत भएछन् भन्ने शङ्का हुन्छ । तर निरुक्तले पश्यक अर्थ गरेर द्रष्टा परमेश्वरबाट सृष्टि भएका भनेको छ । माथिका कथा सर्वात्मभाव बढाउन रोचक छन्, रामायण, महाभारत, पुराणमा देखिन्छन् । स्मृति पुराणहरूमा ब्रह्माको इच्छा गर्दैमा मानसिक सन्तान मनु र शतरूपा भएर स्त्री पुरुष सृष्टि थालियो त्यसैले मानव वा मनुष्य नाम रहेको हो, भनेको छ । अचेल विकसित भएको मान्ने पनि छँदै छन् । वेदमन्त्रमा चाहिं अदितिको अखण्डित प्रकृति अर्थ छ र त्यसैबाट बदलिदै यो संसार विकसित भएको छ । परमेश्वर एक नबदलिने छन् इत्यादि पनि माथि द्यावाभूमि जनयन्देव एकः (१०।८१।३) इत्यादिले र नासदीय सूक्त (ऋक्. १०।१२९) ले भन्दछ । अदिति बारेको मन्त्र—

अदितिद्यौरदितिरन्तरिक्षमदितिर्मा सविता स पुत्रः ।
विश्वेदेवा अदितिः पञ्चजना अदितिर्जातमदितिर्जनित्वम् ॥

(ऋक्. १।८९।१०)

द्यौः महाआकाश अन्तरिक्ष (पृथ्वीवरिपरिको आकाश) माता पृथ्वी पिता उत्पादक र पुत्रः उत्पन्न हुने र विश्वेदेवा, सबै देव, सबै जीव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्तुसहित मनुष्य समेत र (जातभूः) पहिले भएका र (जनित्वम्) पछि हुने पनि (अदितिः) अखण्डित छन् । अर्थात् कुनै पदार्थ पनि नष्ट भएका देखिन्छन् तापनि बदली रहन्छन्, नष्ट भएका होइनन् । अर्थात् पानी सुक्दछ तर वाफ भएर उड्दछ त्यही फेरि बदलिएर पानी नै भई आउँछ । गाग्रो फुट्छ, टुका र धूलो भई बदलिन्छ, रूप मात्र बदलिन्छ तर नष्ट हुँदैन । अदितिको अर्थ प्रकृति हो । बदलिनु विकृति हो मूल प्रकृतिबाट यी सब प्रकृति विकृति चालू छन् । यो कुरा सांख्ययोगको हो, चेतन अंशचाहि जस्ताको त्यस्तै रहने नवदलिने मानिन्छ ।।३४।।

कैयौं मन्त्रको पदार्थ अति सजिलो छ । तर अहिलेसम्म भावार्थ स्पष्ट गर्न सकेका छैनन् । जस्तै—

चत्वारि शृङ्गा त्रयो अस्य पादा द्वे शीर्षे सप्त हस्तासो अस्य ।
त्रिधा बद्धो वृषभो रोरवीति महो देवो मर्त्या आविवेश ।।

(ऋक् ४।५८।३, यजु. १७।९१)

चार सिङ तीन वटा खुट्टा दुई टाउका र सातवटा हात भएको गोरू तीन ठाउँमा बाँधेको छ र खुब कराउँछ । त्यो त ठूलो देवता हो । त्यसले मनुष्यमा प्रवेश गरेको छ । यस मन्त्रका सबै पदार्थ सजिला छन् । तर भावार्थ चाहि केलाई भनेको हो ? अहिलेसम्म स्पष्ट बुझेको छैन जस्तो छ । आफ्नो शास्त्रलाई वैदिक सिद्ध गर्न आफूतिर ढल्काएर भावार्थ लेखेका छन् ।

जस्तै– निरुक्त (वैदिक कोश) ले यो वृषभ (इच्छा लागेको कुरा दिने) यज्ञ हो । त्यसैले मनुष्यमा प्रवेश गरेर चिताएको कुरा दिन्छ । चार वेद नै चारवटा सिङ हुन् । प्रातःकाल मध्याह्न र सायंकाल समेत तीन पाउ हुन् । दर्श यज्ञ र पौर्णमास यज्ञसमेत दुई शिर हुन् । सातवटा गायत्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिष्टुप् अनुष्टुप् आदि छन्द नै सात हात भए । ऋक्, यजु, सामसमेत तीन वेदबाट यज्ञ गराउने हुँदा तीन वेदले यज्ञ बाँधिएको छ । त्यस्तो यज्ञ रूपी वृषभले मनुष्यमा प्रवेश गरेर चिताएको फल दिलाउँछ । व्याकरण महाभाष्यमा चार्हि प्रथम आह्निकमा नै त्यो ठूलो देवता व्याकरणशास्त्र हो र त्यो राम्ररी जानेमा संस्कृत साहित्य भण्डार वेद आदिमा प्रवेश गरेर ठूलो विद्वान् बन्न सक्तछ । नाम, आख्यात, उपसर्ग निपात नै चार सिङ हुन् । भूत, भविष्यत्, वर्तमानकाल नै तीन पाउ हुन् । सुबन्त र तिङन्त नै दुई शिर हुन् । सात विभक्ति नै सात हात हुन् । हृदय, घाँटी र शिर समेत तीन ठाउँमा बाँधेको छ । सङ्गीतशास्त्रले, सारेगम आदि सात स्वर नै सात हात हुन् इत्यादि भन्दै संगीतशास्त्र नै वृषभ देवता हो भन्छ ।

काव्यमीमांसामा सारस्वती गौडी आदि चार वृत्ति नै चार सिङ हुन् । शक्ति लक्षणा व्यञ्जना वृत्ति नै तीन पाउ हुन् । दृश्य र श्रव्य दुई सिङ हुन । मुख्य सात अलङ्कार नै सात हात हुन । गद्य, पद्य, गीति-समेतले बाँधिएको साहित्य शास्त्र नै वृषभ हो भनिएको छ ।

दयानन्द सरस्वतीजीले ऋग्वेद भाष्यमा (महोदेवो) अर्थात् आवि-वेश । ठूला महान् परमेश्वर परिवर्तनशील मनुष्य आदिमा प्रवेश गरेका छन्, व्याप्त छन् चारै वेद नै (चत्वारि शृङ्गा) चारवटा सिङ छन् । (त्रयो अस्य पादाः) सद्व्यवहार ईश्वरको उपासना र ज्ञान पाउनुसमेत तीन पाउँछन् । (द्वे शीर्षे यहाँ उन्नति प्रगति र मोक्षसमेत दुई शिर छन् । (अस्य सप्त हस्तासः) ज्ञानेन्द्रिय पाँच र मन, आत्मासमेत सात हात छन् (त्रिधा बद्धः) श्रद्धा, परिश्रम र योगाभ्यास यी काम नै ईश्वरीय ज्ञान पाइने मुख्य साधन हुनाले यी तीनबाट बाँधिएका छन् । (वृषभः कामानां, भोग्यपदार्थानां मोक्षस्य च वर्षायिता) जीव वा मनुष्य आदिका निम्ति वेद वाणी बताएका छन् । यस्तै प्रकारले यस मन्त्रको २२ । २३ सम्म भावार्थ प्रकट गरेका छन् । यस्ता भावार्थ बुझ्न कठिन पर्ने छन् । ऋग्वेदको प्रथम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मण्डलको १६४ सूक्तका ५२ मन्त्रमा कयौं मन्त्रको पदार्थ र भावार्थ स्पष्ट छन । सबै संस्कृत पढ्नेले बुझ्दछन । जस्तै पृथ्वीभरकै अन्ध साम्प्रदायिकता हटाउने "एकं सद्विप्रा बहुधा वदन्ति" एक सत् ईश्वरलाई नै अनेक नामले भन्दछन् । बहुप्रजानि ऋतिमाविवेश धेरै प्रजा वा सन्तान हुनेले दुःख पाउँछ । "द्वा सुपर्णा सयुजा सखायो" एक रूखमा दुई चरा छन् । एउटा चरो फल खान्छ, तर अर्को चरो खाँदैन तापनि फुन् चहकिलो छ । इत्यादि-बाट त्यस्तो रूखको चिनु मोहनजोदडो (सिन्धुसभ्यता) मा पाइएकोले त्यो वैदिक हो भन्ने प्रमाण मिलेको छ । त्यस सूक्तमा संसार र ईश्वर बारेमा राम्रो चखिलो प्रश्न उत्तर छन् । तर त्यहाँका कयौं मन्त्रको भाव बुझ्न कठिन छ । त्यति मात्रैले पनि धेरै ज्ञान दिन्छ र हाम्रो ९।१० कक्षाको इतिहास (२) का कुरा अति असत्य सिद्ध भएको छ । केही सजिला मन्त्र लेखिए । लौकिक र वैदिक शब्द एउटै भए पनि कुनै शब्दको अर्थ उल्टा छ । जस्तै–

विश्वो ह्यन्यो अरिराजगाम ममेदिह श्वशुरो नाजगाम ।
अश्नीयाद्धाना उत सोमं पपीयादाशितः पुनरस्तं जगायात् ।।
(ऋक् १०।२३)

लौकिक साहित्यमा अरिको शत्रु अर्थ छ, तर यस मन्त्रमा प्रगतिशील, पूज्य, मान्नुपर्ने अर्थ छ । ठूलो उत्सवमा (अन्यो विश्वो अरिः आजगाम) बोलाएका अरू पूज्य मान्य मानिसहरू सबै आए । (मम श्वशुर इत् न आजगाम) मेरा ससुरा नै आउनुभएन (धाना अश्नीयात् सोमम् उत पपीयात्) भोजन गर्नुहुन्थ्यो, सोमलताको रस पनि खुब पिउनुहुन्थ्यो (आशितः पुनः अस्तं जगायात्) खुब अघाएर घर जानुहुन्थ्यो । पछिका साहित्यमा अस्तंको अस्ताएको र मरेको अर्थ हुन्छ । तर वेदमा आफ्नु घर नै अर्थ हुन्छ । राहुल सांकृत्यायनजीले सोमको अर्थ भाङ गरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोदनाथजीले त्यही लेख्नुभयो । पाठ्यपुस्तक ९।१० इतिहास २ को "ऋग्वेदकालीन आर्यसभ्यता" या जङ्गली फलको रस पढाउँदै छन् । (माथि ६८ को मन्त्रमा थोरै लेखियो)

आयुर्वेद चरकको चिकित्सास्थान श्लोक ९६ देखि र सुश्रुतको २९ अध्यायमा सोमलताको गुण र पाइने ठाउँ पनि स्पष्ट बताइएको छ । पछि सोमलता चिनिएन वा सकिएछ क्यार । पाश्चात्य विद्वान्हरूले भारतीयहरूको वेदमा अति श्रद्धा बुझेर हृदयदेखि वेदबारेको अति श्रद्धा उखेलेर फाल्ने र ईसाइ सम्प्रदायतर्फ र उनको संस्कृति, रहनसहन र फेशनमा समेत श्रद्धा बढाउने उद्देश्यले उनैको शासन हुँदा दिमागी अणुबम तयार गरी अनेक साहित्य पढाए, घोकाए । भारतका ठूला संस्कृत विद्वान् मानिएका स्व. कनैयालाल मुन्सी, राहुलजी आदि र नेपालका धेरै विद्वान्मा नाम चलेकाले त्यहीं अणुबम समाएर दिमागमा घुसाउँदै छन् । वरु राहुल सांकृत्यायनले वेदमन्त्रहरूको अर्थ धेरै बङ्गचाएर असत्य गरे पनि ऋग्वैदिक आर्यको भूमिकामा वेदमा सत्य कुरा मात्र पाइन्छ । तर पछिका साहित्यले गडबड गर्न थाले भन्ने लेखेथे । तर वेद मन्त्र (यजु. ४०।१ ईशावास्यम्) ले पृथ्वीभरका मनुष्यलाई तेन त्यक्तेन भुञ्जीथ दमा गृधः कस्यस्विद्धनम्, ले पृथ्वी भरका सबै जीवमा ईश्वर व्याप्त हुनाले उनका निम्ति केही दिँदै भोग गर्नु, कसैका धनमा लोभ नगर्नु भनेको छ तापनि यो पूंजीवादी मन्त्र भनेर उनैले त्यसो नभनेर "ईशसृष्टमिदं सर्वं यत्किंच जगत्यां जगत् । तेन दत्तेन भुञ्जीथा मा गृधः तस्य तद्धनम्" भन्ने लेख्नुपर्दथ्यो, भनेका छन् । यो उनको अनुचित कल्पना हो । उनैले मानव समाज, भोलगा से गंगातक, दर्शनदिग्दर्शन आदि अनेक पुस्तकबाट हामी आर्यहरू आदिवासीहरूका बाफबैरी विदेशी आक्रामक हौं भन्ने साबित बयान प्रकट गरेका छन् । मोदनाथजीले सोमरस भाङको घोट्टा इत्यादिबाट राहुलजीकै पछि लाग्नेको बुझियो । दिल्लीमा भारतीय विद्याभवनको सञ्चालन कनैयालाल मुन्सी गर्दथे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो संस्था अति धनी छ र अनेक विद्यालय र कलेजको सञ्चालन गर्दछ। मुन्सीजी संस्कृतका ठूला विद्वान् मानिन्थे। समय समयमा यूरोपतर्फ पनि घुम्दै रहन्थे। ती पाश्चात्य विद्वान्हरूकै पूरा पिछलग्गु भै वेदादि शास्त्रको खोईलो उतार्नेमा नै व्यस्त थिए। उनको एक लेख हेर्दा– प्राचीन आर्यौंका जीवन, बारेमा एक पुस्तकको मुख्य अंश— उनको भाषा-बाट जङ्गली अवस्था बुझिन्छ। गाईको पनि मासु खाइन्थ्यो। खुब गो मांस खुवाउने मानिसलाई अतिथिरुप शब्दबाट सम्मान गरिन्थ्यो। ऋषिहरू सोमरस मदिरासमेत पिएर मात्तिन्थे र युद्धमा हजारौंलाई मार्दै रहन्थे। उनीहरू राम्रो युवती फकाउन वेदमन्त्र रचेर गाउँथे। उनीहरू अति लोभी थिए। अश्लील व्यवहार गर्थे। आत्मा वा ईश्वर बारेको मान्यता वा चर्चा नै त्यस वेला थिएन। स्वदेश प्रेम थिएन, इत्यादि अनेक असत्य ऋग्वेदमा नभएका निषिद्ध र संदिग्ध कुरा मीठो बनाई पुस्तक छपाए। त्यो हेरेर दिल्लीका ठूला विद्वान् स्वामी विद्यानन्द सरस्वतीजीले ती कुरा बताउने ऋग्वेदका वेदमन्त्र देखाउनुहोस्, भन्ने पत्र पठाएकोमा कनैयालाल मुन्सीले सन् १९५० फरवरी २ मा उत्तर पठाएको हेर्दा– "मैने जो कुछ लिखा है उसका आधार पाश्चात्य विद्वानोंका विशेष डा. कीथ-द्वारा किया गया वेदोंका अनुवाद है, मैने उनको ही प्रमाण माना है" भन्ने लेखेछन् र कायल भएछन्। अहिले त्यस संस्थाको संचालन वेदव्यासले गर्दै-छन् र उनले पनि त्यस्तै पुस्तक हिन्दीमा छपाएका छन्। "आर्य लोग आक्रान्ता ईरानसे आकर भारत में बसे ऋग्वेद में कविलोंकी लडाईयों का ही वर्णन है और कुछ नहीं" इत्यादि अति असत्य लेखे। अहिले पनि कनैयालालकै कडा पिछलग्गु पनि वेद बारेको अति असत्य कुराको प्रचार गर्दछन्। नेपालका विद्वान् मानिएका मोदनाथजीको र मदनमणि-जीको सानु आलोचना गरिएथ्यो। त्यस्तै विराटनगरको महेन्द्र मोरङ्ग क्याम्पसका उप प्रा. गणेश क्षत्रियज्यूको पनि हिन्दू धर्म शास्त्रमा गोहत्या र गोमांसाहारको परम्परा शीर्षकबाट अनेक प्रमाण दिएर लामू लेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशित भएको थियो । त्यहाँ अतिथिरव शब्द देखेर कनैयालाल मुन्सीको र वेदव्यासको नै पूरा प्रभाव परेको स्पष्ट बुझिएथ्यो । त्यही कुरा पो छहरा पत्रिकामा छापेर गोमांसाहारको प्रचार गर्न अति आवश्यक ठहराएछ। त्यस पत्रिकाले सत्यतर्फ लाग्नुपर्नेमा फूट बढाउने प्रयत्न गरेको बुझिन्छ। "अतिथिरव" शब्दको "अतिथिभिर्गमनीय" अतिथि सत्कार गर्ने मानिस भन्ने अर्थ नै सायण आदिले गरेका छन् । त्यो शब्द ऋग्वेदमा धेरै छ, यजुर्वेदमा छैन् ।

गणेश छेत्रीजीजे वेद हेरेर लेखेको भए ता गाई मार्नेलाई मार्नुपर्छ र यी तीन प्राणी मार्न रोक्नुपर्छ, भन्ने कुरा अथर्ववेदको काण्ड १ सूक्त १६ मन्त्र ४ ले स्पष्ट भनेको छ । ऋग्वेदमा नै गोवध गर्न हुन्न, ए छोटा बुद्धि भएका मूर्ख मानिस हो, माता मान्नुपर्ने गाईलाई नमार इत्यादि अनेक उपदेश गर्ने मन्त्रहरू जहाँ तहाँ स्पष्टै छन् । यसैमा ७६ देखि ८० संख्या सम्मा पाँच मन्त्र लेखिए । यजुर्वेदको पहिलो मन्त्रमा नै गाईलाई अहन्या भनेको छ । गणेश छेत्रीजीले अथर्ववेदको मान्छे, गाई, घोडा मार्नेलाई शीशाका गोलीले मार्नुपर्छ, भन्ने र ऋग्यजुर्वेदका गोवधनिषेधका मन्त्रमध्ये कुनै मन्त्र देखाउँदै निषिद्ध थियो, खानपीन गर्थे इत्यादि पनि लेखेको भए सत्य कुरा खोजेको ठहर्थ्यो । तर अतिथिरव शब्दको असत्य अर्थ मुन्सीजीले कोथको पछि लागी लेखेछन् । गणेश छेत्रीजीले मुन्सीकै पछि लागेको जस्तो लाग्यो र अर्थ असत्य भयो । अचेल पनि अघोरी सम्प्रदायमा मरेका मान्छेको मासु खान हुन्छ र खान्छन् । न्यू गिनीका कुनै जङ्गली मनुष्य समाजले अपरिचित मान्छे मारी खाएको कुरा पत्रिकामा लेखेथे । तर बीसौं शताब्दीमा पनि मानिसको मासु खान्थे भन्नु असत्य ठहर्छ । त्यस्तै वेदमा अति निषिद्ध थियो पनि लेख्नुपर्थ्यो ।

तर श्रौतसूत्र गृह्यसूत्रमा र ब्राह्मण भागमा चाहिं गोवध पनि देखिन्छ । पशु तुरुन्तै स्वर्ग जान्छ, यजमानलाई सुख भोग कीर्ति र स्वर्ग मिल्छ भनेको छ । त्यो पशुवध बुद्धका कडा तर्कका अगाडि टिकेन । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्दिर रक्ताम्मे पार्ने काम हुँदैछ। त्यो हटाउन अर्को बुद्ध चाहिने हो कि ? रामभक्त मानन्धरजीको "विश्व इतिहासको रूपरेखा" को पृष्ठ १४ र १५ मा (संस्करण २) चावलको वर्णन वेदमा कहीं पनि भएको देखिदैन, तिनीहरूलाई चावलको ज्ञान थिएन इत्यादि अति असत्य कुरा कसको पिछलग्गु भै लेखेको हो बुझिदैन । व्रीहयश्च मे यवाश्च मे (यजुर्वेद मन्त्र १८।१२) ले धान, जौ, गहूँ इत्यादि अनेक अन्न लेखता पहिलो नाम तापानकै छ । अथर्ववेद काण्ड ११ सूक्त ३ मन्त्र ५ र ६ मा चावल, कनिका र भुस समेत "तण्डुलाः कणाः तुषाः," शब्दले भनेको छ । ऋग्वेदमा पनि (८।७७।१७) क्षीरपाकमोदनम्, ऋक्. (८।७७।६) मा पक्वमोदनम्, लेखेकोमा चावलवाटै भात बन्ने हुंदा आफ्नै वेदको नामबाट अति असत्य लेख्नु, अति अन्याय हो र भ्रम फैलाउनु हो । सत्य इतिहास लेख्नुपर्नेमा अरू पुस्तकको सारेको स्पष्टै छ । आर्य अनार्य शब्दको जात, अर्थ गर्नु र आर्य बाहिरबाट आएका भन्नुचाहिं कागले कान लग्यो भन्दा आफ्नो कान नछामी कागतर्फ कुदनु जस्तो मात्र हो । त्यस्तो अति असत्य र फूट बढाई नेपाल परिचय आदि पाठ्य पुस्तक तयार गरी चाकडी आदिबाट स्वीकृत गराई छात्रहरूमा समेत असत्य कुरा घुसाउने धेरै हुँदा नाम लेखिएन । थोरै चर्चा माथि गरियो ।

तर जनकलाल शर्माज्यूले "हाम्रो समाज एक अध्ययन" को पृष्ठ २७७ र २७८ मा ऋग्वेद मं. ६ सू. ४७ का मन्त्र २।२१।२२ देखाएर त्यहाँ शम्बर शब्द हुनाले शम्बर किरातका नेता अर्थ गरेर किरातहरू आर्यका लागि दस्यु र दुस्मन थिए समेत लेखेको देखता शम्बर शब्दको अर्थ नबुझेको देखियो । त्यहीं ऋग्वेदमा किरात शब्द छैन पनि लेखतै किरातका साथको युद्ध लेख्नु अति असत्य हो । माथि नै मन्त्र ७० र ७१ मा नै ३ मन्त्रले एकथरी वाहुनलाई नै वृत्र, शम्बर, दस्यु भनेको छ र सूर्यलाई नै इन्द्र भनेर उनैले तिनलाई नष्ट गरी पानी पारे, समेत स्पष्टै भनेको छैदा-छैदै किरातका साथको युद्ध भन्नु र जातैलाई शत्रुमा दर्ता गर्नु अति असत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो। युद्धता आपसको कौरव पाण्डव युद्ध छ। खुशीले मात्तेर यदुवंशी आफैं काटाकाट गरी सकिए। राज्य बढाउन गरिने युद्ध दुष्ट सामन्तहरूको दुष्टता हटाउन गरिने धर्मयुद्ध र भारत, नेपालमा स्वतन्त्रताको निम्ति युद्ध आदि चालु नै भए। सांप्रदायिक युद्ध पनि भए, भारतमा हुँदैछ।

माछा, गोही जलमा जालमा फस्तछन्। माच्छेचाहिं वाग्जालमा फस्ने हुँदा अंग्रेजी शासनले वाग्जाल बुनेर प्रचार गरेको प्रभाव परेर पाठ्यपुस्तक तयार गरी पढाए र त्यसैमा फसेर मोदनाथ आदि विद्वान्हरूले समेत आर्य अनार्य शब्दको जात अर्थ गरेकोले तिनै जाल भित्रैबाट कराएको स्पष्टै छ। "नास्ति जात्या रिपुर्नाम मित्रं चापि नविद्यते" (महाभारत शान्ति पर्व अ. ८०) मनुष्य समाजमा मूसा र बिरालो आदि जस्तै जातैले शत्रुमित्र हुँदैनन् भन्ने कुरा नै सत्य छ। भारत स्वतन्त्र हुँदा हिन्दू, बौद्ध, जैन, र सिख एकै हुन् भन्ने निर्णय गरेर संविधानको पच्चीसौं दफामा लेखेथे। तर वाग्जाल बुन्न सक्ने नेताले सिख भिन्नै कौम हो, पंजाबलाई सिख राज्य मान्नुपर्छ भन्ने बोली नै गोली बनेछ र त्यसैलाई समाएर दल खडा भै पंजाबमा काटाकाट चल्दैछ। अझै रोक्न सकेको छैन। नेपालमा पनि वाग्जाल बुन्दैछन् र दल पनि बन्दैछन्।

वास्तवमा अनेक भ्रष्टाचार मुख्य गरी अनेक जालझेल शक्ति समेतबाट धन कमाउने महारोग नै हटाउने कामतर्फ लाग्नुपर्ने हो। हाम्रा अति परंपरावादी तर संस्कृत विद्या पढेर वेदमा समेत पारङ्गत विद्वान्हरू चाहिं वेद अपौरुषेय वा ईश्वरको उपदेश भन्दै अति श्रद्धा ता गर्थे, गर्दैछन् पनि, तर कर्मकाण्ड, पूजापाठ आदिमा मात्र सीमित राख्तै मनुष्य समाजलाई के लाभ गराउँछ? भन्नेसम्म प्रकट नगर्ने, पाश्चात्य र तदनुसार भारतीय र नेपाली विद्वान् मानिनेहरूले अति असत्य कुरा पाठ्यपुस्तकमा समेत पारेर हिलोमैलोले वैदिक साहित्यलाई छोपछाप पारेर आर्यघाटमा लाने मानिस तयार पारेको देखेर पनि त्यो हिलोमैलो पखालेर वेदको जनकल्याणकारी शुद्ध स्वरूप प्रकट गर्दै सार्वजनीन वैदिक सिद्धान्त प्रकट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुपर्नेमा ता त्यसो नगरी मनुष्य जातमा छूवाछूत नमान्दा वर्णाश्रम धर्म नै रहदैन भन्ने पनि विद्वान् भेटिदैछन् । अकाको निन्दा गर्न हुन्न भन्ने विद्वान् पनि हुनन् । "तर एनो गच्छति कर्तारं निन्दार्हो यत्र निन्द्यते" (मनु ८।१०२) कसैले कुनै अपराध गरेको थाहा पाएपछि त्यस्ताको त्यो अपराध देखाएर निन्दा गर्नैपर्छ । निन्दा नगरेमा त्यो अपराध थाहा पाउनेलाई पनि लाग्छ भनेकोले निन्दा गर्दै सफाईतर्फ लाग्नुपर्छ ।।१३६।।

पछिका संस्कृत ग्रन्थमा पाकको पकाउनु वा पाक्नु अर्थ छ । तर ऋग्वेदमा पाकको शुद्ध अर्थ छ । यही अर्थ मुसलमानहरू मान्दछन् र आफ्नु देशको नामै पाकिस्तान राखे । हामी स्थान भन्छौं, उनीहरू स्तान भन्दछन् । धेरै मन्त्रमा शुद्ध अर्थको पाक शब्द भए पनि एक मन्त्र मात्र हेरौं—

यो मा पाकेन मनसा चरन्तमभिचष्टे अनृतेभिर्वचोभिः ।
आप इव काशिना संगृहीता असन्नस्त्वसत इन्द्रवक्ता ।।

(ऋक. ७।१०४।८)

(पाकेन मनसा चरन्तमा) शुद्ध मनले व्यवहार गर्ने मलाई (यः अनृतेभिः वचोभिः अभिचष्टे) जुन मानिस झुट बोलीले दोष दिन्छ । (हे इन्द्र ! असतः वक्तास काशिना गृहीता आप इव असन्नस्तु) ए ! परमेश्वर त्यो असत्य बोलीले दोष दिने मानिस हातमा लिएको पानी हराए जस्तै असत् हओस् हराओस् सकियोस् ।।१३७।।

हुनता वेद मन्त्र "नानुगाः पितृन् (अथर्व. ८।१।७ को यहाँ (९१) संख्या) ले पितृहरूको पछि लाग पनि भनेको छ र पितृहरूको पछि मात्र लागेका भए राम, कृष्ण, बुद्ध, महावीर, शङ्कर, नानक, पृथ्वीनारायण, महात्मा गान्धी आदि अनेक महापुरुषहरूले मनुष्य समाजलाई समय समयमा पलाएका विकृति फोहोर मैला पर्याकेर नयाँ राम्रो बाटो देखाउन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबने थिएनन् । तर भेडो जस्तो भै पछि नलाग्न भनेको हो, माथि पनि भनियो । सातु, पीठोलाई चाल्नुले चालेझै गरी मनैले र अरू अनेक प्रकार का उपायले राम्ररी छानेर सबैको कल्याण हुने कुरा बोली र कामबाट पनि हुनुपर्छ, भन्ने कुरा बताइन्छ–

सक्तुमिव तितउनापुनन्तो यत्र धीरा मनसा वाचमक्रत ।
अत्रासखायः सख्यानि जानते भद्रैषा लक्ष्मीर्निहिताधिवाचि ॥

(ऋक् १०।७१।२)

जुन प्रकार सातु अथवा पीठोलाई चाल्नुमा चालेर शुद्ध गराइन्छ त्यस्तै गरी धीर उत्तम मानिसहरू मनैले छानेर जनतामा लाभ हुने मात्र बोल्छन् । त्यस्तो बोली र सो अनुसारको व्यवहारसमेत हुँदा (सखायः अत्र सख्यानि जानते) समान विचारका उत्तम मानिसहरू यस बोलीमा र व्यवहारमा सबैका निम्ति हित कल्याण गर्ने सद्गुण मात्र छन्, भन्ने कुरा जान्दछन् । (एषां वाचि भद्रा लक्ष्मीः निहिता) यस्ता उत्तम मानिसको बोलीमा बहुसंख्यकको लाभ गराउने लक्ष्मी शक्ति रहेको हुन्छ ॥१३८॥

भूलचूक भएमा क्षमायाचना

यद्ग्रामे यदरण्ये यत्सभायां यदिन्द्रिये ।
यदेनश्चक्रमा वयमिदं तदवयजामहे ॥

(यजु. ३।४५)

जो घर गाउँ नगरमा असत् काम जानी नजानी हुँदा वा सभामा अथवा जङ्गलमा इन्द्रियद्वारा गल्ती भै लेख्दा पढ्दा पढाउँदा र खाँदा खुवाउँदा कुनै काम गर्दा पनि कुनै अपराध हुन गएको छ, भने पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(तत् एन पापम् अवयजामहे) त्यो पाप परमेश्वरको कृपाबाट हटाउँछु अर्थात् क्षमाप्रार्थी छु ।।१३९।।

नमः सखिभ्यः पूर्वसद्भ्यो नमः साकं निषेभ्यः ।
युञ्जे वाचं शतपदीम् ।।

(साम. अ. २०।२।१)

पहिले रहेका साथीहरूलाई नमस्कार गर्छु । (साकं निषेभ्यः सखिभ्यश्च नमः शतपदीम् वाचं युञ्जे) साथै रहने पनि सार्वजनिक काम समेतमा सहयोग गर्ने साथीहरूलाई सयौं पदका बोलीले नमस्कार-गर्छु । अर्थात् कृतज्ञता प्रकट गर्छु ।।१४०।।

पहिलेका जुन ऋषिमुनिहरूले हामीलाई नराम्रो असद् व्यवहार छोडी जनकल्याणकारी सद्व्यवहार मात्र गर्दै जीवन पार गर्ने बाटो बताएथे । त्यस्तो सद्बाटोमा लाग्दै ती ऋषिहरूलाई संझिदै नमस्कारका साथ कृतज्ञता प्रकट गर्नु हाम्रो काम हो भन्ने बताइन्छ–

यमाय मधुमत्तमं राज्ञे हव्यं जुहोतन ।
इदं नम ऋषिभ्यः पूर्वजेभ्यः पूर्वेभ्यः पथिकृद्भ्यः ।।

(ऋक् १०।१४।१५)

(यमाय राज्ञे मधुमत्तमं हव्यं जुहोतन) जनतालाई नियमित राखी राष्ट्र संचालन गर्ने शासकलाई दिनुपर्ने तिरो आदि वा दान देओ । हुदानादानयोः वा हुँ दानादानयोः धातुबाट जुहोतन बनेकोले दिनु खानु वा दिनु लिनु अर्थ हुन्छ । कसैले यमराजलाई घिउ आदि पदार्थले हवन गर भन्ने अर्थ गरे अथवा उपनिषद्मा मनुष्य निम्ति मुख्य धर्म द, दद, भन्दै दत्त, दयत, दाम्यत, शब्दबाट दान देओ दया गर, इन्द्रियहरूलाई असद् कामतर्फ जान नदेओ, रोक भनेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रा साथ छासमिस भई बसेका इस्लाम र इसाइ संप्रदायमा दानको ठूलो महत्व बताइएको छ । इस्लाममा दानलाई जकात भन्छन् र कुल्लीसम्मले पनि केही प्रतिशत उनको धार्मिक संस्थाद्वारा मदरसा (पाठशाला) मा नियमित रूपले दिन्छन् तर उनको मदरसामा जातिभेद देखिदैन । हाम्रोमा ब्राह्मण बालक मात्र वृत्ति पाई पढ्थे । तर श्री ५ त्रिभुवनबाट प्र. मं. मातृकाप्रसाद कोइराला र त्यस बेलाका बडाहाकिम भूपालमान सिंह कार्कीजीको सक्रियतामा उद्घाटित पिण्डेश्वर संस्कृत महाविद्यालयमा सबै जातलाई वृत्तिसमेत दिई साक्षर जतिलाई थोरै वेद-सम्म पढाइन्थ्यो । नयाँ शिक्षा योजनाबाट मा. वि. सम्मको कक्षा चन्द्र सं. मा. वि. मा सारे । अझै पनि सबै जात पढ्न पाउँछन्, वृत्तिबारे पनि वञ्चित छैनन् । जुहोतन, देओ, खाओ अर्थ वेसै छ । (पूर्वेभ्यः पूर्वजेभ्यः पथि कृद्भ्यः ऋषिभ्य इदं नमः) मनुष्य समाजलाई सद्व्यवहार गर्दै जीवन पूरा गर्ने राम्रो बाटो बताउने पुराना ऋषिहरूलाई यो नमस्कार गर्दछु ॥१४१॥

अब अन्त्यमा ॐ नमः शिवाय । ॐ नमो नारायणाय, परमेश्वरमा नमस्कार गर्छु ।

यहाँ दुई नाम भए पनि एक परमेश्वरको नै अनेक नामले स्तुति गरेको हो । हाम्रो वैदिक ॐ हो परमेश्वर नाम । त्यो र त्यो लगाएका सबै मन्त्र वैदिक मानिन्छन् । किरातको वेद (मुन्धुम) १०८ पृष्ठको प्रकाशित छ, त्यहाँको मुख्य मन्त्र ॐ तागेरा निङवा फुमाङ छ । अरू सबै मन्त्रमा ॐ लागेकै छ । वास्तवमा मुन्धुम पनि प्रकाशित छ त्यसका सबै मन्त्रमा ॐ लागेको छ ।

मुख्य मन्त्र ॐ यङहाङ सेङसेङ हो । वैदिक सनातन हिन्दू धर्म र संप्रदाय लेख्दा किरातबारेको पनि केही चर्चा गरिनेछ । उनको मुन्धुम नागरी अक्षरमा प्रकाशित हेर्दा उनका सबै मन्त्रमा ॐ लागेको देख्दा किरात पनि वैदिक देखिए । उनको लिपि र भाषा भिन्नै हुँदा हामीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझेनौं । हामीले त कुन् घरकै अर्धाङ्गिनी मानेकी स्त्रीले पढ्न नहुने, अरूले ता सुन्न नहुने गरेर लुकाएकोले जान्न पाएनन्, अलग जस्ता भएछन्, तर अहिले सबैले हेर्न त पाउने भए, तर पाश्चात्यहरूकै दिमागी शासन चालु भै आर्य अनार्य भाग लगाई फलानो जात वैदिक विदेशी आर्य पश्चिमबाट आएका हुन्, र तिमी अनार्यहरू उनका शत्रु हौ यी कुरा वेदैको व्याख्या गर्दै पढाइ समेत चालु गरेकोले कनिकुथी यो छोटो व्याख्या गरेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

29820

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धिपत्र

पृष्ठ	पंक्ति	अशुद्ध	शुद्ध
२	१३	उत्तर छ	उत्तम छ
७	२६	ईशावस्यम्	ईशावास्यम्
१२	२३	कामात्मनः	कामात्मानः
२३	२	यजुर्वेदको	ऋग्वेदको
२७	७	लिनेछु सर्व	लिनेछु, सकौं
४१	४	ब्रह्माको	परब्रह्मको
४४	७	यस्तै	यसै
५६	२१	स च	संच
६०	७	प्रजासु प्रोतश्च	प्रजासु ओतः प्रोतश्च
६४	१३	तम्मः	अम्भः
६४	२३	अन्द्र	अह्न
६५	१	आसीदवातं	आनीदवातं
६५	७	आसीत्	आनीत्
६९	१४	दक्षिणा	दक्षिणया
६९	२१	यशोमेन्द्रा	यशसेन्द्रा
७०	६	सपाचमा	सभा च मा
७०	१५	तुपे	सुविज्ञातं चिपितुपे
७६	१२	सद्य	सभ्य
८२	१५	सुदा	सुरा
८६	१०	अश्नीरं	अश्रीरं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	पंक्ति	अशुद्ध	
८८	१७	प्रवीरहा	रहा
९३	१५	आराधना निम्ति	मनुष्य कल्याण निम्ति
९७	८	बाहुनका निम्ति	वा दिनका निम्ति
१०३	७	थियो	थिएन
११३	१३	समानवृक्ष	समानं वृक्षं
११७	१९	सांचो भए तापनि	सांचो भए ता
१२३	१२	चाम्बोर्यो	चम्बीर्यो
१२९	९	पाएका	परका
१३०	१	वधवत्शावि रुहेम	वयं सहस्रवत्शा विरुहेम
१३१	८	मे त्वा॰	मे त्वा॰
१३३	२२	यसको अर्थ	यज्ञको अर्थ
१४०	१५	माआमुतः	मा अमुतः
१४५	१९	लाग्दा	नालन्दा
१४६	१९	विश्वाहायो	विश्वाहापो
१४८	२२	कल्विषष्पूत	किल्बिषस्पृत्
१४९	८	पुरोहित	अरंहितो भवति
१५६	१६	अर्थात्	मर्त्यान्
१५८	१७	भुञ्जीथ दमा	भुञ्जीथा मा गृधः
१६०	८	गाई मार्ने	गाई, घोडा र मान्छे मार्ने
१६१	२४	बाहुनलाई	बादललाई
१६२	१	खुशीले	रक्सीले
१६३	२१	पछि लाग	पछि न लाग
१६४	६	भद्रैषा	भजैषां
१६६	८	साक्षर जतिलाई	अछूत जातलाई पनि थोरै वेदमन्त्र पढाइन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९४२०

AUTHOR पोद्दारेल, हरिलाल

TITLE वैदिक-सिद्धान्त भाग २

DATE DUE	BORROWER'S NAME

२९४२०

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ

पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri:Funding: MIDF



वेदमन्त्र पढाइन्थ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२९४२०

AUTHOR पोखरेल, हविलाल

TITLE वैदिक-सिद्धान्त भाग २

DATE DUE	BORROWER'S NAME

२९४२०

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखकका अन्य केही प्रकाशित कृतिहरू

नेपालीमा

१. महात्मा गान्धी तथा अष्टाङ्गयोग र आदर्श व्यवहार
२. वेदको सोमरस र आदर्श व्यवहार
३. आधुनिक दृष्टिमा वाल्मीकिरामायण (दोस्रो संस्करण)
४. छविलाल पोखरेल (आत्मचरित्र)
५. सांख्य दर्शन
६. वैदिक सिद्धान्त र मानव समाज
७. भावतरङ्ग (सामाजिक कवितासंग्रह)
८. हाम्रो धर्म
९. वेददेखिका धर्म र मतहरू
१०. ईसाई सम्प्रदाय : एक समीक्षा
११. समालोचनाको कसीमा देवासुर-संग्राम
१२. मुक्ताचयन (दोस्रो संस्करण संस्कृत र नेपालीमा)
१३. त्यो युग : विवेचनात्मक अध्ययन

संस्कृतमा

१. कौमुदीसार
२. मुक्ताचयनम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu